CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५८०

ज्ञानालोक

[अजातवाद]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२६०

वेदान्त - ~~१६४~~

द० ६३१५

वा०वि०पी०,
पुस्तकालय:

मू० १२।—

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
KATHMANDU NEPAL

वाल्मीकि क्याम्पस
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानालोक

[अजातवाद]

सृष्टि-समीक्षा र साक्षीविवेक सहित

[अद्वैत वेदान्तको सर्वोत्तम एवं सरलतम ग्रंथ]

…वासनाक्षय गर्नु पर्छ, निदिध्यासन गर्नु पर्छ भनी जो भन्दछन् ती हुन् कृपण (क्षुद्र चित्त मनुष्य)। तिनीहरू हुन् संसारानुगत—'धेरै प्रकारका वस्तु छन् यसो भन्नु नै हो जसको स्वभाव (अथवा द्वैतवादी) त्यसकारण तिनीहरू हुन् लघु-चित्त मानिस। किन कि तिनीहरू सर्वदा अविद्या कल्पित भेदमय द्वैतबाटोमा नै विचरण गरी रहन्छन्।' तिमीलाई साक्षात्कार भएको छैन तिम्रो वासनाक्षय गर्नु पर्ने बाँकि छ भनी जो भन्छन् तिनका लागि आत्माको जो स्वभाव सिद्ध निर्मलता हो त्यो प्रकाशित हुँदैन। यसकारण तिनीहरूको कृपणता हो युक्ति युक्त। जो महात्मा मुमुक्षुहरूले गुरु र ईश्वरमा भक्तिमान भएर यथोक्त परमार्थ तत्त्वलाई अवगत गरेको छ (नित्य सहज र साक्षात्कार प्राप्त गरेको छ) जगत्मा केवल तिनीहरू नै कृपण होइनन्।'

लेखक

ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती

एम. ए. डि. फील. वि. एल.

संस्थापक, अद्वैत-संस्था कुलपति-अद्वैत महाविद्यालय

नारायणगढ़, चितवन, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

● प्रकाशक

भक्त-मण्डलि

खुदी वेनी, लंजुङ्

गण्डकी अञ्चल, नेपाल ।

● पहिलो संस्करण : सम्वत् २०२५

११०० प्रति

● सर्वाधिकार

प्रकाशक मण्डल

● मूल्य : ~~१।~~ Rs 1 5

मुद्रक:

श्री माहेश्वरी प्रेस

भाटकी गली (गोलघर), वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

KATHMANDU NEPAL
वाल्मीकि क्याम्पस
पुस्तकालय

दुई कुरा

वेदान्त शास्त्रको सर्वोत्तम र अत्यन्त उपयोगी सिद्धान्त हो अजातवाद। जबसम्म मानिस अजातवादलाई स्वीकार गर्दैन तवसम्म अरू कुनै उपायले जन्मनु-पर्नू रूपी दु:ख सकिदैन अथवा उसले अनन्य र स्थायी सुख पाउन सक्तैन।

वस्तुत: सबैको एकमात्र आशय हो अनिच्छित या अनिष्ट वस्तुलाई पन्साएर इच्छित वा इष्ट वस्तुको प्राप्ति पूर्वक सुखलाई अनुभव गर्नु। जस्तो वासना, संकल्प विकल्पादिनै भनु सबै वेदान्तीहरू मनलाई रोकेर वासनालाई समाप्त गरेर आत्मप्राप्ति गर्नु पर्छ भन्नेमा छन्। यो कुरा मोटामोटी हेर्दा ठीक भए पनि वास्तवमा यो हठता मात्र हो। वेदान्त को अन्तिम र सारभूत सिद्धान्त हो अजातवाद जुन माथि भनी सकेको छु, यस अनुसार वासनादि केही पनि भएका वस्तु नै होइनन्–यी सब अजात हुन्। यिनीहरू न थिए, नछन् र हुने छैनन्। त्यसो भए भएको वस्तु के हो त? भएको वस्तु हो एकमात्र तिमी (अद्वैत वस्तु) यसै कुरालाई शास्त्र युक्ति र अनुभवले देखाइकन प्रस्तुत ज्ञानालोकमा सरल ढंगले वताइएको छ। आजीवन धेरै प्रयास गरेर पनि मानिस मुक्त हुन नसक्लाको एकमात्र कारण हो अजात (हुँदै नभएको) वस्तु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई जात (भएको छ) भनी मानेर त्यसलाई सिध्याउने प्रचेष्ठा गरेको हुनाले। यो त निश्चित कुरा हो कि वासनाक्षय नगरी अद्वैत आत्म ज्ञान गर्छु भन्नु "आकाशको फल् आँखा तरि मर" भने झैं नै हो। तर मनलाई नाश र वासनालाई क्षय गर्ने कसरी ? यहाँ धेरैको उत्तर यही आउँछ कि कर्मभक्ति गरी चित्तलाई शुद्ध पारेर ध्यान, सविकल्प, निर्विकल्प समाधिको परिपाक भए पछि चित्तको अन्तिम अखण्डाकारता प्राप्ति अनि साक्षात्कार वृत्तिको उदय पूर्वक। धेरैको यो भनाई भए पनि 'ज्ञानालोक' को भनाई यस्तो छैन। ज्ञानालोक भन्दछ—"हेर भाई, मन, चित्त र यिनका विकार संकल्प विकल्पादि वा वासनादि भएका वस्तु होइनन्, नपत्याए यहाँ एक छिन मस्तनिद्रामा (सुषुप्तिमा) परी हेर।" त्यसवेला संकल्प-विकल्प र केरा आदि खाने वासना छन् कि? भन्नै पर्छ त्यसवेला त छैनन् तर अहिले तिनले पिरेका छन्। "फेरि भन्छ—हेर, कहिले हुने कहिले हराउने वस्तुलाई नभएको (असत्) अथवा अभाव वस्तु भन्दछन्। अब नभएको वस्तुलाई तिमि समातेर फाल्न खोजी रहे छौ—यसो होइन। युक्ति सुन, गीताजी भन्नु हुन्छ" सत्य वस्तुको अभाव हुन सक्तैन र असत्य वस्तुको भाव हुन सक्तैन। वासनादि नितान्त असत्य वस्तु हुन्। यसैले अब तिमि यिनीहरू नभएका वस्तु रहे छन् भनी मान। अव हेर वासनाले पिर्छ कि पिर्दैन। जव तिमीले सर्प रहेनछ भनी जान्यौ तब डोरिले कसरी तिमी लाई टोक्ला ? भनाई हो नभएको वस्तुलाई नभएको भनी जाने त्यसको नाश भै हाल्छ। यसरी नमाने ज्ञानालोक फेरि भन्छ—"हेर भाई, संकल्प-विकल्प र वासनादिलाई तिमी यसरी छिटै सिध्याउन मायाँ गर्दछौ भने पनि तिमीलाई यी अनात्म वस्तुले छुन पनि सक्तैनन्। हिजो, अस्ति र संधै भरी तिमी यी वासना, राग, द्वेष, क्रोध आदि देखि विल्कुल अलग छौ। तिम्रो भनाई यही न हो कि "वासनाले सतायो बावा!!" अलि विचार गर। "मलाई वासनाले सतायो" यो कुरा तिमीलाई कसले भनी दियो ? "मैले नै जाने" ओहो भाई! कसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस कुरालाई जान्न सक्छौ ? तिमी त स्वयं वासनाले सताइएकाछौ—तिमी दुईजना हो कि त ? "त्यो त होइन, तर सांधै भन्छु सताएको कुरा म जानी रहेछु। लौ त उसो भए साँचो कुरा सुन—तिमी हौ वासना, पीर, ताप, चिन्ता, आकुल-व्याकुल सबै दृश्य पदार्थबाट नछोइएको चोखो मानिस। कुसँगको फलले बाघले आफूलाई भेंडो माने झैं तिमी आफूलाई यस्तो महान वस्तु भैकन पनि चानचुने मानी रहे छौ। छोड कुसँग। मेरो [ज्ञानालोकको] आलोकमा एक पटक आलोकित होऊ कृपण नबन् तिमी स्वयं सुखको खानी हौ, अद्वैत आत्मवस्तु हौ। नभएको वस्तु जुन तिम्रो अनिष्ट हो त्यसलाई फाल्न नखोज बरू ती वस्तु नभएका हुन् भनी जान। तिमी कस्तो सिल्लिमानिस। हेरन, तिमी आफू वासना भित्र बसेको भनी मान्दछौ अथवा आफूलाई वासना युक्त भनी मान्दछौ अनि वासनारूपी हतियार लिएर फेरि वासनालाई नै सिध्याउन खोजी रहेछौ हाँसो लाग्ने कुरा। खुदोमा परेको माखो खुदोबाट उम्कन जति फट्फटाउँछ उति उसका पखेरामा खुदो लट्पटिन्छ र अन्ततः त्यहीं मरी हाल्छ। त्यस्तै वासनामा लट्पटिएका तिमी जति त्यसबाट उम्कन प्रयत्न गर्छौ उति झन वासनामा फंस्दछौ—तिम्रो प्रयत्न विचरा माखोको जस्तो हो। त्यसैले वासनालाई खतम गर्न चाहन्छौ भने वासना देखि अलग बस (आफूलाई वासना रहित भनी मान)। आफूलाई वासना देखि अलग भनी मान्ने वित्तिकै वासना माथि एटमबम् पडकिन्छ यही हो वासनाक्षय। होइन यस्तो कुराले त हुँदैन वासना नाशै गर्नु पर्दछ भन्छौ यदि भने लौ भन तिमी आफ्नो पूर्व जन्मका थुप्रो वासनालाई क्षय गर्ने कि, यस जन्मको वासनालाई क्षय गर्ने ? अथवा आगामी जन्मको वासनालाई क्षय गर्ने ? "म पूर्व जन्मको अनन्त वासना राशिलाई क्षय गर्छु।" हेर भाई, "हात्तीको मुखमा जीरो" भने झै पूर्व पूर्वका अनन्त राशि वासनालाई तिमी यो एक जन्ममा (उही पनि छोटो र अस्थिर जीवनमा) कसरी क्षय गरी सक्छौ ? होइन, होइन, पूर्वजन्मकोलाई नभए म यस जन्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को वासनालाई त क्षय गर्छु।" यो भनाई पनि ठीक भएन। किन कि वासना कहिले आउँछ र कहिले जान्छ—एकसाथ सँगवसी रहँदैन। तिमीले क्षय गर्न भनी खोज्यौ कि फुत्त भागी हाल्छ तब ? "उसोभए म आगामी जन्मको वासनालाई ध्वस्त पार्छु।" अलि विस्तारो भन। तिम्रो यो पागलपूर्ण कुरालाई अरूले सुनी हाँस्लान्। के कुरा गरेको? पछिको वासनालाई के खतम गर्नु पर्‍यो-त्यो त आएकै छैन। हेर कुनै पनि तर्कले वासनालाई क्षय गर्नु (जसरी तिमीले सोची रहेका छौ) सँभवै छैन। वासनालाई क्षय गर्छु भन्नु युक्तिसँगत होइन। यसैले अजातवाद स्वीकार गरी हाल।

जसरी वासना अवस्तुभूत भएकोले यसलाई नाशगर्न केही प्रयत्नको आवश्यकता छैन उसै गरी आफ्नो निजि स्वरूप वस्तुभूत भएकोले यस-लाई प्राप्ति गर्न ध्यान समाधि आदि कुनै क्रियाको आवश्यकता छैन। किन कि भनी हाले आफू (म) को अभाव सँभव छैन। जुन वस्तुको अभाव नै हुँदैन त्यसलाई प्राप्त गर्नु पर्नै पनि केही खण्ड छैन। जो मानिस चित्त निरोध गर्न पट्टि लाग्छ त्यो पाखा परी हाल्छ किन कि ऊ आफू स्वयँ प्रकाश, अखण्ड, अद्वितीय ब्रह्मवस्तु मैकन पनि चित्तको निरोधकर्ता भनी ठान्दछ। यसरी धेरै समय सम्म समाधि आदि गरे पनि उसले आफ्नो सक्कलि स्वरूपलाई प्राप्त गर्न सक्तैन। "म अकर्ता अभोक्ता, शुद्ध निर्विकार आत्मा हूँ" भनी निश्चय गरे पछि चित्त वृत्ति स्वतः क्षीण भएर जान्छ। आफू शांत स्वरूप भए पनि फेरि शान्ति खोजी रहनु मूर्खतापूर्ण नभए अरू के हो ? कुरा यत्ति हो आफ्नो महा-नता थाहा थिएन-आज अकस्मात् थाहा मै हाल्यो। अब गर्नु पर्ने केही छैन। एउटा श्रद्धा वाहेक अरू केही साधनादि चाहिन्छ भनी ज्ञाना-लोक मान्दैन किन कि कुनै साधनादि द्वारा प्राप्त सुख त जन्य भै हाल्छ जुन स्थायी हुन सक्तैन। अजन्य सुख नै स्थायी हुन सक्तछ। केनउपनि षदमा पनि यसै कुरालाई बताइएको छ। त्यहाँ भनिएको छ—आत्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो ब्रह्म हो (अयमात्मा ब्रह्म-छान्दोग्य) उसलाई कर्म रूपले जान्न-सकिंदैन किन कि ब्रह्म जान्न खोज्नेवालाको आफ्नो स्वरूप हो। यो जानिने वस्तु होइन। जानिने देखिने आदि वस्तु दृश्य हुन्छन्। आत्मा कसैको दृश्य होइन।

यसरी ज्ञानालोकमा आत्म साक्षात्कार गर्न केही कठिन छैन वरू साक्षात्कार भन्ने वस्तु वनी वनाऊ, नित्य सिद्ध र सुप्राप्त छ भनिकन शास्त्र, युक्ति र विद्वान्को अनुभूतिलाई अगाडि राखेर ज्यादै सरलता-सँग बताइएको छ। मेरो धारणा छ यसग्रंथलाई श्रद्धा सँग एकै पटक पढ़े मानिसले आफ्नो वास्तविक स्वरूप जो विस्मृत थियो प्राप्त गरी हाल्छ किन कि मानिस मात्र हुन् उत्तम अधिकारी (मध्यम अधिकारी-को प्रकाशक मध्यम अधिकारी हुन सक्तैन उ अवश्य उत्तमाधिकारी हो)। यसमा केही सन्देह छैन।

गत २०२३ साल आषाड्मा लेखिएको यो अमूल्यग्रन्थ तपाईहरूको हातमा पर्न अलि ढ़िला भयो। यसो हुनामा कारण न हाम्रो अल्छ—याईं र अनास्था हो न प्रकाशकहरूको अभाव र अरूचि हो। २०२३ साल श्रावण मै सवै सामग्री तयार भएका हुन् तर हामी सवै संस्थाबाट सञ्चालित सतसँग समारोहमा व्यस्त भै कहिले रिडी, कहिले खुदी, कहिले इन्दौर (मध्य भारत), कहिले काठमाण्डू, कहिले बन्दिपुर, कहिले वनेपा, धूलिखेल, ठिमी, कहिले कुन्छा, चुँदी, चापागाऊँ आदि ठाउँहरूमा भ्रमण गरी रहँनु पर्दा ग्रंथ रत्न निस्कन ढिला भयो। यसबाट ठूलो हानि हुन भएको छ त्यो के भने यस दुई वर्ष वीच जो आस्तिक र सज्जन (सुखका इच्छुक) मानिस यस धरतिबाट विदा भएर गए तिनले यस ग्रंथमा आलोकित भई आफूलाई अमर बनाउन पाएनन्। अब हामीलाई यही सन्तोष छ बाँकि सज्जनहरू यस ग्रंथ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट पर्याप्त लाभ उठाउने छन् अथवा आफ्नो पारमार्थिक स्वरूप लाई साक्षात्कार गरी हाल्ने छन् ।

सृष्टि समीक्षाको बारे पनि दुई शब्द भन्न उपयुक्त सम्झन्छु । ज्ञानालोक हेरी यो लेख केही कठिन अवश्य छ किन कि यसमा उपनिषदादि वेदान्त-शास्त्रका संस्कृत श्लोकलाई प्रमाणको रूपमा राखिएका छन् अनि यसमा गंभीर विषयहरू पनि अन्तर्भूत छन् जस्तो प्रतिकर्म व्यवस्था-वादको विवेचना, प्रारब्धादि तीन कर्मको विवेचना, ज्ञानीको सर्वज्ञ-तादिको विवेचना अधिकारी-विवेचना आदि । यसलाई विशेष ध्यान पूर्वक अध्ययन गर्नु उचित मान्द छु र पाठक महोदयहरूलाई यही सल्लाहा पनि दिन्छु ।

यो सृष्टि जसलाई हामीले साँचो भनी मानेका छौं यसलाई यहाँ क्रम-पूर्वक सबै उपनिषदहरूको विवेचना गरी वास्तवमा छँदै नभएको भनी सुन्दर रीतिले देखाइएको छ । यस लेखमा भनिएको छ, सृष्टि (जगत्) मात्र भ्रमले देखिएको छ, यसको कुनै कारण नै छैन । भ्रमबाट देखिएको जगत् भ्रमज्ञान नाश भए पछि नै नष्ट हुन्छ अरू उपायले हुँदैन । अविद्याको नाश भएपछि अथवा आफूलाई एक, अद्वैत ब्रह्मवस्तु भनी जाने पछि नै जीवको त्रिविध कर्म (संचितकर्म, प्रारब्धकर्म र आगामी कर्म) क्षय भै हाल्छ ऊ नित्यतृप्त भै हाल्छ । धेरै मानिसको भनाई छ कि जीवन्मुक्त भए पछि (आफूलाई अद्वैत ब्रह्मवस्तु भनी जाने पछि) पनि उसको प्रारब्धकर्म बाँकि रही रहन्छ । यस कुरालाई यस लेखमा युक्ति, शास्त्र वचन र अनुभूतिबाट संझाइएको छ ! यो मात्र होइन अरू पनि वेदान्तका मसिना मसिना कुराहरूलाई यहाँ एक एक गरी केलाइएका छन् । वेदान्तका प्रेमी (वास्तमा आफ्नो कल्याण चाहने मानिस) यस ग्रंथमालालाई भगवान् शंकरले सदा नागमाला लगाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राख्नु भए झैं श्रद्धा र भक्ति पूर्वक हृदय कमलमा धारण गरी राख्नु पर्छ !

आखिरमा ग्रंथकर्ता परमश्रद्धेय गुरुवर ब्रह्मनिष्ठ डा० श्री क्षितीशचन्द्र चक्रवर्ती जसको असीम कृपाले ज्ञानालोक र यसका प्रारंभिक किरणमा आफूलाई किरणीत गर्ने सौभाग्य पाएँ वहाँको चरणकमलमा श्रद्धा र भक्तिले प्रणाम गर्दछु अनि श्री चरणको आशिर्वादको सदा आशा गर्दछु।

●

चरणको भक्त, सज्जन श्रेयार्थी
गंगाराम श्रेष्ठ 'अद्वैत-रत्न', महाकर्मी
सचिव अद्वैत-संस्था
देशिक, उच्च परीक्षा नियंत्रक
अद्वैत-महाविद्यालय नारायणगढ़,
नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

प्रस्तुत ज्ञानालोक प्रकाशित गर्न पाउँदा हामीलाई अपार हर्ष लागेको छ। वेदान्तको मुकुटमणि यसग्रंथ मुमुक्षुहरूको लागि ज्यादै उपयोगी सिद्ध हुनेछ—यसमा कुनै विद्वत्ता, क्लिष्टता र पाण्डित्य छैन, ज्यादै सरल छ ! हामी नेपालीहरू धन्य हौं आज वेदान्त जस्तो गहन विषय-लाई सरल ढंगले प्रतिपादन आफ्नै भाषामा भै रहेछ। यत्तिमात्र होइन सम्पूर्ण वेदान्त शास्त्रको सार भिकेर हामी नेपाली भाषामा लेखाई दिनु भयो परमपूज्य लेखकले। क्षितीश बाबु सर्व विद्याकुशल हुनु हुन्छ भन्ने कुरा त हामी सबैलाई थाहा नै छ—वाहाँले यस्ता ग्रंथ अंग्रेजी, बङ्गाली आदि भाषामा लेख्नु भए पनि हुने थियो तर नेपाल र नेपाली प्रति वाहाँको ज्यादै स्नेह भएको र नेपालबाट नै अखण्ड प्रकाश पाउनु भएको हुनाले त्यहीं कृतज्ञता ज्ञापन गर्न वाहाँ वेदान्तलाई पवित्र नेपाल भूमिमा छर्दै हुनु हुन्छ। वाहाँको यस निःस्वार्थ र उदार कार्यले हाम्रो भाषा आज धनि भएको छ। वेदान्तको लागि, वेदान्त शास्त्रको सम-न्वयको लागि कोही पनि मानिस नेपाली भाषाको शरण नली हुँदैन। यस कार्यले हामी ब्रह्मनिष्ठ डा० क्षितीशबाबुका चिर ऋणी भएका छौं। यस ऋणबाट मुक्त हुने एकमात्र बाटो छ वाहाँका ग्रंथलाई श्रद्धा र भक्ति पूर्वक पढ्नु।

ज्ञानालोकमा राष्ट्रवीरको 'सृष्टि समीक्षा' आज भन्दा २३ वर्ष पहिले लेखिएको हो। जुनवेला श्री बाबु त्रिचन्द्र कलेज, काठमाण्डूमा अँग्रेजी-का प्राध्यापक हुनु हुन्थ्यो। यो लेख काशीबाट प्रकाशित हुने 'सिद्धान्त' नामक साप्ताहिक पत्रिकामा २००२ साल मार्ग महिना देखी माघ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिना सम्मका अंकहरूमा क्रमशः हिन्दी भाषामा प्रकाशित भएका थिए। सौभाग्यवश ज्ञानालोकको शुरूमा नै यसको प्रसंग आएको र उपयोगी भएकोले त्यसलाई पनि नेपाली करण गरी ज्ञानालोक संगै राखी छाप्नु भन्ने श्री चरणको आज्ञा भएकोले त्यसलेखलाई पनि पाठक-हरू समक्ष टक्रयाउने सौभाग्य मिल्यो !

हुनपनि श्री गुरु चरणको सेवा गर्न पाउनु भन्दा ठूलो सौभाग्य कुन होला ? गुरुको कृपा विना साक्षात् देवताको कृपा भए पनि मानिसले सुख प्राप्ति गर्न सक्तैनन्। 'शिवे रुष्टे गुरुस्त्राता गुरुरुष्टे नकश्चन' भन्ने शास्त्रोक्ति कसरी मिथ्या होला ? हामीले यो तुच्छ सेवालाई श्री गुरुका चरणकमलमा सभक्ति समर्पण गरेका छौं। श्री गुरु चरणको सन्तुष्टि नै हामी आफूलाई कृत-कृत्य भएका संझने छौं।

अन्तमा हामीलाई धेरै वर्ष अगाडी देखि हाम्रो यस भेगमा सत्सँग र श्री गुरुचरणको परिचय, पदार्पण गराउने बन्दिपुर बजार तनहूँ निवासी [हाल खुदी वेनी बजार लंजुङ्] श्री सज्जन श्री बाबुराम गोविन्दराम श्रेष्ठ भ्रातृद्वयलाई धेरै धेरै धन्यवाद दिन्छौं—जसको सौजन्यताले हामी-लाई वेदान्तमा सत्सँगमा रुचि भयो, श्री बाबुको बराबर दर्शन गर्ने सौभाग्य मिल्यो र यस पछि कलकत्ताबाट प्रस्तुत ग्रंथको प्रतिलिपि तयार गरी ल्याई हामीलाई क्रमशः सबै सुनाई प्रकाशित गर्न सल्लाहा दिनु भएका सर्व श्री स्वामी नरनाथ जी, श्री डम्बरजङ्ग गुरुङ्ग र श्री गंगाराम श्रेष्ठलाई पनि प्रकाशक मण्डल धन्यवाद ज्ञापन गर्दछ।

धन्यवाद।

प्रकाशक मण्डल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

सृष्टि-समीक्षा १-६६

ज्ञानालोक (अजातवाद) बाह्र किरण सहित ६७-१०४

ज्ञानालोक (अजात वाद) १०५-२००

१. प्रथम प्रकरण

१. आत्मस्वरूप हो अद्वितीय १०५
२. साक्षात्कार विवेचन १०७
३. आत्मस्वरूपका चार अंश (चित्र) १११
४. अवस्था चतुष्टय विमर्श (चित्र) ११४
५. आत्मस्वरूपको चतुष्प्रकार (चित्र) ११७
६. साक्षात्कारवान् पुरुष हो अस्पर्श योगी १३९
७. परोक्षज्ञानी हो राजयोगी १४१

२. द्वितीय प्रकरण

१. जगत् हो मिथ्या १४४
२. सुषुप्ति अवस्थाका चातुर्विध १४९
३. जगत् र स्वप्नको भेद पनि हुन चतुर्विध १४९

३. तृतीय प्रकरण

[अद्वैत-अनुभव] १५४
(अद्वैत अनुभवको उपाय) १५५
१. त्रिविध अधिकारिको ज्ञानप्राप्तिक्रम (चित्र) १५८
२. युक्ति द्वारा अद्वैत निरूपण १६५
३. स्वरूपको साक्षात्कार (अद्वैतानुभव) १६६
४. अस्पर्श योग र मनोनिग्रह १६९
५. मनोनिग्रहको उपाय १७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. चतुर्थ प्रकरण
(जगत् उत्पन्न भएको छैन) १७६
१. परमार्थज्ञान १८१
२. कार्य कारण भाव हुन् मिथ्या १८२
३. अजातवाद हो उत्तम सिद्धान्त १८४
४. जन्म प्राप्तिको अभाव १८५
५. विद्वान्को अभयपद प्राप्ति १८६
६. सम्यक् दर्शनको प्रक्रिया [त्रिविध ज्ञेय] १८८
७. त्रिविध ज्ञेय र ज्ञानको ज्ञाता सर्वज्ञ हुन्छ १९१
८. पहिले विशेषरूपले के के जान्नु पर्छ ? १९३
९. जीवको स्वाभाविक स्वरूप १९४
१०. कृपण र अकृपण मानिस १९८
११. आत्मज्ञानीको महाज्ञानिपन १९८
१२. जातवादमा दोष दर्शन १९९
साक्षीविवेक-प्रकरण २०१-२३८
१. अद्वैत स्वरूपको सिद्धि २०३
२. द्वैत मिथ्यात्वको निरूपण २१६
३. साक्षात्कारको उपाय [मध्यमाधिकारीको निम्ति] २१९
४. साक्षात्कारको साधन [मध्यमाधिकारिको निम्ति] २२६
अस्पर्शयोग र राजयोगको संक्षिप्त विवेचन २३९
द्विविध अधिकारी विवेचन (चित्र) २४६
शास्त्रान्तरमा विरोध परिहार २४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टि-समीक्षा

शंका :—जीवनै आफ्नो यथार्थ स्वरूपलाई न जानी आफूमा जगत्‌को कल्पना गर्दछ, यस्तो सिद्धान्त के कुनै अरू शास्त्रमा पनि पाइन्छ ?

समाधान :—अं, पाइन्छ, गौड़पादीय 'माण्डूक्यकारिका' र 'भगवद्‌पादीय अपरोक्षानुभूति' तथा 'विवेक चूडामणि' आदि ग्रन्थमा पनि यो उत्तम वेदान्त पक्षनै निर्णीत भएको छ। वैतथ्य प्रकरणमा शिष्य प्रश्न गर्दछ कि 'जाग्रत् एवं स्वप्न कालमा जुन दृश्य पदार्थ प्रतीत हुन्छ, उसलाई यदि तथ्य शून्य (असत्य) नै मानि लिऊँ त फेरि उसको ज्ञाता र अध्यास कर्ता को हुन्छ ? यसको उत्तरमा गुरूले भन्नु भयो कि स्वयं प्रकाशमान् जीवनै निर्विकार आफ्नो स्वरूप नजान्नाले भ्रमवशात् आफूलाई नाना प्रकारले कल्पना गरेर आफैलाई द्रष्टा, दृश्य आदि भिन्न-भिन्न रूपमा देख्त छ :—

कल्पयत्यात्मनाऽऽत्मानमात्मादेव स्वमायया ।
स एव बुध्यते भेदानिति वेदान्तनिश्चयः ॥

'स एव मायापरिमोहितात्मा', 'पुरत्रये क्रीडति यस्तु जीवः' इत्यादि श्रुतिहरूबाट यही ज्ञात हुन्छ कि यो पक्षनै सकल उपनिषद् विचारको अन्तिम निर्णय हो। (पृ० ४८-४९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८०२.०६३१९
बा. वि. पीठ पुस्तकालय
मूल्य-१२१-

सृष्टि-समीक्षा

समस्त साध्य-साधन र प्रयोजन भगवान् आत्मदेवमा समर्पण गरेर साधक भगवान्‌लाई नै प्राप्त गरिलिन्छ। जबसम्म चित्त निश्चलरूपले अन्तर्मुख हुँदैन तबसम्म कर्मयोगनिष्ठ भएर एकमात्र भगवान्‌को शरणापन्न हुनुपर्दछ। यस्को उप्रान्त कर्मयोग निष्ठाको फलस्वरूप भक्त र भगवान्‌को यथार्थ एकता-विषयक ज्ञान ईश्वरानुग्रहद्वारा हृदयमा आविर्भूत हुन्छ। सर्व धर्म र अधर्मको परित्याग—सर्वकर्म संन्यास—गरेर 'सर्वात्मा भगवान् वासुदेव नै मेरो वास्तव स्वरूप हो' भनी मुमुक्षु यस्तो निश्चय गर्दछ। अर्थात् वासुदेवदेखि भिन्न जीव र जगत् केही पनि छैन। यस प्रकार एकमात्र भगवच्छरणमा प्राप्त हुन्छ। ज्ञानको परिपाकले ईश्वर प्रसन्न भएर मुमुक्षुको हृदयमा ऐक्य साक्षात्कार उत्पन्न गरेर धर्माधर्म वन्धनरूप पापबाट ज्ञानी भक्तलाई मुक्त—सकल सन्ताप रहित— गरिदिनुहुन्छ।

सकल धर्म वस्तुतः वेद शास्त्रमा विहित भएको छैन, किनभने विधि समूहको तात्पर्य निवृत्तिमा परिसमाप्त हुन्छ। यसबाट कर्म विधि-विषयक श्रुतिवाक्य (प्रतिकर्म-व्यवस्थावाद) को अप्रामाण्य पनि सिद्ध हुँदैन। किनभने कर्म विधिको फलस्वरूप पूर्व पूर्व प्रवृत्तिको विरोधद्वारा उत्तरोत्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपूर्व (प्रत्यगात्माको अभिमुखी) अधिकतर प्रवृत्ति उत्पन्न हुन्छ। यस प्रकार यद्यपि निवृत्ति–रूप लिङ्गादि वचनको प्रवृत्तिको हेतुभूत कर्मफलरूप विषयको अभाव हुनाले— निरर्थक प्रतीत हुन्छ, तथापि उपाय मिथ्या भए तापनि उपेय सत्य हुनाले विधि वाक्य (अधिकारीको दृष्टिले) अर्थ शून्य सिद्ध हुँदैन। यस प्रकार स्वर्ग काम वचनद्वारा देहात्मता निवृत्ति हुन जान्छ। नित्य नैमित्तिक विधिसमूह अर्थान्तरको उपदेशद्वारा स्वाभाविक प्रवृत्तिको निरोध गर्दछ। निषेध वाक्यद्वारा स्वभावसिद्ध समस्त नैसर्गिक प्रवृत्तिको साक्षात रूपले निरोध संभव हुन्छ। यस प्रकार निवृत्ति पर्यवसायी कर्म 'विधि परिसंख्या विधि' भनिन्छ। 'सर्वंकर्माखिलं पार्थ' 'न कर्तृत्वं नकर्माणि' 'पुण्यापुण्य-विवर्जित-पंथः'। समग्र कर्मकाण्ड निवृत्तिद्वारा मोक्षमा पर्यवसित हुन्छन्।

कर्मफलको सम्बन्ध यस प्रकार अप्रामाणिक सिद्ध हुनाले अनादि विचित्र अविद्याको सहायत द्वारा ईश्वर–जीवकृत कर्मको अपेक्षा नराखी विचित्र फलको उत्पत्ति गर्दछ। यहाँ 'ईश्वर' पदले 'सौषुप्त प्राज्ञ' निर्दिष्ट छ। किनभने 'एष सर्वेश्वरः' इत्यादि श्रुति पनि कर्म निरपेक्ष रूपले अविद्याबाट जगत् सृष्टि बताउँछ। अविद्या सहकृत् जीव यदि जगत्को कारण हुन्छ त, सृष्टि वैचित्र्य अनुपपन्न हुन्छ, यसो भन्न सकिदैन, किनभने जगत्को उपादानभूत अज्ञान विचित्र शक्ति-शाली छ। भगवान् वशिष्ठ पनि भन्नुहुन्छ कि यी सबै पदार्थ समुद्रबाट फोकाको समान अविद्याबाट उत्पन्न भएर क्षण मात्रमा ज्ञान समुन्द्रमा लीन भएर जान्छन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'अविद्या योनयो भावाः सर्वेऽपि बुद्बुदा इव ।
क्षणमुद्भूय गच्छन्ति ज्ञानैकजलधौ लयम् ॥'

सृष्टि पहिले काकतालीयवत् कर्मको विना उत्पन्न हुन्छ, फेरि अज्ञान वशात् प्रातिभात्यिक (साक्षी वेद्य) प्रपञ्चमा सत्यता बुद्धि (प्रमाण र प्रमातृ गोचरता) उदित भएपछि कार्यकारणभाव निश्चित रूपमा प्रतीत हुन्छ। यसबाट कर्म, कर्मबाट जन्म र जन्मबाट कर्मको परम्परा चल्दछ । जाग्रत् प्रपञ्च पनि वस्तुतः स्वप्न सृष्टिको समान अकस्मात् आविर्भूत हुन्छ । क्षणिक चिद्भास्वत मिथ्या रूपमा परिज्ञात नभएको हुनाले पछि यो दृढरूपबाट अनुभूत हुन्छ। वस्तुतः जगत् सर्वथा अनुत्पन्न छ । यस प्रकार एक सत्तावाद, दृष्टि—श्रृष्टिवाद र प्रतिकर्म व्यवस्थावाद अगिल्लोको अपेक्षा पछिल्लो निकृष्ट छ । अतएव ज्ञान र ज्ञेयरूप सबै जगत् केवल आविद्यक हुन्—सबै प्रपंच केवल प्रतीति स्वरूप (प्रातिभासिक या दृष्ट सृष्ट) हो । अरू केही पनि हैन, यै सिद्ध हुन्छ। जगत् कर्मजन्य हैन, अपितु मायिक मात्र हो, अतः सम्यक् ज्ञानको उदय भएपछि विनष्ट भएर जान्छ । त्यसो भएकोले पछि यसलाई विस्तृत रूपले देखाइएको छ कि निखिल प्रपंच मिथ्या हो ।

'द्वे विद्ये वेदितव्ये' यस श्रुति परमात्म विद्या तथा धर्माधर्मको साधन एवं तत्फल विषयक विद्याहरूको वर्णन गरेर यही देखाउँदछ कि निकृष्ट विद्या या अविद्याको निराकरण गर्नु पर्दछ । किनभने धर्माधर्मको साधन र उसको फल विदित भएर वास्तविक केही पनि विदित हुँदैन । तत्त्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिज्ञासु आफूलाई जगत्को उपादान स्वरूप जानेर नै सर्ववित् हुन सक्छ। अन्यथा हुन सक्तैन। धर्म र अधर्मलाई उपादान रूपमा अंगीकार गरेपछि पनि ऊ नित्य परोक्ष हुनाले उसको ज्ञानको फलमा नै सकल वस्तुहरूको प्रत्यक्ष रूपमा ज्ञान हुनु संभव छैन। जीवको कर्मापेक्ष भएर ऊँच नीच फलस्वरूप जगत्को जो आदिदैविक परमेश्वर सृष्टि गर्नुहुन्छ। उहाँ केवल निमित्त कारण हुनुहुन्छ। अतः कर्मफल तथा जीवहरू-देखि अवश्य नै उहाँ भिन्न हुनुहुन्छ। अतः त्यस्तो परिच्छिन्न ईश्वर स्वरूपको अभेद विषयक विज्ञानबाट मुमुक्षु सर्ववेत्ता हुन सक्तैन। आफ्नो आध्यात्मिक स्वरूपको ज्ञान पनि सिद्ध नहुनाले कर्म सापेक्ष स्रष्टाभाव संभावित हुँदैन। कर्म यदि फलारम्भको हेतु हुन्छ तब त जगत् कर्मजन्य र सत्य सिद्ध होला। त्यसो भएकोले जगत् केवल अविद्याबाट जीव भावा-पन्न निज स्वरूपमा—विवर्त या अध्यस्त रूपमा—स्थित छ, यो विशेष रूपले जान्न सकेदेखि मुमुक्षु सर्व वेत्ता हुन्छ।

यदि भनौला कि परमात्म ज्ञान उदित भएता पनि जगत् नष्ट हुँदैन, अतः त्यो सत्य छ त यो ठीक हैन किनभने **'सर्व विकारजातं मायात्रम्' 'माया मात्र मिदं द्वैतमद्वैतं परमार्थतः'** इत्यादि श्रुतिवाक्य समानाधिकरण्यद्वारा परिदृश्यमान जगत्लाई मायाको परिणाम बताएर 'मात्र' पदद्वारा यो देखाउँछ कि प्रपञ्च द्रव्ये तथा अपूर्व (सोम आज्य आदि विकार) को परिणाम होइन, मायाधिष्ठान परमात्माको साक्षात्कार भएपछि माया नाश हुन जान्छ र मायाको परिणाम अपूर्वादि जगत् पनि त्यस बखत रहँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि जगत्लाई यत्नजन्य गुण र अपूर्व निमित्तक माया-को परिणाम मानिन्छ तव पनि शुक्तिमा कल्पित रौप्यद्वारा जस्तो स्वर्णाकारको हजारौं प्रयत्नले पनि त्यसलाई कुनै अलङ्कार बनाउन सक्तैन, त्यस्तै नै कर्मको योगद्वारा पनि मायाबाट सत्य जगत् उत्पन्न हुन सक्तैन ।

'वैषम्यनैर्घृण्येन' **'कृत प्रयत्नापेक्ष एतु'** इत्यादि सूत्रमा यो बताएको छ कि कर्म नै जगत् वैचित्र्यको हेतु हो । यदि यस्तो भनिन्छ तब यसको समाधान यो हो कि शास्त्रमा तत्तत् स्थलहरूमा मन्द बुद्धिको अनुसरण गरेर कर्मलाई जगत् वैचित्र्य हेतु भनी वर्णन गरेको छ। किनभने त्यहाँ जगत् सत्यरूपले परिगृहित भएको छ । अतः प्रतिकर्मव्यवस्थावाद-को अनुसार उपदेश दिइएको छ ।

यदि भनौला कि **'तदेतत् सत्यं मंत्रेषु कर्माणि कवयो यान्यपश्यन्'** यस मुन्डक श्रुतिमा फलात्मक सबै जगत्लाई सत्य भनिएको छ त यो पनि ठीक छैन, किनभने **'माया मात्र-मिदं द्वैतमद्वैतं परमार्थतः'** यस मायिकत्व ज्ञापक साधक शास्त्रद्वारा सत्यता बोधक श्रुतिको बोध हुनु नै उचित छ ।

'सर्वविकारजातं मायामात्रम्' इत्यादि सृष्टिको मायि-कत्वको विधायक श्रुतिको अविरुद्धवाची विविध सहायक शास्त्र विद्यमान छन् । उपर्युक्त "**'तदेतत्सत्यम्'** **'सर्वविकार जातम्'** यी दुवै श्रुति वचनको सहायक अनेक शास्त्र क्रमशः पछि निर्देशित गरिनेछ ।

काठकोक्त नचिकेताको प्रति धर्मराजको उपदेश प्रस्तुत विषयमा प्रथम सहायक शास्त्र हो जुन जीवको विषयमा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मरणोपरान्त रहन्छ या रहदैन, यस प्रकार—नचिकेताले सन्दिग्ध रूपमा प्रश्न गरेको छ र वक्षामाण मुण्डक तथा प्रश्नोपनिषद्को अनुसार, जुन जीव प्राणादि समस्त लोक- (दृश्य पदार्थ) हरू स्वप्न कालमा मनमा प्रलीन भएपछि स्वयं अमरणशील भएर विचित्र वासना एवं अविद्याशक्ति- को सहायताले आफ्नो अभिनव विचित्र शरीर, घर कुटुम्ब आदि बनाएर उसलाई आफ्नो ज्योतिद्वारा प्रकाशित गर्दछ (स्वयं जान्दछ), त्यै जीव ब्रह्म हो—यमराज कथित दुर्विज्ञेय ब्रह्म त्यै हो—जीवदेखि अतिरिक्त केही पनि छैन। यसको कारण यही हो कि पूर्वोक्त स्वप्रकाश जीवमा जो पृथ्वी आदि प्रातिभासिक रूपमा अध्यस्त हुन्छ त्यसमा कुनै पनि दृश्य प्रपंच त्यस्तैनै त्यो जीवलाई अतिक्रमण गर्दैन, त्यो जीवदेखि पृथक् सत्तायुक्त छैन, जस्तै रज्जुमा आरोपित सर्प रज्जु (डोरी) लाई अतिक्रमण गर्न सक्तैन।

मुण्डकोपनिषद्मा पनि भनिएको छ कि अमूर्त (अहं- कार विशिष्ट देहादिदेखि रहित) प्रत्यगात्माको उपाधि- भूत अन्तःकरणको नै विकार हुन् समस्त जगत्। यसैको अनुसार प्रश्नोपनिषद्को वाक्यमा पनि जाग्रत् कालीन जगत्को स्वप्नावस्थामा, मनमा, विलीन हुनुको उपदेश र दोस्रो मुण्डकमा उक्त सुषुप्ति कालीन, अज्ञानमा प्रलीय- मान मनमा जगत्को प्रलयोपदेशले यही अवगत हुन्छ कि जगत् मनको विकार हो। अतः यी सबै श्रुतिहरू पूर्वोक्त जगत्को मायिकता बोधक शास्त्रको सहाय भूत हुन्।

प्रश्नोपनिषद्मा गार्ग्यसँग पिप्पलाद भन्दछन् कि चक्षु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रादि गोचर सबै प्रपञ्च मनमा एकीभावलाई प्राप्त गर्छन् । मनमा प्रपञ्चको विलय विधानद्वारा यो बताएको छ कि चक्षुरादि इन्द्रिय स्वप्नकालमा रूपादि विषयशून्य हुनाले व्यापार-रहित भएर मनमा अवस्थित हुन्छन् र स्थूल प्रपञ्चभूत तथा उसका समस्त कार्यहरूको उपादान कारण मन रूप उपाधिले युक्त अज्ञानी जीवकोद्वारा अखिल जगत् कल्पित हुन्छ । अर्थात् समस्त दृश्यवर्ग प्रातिभासिक हुन् । यस प्रकार प्रश्नोपनिषद् पनि जगत्को केवल मायिकत्व-परक श्रुतिको सहायक हो ।

'विज्ञानमय' आफ्नू उपाधिरूप अन्तःकरणादि उपादान भूत अज्ञानमा लीन—अज्ञान भावलाई प्राप्त गरेर स्थित—भएपछि स्वयं सुषुप्ति अवस्थापन्न 'प्राज्ञ'[1] भएर अज्ञानमा तद्रूपतावशात् अज्ञानको कार्यसमूहभूत एवं भौतिक अन्तःकरणादिको लयाधिष्ठान हुन जान्छ । त्यस वखत प्राज्ञ स्वरूपमा पहिले मनः कल्पित समस्त स्वप्न वस्तुहरूको विलय भएपछि 'प्राज्ञ' उनीहरूलाई देख्दैन । अपितु सत्चित् निज सुख स्वरूपमा स्थित हुन्छ । त्यो 'प्राज्ञ' नै त्यस वखत 'परमात्मा' कहलाउँछ । विज्ञानमय भावभन्दा पनि प्राज्ञभाव आन्तर हुनुको कारण यो हो कि प्राज्ञमा पञ्चिकृत भूत र उसको कार्य, अपञ्चीकृत भूत र उसको कार्य—ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, अन्तःकरण चतुष्टय—एवं उसको वृत्ति समूह तथा अनुग्राहक सबै देवता—वृक्षमा

१. हेर्नोस 'सिद्धान्त' वर्ष ४ अंक १२।१३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अदृष्ट पक्षीहरूको समान—प्रलीन हुन जान्छ। यस प्रकार प्रश्नोपनिषद्मा बताएको छ। द्वितीय मुण्डकबाट पनि ज्ञात हुन्छ कि यहाँ सम्प्रतिष्ठन्ते' शब्दको अर्थ 'अप्यय' या 'प्रविलय' हो। यो 'प्राज्ञ'लाई जो नित्य संझन्छ, ऊ आफूमा आरोपित सकल जगत्को ज्ञान प्राप्त गर्दछ—समस्त कार्यमा उपादान कारण रूपमा व्याप्त हुन्छ। यसरी प्रश्नोपनिषद् पनि जगत्लाई माया मात्र हो भनी बोध नगर्ने सहायक शास्त्र हो।

कौशीतकी शाखामा भनिएको छ कि अन्तःकरणोपाधि-युक्त विज्ञानमय जुन बखत सुषुप्ति अवस्थापन्न ('प्राण' शब्दद्वारा कथित) प्राज्ञ हुन्छ, त्यस बेला त्यो स्वाप्निक प्रपञ्चको दर्शन गर्दैन किनभने त्यस बखत स्वप्न पदार्थ आफ्नो आफ्नो आकार परित्याग गरेर प्राज्ञमा विलीन हुन जान्छ र वागादि इन्द्रिय पनि स्वप्न-विषयको साथै त्यस प्राज्ञमा नै प्रलीन हुन्छन्। जगत् केवल मायिक हो। यस प्रकार पहिले साधक श्रुतिद्वयद्वारा ज्ञापित अर्थको कौशीत श्रुति पनि सहायक हो।

पूर्वोक्त काठक, मुण्डक र प्रश्नका वाक्यहरूदेखि उक्त कौशितकी वाक्य भिन्न हो। काठकादि सबै वाक्यहरू केवल जगत्को प्रातिभासिकताको बोधनको सहायभूत मात्र हुन्। ती कर्म श्रुतिका सहायक हैनन्। जगत् केवल कर्मजन्य या माया तथा कर्म उभयजन्य भएदेखि जीवमा जगतको लय संभव नहुनुपर्ने। कर्म नै यदि जगत्को कारण भएदेखि त, यो मान्नुपर्दछ कि त्यो चिरस्थापी हुनुपर्ने थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौशीतकी वाक्य जीवमा जगत्को लय-बोधक शास्त्रको अपेक्षा अर्थान्तर ज्ञापन गर्दछ। सौषुप्य जीव जब जागरण अवस्थालाई प्राप्त गर्छ, तब त्यो जीवबाट इन्द्रियगण, तदनन्तर चक्षुरादिका अनुग्राहक सूर्यादि देवता र तदनन्तर देवताहरूको द्युलोकादि निवासस्थान—अग्निबाट स्फुलिङ्गशिरा झौं उत्पन्न हुन्छन्। मुण्डक श्रुतिमा पनि यस कौशीतकी—वाक्यको समान अर्थ पाइन्छ।

दुवै श्रुतिहरू सुप्त जीवबाट जगत्को उत्पत्ति बताउँछन्। कर्मनिरपेक्ष आनन्दमय, सौषुप्त जीवदेखि निखिल जगत्को उत्पत्ति—कथन हुनु पूर्वोक्त काठकादिलय श्रुतिदेखि वर्तमान कौशीतकी एवं मुण्डक श्रुतिको विशेषता हो।

बृहदारण्यक अध्याय ४ प्रथम ब्राह्मणको अन्तको **'अस्मादात्मनः सर्वे प्राणाः सर्वे लोकाः सर्वे देवाः सर्वाणि च भूतानि व्यच्यरन्ति'** यस वाक्यमा सुषुप्ति अवस्था प्राप्त जीवबाट जगत सृष्टि भनिएको छ। (यहाँ 'प्राणा' को अर्थ इन्द्रियसमूह छन्)। यो पनि पूर्वोक्त मायिकत्व श्रुतिको सहायक हो।

प्रतिज्ञात विषयमा कैवल्य श्रुति पनि प्रमाण भूत छ। स्थूल, सूक्ष्म र कारण शरीररूप पुरत्रयमा—जाग्रत्, स्वप्न, सुषुप्ति अवस्था समूहमा—'म' यस रूपमा उपलभ्यमान जुन जीव क्रमशः सञ्चरण गर्द छ, त्यै निमित्त र उपादान उभय कारणरूप जीवद्वारा नै ईश्वर संयुक्त जाग्रत् र स्वप्न कालीन समस्त—नानाविध जगत्—विचित्र शक्तिशाली अवि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्याको सहायताद्वारा उत्पन्न हुन्छ । यसै अर्थमा वृद्ध सम्मती पनि दृष्ट हुन्छ ।

'स्वस्मिन्नेव स्वप्नवदीशा नत्वादि सर्वं कल्पनया:,
जीवः सर्वं विकारोपादान मिति ब्रुवन्त्यन्ये ।'

आचार्य पनि भन्नुहुन्छ कि म र दृष्टि गोचर भैरहेको समस्त जगत् एक अखण्ड परमात्म चैतन्यको विवर्त हो, जीव, ईश्वर र जगत्को भेद त्रिगुणात्मिका अविद्या शक्तिद्वारा कल्पित छ । परमात्म विद्याको उदय भएपछि सबै भेदभ्रम नाश हुन्छ—

'ब्रह्मै वाहमिदं जगच्च सकलं चिन्मात्र-विस्तारितम्,
सर्वं चैतदविद्यया त्रिगुणया शेषं समाकल्पितम् ।'

जस्तो स्वप्नमा जीव ईश्वर इत्यादि भेद यथार्थ हैन, त्यस्तै नै जाग्रत् कालिन अविद्या कल्पित देश, काल, जगत्, ईश्वर आदि दृढ प्रत्यय पनि सत्य होइन । जागरणमा जस्तो स्वप्निक प्रपंच असत्य भएर जान्छ त्यस्तै नै सम्यक् ज्ञानको आविर्भाव भएपछि जाग्रात जगत् पनि अत्यन्त मिथ्या हुन जान्छ—

'जीवेशादि भीदापि वा न च कर्तुं क्वचिच्छक्यते
माया कल्पित देशकाल जगदीशादि भ्रमस्तादृशः ।'

'माण्डुक्य'मा सुषुप्त अवस्था प्राप्त जीवको विषयमा बताएको छ कि, भूतपूर्व जगत् तथा स्वप्न दशामा कल्पित सकल द्वैत प्रपञ्चलाई प्रष्टरूपले जान्दछ अतएव (पूर्व-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालीन पदार्थको प्रकाशनार्थ) यो सुषुप्त जीव 'प्राज्ञ' कहलाउँछ। आकाशादि समस्त प्रतिभासिक पदार्थको यो जीव नै 'ईश्वर' (उत्पादक) हो। जाग्रत् र स्वप्नमा आफै-आफ आफूमा कल्पित पदार्थहरूको--आफूले आफैमा अज्ञानता संभव नहुनाले—त्यो सकल दृश्य जगत्को ज्ञाता या 'सर्वज्ञ' हो। स्वप्न भैं आफूमा कल्पित पदार्थहरूमा प्रविष्ट भएर उनको नियमन कर्ता हुनाले यो जीव नै 'अन्तर्यामी' पनि कहलाउँछ। सारा विश्व यसै जीवद्वारा उत्पन्न हुन्छ, अतः यो 'सर्वयोनि' कहलाउँछ र त्यसो भएकोले आफूमा आरोपित् सकल पदार्थहरूको उत्पत्तिको कारण (प्रभव) र लयको कारण (अप्यय) पनि यो जीव नै हो। यस श्रुतिद्वारा पनि जगत्को केवल मायिकत्व सिद्ध हुन्छ।

भाष्यकार पनि भन्नुहुन्छ कि **'मायैषा तस्य देवस्य यथासम्मोहितः स्वयम्'** यस शास्त्रोक्त प्रकारले मायाको मोह शक्तिको वश मायाद्वारा तादात्म्यापन्न हुनाले अखिल मायिक प्रपञ्चको निमित्त एवं उपादानभूत यस आध्यात्मिक प्राज्ञदेखि भिन्न—जगत् तथा ईश्वरको भेद भावादिक मतानुसार—अन्य कुनै आधिदैविक पुरुष जगत्को अभिन्न निमित्त र उपादान कारण हुन सक्दैन अर्थात् प्राज्ञ नै आधिदैविक ईश्वरसंयुक्त विभिन्न समस्त दृश्य पदार्थहरूको ईशिता हो (जगत्को पृथक् सत्ता नहुनाले जगत् मिथ्या हो, यो राम्रो तवरसँग जानिलियो भने अविद्या नाश हुन्छ र जीवले शिव भावलाई प्राप्त गर्छ।

'इन्द्रो मायाभि' 'सोऽकामयत बहुस्यां प्रजायते', 'कृष्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रशक्ति श्रुतेस्तु शब्दमूलत्वात्,' 'आत्मनिचैव विचित्राश्च हि' इत्यादि श्रुत-अनुसार स्रष्टाको मायिक बहु भवन—आफ्नू उपाधिमा अविवेकपूर्वक तद्रूपता प्राप्तिविना असंभव हुनाले—तादृश तादात्म्य युक्त सौषुप्त प्राज्ञ नै जगत्को उपादान रूपमा सिद्ध हुन्छ। अरू कुनै छैन। निम्नलिखित वचन पनि यसै अर्थलाई अभिव्यक्त गर्दछ—

'न युक्तो पूज्यते वास्य परिणामो न युज्यते।
कात्स्न्याँ ब्रह्मानित्यतनाप्ते परिणामोऽत्र मायिकः॥'

विद्यारण्यले पनि भन्नुभएको छ—

सौषुप्तमानन्दमयं प्रकस्यैवं श्रुतिर्जगौ।
एष सर्वेश्वर इति स्वयं वेदोक्त ईश्वरः॥
एवमानन्दविज्ञानमयावीश्वर-जीवकौ।
आनन्दमय* ईशोऽयं बहुस्यामीत्यवक्ष्यते॥'

यसको कारण यै हो कि सौषुप्त प्राज्ञदेखि भिन्न दोस्रो आधिदैविक पुरुष—विवेक—विज्ञान-युक्त हुनाले—आफूमा मायारूपमा अवस्थानको कल्पना किन गर्ला? यदि प्रश्न गरिन्छ कि उसो भए आनन्द गिरी दीक्षित आदिले यस्तो किन भनेका छन् कि 'यो सुषुप्त प्राज्ञको सर्वेश्वरत्वादि कथन औपचारिक मात्र हो, किनभने आधिदैविक अन्तर्यामी-

* आनन्दमय दुई प्रकारको छ—(१) स्वाप्निक र (२) त्यसभन्दा पनि आन्तर सौषुप्त। यसमा स्वप्नानन्दमय सर्वेश्वर हैन, किन्तु अज्ञान मात्र युक्त सौषुप्त आनन्दमय नै जगत्को ईश्वर हो। अज्ञानबाट विनिर्मुक्त भएपछि तुरीय जीव चैतन्य शुद्ध शिवस्वरूप हुनजान्छ। एकजीववादको प्रसंगमा पछि गएर यसको प्रतिपादन गरिने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सँग यसको कारण शरीर रूप उपाधि समान छ' त यसको उत्तर यो हो कि प्रतिकर्मव्यवस्थावाद माण्डुक्य श्रुति एवं उसको भाष्य आदिद्वारा मन्द अधिकारीका लागि वाधित नहोस्, यस उद्देश्यले प्रतिकर्मव्यवस्थावादको रक्षाको लागि यस्तो उपदेश दिइएको छ।

प्रतिकर्म व्यवस्थावाद, दृष्टि-सृष्टिवाद र सत्यैकवाद या अज्ञातवाद—तत्त्वोपदेशका यिनै तीन प्रकार* (भेद) छन्। मन्द अधिकारीका लागि प्रतिकर्म व्यवस्थावाद उपयुक्त हुन्छ। यसको अनुसार आदिदैविक परमेश्वर प्राणि-समूह-को विचित्र कर्महरूको अनुरूप जगत्को सृष्टि गर्नुहुन्छ। यो सृष्ट जगत्को अज्ञात सत्ता हुन्छ र सुषुप्ति कालमा त्यस वेलाको जगत्को—आध्यात्मिक जीव मा आदिदैविक महेश्वरमा—प्रधानरूपले लय पनि संभव छैन। किनभने त्यस बखत अरू जाग्रत पुरुष-सम्बन्धी व्यवहारको साथ जगत् अज्ञात भावले वर्तमान रहन्छ यस्तो मान्नुपर्छ। यस प्रकार प्रतिकर्मव्यवस्थावादको समर्थनमा तत्पर आनन्द गिरी प्रवृतिले—

'रज्जु सर्पादिवत् विश्वं नाज्ञातं सदिति स्थितम्।
प्रबुद्धदृष्टि-सृष्टत्वात् सुषुप्तौच लयश्रुतेः ॥'

अद्वैत सिद्धिकारले यस (माण्डूक्य श्रुतिको अनुकूल) दृष्टि-सृष्टिवादको अर्को ढंगले आफ्नो मतानुसार व्याख्या गरे-का छन्। यद्यपि दृष्टि शृष्टिवाद अनेक श्रुति, स्मृति र

(१) इतिहास, पुराण, शंकर वेदान्त र वाशिष्ठमा क्रमशः यो प्रदर्शित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उसको भाष्य वशिष्ठ, वार्तिकामृत आदि विख्यात ग्रन्थहरूमा सिद्धरूपले प्रतिपादित भएका छन्, तथापि उसमा अविश्वास गरेर कुनै-कुनै आचार्यहरूले श्रुतिदर्शित क्रमद्वारा परमेश्वर सृष्ट, अज्ञान सत्तायुक्त जगत्को नै तद्तद् विषयक प्रमाणको सहायताले पश्चात् दृष्टि (ज्ञान) हुन्छ—यस प्रकार सृष्टि दृष्टि या प्रतिकर्मव्यवस्थावादको प्रशंसा गरेका छन्। जसको अन्तःकरण शुद्ध भएको छैन, यस्ता मन्द अधिकारीलाई प्रतिकर्मव्यवस्थावादको अनुसार उपदेश दिनुपर्दछ ।

'अज्ञस्यार्द्धप्रबुद्धस्य सर्वं ब्रह्मेति यो वदेत् ।
महानिरयजालेषु सतेन विनियोजितः ॥'
'न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत् सर्वकर्माणि विद्वान् युक्तः समाचरन् ॥'

इत्यादि शास्त्रवाक्य यस विषयका प्रमाण छन् ।' 'एकमात्र ब्रह्म सत्य छ' यस्तो एकसत्तावाद या यो जगत् सर्वथा अनुत्पन्न हो 'यस्तो अज्ञातवाद' उत्तमाधिकारीको प्रति प्रयुक्त हुन्छ ।

यदि जिज्ञासा गरिन्छ कि प्रतिकर्मव्यवस्थावादलाई मान्नुमा के हानि छ ? त भनिन्छ कि त्यस्तो स्थितिमा सगुणोपासनाको फलस्वरूप मुक्त ब्रह्मलोक प्राप्त पुरुषको भोगको लागि द्वैत प्रतीति अवश्य स्वीकृत गर्नुपर्छ । फलतः **'न तु तद्द्वितीयमस्ति ततोऽन्यद्विभक्तं यत् पश्येत्'** इत्यादि द्वैत-प्रतीतिको अभावपरक सबै शास्त्र वाक्य र—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'यत्र सुप्तो न कञ्चन कामं कामयते न कञ्चन
स्वप्नं पश्यति यदा सुप्तः स्वप्नं न कञ्चन पश्यति,
यत्र त्वस्य सर्वमात्मैवाभूत् तत्केन कं पश्येत्'

इत्यादि वृहदारण्यक द्वैत दर्शन-परक श्रुतिहरूको विभाग-पूर्वक विषय प्रदर्शक–

'स्वाप्ययसम्पत्योरन्यतरापे क्षमाविष्कृतंहि'

यस सूत्रद्वारा निज स्वरूप सौषुप्तिक जीवमा सर्वदृश्य जगत्को लयोपदेशको एवं मुक्तिदशामा जगत्को उच्छेदोपदेशको असद्वाच्यार्थता सिद्ध हुन्छ । अतएव शास्त्र तथा विद्वद्अनुभव-अनुसार परमात्मा, अक्षर, ब्रह्म, आकाश, प्राण आदि शब्दहरूद्वारा बोधित सुप्त, परिपूर्ण, प्रतिबिम्बित्व असत्वादि रहित 'प्राज्ञ' नै आविद्यछ मात्र निखिल जगत्को उपादान हो, यो शास्त्रार्थ परिशुद्धिको लागि मुमुक्षुद्वारा सर्वथा आदर्तव्य छ ।

यस प्रकार 'अस्मत्' शब्दको अर्थ जुन 'प्राज्ञ' हो त्यै जगत्को कारण हो अर्थात् अज्ञानयुक्त मबाट नैं सृष्टि हुन्छ यै निर्णीत भयो। यहाँ अपरोक्ष विद्वद् अनुभवसूचक कैवल्य श्रुति पनि जगत्को केवल आविद्यकत्व विषयमा प्रमाणरूपले प्रदर्शित गरिन्छ ।' ममा नै जागरणादि समयमा सबै जगत् उत्पन्न हुन्छ, उत्पन्न जगत् जबसम्म सुषुप्ति अवस्था आउँदैन, तबसम्म ममा नै विलीन भएर जान्छ । मदेखि भिन्न अर्को कुनै आधिदैविक पुरुष छैनन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतएव कार्य र कारण अभिन्न स्वरूप हुनाले म नै सर्वद्वैत विवर्जित ब्रह्म* हुँ ।

जगत् केवल कर्म या कर्मयुक्त मायाको परिणाम हो । यस पक्षमा सुषुप्तिको पहिले र उत्तर कालमा शरीरादि जगत्को समानता हुनाले सुषुप्ति कालमा प्राज्ञ या आदि'-दैविक पुरुषमा जगत्को लय संभव छैन । अतः 'अस्मद्' पदको अर्थ जुन चैतन्य उसको स्वकार्यको साथ कैवल्य श्रुति जुन अद्वितीयता— 'म सर्वद्वैत रहित ब्रह्म हुँ' यस्तो अनुभव— बोधित गर्दछ, त्यो असत्य हुन जान्छ । यसबाट यो सिद्ध भयो कि प्रतिकर्म व्यवस्थावाद अज्ञजनहरूलाई उपदेशार्थ शास्त्रमा मानिएको छ । जिज्ञासु पुरुषको लागि हैन ।

'यत्र त्वस्य सर्वमात्मैवाभूत् तत्केन कं पश्येत्' 'तरति शोकयात्मवित् ।' इत्यादि जगत्को ज्ञाननाश्यतापरक शास्त्र पनि केवल मायिकत्व श्रुतिको अनुचर हो । शरीरादि यदि कर्मजन्य भएको भए त भोग मात्रले विनष्ट हुनुपर्ने—ज्ञान-द्वारा नहुनुपर्ने । किन्तु श्रुतिलाई यो मान्य छैन **'यतः श्रुतेरभिप्रायः परमार्थैकगोचरः ।' 'यथा सौम्यैकेन मृत्पिण्डेन सर्वं मृण्मयं विज्ञातं स्यात्'** यस प्रकार मृदादि दृष्टान्तपूर्वक जुन तत्त्वको विचार व निश्चय भएपछि अविचारित, अतर्कित र अनीश्चित् सबै पदार्थ विचारित तर्कित र निश्चित

---

* ब्रह्ममा अध्यस्त जगत कारण अविद्या ब्रह्मदेखि भिन्न छैन । एकमात्र अधिष्ठान नै परमार्थ सत्य हो ।'

'कार्यंही कारणं पश्यत् पश्वातृ कार्यं धिसर्जयन् ।
कारण त्वं तत्व गच्छेदवशिष्ठं भवेन्मुनिः ॥'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन् । यो जुन 'छान्दोग्य' मा बताएको छ, त्यो जगत्को उपादान, सदाख्य—**'सदेव सोम्येदमग्र आसीत्'** यस श्रुतिमा निर्दिष्ट—अज्ञान संयुक्त निर्विशेष प्राज्ञ तत्त्व हो । यस प्रकार एक वस्तुको विज्ञानले सकल वस्तुको विज्ञान सिद्धिपरक शास्त्र पनि दृश्यवर्गको मायिकत्व द्योतन गर्दछ । सौषुप्तिक प्राज्ञ 'सत्' शब्दको वाच्य हो । विज्ञानमयको तृतीयावस्था-पन्न 'प्राज्ञ' शब्दद्वारा कथित 'पहिले म निद्रित थिएँ' यस प्रकार सुषुप्ति र जागरणमा एकरूपले अनुभूयमान जुन तत्त्व, उसैको सन्मात्रत्व, एकत्व, अद्वितीयत्व, विविध परिच्छेदराहित्य यी निम्नलिखित वाक्यहरूमा बताएको छ ।

'सता सौम्य तदा सम्पन्नो भवति तस्मादेन
स्वपितीत्याचक्षते स्वं ह्यपीतो भवति'
'राहुग्रस्तदिवाकरेन्दुसदृशो मायासमाच्छादनात्
सन्मात्रः करणोपसंहरणतो योऽभूत् सुषुप्तः पुमान्
प्रागस्वाप्समिति प्रबोधसमये यः प्रत्यभिज्ञायते
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्त्तये ।'

जगत्को सृष्टि, स्थिति र संहारमा समर्थ—'दक्षिण'—एवं शरीर-रहित—'अमूर्ति,' 'निद्रित थियो' यस प्रकार प्रत्यभिज्ञात, पूज्यस्वरूप प्राज्ञ नै अखिल जगत्को उपादान हो, यो कुरा माथिल्लो वाक्यमा आचार्यद्वारा प्रदर्शित भएको छ ।

अज्ञानोपाधियुक्त जुन तत्त्व सकल भूतभौतिक प्रपञ्चको उत्पत्ति आदिको कारण हो सम्पूर्ण जगत्को उपादानभूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैको ज्ञात भएपछि सबै पदार्थ विज्ञात हुन्छ, यस्तो 'मुण्डक' मा शौनक-प्रतिको उपदेशले पनि जगत्को केवल आविद्यक-त्वलाई प्रमाणित गर्दछ।

बृहदारण्यक चतुर्थ अध्यायमा मैत्रेयीसँग याज्ञवल्क्य भन्नुहुन्छ कि स्वप्न पदार्थ झैं सबै प्रपञ्च निज स्वरूपमा नै कल्पित छन्, अतः प्रातिभासिक सिद्ध हुनाले उसको उपादान-भूत स्वात्मतत्त्वको सम्यक् ज्ञान भएपछि आफूमा आरोपित सकल वस्तुको विज्ञान संभव हुन्छ। यो पनि मायिकत्व श्रुतिको सहायक हो। 'हे मैत्रेयी निज स्वरूपको अनुकूल सबै पदार्थ आफ्नू प्रिय हुन्छ, अतः स्वयं (निजस्वरूप) परमानन्द रूप हो। यसको कारण यो हो कि जगत् प्राज्ञको उपाधिरूप अज्ञानको नै परिणाम भएको हुनाले—जीवको निजस्वरूप* नै अखिल प्रातिभासिक जगत्को उपादान हो। अतः यो आत्मतत्त्वको विशेष रूपले बोध भएपछि सकल वस्तुको बोधसिद्ध हुन्छ। 'यो श्रुतिको अर्थ—जगत् स्वप्नवत् प्रातिभासिक भए मात्र संभव हुन्छ, अन्यथा हुँदैन। अतएव उक्त श्रुति पनि जगत्-सम्बन्धी मायिकताको साधिका हो।

'बृहदारण्यक' चतुर्थाध्याय पंचम ब्राह्मणमा श्रुत **'स परमात्मा सर्वेषां भूताधिपतिः'** यस वाक्य र **'स एष**

---

* 'स्वभावोऽध्यात्म मुच्येते' अर्थात् अज्ञानद्वारा तद्रूपता प्राप्त निज स्वभाव (स्वात्मतत्त्व) नै अध्यात्मक प्राज्ञ कहलाउँछ। 'क्षत्रज्ञं चापि मां विद्धि' "ब्रह्मणोहि प्रतिष्ठाहम्' इत्यादि गीताको वाक्यानुसार प्राज्ञ निर्विशेष परमात्म तत्व हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान् ब्रह्मवित् सर्वोपाधिः सर्वात्मा भवति' यस भाष्यबाट यो सिद्ध हुन्छ कि निखिल प्रपंचको उपादान विचित्र शक्तिशालो अविद्योपाधियुक्त सौषुप्त आनन्दमय हो। किनभने जगत्को प्रातिमासिकताको अनङ्गीकारपूर्वक पदार्थको अज्ञात सत्ता मानेदेखि विद्वान् 'सर्वोपाधि' र 'सर्वात्मा' हुन सक्तैन। अतएव एक विज्ञानद्वारा सर्वविज्ञानको सिद्धिरूप प्रतिज्ञा–श्रुतिको मुख्य अर्थ सिद्ध हुँदैन। फेरि आत्मस्वरूप र जगत्को एक सत्ता मानेपछि पनि प्रतिज्ञाश्रुतिको मुख्य अर्थ सिद्ध हुँदैन। किनभने यस पक्ष मास्वात्मतत्त्वको विज्ञात भएपछि त्यसदेखि भिन्न अर्को केही पनि ज्ञातव्यरूपले बाँकी रहँदैन। माटो मात्रबाट उत्पन्न घटादि जस्तो माटोदेखि भिन्न हुँदैन, त्यस्तै नै आत्मा मात्रबाट उत्पन्न प्रपंच पनि आत्मादेखि भिन्न संभव छैन। विद्वान् पुरुषको भाष्योक्त 'सर्वोपाधि' विशेषण पनि संगत हुँदैन, जस्तो कि घटादिको उपादान मृत्तिका घटादिको उपाधि हुँदैन। अतएव जगत् स्वप्नको समान केवल प्रातिभासिक नै हो।

अब यहाँ यो बताइने छ कि ईश्वर नै आफ्नू अज्ञानवशात् साक्षात् (कर्मादि निरपेक्ष रूपमा) विकारवान् हुन्छ। यसको अनुसार–जीव र ईश्वरमा भेद संभव नभएको हुनाले यो भन्न सकिन्न कि आदिदैविक सर्वज्ञ परमेश्वर जीवको कर्मफल प्रदान गर्दछ। अतएव सौषुप्तिक प्राज्ञ स्वयं ईश्वर भएर पनि आफूमा अज्ञानवश कर्तृता, भोक्तृता तथा भोग्यजातको आरोप गरेर स्वयं भोग गर्दछ। यस-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकार **'स एव माया-परिमोहितात्मा'** इत्यादि 'कैवल्योपनिषद्' का वाक्य पायिन्छन् यो पनि जगत्को आविद्यकत्व सिद्ध गर्दछ ।

सर्वाणि रूपानी विचित्य धीरो
नामानि कृत्वाभिवदन् यदास्ते

यो नाम र रूपको स्पष्टीकरणादि परक मंत्र वर्ण पनि जगत्को मायिकत्व श्रुतिको सहायक हो, किनकि नाम-रूपको रचना र अभिवदनको कर्ता एक भएको हुनाले— प्रत्यक्ष रूपले विज्ञानमय जीवको नै अभिवदनकतृता देखिन्छ । अतएव त्यो जीवको पनि नामरूप अभिवदनको पूर्व विचित्र शक्तियुक्त निज अविद्याद्वारा आफूमा नामरूपको कल्पकत्व अवगत हुन जान्छ ।

उपर्युक्त श्रुतिको समानार्थक 'सोऽकामयत बहुस्यां प्रजायेत' बाट शुरू गरेर **'तत्सृष्ट्वा तदेवानु-प्राविशत्'** इत्यादि तैत्तरीय वाक्य र **'सेयं देवतैक्षत हन्ताहमिमास्तिस्रो देवताः अनेन जीवेनात्मानाऽनु प्रविश्य नामरूपे व्याकरवाणी'** यो छान्दोग्य वाक्यले पनि जगत्लाई केवल अविद्यकत्व र मिथ्यात्व प्रमाणित गर्दछ । यहाँ छान्दोग्यको अन्तर्यामी ब्राह्मणमा **'यः पृथिव्यां तिष्ठन्'** इत्यादि धेरै पर्यायको आदेशपछि 'अदृष्टो द्रष्टा' इत्यादिद्वारा अन्तर्यामी रूपमा पूर्वोपदिष्ट स्वात्मतत्वको नै प्रत्यक्षादिको अविषय भएर पनि द्रष्टा इत्यादि रूपमा वर्णन गरेर **'नान्योऽतोऽस्ति द्रष्टा'** इत्यादि वाक्यद्वारा सौषुप्तदेखि विज्ञानमयको भेदमा निषेध गरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एको छ। अतएव अन्तर्यामी ब्राह्मण पनि जगत्-सम्बन्धी मिथ्यात्वको विषयमा सहायक छ।

जीवको प्रतिबिम्ब या ब्रह्मसम्बन्धी अंश हुनु संभव छैन र मोहरहित आदिदैविक ईश्वरको पनि कार्यप्रपंच-मा अहं बुद्धि हुनु संभव छैन। अतः कारणोपाधियुक्त सौषुप्त जीवको नै स्वकार्यमा प्रवेश गर्नु र त्यसै हुनाले द्रष्टा हुनु युक्तियुक्त छ। अर्थात् करणोपाधिक प्राज्ञ नै अन्तर्यामी र द्रष्टा हो। त्यसो भएको हुनाले अखिल जगत् प्रातिभासिक र मिथ्या हो।

माथि उद्धृत गरिएका कैवल्यादि श्रुति-समूहद्वारा जुन अर्थ वर्णित भएको छ उसको परिपूर्तिका लागि अब तच्छ्रुतिमूलक **'अवस्थितेरितिकाशकृत्स्नः'** यो सूत्र र भाष्य प्रदर्शित गरिन्छन्। **'अनेन जीवेनानुप्रविश्य नामरूपे व्याकरवाणी'** एतदर्थक श्रुतिद्वारा औडुलोमी भन्दछन् कि ब्रह्म नै देह इन्द्रियादिद्वारा कलुषित भएर जीव नामलाई प्राप्त गर्छ। यसमा काशकृत्स्न आचार्य भन्नु हुन्छ कि यस्तो भए-देखि जीवलाई ब्रह्मको विकार विशेष भन्नु पर्दछ र विकार को त नाश हुन्छ **'सत्यं ज्ञानमनन्तं ब्रह्म, यो वेद निहितं गुहायाम्'**—बुद्धिरूप गुफामा निहित ब्रह्म—यो वाक्य जीव बोधक हो, परन्तु परमात्माको उपदेश गर्दछ। जीव र पर-मात्माको एकत्व नै श्रुतिलाई अभिप्रेत छ। अतएव पर-मात्म नै जीवभावले अवस्थित छ।

पूर्वोक्त कैवल्यादि श्रुतिद्वारा परमात्मा प्राज्ञको नै विज्ञान-मय भावमा अवस्थिति ज्ञात हुन्छ। काशकृत्स्न परमात्मा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को नै जीवभावमा अवस्थिति बताऊँछन्। अविकृत परमेश्वर नै जीव हो, अरू केही छैन यस्तो सूत्र भाष्य पनि यस विषयमा निदर्शन छ। आस्मरथ्यं आचार्यलाई जीव र ईश्वरको कार्यकारण भाव अभिप्रेत छ। औडुलोमीको भनाई छ कि जीव र ईश्वरको अवस्थान्तर सापेक्ष भेद र अभेद वास्तविक हो अर्थात् ब्रह्म नै देह, इन्द्रिय, मन एवं बुद्धिद्वारा कलुषित भएर 'जीव' नाउँमा प्राप्त हुन्छ। त्यो जव यो देह ईन्द्रियादि उपाधि समूहदेखि मुक्त (उत्क्रान्त—उत्थित्) हुन्छ। तब उस्को जीव भाव रहँदैन। यहाँ काशकृत्स्न आचायको मत 'तत्त्वमसि' आदि श्रुतिको अनुसार छ। ब्रह्मातिरिक्त कुनै वस्तुको बुद्धिरूप गुफामा अवस्थान सम्भव छैन, किनभने 'तत्सृष्ट्वा तदेवानुप्राविशत्' यस वाक्यले श्रष्टाको नै प्रवेश श्रुत भएको छ। स्वसृष्ट आविद्यक शरीरादिमा प्रतिबिम्बादि भाव विना अविकृत स्वरूपमा—स्रष्टा नै प्रवेश गरेर जीव भावलाई प्राप्त गरेको छ। जीव र ईश्वरको यसप्रकार एकता ज्ञानले विद्वान पुरुषलाई अमृतत्व प्राप्त हुन्छ। यो भाष्यले यै प्रमाणित गर्दछ कि शरीरादिमा 'अहं' अभिमानको आरोपणद्वारा ब्रह्मले नै जीव संज्ञा प्राप्त गरेको हो अर्थात् प्रसुप्त प्राज्ञ रूप परमात्मानै नीज श्रृष्ट देहादि जगत् प्रपंचमा अभिमानवस जीवभावलाई प्राप्त गरेको छ।

उल्लिखित भाष्य आदिदैविक ईश्वरपरक हैन, किनभने सर्वज्ञ भएको हुनाले ईश्वरमा व्यामोह संभव छैन। अतः यदि उसको शरीरत्व प्रयोजक कर्म मानिन्छ, तब त्यस कर्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई प्रारब्धरूप भन्नु पर्दछ । अतएव तत्कृत बन्द ज्ञानद्वारा नष्ट हुंदैन । यहाँ शंका गर्न सकिन्छ कि व्यामोह शून्य परमेश्वर स्वश्रृष्ट अन्तःकरणमा प्रतिबिम्बित हुन्छ ।, 'यो **'अनेन जीवेन'** यस श्रुतिसंग अभिप्रेत छ । अतएव बिम्बभूत् ईश्वर नै **'लोकवस्तु लीला कैवल्यम्'** यस सिद्धान्त सूत्रको अनुसार लीला पूर्वक जगत् सृष्टि गर्दछ, यो प्रमाणित हुन्छ । तव यो कसरी सिद्ध हुन सक्दछ कि प्राज्ञले आफ्नो अज्ञानद्वारा मोहित भएर आफूमा अविद्यावश जगत्को आरोप गर्‍यो ? । यस्को समाधान यो हो कि रूप रहित व्यापक ब्रह्म स्वःकल्पित प्रपञ्चमा प्रतिबिम्बित हुँदैन, किनकि यस पक्षमा दृष्टान्तको अभाव, कृतहानादि दोष वर्तमान छ । जीवको अंशता, अविच्छिन्नता या प्रतिबिम्बता (चिदाभासता) यी तिनैवटा पक्ष ब्रह्म विभु एवं असंग भएको हुनाले सर्वथा वाधित हुनजान्छ ।

नित्य ईश्वर विना प्रयोजन जगत्को श्रृष्टि गर्नु हुन्छ ।* यदि भन्छौ कि सृष्टिमा ईश्वरको कुनै प्रयोजन लक्षित हुँदैन† यस्मा भनिन्छ कि सृष्टि कार्य ईश्वरको लीलामात्र हो‡ लोकमा पनि यो विषय प्रतीत हुन्छ ।

---

*यस्तो श्रृष्टि विषयक समाधान बुद्धिको अनुसार गरिएको छ । सूत्रकारको श्रृष्टिसंगको तात्पर्य—श्रृष्टि सत्य हो—यो हैन । तल गएर यसलाई विस्तृत रूपमा प्रदर्शित गरिने छ ।

†यो निरीश्वरवादी मिमांशकको मत हो ।

‡यस अनुसार ईश्वर श्रृष्टिको निमित्त कारण मात्र हो, यो तल गएर आलोचना गरिन्छ । सारांश यो हो कि लोकायतिक मत, मीमांशक मत, आदि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समृद्धिशाली पुरुष प्रयोजन बिना लीलाले नै धेरै काम गर्दछ। श्वास-प्रश्वास सर्वदा बिना प्रयोजन काम गर्छन्। समृद्धशाली पुरुषको लीलामा विलास आदि प्रयोजनको अस्तितव हुन सक्तछ, किन्तु ईश्वरको लीलामा त कुनै प्रयोजन छैन। उ आप्त काम र सर्वज्ञ हो, उसले ज्ञान पूर्वक समस्त वस्तुहरूको शृष्टि गरेको छ। अतएव यसो भन्न सकिन्न कि प्राणि—कर्म—सापेक्ष आदिदैविक परमेश्वर कर्तृक आकाश आदिको शृष्टि भएको छ। जगत् अविद्या कल्पित नाम, रूप र व्यवहारको विषय हुनाले यो सृष्टि सम्बन्धी श्रुति परमार्थपरक हैन किन्तु जीव र ब्रह्मको एकताको प्रतिपादनमा प्रर्यवसित छ, यो भुल्नु हुँदैन' यो भाष्यद्वारा यै ज्ञात हुन आउँछ कि यो जगत् कर्मजन्य र परमार्थ सत्य हैन किन्तु प्राज्ञको अज्ञानद्वारा परिकल्पित हुनाले सर्वथा मिथ्या हो।

यहां शंका हुन सक्छ कि प्रयोजनवत्वाधिकरण केवल पर सृष्टिको लागि गरिएको हो र आदिदैविक ईश्वर जगत्-को उपादान हैन, यो भाष्यकारले कुन प्रमाणको सहायताले जान्नुभो ? यस्को समाधान यो हो कि '**भोगार्थं सृष्टिरित्यन्त्ये क्रीडार्थमिति चापरे।**' यस गौडपदीय कारिका वाक्यद्वारा जो भनिन्छ कि 'आफ्नो भोगार्थ या क्रिडाको लागि आदि-

---

दैविक ईश्वरवाद (कर्म सापेक्ष केवल निमित्त कारणवाद) ब्रह्म भिन्न निमित्तोपादान कारणवाद र प्रस्तुत दृष्टि शृष्टिवाद यी विभिन्न मतहरूमा उत्तरोत्तर मत उत्कृष्ट छ। दृष्टि शृष्टिवाद जीवाविद्या कारणवादको नामान्तर मात्र हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैविक परमेश्वर जगत्को सृष्टि गर्नुहुन्छ। वहाँले परवादी यो 'अन्ये' र 'अपरे' यी दुइ शब्दद्वारा अवगत भएर **'देवस्यैष स्वभावोऽयम्'** यो तृतीय पादबाट र **'मायैषा तस्य देवस्य यया संमोहितः स्वयम्'** यस समानार्थक अर्को माण्डूक्य-कारीकाद्वारा भाष्यकारले यो जान्नुभो कि यो प्रपंच स्वयं प्रकाशमान प्राज्ञको अपरोक्षभूत स्वरूप हो।

यहां प्रश्न हुन्छ कि 'प्राज्ञ' को स्वरूप के हो ? यस्को उत्तर हो कि 'पहिले निद्रितथियो' यसप्रकार जस्को विषय-द्वारा जागरणमा परामर्श हुन्छ, त्यै सुषुप्ति स्थानमा 'म' नै प्राज्ञ हूँ। 'अपरोक्षभूत भन्नुमा आशय यो हो कि 'निन्द्रा-कालमा मैले केही पनि जानिन यस्तो अनुसन्धान (स्मृति) को विषय हुनाले यो प्रत्यक्ष अनुभूयमान (निज तत्व) हो। यदि भनौला कि 'स्वभाव' शब्दको अर्थ के हो ? त यस्को उत्तर यो हो कि 'स्थूल र सूक्ष्म उभयविधि शरीरको कारण आत्म विषयक 'अज्ञान' या 'अव्याकृत' कहलाउँछ' र सर्वप्रकारबाट ज्ञान (प्रमितिको) उपसंहार भएपछि बुद्धिको कारण रूपले अवस्थान 'सुषुप्ति' हो। अज्ञान तथा सुषुप्तिको अभिमानी आत्मालाई❀ 'प्राज्ञ' भनिन्छ' यस प्रकार तादात्म्याध्यासद्वारा स्वरूपभूत जो भाव माया, अज्ञान, अव्याकृत आदि शब्दद्वारा कहिन्छ त्यै 'निज स्वरूप' (स्व-भाव) हो। प्रपञ्च यसैको परिणाम हो, अतः यस्तो भनिएको

❀आदिदैविक ईश्वरकृत हुनाले पारमार्थिक हो—यो पूर्व पक्षको आ-भंकित आकाश आदिको सत्यता 'लोकवत्तु' सूत्रद्वारा निराकृत भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ कि 'यो अखिल जगत् हो' अतएव सुप्त परक उक्त कारिका वचनद्वारा यो ज्ञात हुन्छ कि समस्त जगत् आध्यात्मिक (सर्वान्तर) प्राज्ञद्वारा परिकल्पित भएको छ। अतएव आदिदैविक (वाह्य, निज स्वरूपदेखि भिन्न) ईश्वर जगत्को स्रष्टा हैन। यो गौडपदीय कारिका वाक्यद्वारा आचार्य शंकरले जान्नु भएको हो।

शंका:—अस्तु **'नचेयं सर्जनश्रुतिः परमार्थ विषयाः'** यस भाष्योक्त पारमार्थिकताको स्वरूप के हो ? 'सृष्टि श्रुति अविद्या कल्पित नाम, रूप र व्यवहार गोचर हो' यसको आशय के हो ?

समाधान:– 'स्वप्न र 'प्रद्योतन' यी दुइ अवस्थाहरूलाई 'संध्या' या 'सन्ध' भनिन्छ। जाग्रत् या सुषुप्तिको अन्तराल स्वप्न र मृत्यु तथा पूर्वजन्मको अन्तराल 'प्रद्योतन' हो यहां शंका हुन्छ कि स्वाप्निक सृष्टि र प्रद्योतन कालिन सृष्टिलाई जाग्रत् सृष्टिझैं के सत्य भन्ने (पहिला संशय सूत्र), प्रद्योतन अवस्थामा स्वात्मा (जीव) काम्य पुत्रादिको निर्माता हुन्छ। **'य एष सुप्तेषु जागर्ति' 'धर्मादन्यत्रा धर्मादन्यत्र'** इत्यादि श्रुतिद्वारा 'प्राज्ञ' को प्रकरण अवधारित हुन्छ। प्राज्ञको जाग्रत सृष्टिजस्तो सत्य छ, त्यस्तै नै उस्को स्वाप्निक सृष्टिलाई पनि के सत्य भन्नु ? (द्वितीय संशय सूत्र)।

अब मीमांशा सूत्रका ऊपर बताइन्छ। स्वाप्निक सृष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायामयी* हो, यो जाग्रत् सृष्टिको समान सत्य हैन। देश, काल निमित्त आदिको वाधराहित्यले सत्य वस्तुको दर्शन हुन्छ। किन्तु स्वप्नमा यो सबै सङ्गत हुन सक्तैन। स्वप्नमा रथादि रहने कुनै नियम छ। स्वप्नमा अवस्थान गमनादि गौण हो। निमेष कालमा रथादि प्रस्तुत गर्नमा सामर्थ्य जीवमा हुन सक्तैन। उक्त स्वाप्निक उपलब्धि या ज्ञान वाधित र मायिक हो।

प्रातिभासिक सत्यताको अपेक्षा केवल भोगद्वारा नाश्यता रूप व्यावहारिक सत्यता अधिकतर बलवान् छ। यसभन्दा पनि अधिकतम वलवान् जुन सत्यता छ उसलाई कुनै पनि वादी प्रपञ्चको विषयमा अङ्गिकार गर्दैन। अतएव भाष्यमा यस्तो वलवत्तम् सत्यताको निषेध गरिएको छैन। अपितु कहीं न कहीं मन्द अधिकारीको स्वप्न सृष्टि-भन्दा विलक्षण जाग्रत् सृष्टिको, वास्तव या पारमार्थिक रूपले अर्थात भोगद्वारा नष्ट हुन्छ। यस्तो व्यावहारिक भावले सत्य भनिएको छ। शास्त्रार्थ परिशुद्धिको लागि मुख्य अधिकारीको हेतु जगत्मा यो भोग्यता भ्रम या व्यावहारिक

*प्रातिभासिकको अर्थ हो मिथ्या। 'परमात्माबाट आकाश उत्पन्न भएको छ' इत्यादि सृष्टि श्रुति पनि—उत्तमाधिकारीका विभिन्न—आकाशादि प्रपंच-लाई यस प्रकार मिथ्यात्व साबित गर्दछ। भाष्योक्त 'परमार्थ' शब्दको अर्थ 'वास्तवमा भोगकालमा' सत्य छ। नाम, रूप, र व्यवहार पनि आविद्यक अज्ञान संयुक्त निज स्वरूपमा आरोपित हुनाले मिथ्या हो अखिल प्रपंच केवल प्रातिभासिक हो। कर्मजन्य अथवा ईश्वर निर्मित हैन, अल्प परिमान् एवं अल्प समयपर्यन्त पनि यथार्थ सत्य हैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यता बुद्धि भाष्यादि ग्रन्थमा वारंवार निराकृत भएको छ यै अभिप्रायले तत्तत्स्थलमा पर्यालोचन पूर्वक शास्त्रको यथार्थ तात्पर्य हृदयंगम गर्नुपर्छ ।

मुमुक्षु पुरूषको निज असंकुचित् अद्वितीयत्व—ज्ञापनको लागि **'सुषुप्तिकाले सकले विलीने'** इत्यादि कैवल्य श्रुति र **'समान नामरूपत्वाच्च'** ❀ **'अन्यार्थन्तु जैमिनिः'** † इत्यादि दुइ सूत्रको भाष्यमा उदाहृत—

'यदा सुप्तः स्वप्नंनकञ्चनः पश्यति' यो कौशीतकी श्रुति सौषुप्तिक प्रलय तथा जागरणको सृष्टि बताउँछ । सुषुप्तिमा विज्ञानमय जीव परब्रह्मसंग एकताको प्राप्त हुन्छ र प्राज्ञरूप परब्रह्मसंग प्राणादि जगत् उत्पन्न हुन्छ । यो वेदान्त मर्यादा हो । स्वप्नवत् कल्पित प्रपञ्चको अज्ञात सत्ता

❀ कल्पावसानमा सवै वस्तुहरूको आत्यान्तिक नाश हुँदैन, विश्वरूप संस्कार रहिरहन्छ । अतएव वैदिक शब्दहरूको नित्यत्व विरोध छैन । यो श्रुति, स्मृति यस विषयमा प्रमाणछ ।

† जैमिनि भन्नुहुन्छ प्रश्नोत्तरद्वारा यै ज्ञात हुन्छ कि 'ब्रह्मास्मि' प्रतिपत्तिको लागि जीव भावको उपदेश हो । वाजसनेयीहरूको पनि यस्तै नै मत छ । कौषीतकि ब्राह्मणमा बलाकि—आजात शत्रु सम्वादमा सुप्त मानिसको प्रतिबोधनद्वार प्राणादिदेखि अतिरिक्त विज्ञानमय जीव प्रतिबुद्ध भएपछि 'यो कहाँ सुतेको थियो, कहाँदेखि आयो,' यसप्रकार विज्ञानमयको अधिकरणादि विषयक प्रश्नहरूको 'परमात्ममा सुतेको थिएँ, अज्ञानमा सुषुप्त (परिच्छिन्न पूर्णसाथ उस्को रूपमा अवस्थित) थिएँ र अज्ञानद्वारा आकृत पूर्ण परमात्माबाट पुनः उत्थित् भएँ 'यस्तो क्रमशः उत्तर श्रुत छ' । यै श्रुति वचनद्वारा—सृष्टि समकालमा उत्पन्न हुन्छ, यसो भएकोले—सूत्रकार भगवान व्यासको मतमा यो अभिप्रेत छ कि जगत्को प्रातिभासिकता अङ्गिकृत भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संभव छैन। अतःदर्शन नै सृष्टि र अदर्शन नै लय हो। यसप्रकार दृष्टि सृष्टिपक्ष श्रुतिको अभिप्रेत छ।❀

शंका :—ईस्वरीय ज्ञानरूप 'ईक्षण' त प्राज्ञको पक्षमा सम्भव छैन।

समाधान :—उक्त जागरणरूप सृष्टि, सुषुप्ति तथा स्वप्नावस्थाको अवशानमा प्राज्ञ र तैजसको पूर्व संस्कार-जन्य जुन जाग्नुको ईच्छा, उस्को विना संभव छैन। अत-एव **'सोऽकामयत बहुस्यां प्रजायेय'** र **'कामाच्य नानुमाना पक्षा'** † यस श्रुति एवं सूत्रमा उक्त 'काम' शब्दको अर्थ 'इच्छा' हुनु र 'तदैक्षत' इत्यादि श्रुतिको पनि यही अर्थ हुनाले 'ईक्षण' शब्दको अर्थ निन्द्राबाट स्वाभाविक जागरण-को 'इच्छा' भन्ने सिद्ध हुन्छ।

❀ 'ज्ञान स्वरूपमेवाहु जगदेतत् विचक्षणाः।
अर्थ स्वरूपं भ्राम्यन्तः पश्यन्त्येन्नेकु दृष्टय ॥ (विष्णु पुराण)

अर्थात जगत् स्वरूपमा जगत् भ्रमद्वारा उत्पन्न हुन्छ।

'रज्जु सर्पादिवत् विश्वं नज्ञातं सदितिस्थितम्।
प्रबुद्ध दृष्टि सृष्टि स्यात् सुषुप्तिच लयश्रुतेः ॥' (अद्वैत सिद्धि)

यसद्वारा सृष्टि शब्दित श्रृज्यमान जगत्‌को जागरणरूप दृष्टिरूपता अवगत् हुनजान्छ।

† उनले कामना गरेर सृष्टि गरेको हो, यस्मा ब्रह्मको कामना शब्द-को सुस्पष्ट उल्लेख छ। यसै भएकोले शांख्य परिकल्पित अचेतन 'प्रधान' को आनन्दमयत्व र जगत् कारणत्व असंभव छ। 'प्रधान' आनुमानिक हो, श्रुति-सम्मत हैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतएव सौषुप्त आनन्दमयको नै ईक्षण कर्तृता ज्ञान वृद्धजनहरूका लागि (सम्मत्) संगत छ। **'सांसारिक गुहा वाच्येमायाऽज्ञानादि संज्ञिते। निहितं ब्रह्म योवदे।'** यो ब्रह्मगीता वचन र 'अभिन्नस्य वतद्योगं शास्ति' यो सूत्र❀ यस विषयमा प्रमाण छ।

शंका :–यो 'ईक्षण' **ईश्वरको ज्ञान'** किन ह्वैन ?

समाधान :–

'सएव माया परिमोहितात्मा शरीरमास्था य करोतिसर्वम्।
पुरत्रये क्रीडति यस्तु जीव स्ततस्तु जातं सकलं विचित्रम्॥

कल्पयत्यात्मनात्मानं आत्मदेव स्वमायया।
स एव बुध्यते भेदानिति वेदान्त निश्चयः॥
मायैषा तस्य देवस्य यया संमोहित, स्वयम्।'

इत्यादि शास्त्र जगत्लाई आविद्यक रूपमा मिथ्या प्रमाणित गर्दछ। 'जगत् ईश्वर निर्मित छ' यसलाई स्वीकृत गरेपछि उक्त श्रुतिहरूको अर्थ वाधित हुन जान्छ।

भाष्यकारले पनि 'प्रश्नोपनिषद्' मा श्रुत **'यथा गार्ग्य मरीचयः'** इत्यादि वाक्यको–किरण समूह जस्तो सूर्य मण्डलमा अभिन्नरूपले स्थित छ, त्यस्तै स्वप्न कालमा मनमा

❀ परमातमा जीवात्माको योग शास्त्रमा उपदिष्ट छ। अतः आनन्दमय परमात्मा हो। 'पुच्छ' शब्द अवयवपरक हैन यसमा 'यतो वाचो निवर्तन्ते' इत्यादि श्रुति प्रमाण छ। 'पुच्छ' शब्द परब्रह्म र स्वप्रधान–स्थितिको निमित्त हैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सवै जगत् एकै भावलाई प्राप्त गर्छ र जागरणोन्मुख मनद्वारा नै, रविमण्डलदेखि रश्मीजालको समान पुनः निर्गत हुन्छ, यस्तो व्याख्या गर्नु भएको छ। केवल मनमा जगत्को लय, उत्पत्ति र जागरणको इच्छा संभव नहुनाले मन संयुक्त जीवबाट जगत् आविर्भुत हुन्छ, यो प्रश्न श्रुति र उस्को भाष्यको अभिप्राय हो। मनः शब्दित् जीबको जागरण संबन्धी इच्छा यदि श्रुत्युक्त 'इक्षण' शब्दको अर्थ मानिदैन तव जागरणोन्मुख मनद्वारा प्रपंचोत्पत्ति कथन व्यर्थ हुन्छ अर्थात् 'ईक्षण' शब्दको अर्थ सर्वत्र चेतन वस्तुको जाग्नुको इच्छा हो।

शंकाः—यस विषयमा के अरु कुनै शास्त्रीय प्रमाण छ ?

समाधानः—छ, सौषुप्त जीवको जागरण सम्बन्धी ईच्छा नै 'बहुस्याम्' यस श्रुतिमा बताइको 'ईक्षण' शब्दको अर्थ हो। यस बाहेक पर्यालोचन 'ईक्षण' शब्द को अर्थ हैन, यो श्री विद्यारण्यजीको पनि अभिप्रेत हो। 'वहुस्याम्' यस्तो चेतन कर्तृक ईक्षण प्राज्ञको जागरणेच्छा नै हो, यो 'चित्रदीप' (पञ्चदशी) मा बताएको छ—'आनन्दमय इशोऽयं बहुश्या मित्यवैक्षत। हिरण्यगर्भ रूपोऽभूत सुप्ति स्वप्नो यथेतिच ॥' 'सोकामयत,' 'ब्रह्मपुच्छं प्रतिष्ठा' 'एष सर्वेश्वर,' इत्यादि श्रुति निर्दिष्ट सौषुप्त आनन्दमय रूप प्रत्यक्ष—अनुभूयमान निज—ईश्वरभाव जव 'वहुस्याम्' यसप्रकार जाग्नुको ईच्छा गर्दछ, तव लिङ्गशरीरमा तादात्म्यापन्न तैजसात्मक हिरण्यगर्भरूप हुन्छ। 'पंचीकरणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि बताएको छ कि अपञ्चीकृत पंच महाभूत र उस्को सबै कार्य–सप्तदश संख्यक भौतिक लिङ्ग शरीरलाई हिरण्यगर्भ भनिन्छ । यो आत्माको सूक्ष्म शरीर हो । जाग्रत् संस्कारजन्य प्रत्यय र उस्को विषय स्वप्न हो । सूक्ष्म शरीर र स्वप्नमा अभिमान गर्नाले आत्मा तैजस संज्ञालाई प्राप्त गर्छ । विद्यारण्य यस विषयमा दृष्टान्तद्वारा भन्नुहुन्छ कि सुषुप्ति अवस्था जस्तो स्वप्नमा परिणत हुन्छ, उस्तै नै आनन्दमय ईश्वर बनी हिरण्यगर्भ धारण गर्दछ । अन्यथा सुषुप्ति अवस्था प्राप्त हामीमा पनि '**बहुश्याम**' यस्तो श्रुत्युक्त पर्यालोचना रूप 'ईक्षण' उपलब्ध हुने थियो । यस प्रकार आदि दैविक ईश्वरत्ववाद परिहृत भयो ।

शंका :—ईश्वर, परमात्मा शब्दले के अभिप्रेत हुन्छ, माया कि अरू कुनै ?

समाधान :—'**कल्पयत्यात्मनात्मानमात्मा देवः स्वमायया ।**' यस वाक्यद्वारा ज्ञात हुन्छ कि आदिदैविक ईश्वरमा मोह असंभव छ, अतः 'देव' आदि शब्दहरूद्वारा जीव नै अभिप्रेत छ । '**मायैषा तष्य देवस्य यया सम्मोहितः स्वयम्**' यस गौड पादीय वचनद्वारा ज्ञात हुन्छ कि जीव तथा ईश्वरमा जो स्वयं व्यामोह ग्रस्त हुन्छ यस्तो स्वयं प्रकाशमान जीवको नै यो माया हो ।

शंका :—मायिकत्व– श्रुतिको साधक के अरूपनि कुनै प्रमाण छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधान :—'गगने नीलिमा सत्ये जगत् सत्यं भविष्यति' इत्यादि उपमान शास्त्र र 'जगन्मिथ्या भवितुर्महति अविद्वद् गोचरत्वात् स्वप्नवत् ।' इत्यादि अनुमान वाक्य पनि जगत्-को मायिकत्व र मिथ्यात्व—प्रतिपादिका पूर्वोक्त दुवै श्रुति-हरूको सहायक छ । परमात्मा देखि अरू कुनै जीव छैन जस्तो जलराशिदेखि भिन्न जलबिन्दु संभव छैन, त्यस्तै नै सदाख्य परमात्मादेखि जीवको पार्थक्य सिद्ध हुँदैन । सत्नै उपाधिको सम्पर्कद्वारा (उपचरित रूपले) जीव कहलाउँछ । 'तदैक्षत' यस श्रुतिमा उक्त सदाख्य सौषुप्त आनन्दमय रूप, जगत्को अभिन्न निमित्त र उपादान, अविद्या संयुक्त स्वात्मतत्व—जसको प्रतिबिम्बादि भावको विना—आफूमा अरोपित कार्य-कारण रूप उपाधिमा साक्षात् 'अहं' अभिमान हुन्छ, उसको नै सुषुप्ति स्थानदेखि उत्थान शास्त्रमा बताएको छ । सदाख्य परब्रह्मको—अन्तःकरणादिमा प्रतिबिम्बभाव निराकरण पूर्वक साक्षात् सिद्ध जीवभावमा—उत्थान उपदिष्ट छैन, किनभने ब्रह्ममा अविद्या नित्यनै निवृत्त छ ।

प्रकृत्यधिकरण र आरम्भाधिकरणमा परमात्माको अभिन्न निमित्तोपादानताको निर्णय गरेर पछि प्रयोजन वत्वाधिकरणमा यसको विपरीत मन्दाधिकारी मिमांसकको अनुग्रहार्थ यो भनिएको छ कि कर्मसापेक्ष आधिदैविक परमेश्वरको निमित्त कारणत्व छ । वृष्टि जस्तो व्रीहि यवादिको उत्पत्तिको विषयमा साधारण कारण हुन्छ उसको परस्पर भिन्नता विभिन्न बीजगत असाधारण सामर्थ्यरूप कारणको लागि संभावित हुन्छ, उस्तै जस्तो देव, मनुष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदिको सृष्टि कार्यमा ईश्वर साधारण कारण मात्र हो। उसमा जो विषमता देखिन्छ, त्यसको कारण उसको भिन्ना भिन्नै असाधारण कर्म समूह हुन्।

'साक्षी चेता केवलो निर्गुणश्च' यो श्रुति प्रत्यगात्म परक छ। आध्यात्मिक प्राज्ञद्वारा भिन्न आधिदैविक परमेश्वरको अविवेक नभएको हुनाले **'तदैक्षत'**, **'इन्द्रोमायाभि'** इत्यादि श्रुत्युक्त मायिक वहु भवनको स्वकीय धर्मरूपमा ग्रहण संभव छैन। आधिदैविक परमेश्वरको जुन उपादानत्व वर्णित भएको छ त्यो सर्व व्यापक ईश्वरको स्तूतिको उद्देश्यले गरिएको छ। किनभने कारणहरूमा उपादान कारण प्रधान हो र कार्यभन्दा श्रेष्ट एवं अद्वितीय हुन्छ। अविद्या रहित र नित्य हुनाले तटस्थ ईश्वर मुख्यरूपले विवर्तोपादान या परिणामी उपादान हुन सक्तैन।

'अपूर्वमनः परम्', न तस्यकार्यं करणं च विद्यते' इत्यादि श्रुतिको अनुसार जगत्को उपादान जुन माया शक्ति छ उसको अधिष्ठान भएको हुनाले ब्रह्ममा उपचरित रूपले— गौणी वृत्तिद्वारा उपास्य परमेश्वरको स्तुतिको अभिप्रायले— उपादानत्व कहिएको छ। उपास्य ब्रह्म र ज्ञेय ब्रह्मको— क्रमशः जीव ब्रह्मको—भेद र अभेद परक भए तापनि जस्तो समन्वय संभव छ, त्यस्तै नै व्यामोह रहित आधिदैविक ईश्वरको केवल निमित्त कारणत्व परक वाक्यको पनि— उद्भावित विरोधको परिहार गरेर अद्वितीय चैतन्यमा अविरुद्ध रूपले समन्वय संगत हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नस्थानतोऽपि परस्याभय लिङ्ग सर्वत्रहि ।

यो सूत्र सविशेष श्रुतिको अनुवादता र निर्विशेष श्रुतिको प्रामाण्य सिद्ध गर्दछ ।

न सम्भवेत् सम्भवेद्वा सृष्टिरेवाऽद्वितीयतः ।
नानाजातीयकार्याणां क्रमाज्जन्म न सन्भवि ।।
अद्वैतं तत्वतो ब्रह्म तच्चाविद्या सहायवत् ।
नाना कार्यकरं कार्यं क्रमो विद्यास्थ शक्तिभिः ।।

यस उपसंहारादिकरण सित जीवनको जगद्उपादानत्व व्यवस्थापन गरेर कृत्स्नप्रसक्त्यधि करण द्वारा त्यस आध्यात्मिक प्राज्ञको नै—अविद्यामा कल्पित संबन्ध अध्यातमको फलस्वरूप—आविद्यक वहु भवनरूप धर्मको संसर्गाध्यास निरूपण गरेर सर्ववेत्ताधिकरण द्वारा त्यो प्राज्ञको नै सुषुप्ति दशामा अशरीरत्व भएपछि र अविद्याको अस्तित्व प्रदर्शन गरेर पछि पूर्वोक्त प्रकारले प्रयोजनवत्वाधिकरण र वैषयाधिकरणद्वारा मीमांसकको प्रति तत्कृत शंकाको परिहारार्थ आधिदैविक ईश्वरको केवल निमित्त कारणत्वको उपदेश गरेर यसको उप्रान्त सर्वधर्मोपपत्यधिकरणद्वारा पूर्वोक्त सर्वोपत्ताधिकरणको विषय जुन शरीररहित सौषुप्त प्राज्ञ हो उसको '**साक्षी चेता केवलो निर्गुणश्च**' यस श्रुतिको अनुसार निर्गुण परब्रह्मको विवर्तोपादानता '**अद्वैत सिद्धि**' आदि ग्रन्थमा निर्णित भएको छ ।

भाष्यकार पनि आरंभणाधिकरणको भाष्यमा प्रतिज्ञा श्रुति, आरम्भण श्रुति, ईक्षण श्रुति र प्रवेश श्रुतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसार जगत् र ईश्वरको, जीव र ईश्वरको, विज्ञानमय प्राज्ञको अभेदको उपदेश गरेर फेरि भेदवादी कतृक र उद्भावित सृष्टिद्वारा ईश्वर र जीवका प्रति अहित साधनादि दोषको निराकरण गर्नको लागि 'अधिकन्तुभेद निर्देशात्' यस सूत्रको भाष्यमा यो प्रतिपादन गर्नु हुन्छ कि कार्यकारण रूप संघातमा अविवेक कृत अभिमानले जीवनको भ्रम एवं हिताकरणरूप संसार प्राप्त हुन्छ, त्यो वास्तविक होइन ।

अज्ञजन प्रपञ्चमा सत्यता बुद्धि गर्दछन् । उनीहरूको लागि धर्म, अधर्म र तटस्थ ईश्वर कर्तृक कर्मफलप्रदान शास्त्रमा उपदिष्ट भएको छ । विवेक दशामा सृष्टि अविद्याको स्फूरण मात्र—संकल्प मात्र रूपमा प्रतिभात हुन्छ । आगमापायी भएको हुनाले उसको 'सत्' रूपले निर्वचन गर्नु संभव छैन । प्रत्यक्ष दृष्ट हुनाले उसलाई 'असत्' पनि भन्न सकिन्न । अतएव त्यो सदसत् विलक्षण, अनिर्वचनीय या मिथ्या हो । चित्त स्फुरण अन्तर्मुख भएपछि—आत्माकार वृत्तिको समय—प्रपञ्चको प्रतीति हुँदैन । जगत् कारण रहित भएको हुनाले पनि मिथ्या सिद्ध हुन्छ । अद्वितीय निर्विकार परमेश्वर जगत्को निमित्त या उपादान कारण हुन सक्तैन । जहाँ द्वैत छैन त्यहाँ कार्यकारण भाव संभव हुँदैन । सबै धर्मको अध्यारोप र अपवादको लागि गरिन्छ । स्वस्वरूपमा स्थित जीवनमुक्तको सृष्टिको अत्यन्त अभाव प्रत्यक्ष हुन्छ । यस प्रकार साधारण अज्ञानीको दृष्टि, संकल्प दृष्टि र स्वरूप दृष्टि—क्रमशः पूर्वदर्शित तटस्थ ईश्वरवाद दृष्टि सृष्टिवाद र एकसत्तावाद—योगवाशिष्ठमा पनि निरू-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पित भएको छ। **'न निरोधो नचोत्पत्ति'** इत्यादि परमार्थ शास्त्र पनि यही अजातवाद—सत्तैकवादको नै उपदेश गर्दछ।

यस प्रकार :—**'मायामात्रमिदंद्वैतं अद्वैतं परमार्थतः'** र **'सर्वंविकारजातं सन्माया मात्रम्'** यी दुवै श्रुतिहरू पूर्व प्रदर्शित धेरै श्रुतिहरूको सहायताले जगत्‌को कर्म जन्यत्व, भोगैक नाश्यत्व र ज्ञानद्वारा अनिर्वर्त्यस्वरूप सत्यत्वलाई निसंदिग्ध रूपमा बाध गर्दछन्। तथापि प्राणी कर्म सापेक्ष, निज प्राज्ञ स्वरूपदेखि भिन्न, परमेश्वर जगत् सृष्टि गर्नु हुन्छ। यस्तो अनादि दृढ वासनाले आक्रान्त भएको हुनाले र **'तस्य ताव देव चिरं यावन्न विमोक्षेऽथ सम्पत्स्ये'** इत्यादि बाधित श्रुति-को अर्थ परिज्ञात नभएको हुनाले विद्वान पुरुषलाई पनि जीवन्मुक्तको अनुभव सूचक **'मय्येव सकलं जातम्'** इत्यादि श्रुतिद्वारा बोधित निज स्वरूपको अद्वितीयत्व अनुसन्धानको अनुकूल जुन जगत्‌को मिथ्यात्व हो त्यो बुद्धिमा सहज नै आरुढ़ हुंदैन अतएव मुमुक्षुहरूको दृढ प्रत्ययको उपादानार्थ जगत् सम्बन्धी याथात्म्यज्ञान सम्पन्न ब्रह्मा, राम, कृष्ण, व्यास, गौडपाद तथा भगवद्पाद श्री शंकराचार्यका सम्मति-हरू पछि विस्तृत रूपले प्रदर्शित गरिनेछन्।

(१) गीतात्रयी

'ब्रह्मगीता' अध्याय १२ मा सबै देवताहरूले ब्रह्मा संग जिज्ञासा प्रकट गरे कि 'जगत् यदि मिथ्या हो भने कर्म काण्डको के गति हुन्छ ?' तब ब्रह्माले भन्नु भयो—कर्मकाण्ड केवल अज्ञ दृष्टिको अनुवाद गर्दछ, अतः शास्त्रको तात्पर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो होइन कि कर्म जगत्को कारण हो । अर्थात् जीवलाई कर्ममा प्रवृत्त गर्नु शास्त्रको उद्देश्य होइन, अपितु कर्मबाट निवृत्त गर्नु नै शास्त्रहरूको अभिप्राय हो ।

यथा भात स्वरूपेण सत्यत्वेन जगच्छ्रुति ।
अङ्गिकृत्य हितं नृणां कदाचिद्वक्ति सादरम् ॥

कर्मजन्यत्वरूप जगत्को लोक सिद्ध सत्यतालाई स्वीकार गरेर—

तस्या आहुतेः सोमोराजा सम्भवति सोमाद्वर्षम्,
वर्षादन्नमन्नाद्रेतो रेतसोगर्भः सम्भवति ।

यो श्रुति कर्मको कारणत्व पक्षमा रेतको सहायता द्वारा कर्मी पुरुषको अत्यन्त जुगुप्सित योनी संप्राप्ति बताएर—उसद्वारा मानिसलाई जुगुप्सा हुन्छ यो अभिप्रायले—कर्मबाट विरति रूप हितको—जिज्ञासु पुरुषको लागि उपदेश गर्दछ । अतएव कर्मकाण्डको—केवल कर्म विरतिमा तात्पर्य हुनाले—कर्मजन्य जगत्को सत्यताको विषयमा स्वतः प्रामाण्य सम्भव छैन ।

शंका :—जगत्लाई सत्य मान्नाले के हानि छ ?

समाधान :—कर्मको अधीन जगत् छ, यस्तो ज्ञान जीवलाई कर्ममा प्रवृत्ति गराउनमा हेतु हुन्छ ।

शंका :—कस्तो ज्ञान कर्मदेखि निवर्तक हुन्छ ?

समाधान :—जगत् कर्मजन्य होइन, यस्तो ज्ञान नै जीवलाई कर्मबाट निवृत्त गर्दछ । त्यसो भएकोले श्रुति पनि जगत् कारण कर्मको नाशार्थ तत्त्व जिज्ञासाको अवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्लाई केवल मायिकत्व देखाउँदछ। यस्तो कपट रहित श्रुति कर्मजन्य सम्बन्धी अनुवादक श्रुतिको अपेक्षा उत्कृष्ट एवं प्रमाणभूत छ–

सत्यत्वेन जगद्भानं संसारस्य प्रवर्तकम्।
असत्यत्वेन भानं तु संसारस्य निवर्तकम्॥
अतः संसार नाशाय कदाचित् परमा श्रुतिः।
जगत् सर्वमिदं माया वदत्यत्यन्त निर्मलाः॥

यस प्रकार मायिक जगत्को कर्म जन्यताको निराकरण गरेर ब्रह्माले यै निर्देश गर्नु भयो कि सौषुप्त प्राज्ञदेखि भिन्न कर्मसापेक्ष आधिदैविक ईश्वर जगत्को सृष्टि गर्दछ। यस्तो प्रतिकर्मव्यवस्थावाद मन्द अधिकारीको लागि शास्त्र बताइएको छ।

(२) शिवगीता

श्रीरामले पनि शिवगीताको सातौं अध्यायमा—जगत् आधिदैविक ईश्वर निर्मित हो अतः कर्मजन्य होइन, अपितु जीवमा अविद्याद्वारा अध्यस्त एवं मिथ्या हो—यस प्रकार स्पष्ट रूपले जगत्को मिथ्यात्व देखाउनु भएको छ। बताइएको सबै वाक्य उपनिषद्को सार स्वरूप र तत्त्व जिज्ञासुको लागि अत्यन्त हितकारी छ। शिव प्रदर्शित देवता-दानव मानिस-मृग आदि अखिल विश्व रूपको—स्वाप्निक देवादि शरीरहरूको समान—दिव्यचक्षु या मनद्वारा ग्रहण हुने हुनाले श्रीरामलाई आकाशादि प्रपंचमा प्रातिभासिकताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान प्राप्त भयो । यस पछि उहाँले आधिदैविक परमेश्वर शंकरलाई यस प्रकारले स्तुति गर्नु भयो कि—'हे भगवन् ! तपाईंलाई स्वरूप विषयक अज्ञान संभव नभएको हुनाले तपाईंले आफू जगदारोप गर्न सक्नु हुन्न । अज्ञानी मानिस स्वरूपको ज्ञान न हुनाले आफूमा जुन जगत्को अध्यास गर्दछ, त्यो आफूमा वृथा नै आरोपित हुन्छ ।' यहाँ शंकरको यथार्थ स्वरूपको प्रकटनद्वारा परमेश्वरको स्तुति गर्नको लागि श्रीराम अज्ञ दृष्टिको अनुवाद गरेर उसको निराकरण गर्नु हुन्छ ।

ज्ञातं जगदेतदीश ? त्वय्येव
भूतानि न च सन्ति नित्यम् ।
त्वय्येव शम्भो विलयं प्रयान्ति
भूमौ यथा वृक्ष लतादयोऽपि ॥
ब्रह्मेन्द्र रुद्राश्च मरुद्गणाश्च
गन्धर्वयक्षा सुरसिद्ध सङ्घाः ।
गंगादिनद्यो वरूणालयाश्च वसन्ति
शूलीं तव वक्र रन्ध्रे ॥
त्वन्मायया कल्पित बिन्दुमौले
त्वय्येव दृश्यत्वमुपैति विश्वम् ।
भ्रान्त्या जनाः पश्यन्ति सर्वमेतच्छुक्तौ
यथा रौप्यमहिं च रज्जौ ॥

विषयादि प्रपञ्च आधिदैविक परमेश्वर हो यो पक्ष—

मय्येव सकलं जातं मयि सर्वं प्रतिष्ठितम् ।
मयि सर्वंलयं याति तद्ब्रह्माद्वयमस्म्यहम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस श्रुत्युक्ति विद्वदनुभवद्वारा बाधित हुन जान्छ। श्रीरामको विश्वरूप दर्शन शिव प्रसाद लब्ध दिव्य चक्षुद्वारा साधित र परदृष्टिको अविषय हुनाले त्यो पनि मायिक हो। यस प्रकार विश्वरूपको याथात्म्यद्वारा अनभिज्ञ र प्रतिकर्म व्यवस्था वादीको दृष्टि दुवै भ्रान्त हो। उक्त उभय विध जगतको भ्रमकृत सत्यत्व बुद्धि बारे दृष्टान्त पछि दिईंदै छ। स्वाप्निक हात्ती घोडा झैं प्रातिभासिक जीवाश्रित अज्ञानको परिणाम रौप्यादि जीवको आश्रित भएता पनि शुक्ति आदिको आश्रित रूपमा जस्तो अन्यथा गृहित हुन्छ, त्यस्तै नै निज अज्ञानको परिणामभूत स्वप्नको समान सृष्टि मात्रको विषय जुन विश्वरूप एवं **'मय्येव सकलं जातम्'** इत्यादि श्रुत्युक्त जुन आकाशादि सर्व प्राणी दृष्ट प्रपञ्च, यस उभयविध जगत्लाई ईश्वर निर्मित रूपमा अज्ञानी पुरुष भ्रमवश (विपरीत भावद्वारा) गहण गर्दछ। जस्तो सर्पको अधिकरण रज्जु होइन, रज्जुमा जस्तो सर्प कुनै पनि वेलामा छैन, त्यस्तै परमेश्वर शंकरमा सृष्टि रहन सक्तैन।

शंका :—जगदीश्वर यदि आकाशादिको कारण होइन भने त अर्को जगत् प्रकाशक नहुने हुनाले जीवलाई जगत् कसरी प्रत्यक्ष हुन सक्छ ?

समाधान :—स्वप्न एवं सुषुप्ति कालमा झैं जाग्रत अवस्थामा पनि स्वयं प्रकाशमान जीव आफ्नो तेजोराशि-द्वारा पूर्णरूपमा जगत् प्रकाश गर्दछ।

मायैषा तस्य देवस्य यथा सम्मोहितः स्वयम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रकार जीवको—स्वप्नमा कल्पित देवता समान—तत्त्वोपदेष्टारूपमा ईश्वर प्रकाशित हुन्छ। अतएव भगवान् शंकरलाई 'देव देव' भनिएको छ। बरू अर्काको सहारा विना आफ्नो स्वरूपमा प्रकाशमान जीव आधिदैविक ईश्वरको प्रकाश विना—समग्र जगत्लाई एकै समयमा पूर्वापर क्रम विना प्रकाशित गर्दछ। सबै प्रपंच प्रातिभासिक हुनाले आफैले अनायास नै जान्दछ—

तेजोभिरापूर्य जगत् समग्रम् प्रकाशमानःकुरूते प्रकाशम्।
विना प्रकाशं तव देव देव॥

शंका :—भैगो, सर्व जगत्को अधिष्ठान आधिदैविक चैतन्यबाट जीवको चक्षुरादिद्वारा सम्बन्ध भएपछि ईश्वरानुग्रहले जीव सबै पदार्थहरूको प्रत्यक्ष गर्दछ, यस्तो किन मानिंदैन ?

समाधान :—किनभने यस पक्षमा एक विषय पछि अर्को, यसप्रकार क्रम पूर्वक एक एक इन्द्रियको सहायताले अपरोक्ष ज्ञान संभव हुन्छ। एकै क्षणमा सर्व प्रपंचको ज्ञान हुन सक्तैन। किन्तु जगत् जीव सम्बन्धी अविद्याको परिणाम मात्र एवं प्रातिभासिक हुनाले अखिल प्रपंचको एकै क्षणमा प्रत्यक्ष ज्ञान उत्पन्न हुन्छ।—**'नदृश्यते विश्वमिदं', 'न क्षणेन, युगपत्'** एकै क्षणमा क्रम पूर्वक होइन। 'सूत संहिता' मा पनि भनिएको छ—

पूर्णोऽहं सर्वं साक्षित्वात् सर्वदा परमार्थतः।
अपूर्णो युगपत् सर्वं नविजानाति कश्चन॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंका :—विश्व रूप त शिवको मुखमा नदेखिएको थियो ?

समाधान :—होइन, विश्वरूप केवल शिवको मुखमा होइन अपितु अविद्योपाधियुक्त द्रष्टा जीवको निज स्वरूपमा पनि स्थित थियो। आकाशादिदेखि सानो शंकरको मुख-गह्वरमा आकाशादि कसरी स्थित हुन सक्छ ? श्रीराम भन्दछन्—

तद्वक्त्रमात्रे जगदेतदस्ति त्वन्माययैवेति विनिश्चिनोमि।

अर्थात्—तपाईंको मुख कोटरमा नै अवस्थित रूपमा प्रतीयमान यो विश्वरूप—मेरो मनोमात्रको गोचर हुनाले—आफ्नो मुखदेखि अवछिन्न, परिपूर्ण, द्रष्टारूप ममा तपाईंको मायाद्वारा नै (अर्थात् मेरो अविद्याद्वारा नै) गृहित हुन्छ। किनभने हाम्रो सम्बन्ध पछि तपाईंको त्यो माया गृहीत हुन्छ।

तमोऽध्यात्ममिति प्रोक्तं विकारस्तत्र यो भवेत्।
अधिभूतं तदित्युक्तमिश्वरोऽत्राधिदैवतम्॥

यस प्रकार यो निश्चित हुन्छ कि मेरो अविद्या (व्यामोह रहित तपाईंमा आरोपित माया) द्वारा यो विश्वरूप निर्मित भएको हो।

शंका :—तब 'त्वत्तोहि जातम्' इत्यादि श्लोकको अर्थ के हुन्छ ?

समाधान:—प्रातिभासिक भ्रमस्थलमा जस्तो प्रतीय-मान डरलाग्दो सर्प डोरिमा उत्पन्न हुँदैन, स्थित हुँदैन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाश पनि हुँदैन, त्यस्तैनै आधिदैविक परमेश्वर आफू बाट—सूर्यबाट आंखा आदिझैं—अनुगृहित जुन माया—'केहीपनि देखिन' यस प्रकार प्रत्यभिज्ञायमान मेरो अज्ञान—केवल उस द्वारा यो विश्व आफूमा उत्पन्न स्थित र लीन गर्दछ । यस्तो भ्रमद्वारा प्रतीत हुन्छ । सम्पूर्ण जगत्को आधार जुन तपाइंको शरीर छ, त्यो पनि निश्चितरूपले मेरो अविद्याद्वारा निर्मित भएको हो । माटोबाट बनेको घैंटोझैं तपाईंको मायाद्वारा सर्प र विश्व निर्मित हुन्छ । जगत्को उपादान-भूत 'त्वदनुगृहित माया' शब्दद्वारा कथित जुन तम या अज्ञान हो त्यो अधिष्ठान रूप ममानै विद्यमान हुनाले न रज्जुमा सर्प छ न तपाईंमा यो जगत् छ। अतएव सर्प तथा विश्व योगजन्य द्रव्य या अपूर्वको कार्य होइन । अपितु आवि-द्यक र मिथ्या हो ।

शंका:—त्यसोभए भगवान् शंकर को हो ?

समाधान:—विश्वरूप र त्यसको अधिकरण रूपमा देखिएको शिवशरीर जीवको अज्ञानको परिणाम हुनाले तदु-पाधिरूप शंकर सौषुप्त आनन्दमय जीवनै हो ।

शंका:—यसमा युक्ति के छ ?

उत्तर:—श्रीराम भन्नु हुन्छ 'व्यामोह वर्जितमदनुग्राहक र जगदाधार रूपमा प्रतीयमान तपाईंको यो शरीर मद्वारा परिदृश्यमान भएको हुनाले—'जुन दृश्य हो, त्यो मिथ्या हुन्छ' । जस्तो स्वप्न, यस न्यायानुसार—आविद्यकसित हुन्छ ? यसको आरोप कर्ता (स्वरूपाध्यास कर्ता) को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो ? र त्यो शरीररूप उपाधिले युक्त चैतन्य मदेखि भिन्न छ या अभिन्न ? श्रुति, युक्ति, अनुभूतिको सहायताद्वारा पर्यालोचन गरेमा विश्वरूपको अधिकरणरूपमा प्रतीयमान तपाईंको शरीर र यो समग्र विश्वरूप स्वरूपको अज्ञानले युक्त प्राज्ञ मेरो अविद्याद्वारानै निर्मित सिद्ध हुन्छ।

शंका :—के यो भन्न सकिंदैन कि शंकरको शरीर अविद्याकृत हो ?

समाधान :—ईश्वर तथा सौषुप्त आनन्दमयको पूर्वोक्त अभेद पारमार्थिक होइन, त्यो आध्यात्मिक मात्र हो। भगवान् शंकरमा अज्ञान संभव छैन। आत्मा एक हुनाले कारण शरीर एकाधिक हुन सक्तैन। अतएव सकल प्रपञ्च केवल आफ्नो अविद्याद्वारा कल्पित हो।

शंका :—भगवान् शंकर आनन्दमय कसरी हुन सक्छ ?

समाधान :—कारणशरीरभूत अविद्याबाट चिदानन्दमय स्वरूप सौषुप्त जीव परिवेष्टित छैन। अतः जीव पूर्ण छ। स्वप्न कल्पित देवता शरीरद्वारा अवच्छिन्न जीव चैतन्य झैं प्राज्ञरूप स्वकीय अविद्याकृत आधिदैविक शरीरयुक्त भगवान् शंकररूपमा पनि आनन्दमय जीवनै रहन्छ। अतएव श्रीराम भन्नु हुन्छ :—'आनन्दमय मदेखि तपाईं भिन्न हुन सक्नु हुन्न।

विचार्यमाणे तव यच्छरीरमाधारतां वै जगतामुपैति।
तदप्यवश्यं मद्विद्ययैव पूर्णश्चिदानन्दमयो यतस्त्वम्॥

शंका :—के श्रुति पनि यस विषयमा प्रमाण छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधान :—छ, 'यदा सुप्तः स्वप्नं न कञ्चन पश्यति' यस्तो कौषीतकी श्रुति र 'एवमेवास्मादात्मनः सर्वे प्राणाः' इत्यादि बृहदारण्यक श्रुति एवं 'प्रतिबुद्ध हुनुभन्दा पहिले विज्ञानमयको जो स्वरूप, त्यसबाट जगत् सृष्टि श्रुत हुन्छ' यस्तो बृहदारण्यक भाष्य तथा 'यो आनन्दमय नै आधि-दैविक सहित समस्त प्रपञ्चको ईशिता हो, अरू कुनै होइन' यस्तो माण्डूक्य भाष्य उक्त विषयमा प्रकृष्ट प्रमाण छ। स्वकीय निरङ्कुश अद्वितीयतालाई जान्न दृढ इच्छा जसलाई हुन्छ, यस्तो उत्तम मुमुक्षु जनहरूको सम्बन्धमा सन्देह गर्नु उचित छैन।

शंका :—श्रीरामले शिव स्तुतिमा अरू के भन्नु भयो ?

समाधान :—

पूजेष्टपूर्तादिपरक्रियाणां भोक्ता फलं यच्छसि यत्त्वमेव।
मृषैतदेवं वचनं पुरारे त्वत्तोऽस्ति भिन्नं नहि किञ्चिदेव॥

अर्थात् हे भगवन् ! अर्चन, याग, तडागादि निर्माण तथा उत्तम ध्यानादि क्रियाको उपलब्धा र फलदाता तपाईं नै हुनुहुन्छ, यस्तो जुन श्रुति, स्मृतिमा भनिएको छ, त्यो अर्थ शून्य हो किनभने '**नान्योऽतोऽस्ति द्रष्टा**' **तदेवानु प्रावि-शत्**', **सर्वं खल्विदं ब्रह्म**' इत्यादि शास्त्रानुसार आफूदेखि-भिन्न कोही अथवा केही पनि छैन। राजा प्रसन्न भएर नोकर लाई सेवानुसार फल प्रदान गर्दछ। यो सत्य हो किनभने भृत्य र फल दुवै राजादेखि पृथक् छ। किन्तु तैजस पुरुष आफूमा आफूद्वारा आरोपित स्वाप्नि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कावस्थाभरणादि अपृथग्भूत विश्व पुरुषलाई कसरी दिन सक्छ ? अरूद्वारा कल्पित वस्तु कसैले लिन पनि सक्तैन । अतएव धर्माधर्मको अपेक्षा विनानै तपाईंले सकल प्रपंचलाई आफूमा आफ्नो मायाको सहायता ❀ द्वारा आरोप गर्नु भएको हो यही नै उत्तम सिद्धान्त हो ।

शंका :—कर्मद्वारा ईश्वर प्रसन्न हुन्छ, यो निरर्थक किन भयो ?

समाधना :—सर्वज्ञ शंकरको अहंबुद्धियुक्त शरीर † छैन, अतः त्यो अमूर्त§ हो । **'नतस्य कार्यं करणंच विद्यते'** अशरीरी पुरुषलाई केही प्राप्त गर्नको इच्छा हुन सक्तैन । **'अशरीरं वावसन्तं न प्रियाप्रिये स्पृशतः'** अतएव अपूर्वादि फल ईश्वर प्रसादद्वारा प्राप्त हुन्छ, यसो भन्नु अर्थ शून्य हो । फल अविद्याद्वारा उत्पन्न भएको हो, उसको अरूकुनै कारण छैन । अतएव कर्मद्वारा आराधित भएर ईश्वर फल प्रदान गर्दछ, यस पक्षको निराकरण भयो ।

शंका :—सबै प्राणीहरूको अदृष्ट निरपेक्ष ईश्वर विचित्र जगत्को सृष्टि कसरी गर्दछ ?

❀'माया' प्राज्ञरूप अधिष्ठानमा विद्यमान तम या अज्ञान हो । यही जगत् को उवादान हो । अतः जीवदेखि भिन्न जगत् एवं ईश्वर भाव आविद्यक मात्र हो, वास्तविक होइन । यही जगदीश मीमांसा हो ।

† यसलाई 'योग वाशिष्ठ' आदिमा 'आधिभौतिक' शरीर मानिसको छ ।

§ अर्थात् 'आतिवाहक शरीर विशिष्ट' । वाशिष्ठोक्त प्रबुद्ध लीलाको र व्याध अरूको शरीर एवं गीता भाष्योक्त भगवान् श्री कृष्णको शरीर यस प्रकार 'अमूर्त' या 'आतिवाहिक' हो । सबै ज्ञानी पुरुषहरूको शरीर 'आतिवाहिक' हो 'आधिभौतिकता' केवल आविद्यक एवं भ्रम मात्र हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधान :—आध्यात्मिक जगत् सम्बन्धी सृष्टि, स्थिति एवं संहारको विषयमा भगवान् शंकर प्राणीहरूको अदृष्टको कुनै अपेक्षा राख्नुहुन्न। जीवको जस्तो स्वसृष्ट विचित्र स्वप्न पदार्थमा कुनै प्रयोजन रहँदैन, त्यस्तैनै प्राणी कर्महरू-को अपेक्षा नगरीकनै ईश्वर, सर्वदा आफ्नो लागि प्रत्यक्ष यस जगत्को सृष्टि गर्नु हुन्छ।

स एव माया परिमोहितात्मा।
नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः॥
अज्ञानेनावृत्तं ज्ञानं तेन मुह्यन्ति जन्तवः।
ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रम्हैव नापरः॥
इदमेवतु सच्छास्त्रमिति वेदान्त डिण्डिमः।

यस्तो अनेक श्रुति, स्मृतिहरू यसै यथार्थ जगदीश मीमांसामा अविसम्वादीरूपले प्रमाणाभूत छन्।

यस प्रकार यो प्रदर्शित गरियो कि 'ब्रह्म गीता' 'शिव गीता'र 'भगवद्गीता'* जगत् सम्बन्धी अकर्म जन्यत्व एवं मिथ्यावाद सिद्ध गर्दछन्।

(३) माण्डूक्यकारिका

शंका :—जीवनै आफ्नो यथार्थ स्वरूपलाई न जानी आफूमा जगत्को कल्पना गर्दछ, यस्तो सिद्धान्त के कुनै अरू शास्त्रमा पनि पाइन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधान :—अं, पाइन्छ, गौड़पादीय 'माण्डूक्यकारिका' र 'भगवद्पादीय' 'अपरोक्षानुभूति' तथा विवेक चूडामणि' आदि ग्रन्थमा पनि यो उत्तम वेदान्त पक्षनै निर्णीत भएको छ। वैतथ्य प्रकरणमा शिष्य प्रश्न गर्दछ कि 'जाग्रत् एवं स्वप्न कालमा जुन दृश्य पदार्थ प्रतीत हुन्छ, उसलाई यदि तथ्य शून्य (असत्य) नै मानि लिऊँ त फेरि उसको ज्ञाता र अध्यास कर्ता को हुन्छ ? यसको उत्तरमा गुरूले भन्नु भयो कि स्वयं प्रकाशमान् जीवनै निर्विकार आफ्नो स्वरूप नजान्नाले भ्रमवशात् आफूलाई नाना प्रकारले कल्पना गरेर आफैलाई द्रष्टा, दृश्य आदि भिन्न-भिन्न रूपमा देख्त छ॥ :—

कल्पयत्यात्मनाऽऽत्मानमात्मादेव स्वमायया† ।
स एव बुध्यते भेदानिति वेदान्तनिश्चयः ॥

'स एव मायापरिमोहितात्मा', 'पुरत्रये क्रीडति यस्तु जीवः' इत्यादि श्रुतिहरूबाट यही ज्ञात हुन्छ कि यो पक्षनै सकल उपनिषद विचारको अन्तिम निर्णय हो।

शंका :—उक्त अर्थको समर्थनमा के कुनै दृष्टान्त पनि-छ ?

॥ प्रकृत निबन्धको प्रारम्भमा उदाहृत 'सर्वधर्मान् परित्यज्य' यो श्लोकको तात्पर्य व्याख्यानुसार।

† प्रमाता, प्रमेय मिथ्या हो उसको निषेध हुनाले पर प्रमाणको अविषय भएर पनि सर्वदा प्रत्यक्ष—साक्षी आत्मा आफ्नो यथार्थ स्वरूपमा अवस्थित रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधान:—चार श्लोकपछि सत्रौं तथा उन्नाइसौं श्लोकमा दृष्टान्त भनिएको छ। डोरीलाई यथार्थरूपमा नजानिकन कुनै मानिस जस्तो अन्धकारमा उसलाई (डोरीलाई) सर्प या जलधारा संझन्छ, त्यस्तैनै आफ्नो आत्माको पनि अज्ञानी* मानिस जीव, प्राण, आकाशादि विविध पदार्थ रूपमा जान्द छ। यस प्रकार वैतथ्य प्रकार द्वारा यो निश्चित भयो कि समस्तजगत् जीव सम्बन्धी अविद्याको कार्य हो अतः प्रातिभासिक हो।

शंका:—गौडपादाचार्यजीले कुनै अरु प्रकरणमा पनि जगत्‌लाई मायिकता बताउँनु भएकोछ ?

समाधान:—अँ, अलातशान्ति प्रकरणमा पनि यो प्रमाणित गरिएको छ कि जगत् कर्मजन्य होइन, अपितु स्वप्न भैं मिथ्या हो। डोरीको ज्ञानभएपछि जसरी सर्प रहन सक्तैन त्यस्तै सकल कल्पित प्रपञ्चको अधिष्ठानभूत स्वकीय आत्माको सम्यक्‌ज्ञान भएपछि† समस्त जगत्‌को अत्यन्त निवृत्ति हुन जान्छ। **'यत्र त्वस्य सर्वमात्मैवाभूत् तत् केन कं पश्येत' 'तत्र को मोहः कः शोकः'** इत्यादि श्रुतिहरूको अनुसार

---

* सौषुप्त प्राज्ञभाव मूलाज्ञान द्वारा तादात्म्यापन्न जीव भाव जाग्रतमा पनि असंभव छैन। इष्ट वस्तुको दर्शनादिद्वारा जसरी जाग्रतमा आनन्दमयको ईषत् स्फुरण हुन्छ। त्यस्तै प्रकारले सौषुप्तिक अज्ञानको पनि स्फूर्ति जाग्रतमा संभव हुन्छ। यसैभएकोले विज्ञानमय एवं आनन्दमय वस्तुतः अभिन्न छ यो पहिलेनै (वर्ष ५ अंकमा) बताई सकिएको छ।

† जाग्रतकालमा पनि समाधि असंभव छैन। हेर्नुस् 'चित्तविश्रान्ति'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फलको कारण कर्म होइन यस्तो गौडपाद भन्नु हुन्छ । फल-लाई यदि कर्मको कारण भनिन्छ या कर्मलाई यदि फलको कारण भनिन्छ तब त पुत्रबाट पिताको उत्पत्ति सिद्ध* हुन्छ। अतएव कर्म र शरीरको उत्पत्ति क्रममा पहिले कर्म उत्पन्न हुन्छ या शरीर—यसको निर्णय अवश्यनै गर्नु पर्दछ। उत्तर-मा यदि बीजांकुरको दृष्टान्त दिईन्छ तब भनिन्छ कि बीज अनादि अंकुरबाट उत्पन्न भएको हो वा अंकुर अनादि बीज बाट उत्पन्न हुन्छ, यो त प्रमाणित रूपद्वारा बताएकोछैन† । अतएव अज्ञायमान उत्पत्तिक्रमको सहायता द्वारा यस साध्य-को सिद्धि कसरी गर्न सकिन्छ कि शरीर कर्मद्वारा उत्पन्न हुन्छ ?

शंका :—अस्तु, यो पहिले उत्पन्न हुन्छ र यो पछि यस्तो पूर्वापर क्रम न जाने के हानि छ ?

समाधान :—कर्म र उसको फल यी दुवैमा कर्म पहिले र शरीर पछि उत्पन्न हुन्छ, यस्तो दुवैको परस्पर सम्बन्ध यदि निश्चित हुँदैन, त धर्माधर्मद्वारा शरीरादि जगत्को

---

* पूर्व मीमांसक धर्माधर्मलाई शरीरादिको कारण मान्द छ। कर्मादि हेतु र शरीरादि फल हो।

† बीज तथा अंकुर दुवैको आदि या उत्पत्ति छ, उ अनादि होइन। फेरि पनि यो त सिद्ध गरिएको छैन कि बीज पहिले उत्पन्न हुन्छ या अंकुर। वेदान्त सिद्धान्तमा 'कल्पयव्यात्मनाऽऽत्मानमात्मादेव स्वमायया' यस शास्त्रानुसार बीज अंकुरादि सकल प्रपंच आत्म माया मात्रद्वारा उत्पन्न हुनाले मिथ्या हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पत्ति सिद्ध हुन सक्तैन। यदि कर्मद्वारा शरीर उत्पन्न हुन्छ त यसप्रकार कर्म निर्णय सम्भव किन हुँदैन ?

शंका :—बस, समस्त जगत् यदि आफ्नो आत्मस्परूपको विवर्त हो, त वैषम्यादि अधिकरणमा आधिदैविक परमेश्वरबाट कर्मायत्त विचित्र फल उत्पत्ति किन निर्धारित भएको छ ?

समाधान :—यसो भएकोले मन्द बुद्धि पुरुषको दृष्टिमा द्वैतवस्तु सत्यरूपमा उपलब्ध हुन्छ र उसको चित्तशुद्धिको लागि वर्णाश्रमधर्मको अनुष्ठान आवश्यक छ, यी दुइ कारणहरूले मन्द अधिकारीको लागि प्रतिकर्म व्यवस्थावाद शास्त्रमा उपदिष्ट भएको हो।

शंका :—मन्द अयिकारी को हो ?

समाधान :—**'सर्वं विकारजातं मायामात्रम्'**—इत्यादि श्रुति र डोरि सर्पादि दृष्टान्तको सहायताद्वारा कर्म निरपेक्ष रूपमा अविद्याद्वारा जगत् आफ्नो स्वरूपमा अध्यस्त❀ छ। यस्तो सदा सुनेर पनि जसलाई यस विषयमा निश्चय ज्ञान प्राप्त हुँदैन ऊ मन्द अधिकारी हो। उसको चित्तमा जीव ईश्वरको दृढ भेद विषयक वासना वर्तमान रहेको हुनाले उ सोच् छ कि पहिलेको झैं विहित कर्मको अनुष्ठान एवं

❀ यो जाने पछि अनात्मसँग फेरि आफ्नो सम्बन्धाध्यास हुन सक्तैन। अर्थात् कर्ता, प्रमाता, भोक्ता इत्यादि भाव तत्कालमा शिथिल भएर जान्छ। यसबाट जिज्ञासु समस्त प्रातिभासिक प्रपंचको स्वयं अविकारी द्रष्टा (साक्षी) रूपले स्थित हुन जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निषिद्ध कर्मको परित्यागको विषयमा सर्वदा यत्नशील रहनामा अनादि परमेश्वर हामीलाई शिक्षा दिनुहुन्छ। अतः ईश्वरको डरले ऊ कहिल्यै पनि कर्म त्याग गर्दैन, तर कर्ममा अत्यन्त श्रद्धा राख्दछ। त्यसो भएकोले उनको दृष्टिमा कर्मफलको अनिवार्यता बुद्धि र जगत्को सत्यता दृढ हुन जान्छ। उनको चित्तकालुष्य अनुसार हितोपदेशार्थ अनादि ईश्वरद्वारा विचित्र कर्मफल सृष्टिलाई भगवान् सूत्रकार तथा भाष्यकार प्रतिपादन गर्नुहुन्छ।

उपलब्धात् सदाचारात् अस्तिवस्तु त्वदादीनाम्।
जातिस्तु देशिता बुद्धेरजाते श्रमतां सदा॥

शंका :—त्यसो भए यो प्रतिक्रमव्यवस्थावाद बाधित किन हुने ?

समाधान :—परिसंख्या विधि (विधि श्रुतिको निवृत्ति बोधकता) अंगीकार नगरीकन नियम विधि-प्रक्रिया अनुसार प्राणीकृत धर्माधर्मको फलस्वरूप परमेश्वरले यो जगत्लाई सृष्टि गरेको हो, यस्तो माने देखि* गौदपाद यस पक्षलाई बाध देखाउनु हुन्छ।

यावद्धेतु फलावेश स्तावद्धेतु फलोद्भवः।
क्षीणे हेतौ फलावेशे नास्ति हेतुफलोद्भवः॥

* यो द्वैतवादी एवं प्रतिकर्म व्यवस्थावादीको पक्ष हो। 'अज्ञानमेवास्य ही मुलकारणं तद्धानमेवात्र विधौ विधीयते।' इत्यादि 'रामगीता' को श्लोकद्वारा पनि यो मत निराकृत भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मैवेदं सर्वम्', 'अहमेवेदं सर्वम्', सर्व विकार जातं माया मात्रम्' इत्यादि सबै श्रुतिहरूको विरुद्ध शरीर तथा कर्मको अनिवार्य कार्यकारण भावरूप दुरभिनिवेश जब सम्म विद्यमान रहन्छ, तब सम्म अज्ञानी जीवलाई❀ कर्माधीन जन्म एवं कर्म जन्य सत्य जगत्को सम्पर्कमा सद्वितीयता र भय रही हाल्छ। जगत्लाई आविद्यक या आत्माको विवर्त† जानि लिए पछि जगत् विनष्ट हुन‡ जान्छ र जीव जन्म-मरणरहित हुन्छ। यसप्रकार अलात शान्ति प्रकरणमा श्री गौडपादाचार्यले जगग्को कर्म जन्यत्वको निराकरण गर्नु भएको छ।

(३) भगवत्पादीय दुई प्रकरण ग्रन्थ

शंका :—प्रतिकर्म व्यवस्थावादको निरसनद्वारा भगवान् शंकराचार्यले दृष्टि-सृष्टिको विधान कहाँ गर्नु भएको छ ?

समाधान :—'अपरोक्षानुभूति' प्रकरणग्रन्थमा भन्नु भएको छ कि आत्मज्ञान उत्पन्न भए पछि पनि प्रारब्ध छोड्दैन यस्तो जुन शास्त्रमा निर्णय गरेको छ उसको अब खण्डन

❀ कार्य विद्या र कारण विद्या वस्तुतः भिन्न छैन।

† साक्षात्कार वृत्ति र तज्जन्य संस्कार वास्तवमा अभिन्न छ।

‡ अज्ञ दृष्टि अनुसार कर्म शास्त्र प्रवृत्त भएको हो। विधि श्रुतिको यसै कारण अनुवादता मात्र सिद्धान्तमा अंगीकृत भएको हो प्रामाण्य होइन। यसप्रकार प्रारब्धवाद पनि प्रौढबाद मात्र हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिन्छ। तत्त्व साक्षात्कारको उप्रान्त प्रारब्ध रहँदैन, किन भने देहादि असत् हुन जान्छ।

> उत्पन्नेऽध्यात्मविज्ञाने प्रारब्धं नैव मुञ्चति।
> इति यच्छास्त्रनिर्णीतं तन्निराक्रियतेऽधुना॥
> तत्त्वज्ञानोदयादूर्ध्वं प्रारब्ध नैव विद्यते।
> देहादीनामसत्वात्तु यथा स्वप्ननिरोधतः॥

शंका :—तत्त्व ज्ञान भए पछि प्रारब्ध कर्म किन रहँदैन ?

समाधान :—अज्ञान निवृत्ति भए पछि पनि यदि अज्ञानको कार्य शरीरादि रहन्छ भने त शरीरादिको स्थितिको प्रयोजक रूपमा कर्मको कारणता अंगीकार गरेर प्रारब्धकर्म मान्न सकिन्छ। ज्ञान द्वारा शरीरादिको उपादान अज्ञानको नष्ट हुनासाथ उसको कार्यशरीरादि पनि निवृत्त भएर जान्छ : अतः अविद्यमान शरीरादिको कारणरूपमा प्रारब्ध सिद्ध हुन सक्तैन।

शंका :—शरीरादिको अभाव कसरी हुन्छ ?

समाधान :—जागरणमा जस्तो स्वप्न शरीर असत्य हुन जान्छ, त्यस्तै नै तत्त्व ज्ञान पछि मुक्त पुरुषको पनि शरीर निवृत्त हुन जान्छ।

शंका :—कर्मका व्यवहारिक स्वरूप त अवश्य होलान् ?

समाधान :—शरीर विना त कर्म सम्भव छैन। जन्मान्तर नभए पुरुषको शरीर र कर्म सिद्ध हुन सक्तैन। वर्तमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्रत् कालीन मनुष्य जन्मदेखि भिन्न प्राक्तन जाग्रत् कालीन देव शरीर (जन्मान्तर) र त्यो शरीरद्वारा साध्य कर्म जीवको कुनै पनि छैन। कालमा फेरि प्रारब्ध कर्म कसरी सिद्ध हुन सक्छ ?

शंका :—प्रत्पक्ष रूपमा देखिएको शरीर द्वारा कर्म किन सम्पादित हुन सक्तैन ?

समाधान :—'यत्र त्वस्य सर्वमात्मैवाभूत्' इत्यादि वाक्य-ज्ञानको सहायताद्वारा जाग्रत् कालीन देहको निवृत्ति सुनिन्छ। त्यसो भएकोले क्रियाको आश्रयत्व रूप विभ्रम विना शरीर कर्मलाई निष्पन्न कसरी गर्न सक्छ ? विना कर्म फलको आरम्भ कसरी सिद्ध हुन्छ ? स्वप्न देह जस्तो कल्पित हो, त्यस्तै नै जाग्रत् देह पनि सत्य होइन। ज्ञानद्वारा नष्ट भएको हुनाले पनि शरीर कर्म निष्पादनमा समर्थ छैन। वर्तमान या अतीत जन्मको जाग्रत कालीन देह मात्र अध्यस्त भएको हुनाले त्यो कर्मको निर्वाहक हुन सक्तैन। अतः ब्रह्मवेत्ताको शरोरको कर्माधीन जन्म कसरी सम्भव हुन सक्तछ ? जन्म त केवल आविद्यक हो। कर्माधीन जन्म यदि सिद्ध हुँदैन त अद्वितीय प्रत्यगात्माको साक्षात्कारद्वारा मूलाविद्याको नाश भएपछि पनि अविद्याकृत पनि अविद्या-कृत देह कसरी अवशिष्ट रहन्छ ?

शंका :—यत्नजन्य गुणात्मक अपूर्वको स्वरूप निष्पत्ति नभएको हुनाले त्यो शरीरादिको निमित्तकारण नहोस्, किन्तु द्रव्यात्मक अपूर्ववत् प्रपंचको उपादानकारण हुन सक्तछ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधान :—घैंटोको माटो जस्तो उपादान कारण हो, त्यस्तै नै मूलाज्ञान र तदुपाधि युक्त निज आत्मा जगत्को उपादान हो । यो **'मायान्तु प्रकृतिं विद्यान्मायिनन्तु महेश्वरम्'** इत्यादि श्रुति रूप वेदान्त शास्त्रमा बताइएको छ❀ । त्यसो भएकोले ज्ञानद्वारा अज्ञानको नाश भए पछि जगत् अवशिष्ट रहन सक्तैन। परिणामी उपादान (अज्ञान) तथा विवर्तोपादन (स्वात्मा) यी दुवैमा अज्ञानको नाश भएपछि अर्को कुनै उपादानमा-अज्ञानोपादान जगत् प्रपंचको अनुवृत्ति कसरी हुन सक्छ ? अतः अज्ञानातिरिक्त अर्को द्रव्यात्मक वस्तु जगत्को उपादान कारण हुन सक्तैन† ।

शंका :—द्रव्या पूर्वकको कालत्रयमा पनि सत्ता संभव नभएको हुनाले उसमा जगत्को अनुवृत्ति संभव नहोस् लौ, तर जगत्को अधिकरणरूप प्रत्यगात्मामा—विद्या दशामा—जगत्को अनुवृत्ति किन हुन सक्तैन ?

समाधान :—'यो ड़ोरि हो' यस्तो नजानि कन जस्तो सर्प ज्ञान हुन्छ, त्यस्तै नै सत्य आत्मालाई नजानेर मूढ बुद्धि मानिस जगत् दर्शन गर्दछ। 'यो डोरी हो' यस्तो ज्ञान उत्पन्न भएपछि जस्तो सर्प-बुद्धि नष्ट हुन्छ, त्यस्तै नै जगत्को अधिष्ठानस्वरूप आफ्नो आत्मालाई साक्षात् जानेपछि

❀ जगत्को सत्यता सम्पादक द्रव्यपूर्वको जगत्को उपादानताको निरक्षण गरिएको छ।

† 'प्रपंचावस्थितिः कुतः' यस वक्ष्यमाण वाक्यद्वारा द्रव्यापूर्वक निषेध अवगत हुन्छ, (हेर्नुस् अगिल्लो टिप्पणी)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रपंचमा सत्यत्त्व बुद्धि विनष्ट भएर जान्छ। यस प्रकार दृष्टि नै सृष्टि हो यो सिद्धान्त प्रदर्शित भएको छ।'

रज्जुरूपे परिज्ञाते सर्पज्ञानं न तिष्ठति।
अधिष्ठाने तथा ज्ञाते प्रपंचः शून्यतां व्रजेत् ॥

शंका :—जगत् मिथ्या रूपमा प्रतीत भएता पनि आत्मज्ञ मानिसको निजी शरीर किन रहँदैन ?

समाधान :—सकल प्रपंच अकर्मजन्य एवं आविद्यक हुनाले अधिष्ठानको ज्ञान हुनासाथ असत्य हुन जान्छ। ब्रह्मवेत्ता को शरीर पनि प्रपंचको अन्तर्गत एवं केवल अविद्या कृत हुनाले ❀ अविद्या निवृत्तिको साथै निवृत्त किन हुँदैन ? त्यसो भएकोले प्रारब्ध पनि रहन सक्तैन। †

देहस्यापि प्रपंञ्चत्वात् प्रारब्धावस्थितिः कुतः ?

शंका :—तब देवादि शरीर प्राप्ति पुण्यकर्माधीन हो श्रुतिमा यस्तो किन भनिएको हो ?

समाधान :—अज्ञानी मीमांसकहरूको निम्ति—परयत्ताधिकरणको भाष्यमा प्रदर्शित आधिदैविक परमेश्वरको केवल निमित्त कारणत्वको बोध न गर्नको लागि—देवादि शरीरको कारणरूपमा रमणीय प्रारब्धकर्म श्रुतिमा बताएको छ—

❀ द्रव्यापूर्व यसको उपादान होइन, यो 'उपादानं प्रपंचस्य मृद्भाण्ड्येव पठ्यते। अज्ञानञ्चैव वेदान्तैः' इत्यादि श्लोकगत 'एव' शब्दद्वारा देखाइएको छ।

† कर्म जगत्को निमित्त पनि होइन उपादान पनि होइन, यस्तो उपपादित भएको छ द्रव्यापूर्व विकार हुनाले माया या अज्ञानको नै परिणाम मात्र हो। अज्ञानको निवृत्ति भएपछि अपूर्वादि विकार पनि निवृत्त हुन जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अज्ञानजनबोधाय प्रारब्धं वक्ति वै श्रुतिः ।

शंका :–यसको उपपत्ति के हो ?

समाधान :–

क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टेपरावरे ।
एवं तन्निषेधार्थं श्रुत्या गीतं च वै स्फुटम् ॥

यो भगवद्पादीय वचन नै यस विषयमा उदाहरण छ । आविद्यक सर्व जगत्को अधिकरणरूपमा श्रूयमाण जुन प्रत्यग् ब्रह्म हो, उसको स्वात्मरूपले–म नै परमात्मस्वरूप हूँ यसप्रकार–साक्षात्कार भएपछि तत्त्ववेत्ताको सञ्चित आगामी र प्रारब्धरूप पुण्यापुण्य कर्म क्षय भएर जान्छ । अर्थात् तीनै कालमा यी त्रिविध कर्म सत्य होइनन्, यस्तो ज्ञात हुन्छ । ❀

शंका :–कर्म विल्कुल असत्य हो, त्यसको सत्ता हुन सक्तैन, यो आशय भएको श्रुतिको अभिप्राय कसरी निश्चित गर्न सकिन्छ ?

समाधान :–सबै कर्म विनष्ट हुन जान्छन् । यस्तो अर्थ श्लोकको उत्तरार्द्धमा स्पष्टरूपमा निर्णीत भएको छ । 'निषेध' शब्दको प्रयोगद्वारा कर्मको स्वरूप भाव-असत्ता-नै बताइएको छ, अन्यथा 'निवृत्ति' शब्दको नै प्रयोग हुनुपर्ने । पूर्वार्द्ध गत 'च' कारद्वारा तमोरूप अज्ञानको असत्ता अभिप्रेत भएको छ ‡ उत्तरार्द्धको 'च' कारद्वारा यो अनुमान

❀ 'तुच्छमिदं रूपमस्य' इत्यादि श्रुतिको अनुसार ।

‡ यस्तो तत्त्वज्ञान प्राप्त भए पछि पनि प्रारब्ध विद्यमान रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूचित हुन्छ कि जस्तो स्वप्न कालीन कर्म असत्य हुन्छ, उस्तै नै जाग्रतमा पनि तिनै प्रकारको कर्म कल्पित कर्ताद्वारा निष्पन्न भएको हुनाले ज्ञानको पूर्व पनि असत्य हुनु योग्य छ। 'वै' शब्दद्वारा विद्वान् पुरूषको अनुभव पनि दर्शित भएको छ। 'स्फुटम्' पदद्वारा पूर्वोक्त अर्थमा श्रुति, युक्ति र अनुभूति हुनाले शंसयाभाव पनि प्रदर्शित भएको छ।

शंका :—सोम, आज्य, पय प्रभृत्तिको परिणामरूप द्रव्यापूर्व नै जगत्को उपादान हो, यस्तो जुन मीमांसकको मत छ उसमा के दोष छ ?

समाधान :—'कुनै पनि कालमा कर्मको सत्ता छैन' यस्तो जसले जान्दैन र जसले श्रुति एवं युक्तिद्वारा सर्वथा बाधित भए तापनि द्रव्यात्मक अपूर्व नै जगत्को उपादान कारण हो, यस्तो केवल दुराग्रहवश मान्दछ उसको मतमा दुइ दोष प्राप्त हुन्छ 'तत्त्वमसि' प्रभृति महावाक्यद्वारा सफल जगत्को उपादान भूत ब्रह्मसंग अकर्ता आत्म स्वरूपको ऐक्य ज्ञान उत्पन्न हुन्छ। मीमांसक मतलाई मानेदेखि महावाक्य तथा तदन्तर्गत दुवै पदहरूको परित्याग एवं प्रमाण द्वयको निरर्थकता सिद्ध हुन्छ—

वेदान्तपद्दहानञ्च यतो ज्ञानमिति श्रुतिः।

शंका :—यसलाई अलि स्पष्ट गरेर बताउनु होस्।

समाधान :—महावाक्यान्तर्गत 'तत्' पदद्वारा अचेतन द्रव्यात्मक वस्तु नै परामृष्ट हुन्छ। चेतन ब्रह्म होइन, 'त्वम्' शब्दको पनि अर्थ द्रव्यापूर्वको हेतुभूत, वास्तविक कर्तृत्व धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युक्त जीव नै सिद्ध हुन्छ, अकर्ता साक्षी चैतन्य होइन। यसबाट 'तत्त्वमसि' को पनि अर्थ कर्ता जीवको स्वयं सम्पादित द्रव्यापूर्वसंग अभेद—समानाधिकरणद्वारा—सिद्ध हुन्छ, अकर्ता साक्षी चेतन—ब्रह्मकोसाथ अभेद बोधित हुन सक्तैन। चेतन वस्तुको अचेतनकोसाथ अभेद शास्त्रमा उपदिष्ट भएको छ, यो कथन पनि सिद्ध हुन सक्तैन। यसप्रकार दुइ दोषको प्राप्ति स्पष्ट देखिन्छ। 'च' कारद्वारा तथा ईश्वरको ऐक्यपरक स्मृति एवं अनुमानको बाधरूप अन्य दोष पनि देखाइएको छ।

शंका :—'विवेक चूडामणि' ग्रन्थमा पनि के यस्तै बताएको छ ?

समाधान :—अँ, यो दोस्रो प्रकरण ग्रन्थमा पनि पहिले झैं यो बताइएको छ कि जगत् कर्मजन्य होइन र शरीरादि प्रपञ्च पनि कर्मबाट उत्पन्न भएको छैन—

अहं ब्रह्मेति विज्ञानात् कल्पकोटि शतार्जितम्।
सञ्चितं विलयं याति प्रबोधात् स्वप्नकर्मवत्॥

अनेक कल्पमा उपार्जित रूपमा प्रतीयमान संचित नामककर्म अर्जिततत्त्व भ्रमको नाश भएपछि—असत् हुन जान्छ, यस्तो विचारवानको निश्चय* हुन्छ।

स्वप्न कालिक क्रिया जसरी स्वर्गादिफल प्रदान गर्दैन, त्यस्तै जाग्रत् कालीन संचित कर्म पनि वस्तुतः कुनै फल दिन

* म हूँ ब्रह्म अर्थात् असंग आत्मा हूँ, यसप्रकार विशेष ज्ञानद्वारा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्तैन, किनभने दुवै अवस्थामा समान रूपले कल्पित कर्ता-द्वारा कर्म निष्पन्न हुन्छ ।

शंका :—प्रारब्धकर्मलाई पनि के असत् बताइएको छ ?

समाधाय :—अँ, आध्यात्मिक शरीरको प्रति प्रारब्ध-कर्म कारण हुन सक्तैन, अतः प्रारब्धकर्मको पनि सत्ता सम्भव छैन । त्यसोभएकोले दृष्टि सृष्टि बोधक श्लोकमा बताएको छ कि संचित या प्रारब्धकर्मको अधीन शरीरको जन्मादि होइन ।

शरीरस्यापि प्रारब्धकल्पना भ्रान्तिरेवहि ।
अध्यस्तस्यकुतः सत्त्वमसत्यस्य कुतो जनिः ॥
अजातस्य कुतो नाशः प्रारब्धमसत् कुतः ।

हि, शब्दले जगत्को मिथ्यात्व देख्नेवाला पुरुषको अनु-भव सूचित भएको छ । अध्यस्त शरीरको कर्म क्षय भएपछि नाश हुन्छ भनी मान्नु आवश्यकता छैन । अकर्मजन्य अतः असत्य शरीरको ज्ञानद्वारा नाश हुने हुनाले मिथ्याभूत शरीरको :—प्रारब्ध बताउनु असत् कल्पनाको अतिरिक्त अरू केही पनि होइन ।

शंका :—शरीर यदि कर्मजन्य र आविद्यक मात्र सिद्ध हुन्छ तब **'आचार्यवान् पुरुषो वेद'** र **'तस्य तावदेव चिरम्'** इत्यादि श्रुतिहरू विद्वान् पुरुषको आफ्नो दृष्टिले—तत्त्वज्ञान भए पछि पनि—कर्माधीन शरीरको अनुवृत्तिको अनुसन्धान किन प्रदर्शित गर्दछन् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधान :—पहिले छन्दोग्य श्रुति जिज्ञासुहरूको लागि ब्रह्मविद्या प्राप्तिको प्रकार उपदेश गर्दछ। दोश्रो श्रुति जसलाई तत्त्वज्ञान भएन, यस्तो मन्द बुद्धि मानिसको निज दृष्टिको अनुसार उनको* शंकाको समाधानार्थ विद्वान् पुरुषको देहलाई प्रारब्ध कर्मजन्य बताउँछ। तत्त्व जिज्ञासुको लागि त्यो श्रुति यो भन्दैन कि विद्वान् या अज्ञको शरीर कर्मजन्य एवं सत्य हो। त्यसो भएकोले प्रारब्ध प्रौढवाद मात्र हो। जिज्ञासु यै जान्दछ कि देहादि कदापि सत्य होइन†।

तिष्ठत्ययं कथं देहे इति शंकावतो जडान् ।
समाधातुं बाह्यदृष्ट्या प्रारब्धं वदति श्रुतिः ।
नतु देहादि सत्यत्त्व बोधनाय विपश्चितान् ॥

शंका :—कर्म जन्यत्व शास्त्र सत्य किन होइन ?

समाधान :—अनुवादक हुनाले यो कुरा **'यथेह कर्मचितो लोकः क्षीयते एवमेवामुत्र पुण्यचितो लोकः क्षीयते'**§ यो श्रुतिमा लोक प्रसिद्ध हेतु तथा दृष्टान्तको सहायताद्वारा देखाइएको छ। **'ध्यायतीव लेलायतीव'** यो श्रुति जाग्रत् अवस्थामा पनि कर्म सत्ताको निषेध गर्दछ।

शंका :—जगत् यदि कर्मजन्य होइन, तव त्यो के हो ?

---

*ज्ञानद्वार अज्ञानको कार्य यदि समूल विनष्ठ हुन्छ भने त ज्ञानी पुरुषको शरीर कसरी विद्यमान रहन्छ ?

†'तस्य तावदेव चिरम्' यो छान्दोग्य श्रुति केवल अज्ञ दृष्टि परक हो।

§ जगत् कर्म जन्य हो, यो अनुवाद मात्र हो, शास्त्रको यथार्थ अभिप्राय होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधान :—त्यो इन्द्रजाल झैं हो ।❀ इन्द्रजाल जस्तो सभ्यजनहरूबाट कल्पित हुन्छ, सभ्यजन नै जस्तो इन्द्रजाल उत्पत्तिको प्रति निमित्त एवं उपादान उभयविध कारण हुन्छ, त्यस्तै अज्ञानी जीवको नै अविद्याद्वारा यो परिदृश्यमान जगत् कल्पित हो ।

शंका ऐन्द्रजालिकको इन्द्रजाललाई उपादान कारण किन भनिएन ?

समाधान :—दर्शकद्वारा देखिएका गज, अश्वादिको परिणाम कारणरूप माया ऐन्द्रजालिक पुरूषमा संभव छैन। अतएव माया तथा कर्मको आश्रयत्व—इन्द्रजालको उपादानत्व—ऐन्द्रजालिकमा निषिद्ध भएको छ † ।

शंका :—सभ्यजन गोचर इन्द्रजाल ऐन्द्रजालिकद्वारा आफूमा कल्पित किन हुन सक्तैन ?

समाधान :—सभ्यजन दृश्य वस्त्र, आभरण यदि ऐन्द्रजालिकद्वारा अध्यस्त हुन्छ तब उनको व्यावहारिक या प्राति-

---

❀ 'मायाविव विजृम्भयत्यपि महायोगीवयः स्वेच्छया,' 'जगदिन्द्रजाल रचना पटीयसे महसे नमोऽस्तु बटमूलवासिने' 'दक्षिणा मुर्ति स्तोत्र' को अनुसार।

† विलक्षणत्वाधिकरणमा 'नतु दृष्टान्तभावात्' यस सूत्रको भाष्यमा विवर्तरूप इन्द्र जालको अधिष्ठान मायावी पुरूष होइन, किन्तु इन्द्रजाल सभ्यजनद्वारा परिकल्पित हो, यस्तो बताएको छ । आगम प्रकरणमा 'प्रपंचो यदि विद्यते' र अद्वैत प्रकरणमा 'संघाताः स्वप्नवत् सर्वे ।' इत्यादि गौडपादीय कारिकाको भाष्यमा पनि भाष्यकारले यस्तै नै उपदेश दिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भासिक कुनै पनि प्रकारको सत्ता संभावित नहुनु पर्ने❀ अतएव हाम्रो दृष्टिको अगोचर, अज्ञात ऐन्द्रजालिक वस्तु जगत् सम्बन्धी मिथ्यात्त्व बोधनको लागि उपमान हुन सक्तैन ।

शंका :—इन्द्रजालरूप उपमानबाट के सिद्ध हुन्छ ?

समाधान :—औषधियामणीद्वारा जसको दृष्टि प्रतिबद्ध भइसकेको छ त्यस्तो मानिस आफूमा इन्द्रजालको आरोप गर्दछ । अतः यस्तो प्रातिभासिक वस्तुसंग जगत्को तुलना युक्ति युक्त छैन ।

❀ व्यावहारिक सत्यता स्थलमा ऐन्द्रजालिकद्वारा जीर्ण वस्त्रादि याचन-युक्ति युक्त हुन सक्तैन। प्रातिभासिक सत्ता पक्षमा जस्तो एक व्यक्तिद्वारा स्वप्न दृष्ट पदार्थ अर्को व्यक्तिलाई दृष्टिगोचर हुँदैन, उस्तै नै ऐन्द्रजालिकद्वारा कल्पित वस्त्रादि हाम्रो दृष्टि गोचर हुन सक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानालोक

(अजातवाद)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानालोक

अजातवाद

प्रथम-किरण

'शिवाय नमः' यो पंचाक्षरी मंत्रबाट पाँच भूतको वाच्यांशलाई त्यागीकन त्यसको साक्षी आत्मदेवताको बोध लक्षणवृत्तिद्वारा सम्भव हुन्छ।

'अहं ब्रह्मास्मि' यो वाणी पंचाक्षरी देखि पनि श्रेष्ठ हो। यस मंत्रको आवृत्ति (जप) गरेपछि ब्रह्मानन्दको, प्राप्ति हुन्छ।

द्रष्टा दर्शन र दृश्यमा समानरूपले अनुगत भएको साक्षी चैतन्य नै हो वास्तविक सत्य, त्यो म नै हूँ। त्रिपुटीको कुनै पृथक् सत्ता छैन—साक्षी चैतन्यको प्रकाशबाट नै सारा विश्व भासमान छ, तर त्यो विश्वको आफ्नो कुनै सत्ता छैन। जब सम्म इन्द्रिय उपाधि रहन्छ तब सम्म यो त्रिपुटी विद्यमान देखिन्छ—तर त्यसको पारमार्थिक सत्ता छैन। एकै साक्षी चैतन्य उपाधिवशात् कर्ता कार्य र करणरूपले भासमान हुन्छ। यी तीनोंटैको प्रकाशक साक्षी चैतन्य म नै हूँ। यिनीहरूको उत्पत्तिको पहिले शुद्ध चैतन्यरूपले म नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थित थिएँ। म निर्विकाररूपले त्रिपुटी नष्ट भए पछि पनि रहि रहन्छ। अहिले पनि वास्तवमा म आफ्नो शुद्ध रूपमा नै स्थित छु। म सँधै अत्यन्त शुद्ध र निर्लेप हूँ।

अहंकार आदि सारा दृश्यलाई परित्याग गरेर आफ्नो शुद्ध चैतन्य स्वरूपमा स्थित भैरहनुरूप ब्रह्माकार वृत्तिको निरन्तर प्रवाह हुन दिनुनै शिव पुजा हो।

द्वितीय-किरण

सम्पूर्ण जगत् हो आत्माद्वारा व्याप्त। ज्ञानले सारा जगत्लाई आत्मा तुल्याउनुपर्छ। जुन अनात्मा प्रतीत भै रहेको छ त्यो वास्तवमा न भएको हो।

सब वस्तु आत्माबाट आच्छादित्त छ सबै पदार्थ आत्माको भित्र छ। आत्मानै नामरूपले भित्र बाहिररूपले र कार्य र कारणरूपले स्थित छ।

परमेश्वर आत्मा उपाधिभेदले त्यै त्यै उपाधिको अनुरूप भएर प्रतिबिम्बित भै रहेको छ। जस्तो एकै मुखमणी, दर्पण आदि भिन्न भिन्न उपाधिमा प्रतिबिम्बित देखिन्छ त्यस्तै देवता, मनुष्य, असुर, घोंडा आदिरूपले एक आत्म देवता नै बिराजमान छ। यो परमेश्वर आत्माको प्रतिरूप बन्नु हो आफुलाई प्रकाशन गर्नको लागि। उपाधि रहित भए आत्म देवता प्रकाशित हुन सक्तैन। कार्य कारण रूपले बहुरूप भए आत्माको प्रकाश सम्भव हुन्छ—एकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा अविद्याको वशले बहुविध देखिन्छ। जो हर प्रकाले सबैलाई अनुभव गर्छ त्यो हो आत्मा। आत्मा हो अपरिच्छिन्न आनन्द, उदासीन चैतन्य स्वरूप मात्र। मनुष्य अज्ञानले संसारी वन्द छ र दुःखादि युक्त हुन्छ। आफ्नो स्वरूपको श्रवण आदि उपायबाट आत्मस्वरूपको साक्षात्कार भए सारा दुःखबाट मुक्त हुन्छ।

अध्यासबाट आत्मा इन्द्रिय आदि बनेको छ। अविद्याले आत्मा नै इन्द्रिय आदिरूपले कल्पित भएको छ—तर कल्पित पदार्थ हो अधिष्ठान रूपनै।

जगत् हो तिन प्रकारको :—

(१) अज्ञात (२) संदिग्ध र (३) मिथ्यारूपले ज्ञात। साधारण मनुष्यले जगत्को यथार्थ स्वरूप (जगत् हो मिथ्या यस्तो) सुनेको छैन। त्यसकारण तिनको लागि जगत् हो अज्ञात।

जिज्ञासुको लागि जगत् (संसार) हो संदिग्ध। जिज्ञासु निश्चय गरेको छैन कि जगत् सत्य हो वा मिथ्या हो—जिज्ञासुको निम्ति जगत्को यथार्थ स्वरूप निश्चित छैन। जसको द्वैत मतमा निष्ठा छ (अर्थात् जसको जगत्को सत्यतामा आग्रह छ) त्यसको निम्ति जगत् सत्य भएर प्रतीत हुन्छ (अर्थात् द्वैतमा निष्ठा भएको मनुष्यले जगत् वास्तवमा मिथ्या हो यस्तो जानेको छैन)—त्यसकारण जगत्लाई त्यो मानिसले उल्टारूपले जानेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुति भन्नु हुन्छ कि जगत् ब्रह्मरूप नै हो—जगत्को (प्रपंचको) तत्व हो ब्रह्म नै जगत् हो शुद्ध चैतन्यमा कल्पित भएको ।

आत्मा हो अपरोक्ष स्वरूप—यो श्रुतिबाट मात्र सिद्ध होइन किन्तु अनुभवले पनि सिद्ध छ । आत्मा परोक्ष भए उसको बारेमा अज्ञान (आफुलाई न जान्नु), संशय र विपर्यय (विपरित ज्ञान) हुने थियो । घटादि पदार्थमा परोक्ष ज्ञान संभव छ तर आत्मामा न जान्नु, संशय हुनु किम्वा उल्टा संझनु बन्दैन । आत्मा सदानै प्रकाशित छ त्यसकारण आत्मा हो अपरोक्ष स्वरूप । त्यो हो वास्तवमा शुद्ध ब्रह्म वस्तु, किन कि ज्ञान उत्पन्न हुनुको पहिले पनि सम्पूर्ण वस्तु हो ब्रह्म नै । आत्मा पनि सबैको अधिष्ठान ब्रह्म चैतन्य नै हो ।

ब्रह्म हो सर्वात्मक (अर्थात् शुद्ध चैतन्य हो सबै पदार्थ-को वास्तविक स्वरूप) । ब्रह्म चैतन्य स्वरूप भएको हुनाले त्यो अनुभव रूप पनि हो । आत्मा ब्रह्म देखि अभिन्न हो त्यसकारण आत्मा पनि हो सर्व रूप र अनुभव रूप पनि (आत्मा अनुभवले सिद्ध हुन्छ—श्रुतिबाट मात्र सिद्ध होइन ।)

ब्रह्ममा परोक्ष भाव र आत्मामा संसारी भाव वास्त-विक होइन । त्यो हो अज्ञान जनित ज्ञान भए त्यसको निवृत्ति हुन्छ ।

आत्मज्ञान नभए सम्म कर्तव्यको समाप्ति हुन सक्तैन । आत्मज्ञान भए कुनै कर्म कर्तव्यरूपले बांकि रहँदैन । किन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कि जो फलको कामना गर्छ त्यसको लागि हो कर्म । आत्म-ज्ञानीको कुनै फलको कामना रहँदैन त्यसकारण तिनी कृत-कृत्य हुनु हुन्छ ।

तृतीय-किरण

म भाव (प्रमाता भाव) उपाधिको सम्बन्धबाट खड़ा हुन्छ—त्यसलाई साह्रो भाव भन्द छ । जस्तो तेजको संयोग-ले पानी कठिन हुन्छ त्यस्तो शरीर आदिको संयोगले आत्मा-को प्रमाता भाव प्राप्त हुन्छ । समुद्रको पानी नुनको खानी-मा आएपछि सूर्य तापले पाकिकन डल्ला हुन्छ त्यो डल्ला पानीमा प्राप्त भए पानी रूप नै भै हाल्छ । त्यस्तै ज्ञान भए पछि संम्पूर्ण प्रपंच सहित अज्ञानको निवृत्ति हुन्छ—जीव-भाव (प्रमाता भाव) नष्ट भै हाल्छ ।

सामान्य पानी—स्वाभाविक ब्रह्म ।

विशेष पानी—अज्ञान उपाधियुक्त साक्षी चैतन्य ।

नूनको खानी—शरीर, इन्द्रिय र मन ।

सूर्यको ताप—अज्ञान ।

(यो हो डल्लो भावको कारण)

प्रत्येक आत्मा नै अविद्याको वशले शरीर इन्द्रियको अभिमानी भएर सुख दु:खको भोक्ता बन्द छ ।

चैतन्य चित् प्रतिबिम्बसित मिलेर कर्तृत्व भावलाई अनुभव गर्दछ । वेदान्त वाक्यको श्रवण, मनन, आदिबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत् आफ्नो वास्तविक ब्रह्म स्वरूपको अवधारण गर्दछ तब कल्पित क्लेशबाट मुक्त भै हाल्छ ।

आत्माको ज्ञानभए सबै कुराको थाहा संभव हुन्छ र सारा अज्ञानको निवृत्ति हुन्छ, किनकि आत्मा वाहेक अरू केही पनि छैन । यसरी डल्लो भावको सम्पूर्ण अभाव बन्द छ । जो चाँहि अविद्या उपाधि वशले कर्ता भोक्ता बनेको थियो त्यो अविद्या निवृत्त भए पछि ब्रह्म स्वरूपमा स्थित हुन्छ ।

अनात्म पदार्थ वास्तविक भए त्यो ब्रह्मज्ञान आत्मा हुन सक्ने थिएन । संसार हो अज्ञान जनित । मिथ्या पदार्थको स्वरूप हो प्रतीति मात्र—वृत्तिविना त्यसको भान र सत्ता संभव छैन । ग्राहक ग्रहण आदि सारा आफ्नो स्वरूपको अज्ञान भएमात्र खडा हुन्छ ।

आत्मा हो स्वतः सिद्ध, जड़ जगत् हो प्रमाणबाट सिद्ध (वृत्तिद्वारा सिद्ध) । मुक्त पुरुषको व्यवहार भ्रान्ति वासनाले बन्दछ । देहको अनुवृत्तिको कारण हो वासना ।

स्वयं प्रकाश भएको हुनाले चैतन्य (कूटस्थ साक्षी) हो स्वतः सिद्ध । जगत् हो पराधीन प्रकाश—अर्थात् जगत्-को सिद्धि अरूद्वारा (चित्त वृत्तिद्वारा) बन्द छ ।

चतुर्थ-किरण

आत्मा अविद्याद्वारा चार प्रकारले अवस्थित हुन्छ—भोक्ता, भोग्य, कार्य र कर्ता । इनीहरूको वास्तविक स्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो प्रत्यक् चेतना नै। निर्विशेष ब्रह्म नै हो यीनीहरूको स्वरूप।

यथार्थ ज्ञानबाट जस्तो सर्पज्ञान बाधित हुन्छ (मिथ्या भनी गणीत हुन्छ) त्यस्तै ज्ञान उत्पन्न भए सम्पूर्ण दृश्य पदार्थको ज्ञान समेत बाधित भैहाल्छ। रज्जु तत्त्वको साक्षात्कार भए सर्पको पृथक् सत्ता जस्तो प्रतीत हुँदैन (अर्थात् सर्पको प्रतीति रज्जु सत्तामा हराई हाल्छ) त्यस्तै सम्पूर्ण जगत्को भिन्न भिन्न ज्ञान एक परमार्थ सत् र स्वयं प्रकाश ब्रह्म वस्तुमा सम्पूर्ण दृश्य प्रपंच हराई हाल्छ। विवेक भए जस्तो मानिस बुझ्द छ कि मुखको मलिनता ऐनाको हो मुखको होइन त्यस्तै अविवेकले संसारी मनुष्य मनोगत सुख-दुःखलाई आत्मागत भनी (आफुको भनी) ठान्दछ। विवेक उत्पन्न भए सारा संसारी भाव निवृत्त भै हाल्छ—सम्पूणं जगत् प्रपंच आफ्नो शुद्ध चैतन्य स्वरूप ब्रह्ममा अर्पित भैहाल्छ। ज्ञानी पुरुष आफुलाई ब्रह्मरूप देख्नु हुन्छ र कल्पित जगत्मा पनि चैतन्यस्वरूप ब्रह्मको अनुभव गर्नु हुन्छ। शरीर छुटेपछि ज्ञानीपुरुष निरूपाधिक ब्रह्म भैहाल्छ—तब कल्पित जगत्को अभाव हुन्छ। विदेह कैवल्य अवस्थामा ज्ञानवान् मनुष्यको आफूलाई सर्वात्मक भनी भान हुँदैन।

पंचम-किरण

प्रत्येक चैतन्य हो अज्ञान उपाधिसित युक्त भएको किन्तु कर्तृत्व भोक्तृत्व धर्मबाट रहित भएको। त्यो हो ब्रह्मदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभेद भएको वस्तु—प्रमाताभावको साक्षी जो आफूलाई संसारमा अध्यस्त मानेको छ यस्तो मुमुक्षु हो त्वं पदको अर्थ (तिमी श्यामकृष्ण) ।

मन बुद्धिदेखि साक्षी हो अतीत—त्यसकारण तिम्रो संसारबाट मुक्ति हुनेको चेष्टा संभव हुन्छ। अतिरिक्त साक्षी यदि सिद्ध भएन तब मुक्तिको लागि प्रयत्न पनि व्यर्थ छ।

कर्मकाण्डमा कर्तृत्व आदि विशिष्ट तर स्थूल देहादिबाट भिन्न आत्मा सिद्ध हुन्छ ।

ज्ञान काण्डमा कर्तृत्व आदि शून्य आत्मा (साक्षी) सिद्ध हुन्छ । प्रत्यक् आत्मा (साक्षी) हो तिमी र वेदान्तमा अधिकारी मानिस । ज्ञान शास्त्रमा को अधिकारी हो ? अज्ञान उपाधियुक्त साक्षी तिमी हौ मुक्तिको अधिकारी—अविद्याले गर्दा तिमीले आफुलाई ब्रह्म देखि भिन्न भनी मानेका छौ । त्यसो—भए अज्ञान उपाधि युक्त जो ब्रह्म चैतन्य तिमी नै हौ मोक्षको अधिकारी जो द्रष्टा हो (अर्थात् साक्षी हो) त्यो त्यस्तो तिमी हौ वेदान्तमा अधिकारी ।

विज्ञानमय द्वारा अधिष्ठित भएर शरीर आदि क्रिया गर्दछ—त्यसकारण सम्पूर्ण संघातदेखि विलक्षण जो तिमो (साक्षी) छौ त्यो शरीरमा विविध क्रिया गरी रहन्छौ ।

घटादि हो गौणरूपले अपरोक्ष वस्तु—किन कि वृत्ति द्वारा घटादिको प्रत्यक्ष हुन्छ । आत्मा हो स्वयं प्रकाश त्यसकारण खास अपरोक्ष वस्तु—अरू कुनै सहायबाट आत्मालाई प्रत्यक्ष गर्नु पर्दैन । म भन्ने वस्तु हो आत्मा—सुख दुःख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्ने मानिस आत्मा होइन। सुखी दुःखी हो प्रमाता त्यो-देखि भिन्न म भन्ने वस्तु हो शुद्ध चैतन्य—सुखी दुःखी भन्ने जो 'म' हो त्यो हो चैतन्य र जडको गाँठी। आत्मा हो त्यो गाँठी को प्रकाशक, मुख्य अपरोक्ष ब्रह्म चैतन्य नै हो।

ब्रह्म हो आत्मस्वरूप (तिमी श्याममकृष्णको आफ्नो वास्तविकरूप) नभए त्यो पुरूषार्थ हुन सक्ने थिएन।

ब्रह्म स्वरूप आत्मामा कुनै व्यवधान छैन—उसमा देश र कालको ब्यवधान छैन—त्यो हो सर्वदा प्राप्त र भिन्न कुनै स्थानमा स्थित न भएको।

अनरोक्ष हो स्पष्ट रूपले प्रकाशित आत्मा—त्यो हो प्रकाश (प्रत्यक्ष) रूप। आत्मा हो स्वयं प्रकाश—उसको प्रत्यक्ष हुनुमा कुनै पदार्थको व्यवधान छैन। केवल आत्मा हो स्वप्रकाश स्वभाव। ब्रह्म वस्तु कुनैको कार्य होइन, कुनै-को कारण पनि होइन—त्यो हो अव्यावृत्त र अनुगत (अर्थात् कुनै वस्तुमा अनुगत होइन) किन कि कुनै पृथक् वस्तु छँदै छैन त्यसकारण कुनै पदार्थ देखि आत्मा भिन्न पनि होइन। अज्ञानको आड लिएर ब्रह्मलाई जगत्को कारण भनिएको छ।

स्वर्ग प्राप्ति अत्यन्त पुरूषार्थ होइन। आत्मा हो परम प्रेमको वस्तु। मोक्ष पनि हो तद्रूप। मोक्षमा कसैको वैराग्य हुन सक्नैन। मोक्ष हो परम पुरूषार्थ।

आत्मा हो एक—त्यो हो सबैको भित्र स्थित वस्तु। आत्मा हो सबै प्रपंचको अधिष्ठान—उसैमा नै सारा प्रपंच-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को कल्पना हुन्छ । आत्मा अद्वितीय भएको हुनाले सर्वान्तर र सर्वात्म स्वरूप हो (अर्थात् सबै पदार्थको वास्तविक स्वरूप हो) आत्मामा प्रपंचको भ्रम भएको छ—आत्मा नै प्रपंचरूपले देखिन्छ ।

कल्पित प्रपंचलाई लिईकन आत्मालाई सर्वान्तर भनेको छ ।

तत् पदार्थ ब्रह्म र त्वं पदार्थ जीव अभिन्न हुन योग्य हो । अयोग्य भए एकता बोध प्रतिबन्ध युक्त हुने थियो (अर्थात् एकता नबन्ने थियो) । धर्मि मात्रको अभेदलाई अखण्ड अर्थ भनेको छ—जीव र ब्रह्मको अभेद हो अखण्ड रूप । जीव अपरोक्ष हो भनी सबैको अनुभव छ । ब्रह्म हों सबैको भित्र स्थित भएको चैतन्य । आत्माको ब्रह्मत्व सँधै मौजुद छ । तर अज्ञानले तिरोहित हुन्छ यसैले प्रत्यक्ष रूपले प्रतीत हुँदैन ।

सबैको भित्र अवस्थित भएको ब्रह्ममा पनि आत्मत्व मौजुद छ, किन्तु अज्ञानले ढाकिएको हुनाले त्यो प्रतीत हुँदैन । त्यसकारण ज्ञानीपुरूषको उपदेश—आत्मा र ब्रह्म एकै हो—अत्यन्त कल्याणकारी हुन्छ । ब्रह्मरूप आत्मा हो सबै जगत्को यथार्थ स्वरूप । स्वयं प्रकाश भएको हुनाले त्यी हो अत्यन्त स्पष्ट । त्यसको प्रकाशनको लागि अन्तःकरणको प्रयोजन छैन । सारा दृश्य पदार्थको आत्मा (वास्तविक स्वरूप) एकै हो—देह इन्द्रिय झैं भिन्न-भिन्न होइन । प्रमाण, प्रमेय, प्रमाता इत्यादि हुन् कल्पित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनिहरूको वास्तविक स्वरूप आत्मानै हो—किन कि दृश्य को आगम र अपायको साक्षी आत्मानै हो ।

प्रमाता प्रति शरीरमा भिन्न-भिन्न हुन्छ त्यसकारण देह झैं प्रमाता हो अनात्मा । प्रमाताको साक्षी (प्रमाता देखि भिन्न) हो सर्वत्र एक । त्यसकारण त्यो हो आत्मा । साक्षी हो अव्यभिचारी (उसको अभाव कहिले पनि कहीं पनि हुन सक्तैन) प्रमाता आदिको भेद भए ता पनि साक्षी भिन्न भिन्न हुँदैन । प्रमाताको अभाव साक्षीबाट थाहा हुन्छ । साक्षीको अभाव संभव छैन—साक्षी नै सारा कुरा-लाई देख्त छ, जान्द छ । अरू जान्नेवाला कोही पनि छैन । साक्षी अभाव भए त्यस अभावको प्रकाशक को हो ? अर्थात् साक्षीको अभावलाई सिद्ध गर्नको लागि अभावको साक्षी चाहिन्छ त्यसकारण साक्षीको अभाव बन्दै बन्दैन । साक्षी मौजुद भए उसको अभाव हुन सक्तैन । त्यसकारण सबै शरीरमा एउटा नै साक्षी हो—त्यसलाई प्रत्यक् आत्मा भनेको छ ।

जगत्‌सित आत्माको सम्बन्ध हो आध्यासिक (कल्पित) । जगत् आत्माको अज्ञानले आत्मामा कल्पित हुन्छ र आत्म-स्वरूपको ज्ञान भए आत्मामा हराउँ छ । यसैले जगत् पनि आत्म स्वरूप नै हो—आत्मा देखि भिन्न केही पनि छैन । आत्मा हो सब पदार्थको अधिष्ठान । सबैको अधिष्ठान भए को हुनाले आत्मा हो सबैको भित्र स्थित (सर्वान्तर वस्तु) ।

जस्तो रजत छैन सुक्ति छ तमस्तै जगत् छैन आत्मा नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ (जगत् आत्मा देखि भिन्न केही पनि होइन)। सबकुछ हो आत्म स्वरूप अर्थात् आत्मा हो सबैको आन्तर (सर्वान्तर वस्तु)।

षष्ठ-किरण

जो स्वयं प्रकाश वस्तु हो उसमा प्रमाणको प्रयोजन हुँदैन—त्यो स्वयं प्रमाणको साधक हो।

शरीर, इन्द्रिय र बुद्धि देखि आत्मा श्रेष्ठ हो—यसरी आत्माको सर्वान्तरता देखाईन्छ। त्वं पदार्थलाई परिशोधन गरे पछि ब्रह्म भै हाल्छ।

शरीरको भित्र छ इन्द्रिय, इन्द्रिको भित्र छ लिङ्गशरीर र लिङ्गशरीरको भित्र छ आत्मा। आत्मा हो सर्वान्तर भावको सीमा—त्यस भन्दा भित्र अरू केही पनि छैन।

स्वप्न अवस्थामा ज्ञानेन्द्रिय प्राणमा लीन हुन्छ। तब अनुरूप अविद्याको परिणाम जो स्वप्नका पदार्थहरू हुन् त्यसलाई मन द्वारा साक्षी देखी रहन्छ। पाँच प्राण, कार्य शरीर, करण ११ इन्द्रिय (दसौटा इन्द्रिय र एउटा बुद्धि)- यीनीहरू द्वारा शरीर आदिको चेष्ठाबाट अकर्ता आत्मा कर्ता भनी प्रतीत हुन्छ। अद्वितीय आत्मा अक्रीय भैकन पनि नजिकमा स्थित मात्र भएको हुनाले करणको अधिष्ठाता भएर-करण आदिलाई प्रेरणा गरेर त्यस त्यस क्रियाको भनी भनिन्छ। जस्तो चुम्बकलाई लोहाको आकर्षक भनी भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सावक्ष बुद्धि र उसको वृत्तिको कर्तृत्व क्रियात्व अध्यासले गर्दा नित्य दृक् रूप आत्मामा आरोपित हुन्छ। त्यसकारण द्रष्टा सर्वदा देखे ता पनि कदाचित् देख्त छ, कहिले देख्दैन यस्तो व्यवहार हुन्छ।

कार्य शरीर करण लिङ्ग—यीनीहरू हुन् विनाशी। केवल आत्माहो अविनाशी कूटस्थ लिङ्ग र शरीरलाई जो प्रेरणा गर्छ (जो चलाउँछ) त्यो नै हो आत्मा।

अपरोक्ष हो दुई प्रकारको— (१) मुख्य (२) गौण। आत्मा हो मुख्य अपरोक्ष। विद्वान्को प्रति आत्मस्वरूप (दृष्टि) नै हो अपरोक्ष। घट आदिको झैं आत्मा प्रत्यक्षको विषय हुन् सक्तैन। आत्मालाई प्रत्यक्ष देखाउनु सम्भव छैन। जान्नु किम्वा नजान्नुलाई जो कूटस्थ प्रकाश गर्छ त्यसलाई को देख्न सक्छ? (प्रकाश गर्न सक्छ)? कूटस्थ वाहेक अरू द्रष्टा छैन। आत्मा स्वयं प्रकाश हो—स्वज्ञानको स्वयं विषय हुन सक्तैन। यसकारण आत्मा हो अप्रमेय (प्रमाण-बाट जानीने वस्तु होइन)। त्यो आफू प्रमाणको साधक हुन्छ। त्यसकारण आत्माको सिद्धि प्रमाणबाट संभव छैन। समाधि अवस्थामा स्वयं विषयरूपले उसको अनुभव हुन्छ। आत्मा ज्ञानको विषय हुन सक्तैन। घटादिको झैं आत्मालाई प्रत्यक्षरूपले उसको अनुभव हुन्छ। आत्मा ज्ञानको विषय हुन सक्तैन। घटादिको झैं आत्मालाई प्रत्यक्षरूपले निर्देश गर्नु संभव छैन।

द्रष्टा, दर्शन र दृश्य यिनीहरूको साक्षी हो स्वयं प्रकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा । आत्मा अरू प्रमाणको विषय होइन । यो हो साक्षी-को स्वभाव– साक्षी प्रमाताबाट ग्रहण योग्य होइन ।

मनोवृत्ति हो अनित्य दृष्टि, साक्षी चैतन्यरूप दृष्टि हो नित्य । चैतन्य सित योग भए मनको वृत्ति भाषक हुन्छ । चैतन्य द्वारा वृत्तिरूप दृष्टि व्याप्त हुन्छ, आगन्तुक विषय र इन्द्रियको सन्निकर्षबाट मनको वृत्ति उत्पन्न हुन्छ त्यसकारण आत्म दृष्टिरूप चैतन्य पनि आगन्तुक झैं भाषित हुन्छ । व्याप्तिबाट आत्मा मा कर्तृत्वको आरोप हुन्छ—स्वतः आत्मा मा द्रष्टाभाव छैन ।

अविकारी भएको हुनाले आत्मा हो साक्षी । आत्माको मोह हो जगत्को कारण र नियन्ता भाव । वास्तवमा साक्षीभाव कारणता र नियन्ता भाव आत्मामा छैन—यिनी-हरू हुन् आविद्यक ।

सप्तम-किरण

सुषुप्ति कालीन अनुभव हो साक्षीमा प्रमाण । प्रमाता रहँदैन, ता पनि सुत्नलाई जो स्मरण गर्छ त्यो पहिले सुत्न-लाई अनुभव गरेको थियो । जो अनुभव गरेको थियो त्यस-लाई साक्षी भन्द छ (किन कि त्यसै वेला प्रमाता नभएको हुनाले अनुभविता हुन सक्तैन) । त्यसकारण सुषुप्ति कालीन अनुभव नै हो साक्षीमा प्रमाण । जो ज्ञान आदि वृत्तियुक्त हो त्यो हो प्रमाता । अभावको सिद्धि र भावको सिद्धिलाई साक्षीले स्वीकार गर्नु पर्छ । साक्षी हो स्वयं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाश—स्वयं सिद्ध (उसको सिद्धिको लागि साधक चाहिँदैन)। साक्षीलाई सिद्ध गर्न देशकालको अपेक्षा छैन । देशकाल आदिको सिद्धि साक्षीबाट संभव हुन्छ । साक्षी स्वरूप दृष्टि जन्म र नाशको प्रकाशक—त्यसकारण साक्षी हो जन्म र नाश रहित ।

मनोवृत्ति (प्रमाता आदि वृत्ति) मोह जनित भएको हुनाले अनित्य हो । साभास अज्ञान साक्षीको सन्निधि पाईकन प्रमाताद्वारा ज्ञानादिको आकारमा परिणत हुन्छ । यो परिणामको निमित्त कारण हो धर्म र अधर्म । यसरी मोह दृष्टि उत्पन्न हुन्छ । वृत्तिमान् चैतन्य (अनित्य चैतन्य) हो प्रमाता ।

प्रमाता चित्स्वरूप भए ता पनि र वास्तमा नित्य भए ता पनि वृत्ति विशिष्ट भएको हुनाले प्रमाता हो अनित्य ।

धर्मादि निमित्तबाट वृत्ति उत्पन्न हुन्छ, वृत्ति सनातन होइन । त्यसकारण वृत्तियुक्त चैतन्यलाई अनित्य भएको छ ।

'मैले निश्चय गरेको छु' यस्तो मनोवृत्तिमा म को अन्वय देखिन्छ—त्यसलाई कर्ता, भोक्ता भनेको छ । वृत्तियुक्त अन्तःकरणद्वारा अवच्छिन्न चैतन्यमा नै कर्तृत्व भोक्तृत्व धर्म मानिन्छ ।

'म स्मरण गर्दछु' यस्तो अनुभव हो त्यो वृत्ति विषयमा प्रमाण । जडरूप वृत्तिको प्रधानतालाई कर्तृत्व भनेको छ, चिदाभासको प्रधानतालाई भोक्तृत्व भनेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्य दृष्टिरूप साक्षीमा उत्पत्ति आदि व्यवहार उपाधिले गर्दा मानिन्छ। मनोवृत्ति रूप दृष्टिद्वारा साक्षी स्वरूपलाई देखिदैन। आत्मा हो नित्य दृष्टि र बुद्धिको साक्षी र अनित्य दृष्टिको कर्ता (अविद्याद्वारा कर्ता भनेको छ)। सबैलाई विषय गरेर जो आफू ज्ञानको विषय हुँदैन र स्वयं प्रकाश भएको हुनाले जो सबैको अपरोक्ष हो त्यसलाई सर्वान्तर (सबैको स्वरूप) भनेको छ। त्यो वाहेक अरू सारा हुन् विनश्वर। कार्य कारण रूप सारा पदार्थहरू अज्ञानद्वारा आत्मामा आरोपित छन्। जो चाहिं ज्ञानद्वारा निवृत्त भै हाल्छ त्यो हो मिथ्या। आत्मस्वरूपको अज्ञान कालमा प्रपंचको भान हुन्छ। आत्माको ज्ञान भए प्रपंचको निवृत्ति भैहाल्छ। त्यसकारण प्रपंच हो आत्मामा कल्पित। आविद्यक सारा प्रपञ्चको सारभूत अधिष्ठान नै हो आत्मा–जस्तो कल्पित सर्पको आत्मा हो रज्जु नै–त्यसकारण आत्मामा सर्वात्मकता हो अत्यन्त स्पष्ट। चैतन्य हो आत्मा—त्यो सर्वत्र विद्यमान छ, त्यो हो प्रत्येक स्वभाव (सर्वान्तर, सर्व द्रष्टा) भासमान सारा पदार्थ हो तुच्छ। आत्मादेखि अरू कुनै द्रष्टा छैन–दुई आत्माको संभावना छैन। त्यसकारण जीवात्मा र परमात्मा हो एकै वस्तु।

पारमार्थिक वस्तुको कल्पित धर्मसित विरोध हुँदैन। त्यो निरूपाधि रूपले असंसारी हो र उपाधि रूपले संसारी यस्तो मान्नुमा कुनै विरोध छैन। विद्याद्वारा अविद्याको निवृत्ति भए अद्वैत तत्त्व परमार्थतः देखिन्छ। आत्मा हो एक रूप तर अविद्या युक्त अन्तःकरण आदिको भेदले त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा अनेकरूप प्रतीत् हुन्छ । त्वं अर्थ जीवको परिशोधन भए ब्रह्मात्म तत्त्वको अनुभव हुन्छ ।

शरीर, इन्द्रिय, प्राण र बुद्धिदेखि भिन्न आत्मा हो साक्षी । त्यो साक्षी हो तिमी मुमुक्षु । जब प्राणादिको धर्म (संसार) लाई मुमुक्षु परित्याग गर्छ तब बन्धनबाट मुक्त हुन्छ । उपाधिसित संसर्गले भ्रान्ति उत्पन्न हुन्छ र त्यसबाट संसारी भाव प्राप्त हुन्छ । निरूपाधिरूप आत्मामा असंसारी-भाव अनुभूत हुन्छ—आत्माको यी दुवै भाव हुनुमा कुनै विरोध छैन ।

शास्त्र अनुसार विचार गरे निश्चय हुन्छ कि एक अद्वितीय ब्रह्म नै सम्पूर्ण व्यवहार रहित भएर विद्यमान छ। अविवेकी मानिसको संसार दशामा जो क्रिया कारक र फलरूप व्यवहार देखिन्छ त्यो वास्तवमा छैन । खान पिन आदिसित आत्माको कुनै सम्बन्ध छैन । तृष्णाग्रस्त मानिस-लाई जो शोक हुन्छ त्यो हो कामको बीज, विपरीत ज्ञान जनित अविवेक हो मोह किम्वा भ्रम । यो नै हो अविद्याको स्वरूप र सारा अनर्थको उत्पादक । शोक र मोह दुवै हुन्, मनका धर्म ।

जरा र मृत्यु हुन् शरीरका धर्म । यसरी प्राण (खान पिन) मन (शोक मोह) र शरीरको धर्म (जरा मृत्यु) हो संसार । जो दृष्टिको द्रष्टा हो, साक्षात् अव्यवहित अपरोक्ष र मुख्य सर्वान्तर आत्मा हो—जसमा संसार धर्म छैन—त्यसलाई आफ्नो वास्तविक स्वरूप भनी जाने पछि मुमुक्षु पुरुष मुक्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनात्म लोकको प्राप्तिको साधन हो तीन प्रकारको इच्छा (एषणा)—त्यसबाट विरत भैकन वस्तु पर्‍यो (यसैलाई संन्यास भनेको छ)। सारा साधनको लागि इच्छा हो फलको इच्छा त्यसकारण इच्छा हो एकै (साधन र फलको इच्छा हो एकै भिन्न-भिन्न होइन)।

अष्टम-किरण

संसार धर्म रहित आत्मा देखि भिन्न जो क्रिया फल र उसको साधन हो त्यो सारा अविद्याको विषय हो (त्यो सारा वास्तवमा छैन)। आत्मज्ञानीको अविद्याको विषयमा अधिकार हुन सक्तैन। जो विद्वान्‌को विषय हो क्रिया फल र साधन हो भिन्न-भिन्न पदार्थ—त्यो सारा साधन र फल हो एषणा (इच्छा) नै।

सारा एषणाको तिरस्कार भएपछि पाण्डित्य उत्पन्न हुन्छ। आत्मज्ञान भए तिनै एषणाको परित्याग संभव हुन्छ।

एषणाबाट उपरत भएर मुमुक्षु पुरुष ज्ञानवललाई (वाल्य लाई) अवलम्बन गरेर स्थित हुन्छ। अनात्मवेत्ताहरू साधन फलको सहारा लिएर बस्छ। ब्रह्मवेत्ता अ-साधन फलस्वरूप आत्म विज्ञानको बल अवलम्बन गर्छ। त्यस कारण नै इन्द्रिय विषयमा आशक्त गर्न सक्तैन। ज्ञानवल हीन मानिसलाई एषणा विषयमा (इच्छा गरेको विषयमा) इन्द्रियहरू प्रेरित गर्छ। आत्मविद्या द्वारा (म चैतन्य स्वरूप हूँ यसैको वलले) विषय दृष्टिलाई तिरस्कार गर्नलाई बल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेको छ। सारा अनात्म प्रत्ययलाई तिरस्कार गरी पुरुष कृतकृत्य हुन्छ र 'सब कुछ ब्रह्म नै हो' यो ज्ञान प्राप्त गर्छ।

वेदान्तको तात्पर्य निर्णय गर्नेलाई श्रवण (पाण्डित्य) भनेको छ। युक्ति द्वारा अनात्म दृष्टिलाई तिरस्कार गर्नु हो मनन (बाल्य)।

'म हूँ परब्रह्म, म वाहेक अरू केही छैन' मनद्वारा यस्तो अनुसन्धान हो निदिध्यासन (मौन)।

सत्, असत् विवेकीलाई पंडित भनेको छ। जसको बुद्धि शुद्ध भएको छ—असत् बुद्धि नष्ट भएको छ—त्यो हो पण्डित। शास्त्रबाट सन्देह रहित आफ्नो यथार्थ स्वरूपको ज्ञान जसको भएको छ त्यो हो पण्डित।

ब्रह्मवेत्ता गुरूबाट शास्त्रद्वारा आत्म स्वरूपलाई यथार्थ रूपले श्रवण गरिकन आत्मज्ञान र पाण्डित्यलाई पूर्ण सम्पादन गरिकन बाल्य भावमा स्थित रहनु।

बाल्य भाव हो राग द्वेष शून्य। त्यसकारण अत्यन्त शुद्ध हृदय। श्रवणको पछि ज्ञानबल भावलाई अवलम्बन गरेर स्थिर मनन गर्नु। आत्मज्ञान नै हो बल—अर्थात् युक्तिको सहाराबाट मनन गर्नु। मनन् हो अनुमान रूप। ज्ञानलाई सम्पादन गर्नु (मनन गर्नु)।

शास्त्रको तात्पर्य निश्चय हो श्रवण। श्रवण गरेको अर्थमा असंभावनालाई हटाउनको लागि युक्तिद्वारा अनुचिन्तन गर्नु को नाम हो मनन। ज्ञानलाई प्रबल तुल्याउनु पर्छ, नत्र संसारमा प्रेम उत्पन्न भै हाल्छ। मननबाट ज्ञान प्रबल भए-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि संसारको इच्छा प्रबल रहन सक्तैन। संन्यासीले प्रधानरूपले यो ज्ञान अभ्यास नै अनुष्ठान गर्नु पर्छ।

त्यस पछि मुनि भएर रहनु पर्छ।

(१) आत्मस्वरूपको यथार्थ निर्णय गरेर।

(२) संशयको निवृत्ति पूर्वक बुद्धिवृत्तिलाई शान्त तुल्याउनको लागि।

(३) ध्यानको र समाधिको अभ्यास गर्नु पर्छ (मुनि भएर स्थित रहनु पर्छ—मनको विषयाकार वृत्तिलाई उठ्न नदिएर आफ्नो स्वरूपको अनुभवमा लागि रहनु पर्छ)। श्रवण मनन रात दिन अनुष्ठान गरे पछि निदिध्यासन संभव हुन्छ।

संशय रहे सम्म श्रवण आवश्यक छ। अयोग्यता ज्ञान, संशय आदिको निवृत्तिको लागि मनन गर्नु पर्छ (जसबाट वाक्यार्थ ज्ञानको प्रतिबन्ध नहोस्)। आत्मसाक्षात्कार नभए सम्म निदिध्यासन आवश्यक छ। स्वरूपको सम्यक् बोध उत्पन्न भए सारा कर्तव्य समाप्त हुन्छ। आत्म विषयक—चित्तको वृत्ति कहिले कहिले छुट्नुको नाम हो ध्यान। आत्मविषयक चित्त वृत्ति निरन्तर भै रहे पछि विषय वासना निवृत्ति हुन्छ र चित्तवृत्ति प्रशान्त भैहाल्छ। जब चित्तवृत्तिबाट परमानन्द ब्रह्म वस्तुको अनुभव हुन्छ तब निर्विकल्प समाधि प्राप्त हुन्छ।

ज्ञानवान् पुरुष शुद्ध बुद्धि भएको हुनाले तिनको अनिष्ट—आचरणमा स्वभावतः नै प्रवृत्ति हुँदैन—शुद्ध आच-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रणमा स्वतः प्रवृत्ति भै रहन्छ। वासनाको बलले तिनको चेष्टा संधै व्यवस्थित नै रहन्छ। यो ब्रह्मावस्थानरूप अनात्म धर्म रहित आत्म स्वरूप देखि भिन्न अविद्या विषयक एषणा आदि वस्तु हुने विनश्वर–सारा विषय हो स्वप्न माया मरिचिका झैं असार। अनुपादेय, केवल एक आत्मा नै हो नित्य मुक्त र नित्य तृप्त। आामा नै हो ब्रह्म स्वरूप। ब्रह्म वस्तु शोधित त्वम् अर्थ देखि अतिरिक्त होइन–त्वं अर्थ नै हो ब्रह्म। अविद्याको वशले भिन्न भिन्न भान हुन्छ–अविद्या उन्पन्न नभए यथार्थ अभेदको अनुभव हुन्छ। विद्या हो प्रकाशरूप, अविद्या हो अन्धकार रूप। विद्याको उदय भए अविद्या र सारा कार्यलाई एकै कालमा निवृत्त गरी दिन्छ। संसारी मानिसलाई ब्रह्म र आफूमा एकताको भान हुँदैन, ज्ञानवान्लाई जगत्को भान हुँदैन।

भोक प्यास आदिको साक्षी आत्मा, प्राण आदि देखि भिन्न हो। भोकको र उसको अभावको जो साक्षी हो त्यो वास्तवमा भोक रहित हुन्छ। जो साक्षी हो उसमा ब्रह्मत्व प्राप्तिको बाध संभव छैन।

एकै आत्मामा संसारी पुरुषको बन्धन प्रतीत हुन्छ र तत्त्व ज्ञानीलाई बन्धको अभाव प्रतीत हुन्छ।

शोकको कार्य हो प्रवृत्ति मोहको कार्य हो अनर्थ प्राप्ति ! आत्माको कुनै प्रकारको धर्मसित संसर्ग छैन किनकि संसर्ग भए आत्माको मुक्ति संभावना थिएन। अज्ञानको फलले आत्माको उक्त धर्ममा प्रतीति हुन्छ। यथार्थ ज्ञान-बाट मुक्ति सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अज्ञान उपाधि युक्त ईश्वर हो भोक प्यास आदि धर्मवान् (सबैको मूल कारण हो ईश्वर)। निरूपाधि ईश्वर नित्य प्राप्त भएता पनि अज्ञानले अप्राप्त जस्तो हुन्छ। ईश्वरको उपाधि (अज्ञान) नष्ट भए उपहित ईश्वरको पनि अभाव मानिन्छ—त्यसकारण भोक प्यास आदिको पनि अभाव सिद्ध हुन्छ।

अज्ञानलाई विषय गरे छैन यस्तो ज्ञान (वृत्ति) अज्ञान-को निवर्तक हुन्छ। तत्त्व ज्ञानद्वारा अज्ञान निवृत्त भए भोक प्यास आदिको सम्बन्ध आत्मामा रहँदैन। भोक प्यास द्वारा मूल कारण (ईश्वर) जो प्राणको हेतु तम (अन्धकार अज्ञान) हो त्यो देखाइएको छ। शोक मोहद्वारा—सूत्रात्मा देखाइएको छ। जरा आदि द्वारा विराट विवक्षित छ।

अज्ञानरूप शोक आदि रज्जुमा सर्प झैं आत्मामा कल्पित छ (शोकादि वास्तवमा तिमिमा छैन)। आत्मज्ञान द्वारा कार्य कारण रूप अज्ञानको नाश भए केवल एक आत्मा नै अवशिष्ट रहन्छ।

जो स्वयं प्रकाश आत्मा—मूलकारण अज्ञान र उसको कार्य सूत्र र उसको कार्य विराट—यी सारालाई खतम गरी दिन्छ त्यो नै हो सारा विकार रहित असंग परब्रह्म—त्यो नै हो मुमुक्षुको वास्तविक स्वरूप।

नवम-किरण

विषयमा दोष दर्शन विना वैराग्य परिपक्व हुँदैन। वैराग्य विना आत्मज्ञानमा अधिकारी हुनु संभव छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एषणा (पदार्थको लागि इच्छा) र काम हो पर्याय शब्द। कामना हो अप्राप्त विषयको। मुमुक्षु पुरुष आत्मामा नै अवाप्त काम हुन्छ (आत्मालाई पाइकन सारा कामनाको वस्तु प्राप्त भएको छ)--त्यसकारण मुमुक्षुको विषय कामना नभएको हुनाले कर्मको पनि अभाव स्वतः सिद्ध हुन्छ।

त्रिविध इच्छाबाट रहित हो (विषयबाट चित्तलाई झिकी दिनु) र विषयलाई ग्रहण नगर्नु (विषयको अपरिग्रह) यी दुई विद्वान्को बोध महिमाबाट प्राप्त हुन्छ। यो हो विद्वान्को लक्षण।

अधिक सुखको इच्छा हो आत्म स्वरूप मोक्ष—त्यो प्राप्त नै छ। आत्मा सबैको प्राप्त नै छ—त्यसकारण तत् विषयक इच्छा (आत्मालाई प्राप्त गर्नको इच्छा) हुन सक्तैन।

आनन्दघन अवस्थामा दुःख हुन सक्तैन। सूर्य भगवान् लाई अन्धकार निवृत्त गर्न इच्छा हुन सक्तैन। फलको इच्छा निवृत्त भए पदार्थ परिग्रहको अभाव स्वतः प्राप्त हुन्छ।

शास्त्र विद्वान्को बारेमा लागु छ—विधि र निषेध पनि विद्वान्को संन्यासको बारेमा लागु छ।

प्रारब्ध कर्म भोगको लागि विद्वान्को शरीरसित सम्बन्ध हुन्छ। त्यसकारण तिनको अनाशक्ति पूर्वक कर्ममा प्रवृत्ति-मानिन्छ। ज्ञान उत्पत्ति भए सारावासना निवृत्त हुन्छ। प्रारब्ध कर्म वाहेक अरू कर्मको नाश ज्ञान द्वारा हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रारब्ध कर्म नष्ट भए ज्ञानीको देह पात हुन्छ र त्यस पछि विदेह कैवल्य मानिन्छ ।

सन्यास हुन् दुइ प्रकारका । (१) तत्त्व विद्या पूर्वक फलात्मक (फलरूप संन्यास) र (२) आपात ज्ञानरूप किम्वा विविदिषा त्याग ।

पहिले त्याग हुन्छ त्यस पछि आत्मज्ञान लाभ हुन्छ । दोश्रा सन्यासमा आपाततः अद्वैत आत्मज्ञान हुन्छ । जिज्ञासुको यथार्थ ज्ञानको साधन हो सन्यास ।

किम्वा एक हो विद्वान्को लक्षण र आर्को हो जिज्ञासुको ज्ञान साधन । जिज्ञासुको कर्मत्याग ज्ञानीको कर्मत्यागको समान स्वाभाविक होइन । ज्ञानीको कर्मत्याग हो स्वाभाविक—उसमा विधिको अपेक्षा छैन । जिज्ञासुको त्याग स्वतः प्राप्त होइन—त्यसकारण उसमा विधि मान्नु आवश्यक छ । जिज्ञासु अद्वितीय आत्मज्ञानको उत्पत्तिको निम्ति साराकर्म परित्याग गरेर श्रवण मनन आदिमा तत्पर हुन्छ । त्यागनै हो मोक्षको उत्तम साधन ।

राग (विषयमा आशक्ति) हो अत्यन्त प्रबल । राग आदिको परिपाक विना श्रुतिमा कहिएको सन्यासमा अधिकार हुँदैन । निरभिसन्धि कर्मानुष्ठान विना रागादि दोषको परिपाक हुन सक्तैन । निखिल कर्मको परिपाक भए मात्र चित्त शुद्ध हुन्छ । चित्त शुद्धि विना ज्ञानमा अधिकारी हुनु बन्दैन । विद्वान् र मुमुक्षुको सन्यास प्रतिपादन गरिकन शास्त्रले फेरि देखाएको छ कि जुन मानिसहरूको अग्निहोत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि कर्ममा अधिकार छैन यस्तो अन्ध, बधिर, पंगू मनुष्यले उत्तम जन्म प्राप्तिको लागि सन्यास आश्रम ग्रहण गरोस् । उत्तम जन्मको प्राप्ति हो ब्रह्मलोक प्राप्ति—यो हो जन्मको उत्तम फल र यो हो क्रम युक्तिको मार्ग । कर्मको अनुष्ठान द्वारा राग द्वेष कषायको परिपाक गर्नु पर्छ जो कर्ममा अनधिकारी अन्ध बधिर मनुष्य हो त्यसको लागि स्मृति शास्त्रमा कहिएको सन्यास—रागादि परिपाकको लागि— विहित भएको छ ।

यसरी सन्यास तीन प्रकारको देखिन्छ :—

(१) विद्वत् सन्यास (मुख्य सन्यास) ।

(२) मुमुक्षुको सन्यास—यो हो तत्वज्ञानको साधन ।

विविदिषु पुरुषमा श्रवण मनन आदि व्यापार रहन्छ— तत्वज्ञानीमा रहँदैन । ज्ञानी आत्मरति परायण हुनुहुन्छ र प्रारब्ध कर्मको क्षयको निम्ति जीवन यापन गर्नु हुन्छ ।

(३) अव्रति मनुष्यको स्मार्त सन्यास ।

दशम-किरण

ज्ञानको इच्छाको साधन हो कर्म । कर्म त्याग हो ज्ञान-को साधन । परिशुद्ध भए विविदिषा (ज्ञानको इच्छा) उत्पन्न हुन्छ । विविदिषा उत्पन्न भए कर्मको त्याग विहित छ ।

सद् असद् विवेकलाई पण्डित भनेको छ । तत्वज्ञानलाइ पाण्डित्य भनेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रवणको अनन्तर ज्ञानबल भाव द्वारा स्थिर मनन गर्नु पर्छ। विज्ञानबलले माथि स्थित भएर मनन गर्नु। विद्वान्को बल हो आत्म ज्ञान—कर्म जनित धर्मादि होइन।

अयोग्यता निरसनको लागि मुक्तिको सहाराले मनन गर्नु पर्छ—योग्यता ज्ञानलाई सम्पादन गर्नु पर्छ।

शास्त्र तात्पर्य निश्चय हो श्रवण, असंभावना निवृत्तिको लागि मुक्तिको अनुचिन्तनलाई मनन भनेको छ। ज्ञानप्रबल नभए असंभावना निवृत्त हुन सक्तैन—बरू एषणा (विषयको इच्छा) उत्पन्न भै हाल्छ, अर्थात् संसारमा वृत्ति उत्पन्न हुन्छ। त्यसकारण ज्ञानलाई बलियो तुल्याउनु पर्छ—ज्ञानाभ्यासमा लाग्नु पर्छ।

आफ्नो स्वरूपलाई यथार्थ निर्णय गर्न हो **पाण्डित्य**।

संशयको निवृत्ति हो **बाल्य**।

बुद्धि वृत्तिलाई शान्त तुल्याउनाको लागि ध्यान र समाधि अभ्यास हो **मौन**।

विक्षेप पूर्वक चित्तको आत्माकार वृत्ति हो **ध्यान**।

बिषय वासनाको सम्पर्कले चित्त चञ्चल हुन्छ। आत्म विषयक निरन्तर ध्यान हुँदै गरे पछि विषय वासना निवृत्त हुन्छ र चित्तवृत्ति प्रशान्त भैहाल्छ—चित्तवृत्ति परमानन्दलाई प्रकाश गरीहाल्छ—यसलाई निर्विकल्पसमाधि भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादश-किरण

ज्ञानीभक्त (विद्वान्) त्वं पदार्थलाई सामान्य रूपले जानिकन नै त्रिविध एषणा (अनात्म विषयक इच्छा) बाट उपरत भएर सन्यास ग्रहण गर्छ । सन्यासी भैकन श्रवण मनन आदिद्वारा तत् पदार्थ अक्षर (अविनाशि) स्वरूप आफ्नो आत्मालाई अनुभव गरीहाल्छ । स्वयं प्रकाश अनुभव स्वरूव भएको हुनाले आत्मस्वरूपको अस्वीकार हुन सक्तैन । वास्तवमा आत्मा नै हो प्रमाण आदि सारा वस्तु-को साधक । त्यसकारण आत्मा हो स्वयं सिद्ध । उसको अपलाप (अभाव) हुन सक्तैन ।

यो एकरस आत्म तत्व हो आफ्नो अनुभवस्वरूप । प्रत्यगात्मा भएको हुनाले त्यसलाई तिमी आफू अनुभव गरीहाल (प्रत्यक्ष रूपमा जानी हाल) । तिम्रो आत्मा (तिम्रो निजी स्वरूप) तिम्रो अनुभव द्वारा सिद्ध छ, किन कि कुनै प्राणिको आफूमा (आफ्नो स्वरूपमा) संशय विपर्यय किम्वा अज्ञान रहन सक्तैन । 'म छु कि छैन ?' किम्वा 'म छैन' यस्तो संशय कसैको हुँदैन । बरू सबैको 'आफू छु' भनी आफ्नो सत्ताको दृढ़ निश्चय छ । त्यसकारण उसमा अरू प्रमाण दिन कुनै प्रयोजन छैन ।

त्यो स्वप्रकाश र असंग भएको हुनाले ज्ञानको विषय होइन । जो चाहि विषयी (विषयहरूको प्रकाशक) हो त्यो ज्ञानको विषय हुन सक्तैन । त्यसकारण त्यो प्रकाश देखि भिन्न अरू केही पनि होइन । त्यो हो केवल प्रकाशरूप,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ देखि भिन्न अरू केही होइन । तत्त्वमसि (त्यो ब्रह्म तिमी हो) वाक्य विधि मुखले जस्तो आत्मा र ब्रह्मको एकता बताउँछ त्यस्तै स्थूल आदि वाक्य पनि आत्मा र ब्रह्मको एकता परक हो (स्थूलादि निषेध परक होइन) । किन कि स्थूलादि निषेधको अनुवाद गरिकन प्रत्यगात्माको ब्रह्मत्व बोधन गरेको छ ।

स्थूलादि पर्वत हुन् तीन प्रकार—(१) प्रमाता (२) प्रमाण र (३) प्रमेय यी तीनका निषेधबाट निषेधको अवधि (सीमा) रूपले जो निषेधको साक्षी स्वयं प्रकाश तत्व हो त्यसलाई ब्रह्म भनी जान ।

द्वादश-किरण

परमात्मालाई जगत्को कारण शास्त्रमा भनेको छ ता पनि जगत्को कारणता परमात्माको असलि लक्षण होइन । आत्मा किम्वा ब्रह्मको स्वरूप लक्षण हो पारमार्थिक सत्यता चैतन्यरूपता र अनन्तता । यसरी अन्तर्यामी नियन्ता कर्म-फलदातारूप परमात्मालाई जानेपछि मात्र पुरुषार्थ सिद्ध हुँदैन । अन्तर्यामी किम्वा नियन्ता रूप ईश्वरलाई जान्नाले मात्र पुरुषार्थको सिद्धि हुँदैन—किन्तु जो अक्षर परमात्मा हुनु हुन्छ त्यसलाई जान्नुको साधन हो अन्तर्यामीलाई जान्नु ।

अक्षर परमात्मा अर्थात् निर्गुण ब्रह्म चैतन्य हो असंसारी । किन्तु नियमन किम्वा प्रशासन विना पृथ्वी स्वर्गादि जगत् नियन्त्रित रहन सक्तैन । त्यसैले नियन्तालाई जानेपछि निर्गुण ब्रह्मलाई जान्नु स्वतः सजिलो पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नियन्ता र शुभाशुभ कर्मको फलदाता ईश्वरलाई अवश्य मान्नु पर्छ। कसरी ? हेर, तर्कना नगरिएको सुख दुःख जब मानिसलाई प्राप्त हुन्छ तब जान्नमा आउँछ कि जन्मान्तरमा गरिएको पुण्य पाप आदि कर्म यो जन्ममा फल दी राखिएको छ। नभए सुख दुःख अहिले हामीलाई किन प्राप्त भयो ? यसको जवाफ यो हो कि मैले अरू जन्ममा जो पाप पुण्य गरेको थिएँ त्यसैको फल हाम्रो अहिले मिली राख्यो। गरिएको कर्मबाट फल मिल्नु संभव छैन किन्तु सबैको नियन्ता सबैको अन्तर्यामी र सर्वज्ञ परमेश्वरले सबैको शुभाशुभ कर्मको फल प्रदान गर्नु हुन्छ। यसरी नियन्ता ईश्वरलाई अवश्य नै मान्नु पर्छ।

अक्षरको अज्ञानले संसार प्राप्त हुन्छ र उसको (निर्गुण ब्रह्म स्वरूपको) ज्ञानले संसार निवृत्त हुन्छ। संसारको मूल कारण हो आफ्नो स्वरूपलाई सम्यक् प्रकारले न जान्नु। सर्वज्ञ पुरुषमा (निर्गुण परमात्मामा) प्रशासिता धर्म अज्ञान-को वशले कल्पित हुन्छ। प्रशासिताभाव स्वाभाविक होइन (पारमार्थिक होइन) त्यसकारण परब्रह्मलाई सत्यको पनि सत्य भनी शास्त्रमा बताईएको छ। पृथ्वीदेखि आकाश सम्म हो सत्य र परब्रह्म हो सत्यको पनि सत्य।

स्वयं प्रकाश रूप अक्षर देखि भिन्न कुनै दृश्य छैन। श्रुतिले अशेष दृश्यको निराकरण गरेको छ। अक्षर देखि अतिरिक्त जीव द्रष्टा छैन। ब्रह्मवाहेक जड़ अजड़ सजातीय विजातीय सारा पदार्थको निराकरणबाट अखण्ड वस्तुरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुतिको तात्पर्यले लखाएको कूटस्थ एक चैतन्य अक्षर रूप ब्रह्म सिद्ध हुन्छ ।

निखिल जगत्को प्रतिषेध भए साक्षी अवशिष्ट रहन्छ, किन कि साक्षीको निषेध हुन सक्तैन । सबैको निषेधको साक्षी हो ब्रह्म ।

दृक् (आत्म) र दृश्य (अनात्मा, जड़)—यी दुईको वास्तविक कुनै सम्बन्ध छैन । सबै दृश्य दृक् स्वरूपमा अध्यस्त भएर प्रतीत हुन्छ । यसकारण दृक् र दृश्यको वास्तविक कुनै सम्बन्ध छैन ।

आत्मा देखि अतिरिक्त ब्रह्म छैन । आफ्नो स्वरूप नै हो ब्रह्म ।

अज्ञानकालमा—अज्ञान र उसको कार्य अनुसार आत्माको प्रतीति भएको हुनाले आत्मा अपूर्ण भनी प्रतीत हुन्छ । आत्मतत्वको ज्ञानभए आवरक अज्ञानको निवृत्ति हुन्छ र आत्मा वास्तविक स्वरूपमा अनुभूत हुन्छ । निर्विकल्प समाधि कालमा आत्मा निजी स्वरूपमा अवस्थित हुन्छ, अरू समय मा—जस्तो मनोवृत्ति उत्पन्न हुन्छ त्यस्तो आत्म स्वरूपको भान हुन्छ, जसलाई अविवेकी मानिस आफ्नो स्वरूप भनी मान्छ ।

यसरी आदि देखि अतिरिक्त, कर्तृत्व भोक्तृत्व आदि विशिष्ट आत्मको ज्ञान हो कर्मको उपयोगी किन्तु सब धर्म-देखि अतीत उदासीन, सकल भेद रहित जो वास्तविक आत्म स्वरूप हो त्यो हो कर्म विरोधी यसैले कर्मसित आत्मज्ञानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समुच्चय बन्दैन। आत्मा र ब्रह्मको एकताको विज्ञान हो भेद सापेक्षक कर्मको विरोधी। जोव र ब्रह्मको एकता हो सर्व कालीन---कहिल्यै पनि जीव ब्रह्मदेखि भिन्न होइन।

अजातवाद सम्बन्धि वस्तु निर्देशन :—

(१) प्रतीयमान सारा प्रपंच किम्वा दृश्य जगत् वास्तवमा उत्पन्न नभैकन पनि भासमान भैं राखेको छ। परमार्थ दर्शीको उसमा प्रीति हुन सक्तैन। जो जाग्रत, स्वप्न र सुषुप्तिकालमा प्रतीत हुन्छ त्यसलाई प्रपंच भनेको छ। त्यो सारा नै हो मिथ्या। जो परमार्थ सत्य वस्तु हो त्यो सारा प्रपंच देखि विलक्षण स्वभाव हो, सब कल्पित दृश्य पदार्थमा अनुगत हो र त्यसको अधिष्ठान र साक्षी हो। जो भूलले (भ्रमले) देखिन्छ त्यो अधिष्ठान विना सिद्ध हुन सक्तैन, त्यसकारण प्रपंच भ्रमको जो अधिष्ठान हो त्यो नै एकमात्र परमार्थ सत्य वस्तु हो–त्यो नै हो नित्य, प्रकाश स्वरूप सबैको वास्तविक सत्ता र सबैको द्रष्टा (अर्थात् कल्पित सारा पदार्थको प्रकाशक किम्वा साक्षी)।

जाग्रत र स्वप्नमा जस्तो दृश्य पदार्थको ग्रहण हुन्छ परमार्थ सत्य स्वरूपमा त्यस्तो कुनै पदार्थको ग्रहण संभव हुँदैन। सुषुप्तिकालमा जस्तो पारमार्थिक सत् वस्तुको ग्रहण हुन सक्तैन त्यस्तो नित्य आत्म स्वरूपमा तत्वको अग्रहण छैन–किन कि आत्म–तत्व स्वतः र सर्वदा प्रकाशित रहन्छ। यो अद्वैत आत्म स्वरूपको बोध (आत्म स्वरूपको सम्यक्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान हो मुमुक्षु मनुष्यको परम पुरुषार्थ—अर्थात् जीवनको सर्वोत्कृष्ट लक्ष्य)।

(२) जगत्‌को मिथ्यात्वको बारेमा युक्ति र उपपत्तिको प्रदर्शन गरिन्छ :—

स्वप्न दृश्य पदार्थ हो मिथ्या, किन कि उसको उपलब्धि देहको भित्र रहेका नाड़िको भित्र संभव हुन्छ। तर नाड़िको भित्र हात्ती प्रभृत्ति दृश्य पदार्थको अवस्था संभव हुँदैन। जीवले देहदेखि बाहिर गैकन स्वप्नको पदार्थलाई देख्दैन, किन कि एकै क्षणमा धेरै टाढा अवस्थित भएको पदार्थ स्वप्नमा देखिन्छ। जो ईष्टमित्रसित मिलछ पछि जागिकन तिनीहरूसित भेट्ने कुरा कोही पनि गर्दैन। यस्तो प्रकार नाना युक्तिबाट स्वप्न पदार्थको मिथ्यात्व सिद्ध हुन्छ। जाग्रत कालीन सारा जगत् पनि दृश्य पदार्थ भएको हुनाले स्वप्न दृष्ट पदार्थ झैं मिथ्या सिद्ध हुन्छ। स्वप्नमा जस्तो चित्तद्वारा कल्पित पदार्थ असत्य प्रतीत हुन्छन् र इन्द्रियबाट बाह्य दृष्टपदार्थ सत्य भनी प्रतिभात हुन्छ (किन्तु वास्तवमा यो उभय प्रकारका पदार्थ हुन् मिथ्या) त्यस्तो जाग्रत काल-को मानसिक र इन्द्रियग्राह्य यी दुवै प्रकारका पदार्थ हुन् असत्य अहिले प्रश्न हुन्छ कि त्यसो भए चित्तद्वारा कल्पित र वाह्य दृश्य पदार्थको द्रष्टा को हो ?

यसको जवाफ यो हो कि आत्मानै कल्पनाद्वारा पदार्थलाई रचना गर्छ र रचित पदार्थलाई देखी रहन्छ। आफ्नो वास्तविक स्वरूपलाई बिर्सिनु हो कल्पनाको कारण र आफ्नो स्वरूपलाई जान्नु (अनुभव गरी हाल्नु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै हो सारा कल्पना निवृत्तिको एकमात्र उपाय । जस्तो मन्द अन्धकारमा रज्जुको निश्चय न भएको हुनाले उसमा सर्प लट्ठी आदि अनेक प्रकारका विकल्प हुन्छन्। तर रज्जुको ज्ञान भए एकमात्र रज्जु नै बाँकी रहन्छ त्यस्तै अज्ञानी जीव-लाई नै भिन्न भिन्न प्रपंच प्रतीति भै रहन्छ र आफ्नो वास्तविक स्वरूपको ज्ञान प्राप्त भए अखण्ड अद्वैत वस्तु स्वरूपनै स्वतः प्रकाशित रूपले अवशिष्ट रहन्छ । ज्ञानी पुरुष सम्पूर्ण जगत्लाई स्वप्न, इन्द्रजाल किम्वा गन्धर्वनगर झैं देख्नु हुन्छ र कहिले पनि अद्वैत आफ्नो स्वरूपबाट च्यूत हुनु हुन्न ।

(३) युक्ति द्वारा अद्वैत तत्वको (जीव र ब्रह्मको एकताको) सिद्धि देखाइन्छ—

ब्रह्म हो मन वाणी र प्राणआदि को साक्षो । त्यसकारण जो उपास्य वस्तु हो त्यो ब्रह्म होइन । आत्मतत्व हो जन्म रहित र असंग । सुख दुःखादिसित त्यसको संसर्ग हुन सक्तैन । जीवको कारण उत्पत्ति, गमन, आगमन र स्थिति आदि द्वारा आत्म स्वरूपमा कुनै भेद हुँदैन । देहादि संघात हो स्वप्नको झैं कल्पित पदार्थ । आत्मा हो एक अखण्ड अजन्मा र निर्लेप वस्तु । प्रपञ्च हो ब्रह्म देखि अभिन्न । भेद वास्तविक होइन । किनी कि भेद माने पछि परमार्थ वस्तु उत्पत्तिशील सिद्ध हुन्छ । परीणामी वस्तु नित्य हुन सक्तैन । सद् वस्तुको जन्म हुँदैन । जो चाहिं असत् हो त्यो पनि उत्पन्न हुंदैन । त्यसकारण सम्पूर्ण द्वैत वस्तु र अनात्म वस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन् मनको दृश्यमात्र। मन जब अमनिभावमा आप्त हुन्छ तब दैतको लेश पनि उपलब्ध हुँदैन। पारमार्थिक सत्य आत्म वस्तुको बोध उत्पन्न भए जध चित्त केही संकल्प गर्दैंन तब मन अमनिभावमा प्राप्त हुन्छ। ग्राह्य वस्तुको अभाव भएको हुनाले ग्रहणको अभाव सहज सिद्ध हुन्छ। यसैलाई 'अस्पर्श-योग' भनेको छ। पातंजल योगीहरू अहंकारको अत्यन्त अभावरूप यो अभय स्थितिमा भय मान्द छ, किन कि यिनीहरू यसलाई आत्मनाश मान्नु हुन्छन्। यो अस्पर्शयोग हो उत्तम अधिकारी को निम्ति। जसको यसमा प्रवेश हुँदैन तिनीहरूको निम्ति दुःख नाश, आत्मबोध र अविनाशीशांति मनोनिग्रहको अधीन हुन्छ। यो मनोनिग्रह अत्यन्त धीर र वीर पुरुषको काम हो—यसको लागि अत्यन्त उत्साह, निरन्तर अध्यवसाय र परम धैर्य आवश्यक छ। यसबाट नाना प्रकार विघ्नको निवृत्ति हुन्छ। यसरी जब चित्त निरूद्ध भै हाल्छ तब आत्म स्वरूपको बोध उदित हुन्छ—तब अद्वैत तत्वको उपलब्धि हुन्छ यस प्रकारले युक्ति द्वारा अद्वैत तत्त्वको सिद्धि संभव भो।

(४) सारा दृश्य प्रपंच केवल मनको स्पन्दनले प्रतीत भै रहन्छ र मनको अमनिभाव प्राप्त भए बिल्कूल हराई हाल्छ। यो सारा दृश्यमान पदार्थ कतैबाट पनि आएका छैनन् र जांदैनन् पनि। प्रपंच को प्रतीति र अप्रतीति दुबै हुन् भ्रान्ति जनित। वास्तवमा प्रपंच उत्पन्न भएको छैन लयपनि प्राप्त हुँदैन। प्रपंच भ्रान्तिको आधार हो शुद्ध ब्रह्म चैतन्य, किन कि कोही भ्रान्ति निराधार हुन सक्तैन। रज्जु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा सर्प झैं ब्रह्ममा यो प्रपंच भ्रमको प्रतीति हुन्छ। सद्वाद असत्वाद, विज्ञानवाद, शून्यवाद, इत्यादि सारा मत हुन् असार—केवल अजातवाद (कुनै दृश्य पदार्थ उत्पन्न पनि भएको छैन, नष्ट पनि हुँदैन यो मत) हो युक्ति युक्त र आदरणीय।

कुनै वस्तु आफूबाट उत्पन्न हुन सक्तैन, अरू वस्तुबाट पनि उत्पन्न हुन सक्तैन। जो घट पहिले सम्म उत्पन्न भएको छैन त्यसबाट त्यो घट कसरी उत्पन्न हुन सक्छ? त्यस्तै उत्पन्न भएको हो यस्तो घटबाट अरू कुनैघट अथवा पट (कपडा) कसरी उत्पन्न हुन्छ? यस्तो हुन सक्तैन। सत्-असत् अथवा सदसत् पदार्थबाट पनि कुनै वस्तु उत्पन्न हुन सक्तैन। जो वस्तु विद्यमान छ त्यसको उत्पत्ति किन होला र जसको अत्यन्त अभाव छ त्यो कहाँबाट उत्पन्न हुन्छ? यस प्रकार—जो चाहिं छ र छैन यस्तो कुनै वस्तु हुन सक्तैन। त्यसकारण कुनै प्रकारले कुनै वस्तुको उत्पत्ति सिद्ध हुन सक्तैन। सब प्रकारको कार्य कारण भाव हो सर्वथा अनुत्पन्न। आकाश कुसुम आदि असत् कारणबाट आकाश कुसुमरूप असत पदार्थ जस्तो उत्पन्न हुन सक्तैन त्यस्तै असत्कारणबाट कुनै सद् वस्तु पनि उत्पन्त हुन सक्तैन। त्यस्तै घटादि सद् पदार्थ पनि कुनै अरू सत् पदार्थ को कारण हुन सक्तैन, किम्बा त्यसबाट कुनै असत् पदार्थ उत्पन्त होला यस्तो संभावना पनि छैन। यसप्रकार धेरै युक्तिको सहाराले जसको द्वैत पदार्थको अभाव अनुभव भएको छ तिनको फेरि जन्म हुँदैन। जसले कार्य कारणभाव शून्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमार्थ तत्त्वको ज्ञान प्राप्त गर्नु भयो उसले सब प्रकार शोक र संकल्पबाट मुक्त भएर अभय पद लाभ गर्नु भयो। जसले सारा भावबाट विलक्षण—सबै भावदेखि अतीत—भगवान्‌लाई जान्नु भयो (ईश्वरविज्ञान प्राप्त गर्नु भयो) उहाँ सर्वज्ञ हुनु भयो, किन कि उहाँले सारा प्रपञ्चको अधिष्ठानलाई जानी सक्नु भयो र जसले अधिष्ठानलाई जान्नु भयो उहाँले सब अध्यस्त पदार्थको वास्तविकस्वरूप-लाई अवश्य जान्नु हुन्छ। यसरी अद्वय ब्रह्मस्वरूपमा स्थित भएको परमात्मा पुरुषको कुनै कर्तव्य बाँकि रहँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानालोक

(अजातवाद)

प्रस्थानत्रय अनुसार अजातवादको सयुक्तिक निरूपण सृष्टि—समीक्षा निबन्धमा विस्तृत रूपले गरिएको छ। उत्तम मुमुक्षु पुरुषले त्यो विशेष रूपले प्रणिधान गर्नु योग्य छ।

प्रथम-प्रकरण

(आत्म स्वरूप हो अद्वितीय)

जस्तो! देखिन्छ कि रोगी पुरुषको रोग निवृत्त भएमात्र त्यसको स्वस्थता प्राप्त हुन्छ ठीक त्यस्तै धेरै दुःख युक्त संसारी मनुष्यको लागि जब जाग्रत, स्वप्न र सुषुप्ति रूप द्वैत प्रपञ्चको निवृत्ति भई हाल्दछ तब नै त्यो मानिस आफुलाई सुस्थ, अत्यन्त सुखी भनी अनुभव गर्दछ। त्यस-कारण यो ज्ञानालोक शास्त्रको प्रयोजन यो हो कि मुमुक्षु पुरुषलाई आफ्नो अद्वैत स्वरूपको प्राप्ति होस्।

प्रणवको (ॐ कारको) स्वरूप निर्णयबाट आफ्नो वास्तविक स्वरूप प्राप्त हुन्छ। यो चराचर जगत्लाई ॐकार मात्र भनिएको छ र यी सारा दृश्यमान प्रपञ्च हुन् वास्तवमा ब्रह्मरूप। ॐकारद्वारा अभिहित (कहिएको) यो आत्मस्वरूपका चार अंश छन्। विश्वलाई तैजसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विलय गरिकन पछि तैजसलाई प्राज्ञमा विलय पूर्वक त्यस पछि प्राज्ञलाई पनि परिशिष्ट आफ्नो तुरीय शुद्ध चैतन्य (साक्षी) स्वरूपमा विलीन गरेपछि अद्वैत आफ्नो स्वरूपको उपलब्धि (साक्षात्कार) हुन्छ । आत्मस्वरूपका चार अंश-को झैं वाचक ॐकारको पनि अ, ऊ, म र अर्धमात्र यी चार मात्रा छन् । अकारको साथ विश्वको तादात्म्य छ, ऊकारको साथ तैजसको र मकारको साथ प्राज्ञको तादात्म्य छ र परिशेषमा अर्धमात्रसित तुरीय आफ्नो स्वरूपको एकरूपता विद्यमान छ ।

रामगीता र पञ्चीकरण आदि ग्रन्थमा भनिएकछ छ । कि अकाररूप विश्वलाई उकारमा विलापन गर्नु, पछि सूक्ष्म उकार रूप तैजसलाई मकारमा विलय गरिदिनु र त्यसपछि कारणरूप मकार प्राज्ञलाई आफ्नो साक्षीस्वरूपमा विलापन गरेर अवस्थान गर्नु—अर्थात् 'म हूँ नित्य, शुद्ध, बुद्ध, मुक्त अद्वितीय पदार्थ सत्य, परमानन्द, चैतन्य' यस्तो अनुभव गरेर ज्ञानसाधन चित्तलाई शुद्ध साक्षी स्वरूपमा निमज्जित गरिदिनु । आफ्नो अखण्ड चैतन्य स्वरूपमा विलीन भएको चित्तलाई कहिले पनि न चलाउनु (नउठाउनु) किन्तु अचल चैतन्य समुद्र भएर स्थित रहनु ।

स्थूल सूक्ष्म र कारण प्रपञ्चको जो विलापन भनिएको हो त्यो स्वभावसिद्ध छ—कल्पित प्रपञ्को आविर्भाव र तिरोभाव अधिष्ठान स्वरूपमा नै संभव हुन्छ । त्यकारण जाग्रत अवस्था स्वप्नमा हराउँछ र स्वप्न अवस्था सुषुप्तिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लीन हुन्छ र सुषुप्ति अवस्था आफ्नै चैतन्य (साक्षी) स्वरूपमा विलीन भैहाल्छ। फेरि संस्कारको वशले जाग्रति आउँछ र यो जाग्रति खतम भए पछि स्वप्न अवस्था आउँछ र स्वप्न अवस्था पनि गई हाल्दछ र सुषुष्ति प्राप्त हुन्छ। यसरी सुषुप्ति पनि गईहाल्छ र जाग्रत अवस्था प्राप्त हुनको पहिलो क्षणसम्म आफ्नो अद्वितीय चैतन्य स्वरूप स्वयं अनुभूत हुन्छ। जाग्रत आदि सारा कल्पित अवस्थामा आत्मस्वरूप अनुस्यूत (विद्यमान) छ—तर वास्तवमा यो आफ्नो चैतन्य (साक्षी) स्वरूप हो जाग्रतादि देखि बिल्कुल रहित (अर्थात् तुरीय किंवा चतुर्थ अवस्था) ऊँकारको अर्धमात्राबाट यो अद्वैत चित् स्वरूप लक्षित हुन्छ। यसरी ऊँकारको सहाराबाट अद्वैत आफ्नो स्वरूपको अनुभव संभव हुन्छ।

साक्षात्कार विवेचन—

यो ज्ञानालोक प्रकरण ग्रंथमा जाग्रत, स्वप्न र सुषुप्तिको विवेचन द्वारा स्वयं प्रकाश आफ्नो अद्वैत पारमार्थिक स्वरूप निरूपित हुन्छ। आफ्नो सनातन अद्वैत स्वरूप हो तीन अवस्था देखि अत्यन्त पृथक्। वैश्वानर (किंवा विश्व) तैजस र प्राज्ञ हुन् क्रमले जाग्रत, स्वप्न र सुषुप्ति अवस्थाका अभिमानी भोक्ता (जीव) मनुष्यको वास्तविक स्वरूप हो तीन अवस्थादेखि विलक्षण तीन अवस्थाको साक्षी तुरीय (चतुर्थ) आफ्नो स्वरूप हो:—(१) विश्वदेखि भिन्न (किन कि उसमा बाहिरि पदार्थको ज्ञान रहँदैन) (२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो तैजसदेखि पनि भिन्न हो (किन कि उसमा आंतर पदार्थको ज्ञान पनि रहँदैन) (३) त्यो जाग्रत र स्वप्नको अन्तराल अवस्था देखि पनि भिन्न हो, (४) त्यो बीज (जीव) भावमय अविवेक स्वरूप सुषुप्ति देखि पनि हो भिन्न, (५) उसमा एकसाथ सबै विषयको ज्ञातृत्व (ईश्वर को सर्वज्ञता) पनि छैन, (६) उसमा अचेतनता पनि रहँदैन—उसबाट सुषुप्तिको अनुभव सिद्ध हुन्छ—अर्थात् सुषुप्ति अवस्थामा पनि आफ्नो तुरीय चैतन्य स्वरूपको अभाव हुँदैन। यसकारण (७) तुरीय आफ्नो स्वरूप हो अदृश्य (८) त्यो हो सारा व्यवहार देखि अतीत (९) त्यसलाई कर्मेन्द्रियबाट ग्रहण गर्नु बन्दैन, (१०) त्यो हो लिंग रहित, (११) त्यो शब्दबाट कथन गर्न योग्य होइन—जाग्रत आदि अवस्था आउँछ र जान्छ तर (१२) तुरीय साक्षी स्वरूप हो निर्विकार अनुभव रूप (त्रिपुटि पूर्वक सारा अनुभवको प्रकाशक मात्र) (१३) उसमा जाग्रत आदि अवस्थाको कुनै धर्म रहन सक्तैन, (१४) त्यो हो शांत अर्थात् अविकारी प्रकाश स्वरूप र (१५) भेदरूप र विकल्प रहित भएको हुनाले यो तुरीय आफ्नो स्वरूप (साक्षी) हो मंगल स्वरूप। जाग्रतादि अवस्था देखि विलक्षण भएको हुनाले उसलाई तुरीय (चतुर्थ) भनिन्छ। यो तुरीय पारमार्थिक आफ्नो स्वरूप हो एकमात्र जान्नको योग्य वस्तु।

यो पारमार्थिक निज स्वरूपको प्रबोध (सम्यक्ज्ञान) प्राप्तिलाई वास्तविक जाग्रत भनिन्छ। व्यवहार (अज्ञान) दशामा जो जाग्रत अवस्था आउँछ र जान्छ त्यो हो स्वप्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुल्य र अज्ञानी जो सुषुप्ति अवस्था प्राप्त गर्छ त्यो हो आफ्नो परमार्थिक स्वरूपको अप्रबोध (अग्रहण) मात्र, यसकारण अज्ञानीको लागि जो रात्रि हो त्यो ज्ञानीको निम्ति दिन छ र जो अज्ञानीको निम्ति दिन हो त्यो ज्ञानिको लागि रात्रि हो जुन मानिसहरू यथार्थ (तुरीय) आफ्नो स्वरूपलाई जान्दछन् तिनीहरूको निम्ति जाग्रत आदि सारा द्वैत प्रपञ्च (जगत्) हो असत्य—तर जो मानिस अज्ञानले द्वैत प्रपंचलाई सत्य भनी अनुभव गर्छ त्यो मानिस पारमार्थिक आफ्नो स्वरूपलाई जान्न सक्तैन (तुरीय साक्षी स्वरूप तिनको लागि मिथ्या प्रतीत हुन्छ)

अविद्या (किंवा अज्ञान) यसरी दुई प्रकारका छन्—(१) निद्रा (सुषुप्ति) रूप आफ्नो पारमार्थिक स्वरूपको अग्रहण र (२) स्वप्न रूप द्वैत प्रपञ्चको ग्रहण (यसलाई अन्यथा ग्रहण भनेको छ)। अज्ञानका यी दुई विभाग अरू ठाउँमा आवरण र विक्षेप नामले भनिएका छन्। वास्तवमा आफ्नो स्वरूपको अग्रहण हो आवरण र जाग्रत आदि द्वैत प्रपञ्चको (जगत्को) प्रतीति हो विक्षेप। आवरण भनेर पारमार्थिक सत्य वस्तुको अग्रहण (किंवा सुषुप्ति) लाई बुझाइन्छ र विक्षेप भनेर प्रपञ्चको प्रतीति (अर्थात् जाग्रत र स्वप्न अवस्था) लाई बुझाइन्छ। आफ्नो सनातन साक्षी स्वरूपको अग्रहण (रूपकरण) भए पछि द्वैत प्रपंचको दर्शन (अन्यथा ग्रहण रूप कार्य) संभव हुन्छ। जस्तो रज्जु स्वरूप दृष्ट नभए पछि मनुष्य सर्प देख्तछ त्यस्तै आत्मस्व-रूपको साक्षात्कार नभएर मात्र नाना प्रकारका जागतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थका दर्शन सम्भव हुन्छन्। जसकारण भिन्न भिन्न पदार्थका दर्शनरूप मिथ्याज्ञान (अन्यथा ग्रहण) जाग्रत कालमा पनि हुन्छ त्यसकारण जाग्रत दशा हो स्वप्न झैं (जाग्रत अवस्था स्वप्न देखि पृथक् छैन) त्यसैले विश्व र तैजस हो अज्ञान र विक्षेपयुक्त र प्राज्ञ हो केवल अज्ञानयुक्त। यसरी देखिन्छ कि—

(१) जाग्रत अवस्थामा स्वप्न (अन्यथा ग्रहण) र सुषुप्ति (अग्रहण) विद्यमान छ, (२) स्वप्न अवस्थामा सुषुप्ति पनि विद्यमान छ र (३) सुषुप्ति अवस्थामा केवल सुषुप्ति विद्यमान छ। त्यसकारण आफ्नो स्वरूपको साक्षात्कार नभए सम्म यथार्थ जाग्रत (प्रबोध दर्शन) प्राप्त हुन सक्तैन।

आत्म स्वरूप जागे पछि स्वप्न र जाग्रत दुई दशा रहित अद्वैत स्वरूपको अनुभव हुन्छ।

तुरीय साक्षी स्वरूप सुषुप्ति कालीन प्राज्ञ भाव देखि भिन्न हो। दुई अवस्थामा प्रपंच प्रतीति प्रमाता र प्रमेय (जगत्)—रहँदैन किन्तु प्राज्ञमा अज्ञान रूप बीज विद्यमान छ। तुरीय स्वरूपमा त्यो छैन—तुरीय आफ्नो स्वरूपमा स्वप्न र निद्रा (सुषुप्ति) छैन—मिथ्याज्ञान र आफ्नो स्वरूपको अग्रहण (रहँदैन) केवल शुद्ध चैतन्यरूप अनुभव प्रकाशित रहन्छ। जाग्रत आदि अवस्थाको साक्षीलाई तुरीय भनेको छ।

आत्म स्वरूपका चार अंश तल चित्र द्वारा देखाइन्छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आतमस्वरूप

विश्व	तैजस	प्राज्ञ	साक्षी
(जाग्रत अभिमानी) बाह्य पदार्थको ज्ञानयुक्त अन्यथा ग्रहण	(स्वप्नको अभिमानी) अंतर पदार्थको ज्ञानयुक्त अन्यथा ग्रहण	(सुषुप्तिको अभिमानी) बीज भावमय अविवेक युक्त अग्रहण	(अवस्थात्रय देखि अतीत तुरीय) अद्वितीय चैतन्य (ब्रह्म) निर्दृश्य दृक् स्वरूप पारमार्थिक जाग्रत किंवा साक्षात्कार ।
स्वप्न		स्वप्नको बीज	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्य जाग्रतमा मात्रनै अवस्थान गर्दैन। मनुष्यको सुख दुःखमय विषाद, कर्त्ता भोक्ता भाव, रागद्वेष आदिको अनुभव स्वप्न आदि अरू अवस्थामा पनि भई रहन्छ। जाग्रत जगत्‌को संपूर्ण अभाव स्वप्नमा देखिन्छ—स्वप्न अवस्थामा जाग्रत कालीन भोक, प्यास, शोक आदि केही पनि अनुभूत हुँदैन--तर जाग्रत अवस्थाको अभाव भए पनि आफ्नो स्वरूपको अभाव हुँदैन—विश्वभाव तैजस भावमा विलीन हुन्छ यसरी तैजस भाव पनि प्राज्ञ भावमा विलीन हुन्छ र प्राज्ञभाव (सुषुप्ति अवस्था) साक्षी आफ्नो वास्तविक स्वरूपमा विलीन भईहाल्छ। यी तीनै अवस्था हुन, आगमापायी र परस्पर व्यभिचारी तर यी व्यवस्थाहरूका भाव र अभावका प्रकाशक जो अद्वैत, अखण्ड, एकरस, सनातन, चित्‌स्वरूप (साक्षी) हो त्यसको कहिले पनि अभाव हुन सक्तैन (यो साक्षी नै हो ब्रह्म) र सबै जीव र जगत्‌को पारमार्थिक स्वरूप उनीहरूको कल्पनाको अधिष्ठान—उनीहरूको निषेधको अवधि। यो नै हो एकमात्र सत्य वस्तु—यो चैतन्य स्वरूपदेखि भिन्न अरू कुनै पदार्थ वास्तवमा छैन। यो नै हो एकमात्र जान्नको योग्य वस्तु। उपनिषदले (वेदान्तशास्त्र) यो परमार्थिक चित् स्वरूपलाई मात्र प्रतिपादन गरेको छ। यो वास्तविक आफ्नो साक्षी स्वरूपमा जाग्रतादि कुनै अवस्था किंवा ज्ञाता भाव आदि तिनीहरूका धर्म रहन सक्तैन।

मानिस हुन् भिन्न भिन्न प्रकारका। जस्तो धेरै मूढ़ मानिस केवल धन प्राप्तिको लागि इच्छा गरी रहन्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको लागि ब्राह्मणको पनि हनन गरी हाल्छ किन कि उसको निम्ति परलोक भन्ने छैन । तर इषद् विवेकी मानिसले सकाम शास्त्रोक्त कर्मद्वारा स्वर्गलाभ गर्नको इच्छा गर्छ र अत्यन्त विवेकी पुरुष आत्म-ज्ञानको लागि यत्न गर्छ त्यस्तै **अतिमंद बुद्धि** मनुष्यको निम्ति केवल जाग्रत अवस्था र जाग्रत कालीन शरीर परिवार संसार र सुख दुःख आदि अनुभव सत्य भनी प्रतीत हुन्छ । **मंदबुद्धि किंवा इषद् विवेकी** मानिसको लागि स्वप्न अवस्था पनि प्रतिभासित (सामान्य रूपले ज्ञात) हुन्छ । त्यस अवस्था मा जाग्रत कालीन शरीर र जगत् रहंदैन त्यसकारण त्यसलाई जाग्रत पदार्थको आस्था शिथिल भई हाल्छ । **मध्यम बुद्धि** मानिसको लागि सुषुप्ति अवस्था सामान्यरूपले प्रतिभात हुन्छ र **उत्तम अधिधिकारीलाई** (अत्यन्त विवेकी पुरुषलाई) सुषुप्ति अवस्थाको विशेष परिज्ञान (अनुभव) संभव हुन्छ । यो विशेष परिज्ञान हो सुषुप्ति स्थिति— अर्थात् अवस्थात्रयदेखि अतीत र साक्षी स्वरूपको अनुभव (जस्मा सुषुप्ति अवस्था पनि लीन भई हाल्छ र सुषुप्ति कल्पनाको अधिष्ठान स्वतः सिद्ध निज चैतन्यस्वरूप स्वयं र सर्वदा प्रकाशित हुन्छ) ।

अवस्था चतुष्टयको भानको क्रम तल चित्रद्वारा देखाइन्छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्था चतुष्टय विमर्श

१	२	३	४
अति मन्द अधिकारी	मन्द अधिकारी	मध्यमाधिकारी	उत्तम अधिकारी
स्थूल शरीरमा ज्ञाताभाव र स्थूल शरीरादि जगत् पदार्थमा दृढ सत्यता बुद्धि (ज्ञान र ज्ञेयभाव — अर्थात् प्रमाता, प्रमाण र प्रमेय पदार्थमा सत्यता बुद्धि त्यो वाहेक परलोक ईश्वर आदि अदृष्ट पदार्थमा अविश्वास) ।	स्वप्न अवस्थाको सामान्य ज्ञान, जाग्रत कालीन पदार्थमा अवस्था सामान्यरूपले शिथिल भएको तर ज्ञाता, ज्ञान र ज्ञेय त्रिपुटि पदार्थमा सत्यता बुद्धि नष्ट भएको छैन ।	सुषुप्ति अवस्थाको सामान्य रूपले अनुभव—केही पनि देखिन (अज्ञान) र सुखसित सुतेको थिएँ (भोक्ताभाव) रहन्छ । त्यो जाग्रतमा सुषुप्तिको स्मृति ।	सुषुप्ति स्थित किंवा साक्षी स्वरूवको अनुभव यो हो जाग्रतमा विवेक । अविद्या प्रतिबिम्बित भोक्ता, भोग्य, भोग रूप त्रिपुटि अवस्थादेखि अत्यन्त विविक्त निज अद्वैत साक्षी स्वरूपको स्पष्ट अनुभव ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुमुक्षु पुरुषले अविद्या कल्पित जाग्रत आदि कुनै अवस्थामा आदर (शोभन बुद्धि) गर्दैन। केवल बहिर्मुख मानिस नै जाग्रत आदि विषयमा धेरै प्रकारका कल्पना उठाई रहन्छन्। यी सारा अवस्था मायावी पुरुष द्वारा सूत्रविस्तार पूर्वक प्रदर्शित इन्द्रजाल झैं मिथ्या नै प्रतीत भई रहेको छ। यसरी भगवान् शंकरले भन्नु भएको छ—इन्द्रजाली आकाशमा डोरी फ्याँकेर त्यसको माथि शस्त्र सहित चढेर दृष्टिको बाहिर पुगेर युद्ध द्वारा आफ्नो शरीर-लाई धेरै टुक्रा पारेर जमीनमा खस्छ र फेरि उठ्छ। किन्तु जो पुरुष यस इन्द्रजालको दर्शन गर्छ त्यो यो माया द्वारा रचित क्रिया कलापमा अलिकति पनि आदर गर्दैन (सत्य भनी पत्याउँदैन)—त्यो जान्दछ कि परिदृष्ट सारा क्रिया (चेष्टा) हरू वास्तवमा होइन र इन्द्रजाली पुरुष पहिले देखि अहिलेसम्म जमीनको माथि नै खडा थियो (वास्तव-मा आकाशमा गएको होइन)। त्यो मायावीको सूत्रविस्तार (धागो फैलाउनु) झैं सुषुप्ति र स्वप्नादिको विकास देखिन्छ। (जस्तो फ्याँकिएको डोरी आकाशमा उठेको देखिन्छ त्यस्तै जाग्रत, स्वप्न र सुषुप्ति अवस्थाहरू बहिर्मुख मानिस अनुभव गर्छ)। जस्तो प्रक्षिप्त (फ्याँकिएको) डोरीको माथि इन्द्रजाली पुरुष आरूढ हुन्छ त्यस्तै विश्व, तैजस र प्राज्ञभाव मूर्ख मनुष्यले भ्रमले अनुभव गर्छ। तर आफ्नो वास्तवमा साक्षी स्वरूप (तुरीय आत्म स्वरूप) जस्तो को तस्तो नै स्थित रहन्छ—कुनै प्रकारका विकार किंवा परिवर्तन भएको होइन—जस्तो वास्तविक मायावी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डोरीको माथि आरूढ मायावीदेखि अत्यन्त भिन्न नै हो। वास्तविक मायावी जस्तो इन्द्रजालद्वारा आच्छादित भएको हुनाले दृष्ट नभए ता पनि जमिनको माथि नै अवस्थित रहन्छ त्यस्तै तैजस, (अंतः प्रज्ञ, भित्रको पदार्थ जान्ने-वाला) विश्व बहिष्प्रज्ञ अर्थात् बाहिरको पदार्थ जान्ने वाला र प्राज्ञ (प्रज्ञानघन) आदि अवस्थाद्वारा आवृत भएको हुनाले आफ्नो साक्षी स्वरूप स्पष्ट रूपले अनुभूत न भए ता पनि आफ्नो परमार्थ एकरस सच्चित सुख स्वरूपमा निरंतर अवस्थित रहन्छ। मोक्षकामी पुरुषको यो साक्षी स्वरूपको चिंतनमा नै आदर हुन्छ—प्रयोजन रहित जाग्रत आदि प्रपञ्चमा (उसको चिन्तनमा) अलिकति पनि आदर हुँदैन। जाग्रत आदि अवस्थामा दृष्ट सम्पूर्ण जगत् प्रपञ्च हो स्वप्न रूप र माया रूप मिथ्या।

नृसिंह उत्तरतापनीय उपनिषदमा भनिएको छ कि यो तुरीय (अद्वैत) आतम स्वरूप (साक्षी) हो चतुष्प्रकार—(जाग्रत) ओता (१) (स्वप्न) अनुज्ञाता (२) (सुषुप्ति) अनुज्ञा (३) र (तुर्य) अविकल्प (४) जाग्रत, स्वप्न र सुषुप्तिरूप त्रिविध अवस्था हुन् क्रमले स्थूल, सूक्ष्म र बीजरूप रतुरीय (चतुर्थ) हो तो अवस्था-त्रयका साक्षी। वास्तवमा यो साक्षी स्वरूप (तुरीय किंवा चतुर्थ) अविकल्प तुरीय। पूर्वोक्त तीन प्रकार तुरीय (अर्थात् ओता, अनुज्ञाता र अनुज्ञा) हुन् निद्रा, स्वप्न र माया संयुक्त (सुषुप्त, स्वप्न र माया मात्र)—यिनीहरू पारमार्थिक सत्य होइनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा दृश्यमा साक्षीलाई अनुस्यूत देख्नु (अनुस्यूत भनी मान्नु) हो श्रोता। अनुज्ञाता हो जाग्रत आदिको कारण रूप जो अव्याकृत (ईश्वर) त्यसको प्रकाशक (अधिष्ठान) रूप साक्षी भाव। जसकारण अव्याकृत (जाग्रत आदि प्रपञ्चको कारण) हो अधिष्ठान शुद्ध चैतन्य स्वरूप त्यसैले यसलाई (अव्याकृतलाई) शुद्ध चैतन्य स्वरूप भनी जानी राख्नुको प्रयोजन छैन किन्तु ज्ञातृताको निराकरण पूर्वक एकरस चैतन्य मात्रलाई अवशिष्ट राख्नुको नाम हो 'अनुज्ञा'। अविकल्प हो सबै प्रकार भेद विवर्जित (सारा उत्थान रहित) एकरस चैतन्य (किंवा मुक्ति)।

तल चित्र द्वारा यी चतुष्प्रकार आत्मस्वरूपलाई देखाइन्छ :-

आत्मस्वरूपको चतुष्प्रकार

१. तुर्य	जाग्रत	—	श्रोता
२. तुर्य	स्वप्न	—	अनुज्ञाता
३. तुर्य	सुषुप्ति	—	अनुज्ञा
४. तुर्य	तुर्य	—	अविकल्प

अरू ठाउँमा यी तल देखाइएका प्रकारले प्रदर्शित भएका छन् :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.	तुर्य जाग्रत	—	अवस्थात्रय हुन् मायामात्र, म हूँ अवस्थात्रयका साक्षी र नित्य, मुक्त यस्तो अनुभव;
२.	तुर्य स्वप्न	—	एक पटक सुनिकन म साक्षी हूँ कि होइन—यस्तो शंसय;
३.	तुर्य सुषुप्ति	—	साक्षी विषयक विचार र ज्ञान-को अभाव;
४.	तुर्य तुर्य	—	सारा भेद वर्जित (भेद वासना शून्य) निज, नित्य, निष्प्रपञ्च आत्म स्वरूपमा अवस्थिति रूप—साक्षात्कार।

प्रश्न—जाग्रत आदि अवस्थात्रयका साक्षी रूप आत्माको ज्ञान कसरी हुन्छ ?

उत्तर—जस्तो रज्जु र सर्पको विवेकपूर्वक रज्जुमा सर्प निवृत्तिरूप फलको प्राप्ति कालमा नै रज्जुको ज्ञान भई हाल्छ त्यस्तै अंतः प्रज्ञत्वादिको किंवा द्वैत मिथ्यात्व निश्चय-को उत्पत्ति कालमा नै आत्म स्वरूपमा अनर्थ प्रपञ्चको निवृत्ति रूप फल सिद्ध हुन्छ। तुरीय स्वप्नको साक्षात्कारको निम्ति यो बाहेक अरू कुनै प्रमाण वा साधनको प्रयोजन छैन। अंतः प्रज्ञत्वादिको निवृत्ति कालमा नै प्रमाता आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेदको निवृत्ति भई हाल्छ (सम्पूर्ण द्वैतको निवर्तक वृत्ति-ज्ञान पनि—वृत्तिरूप भएको हुनाले—निवृत्त भई हाल्छ) र निरावरण साक्षी स्वरूप स्वयं प्रकाशित हुन्छ। प्रकाश स्वरूप साक्षी पहिले पनि विद्यमान थियो तर प्रमातादि आवरणले अप्रकाशित थियो।

सूर्यको प्रतिभान कालमा पनि अज्ञानरूपले रज्जु मात्र नै थियो। तर सर्प भावको निवृत्ति (निषेध, निराकरण) हुन्छ (यौ सर्प होइन यस्तो सर्पको अभाव निश्चित हुन्छ) तब रज्जु यथार्थ रूपले प्रतिभास हुन्छ। यस्तो विश्व, तैजस र प्राज्ञ रूपमा आत्मस्वरूप नै भासित भएको थियो। तर जब अवस्थात्रय रूप उपाधिहरू श्रुतिवाक्यद्वारा निराकृत हुन्छ (र मुमुक्षु श्रद्धा र विचार पूर्वक तैजस आदि भाव-लाई परित्याग गर्छ) तब अनावृत्त आफ्नो शुद्ध चैतन्य साक्षी स्वरूप सजिलोसित स्वयं प्रकाशित भई हाल्छ। आफ्नो तुरीय स्वरूप पहिलेदेखि नै (अनावृत्त रूपले) विद्यमान छ तर तैजस आदि उपाधिको परित्याग भए अना-वृत्त साक्षी स्वरूप अनायासले र स्पष्ट रूपले स्वयं भासमान भई हाल्छ (किन कि आत्मस्वरूप हो सर्वदा र स्वयं प्रकाशमान वस्तु)। 'यो छैन, यो छैन' (वासना छैन, कार्य प्रपंच पनि छैन) यसरी श्रुति वाक्यले जाग्रत, स्वप्न र सुषुप्ति अवस्थाको निषेध गरेको छ—त्यसकारण अवस्था-त्रयरूप सारा उपाधि निराकृत (परित्यक्त भए आफ्नो तुरीय साक्षी) स्वरूप अवश्य नै स्वयं प्रकाशित भई हाल्छ।

अवस्थात्रयको विवेचन विना साक्षी स्वरूपको प्रत्यक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान हुनु संभव छैन । तैजस आदि भावको निराकरण पूर्वक साक्षी स्वरूपको जो स्वतः स्पष्ट ज्ञान उत्पन्न हुन्छ त्यो नै हो साक्षीस्वरूपको ज्ञानमा एक मात्र प्रमाण (गीतामृत पृ० ४४६-४७) । तैजसादि भावदेखि साक्षीस्वरूप (आफ्नो तुरीय स्वरूप) भिन्न वस्तु होइन (जस्तो सर्पदेखि रज्जु अत्यन्त भिन्न वस्तु होइन किन्तु तैजस आदि अवस्था) हो आत्म स्वरूपको उपाधि मात्र र आत्मस्वरूपमा कल्पित भएको । त्यसकारण कल्पित वस्तुको निराकरण पूर्वक नै श्रुतिले आत्मस्वरूपको निरूपण गरेको छ । आवरणको अपसारण हो प्रमाणको काम—प्रमाण प्राप्त भए उपाधि रहित (अनावृत्त) साक्षी (तुरीय आफ्नो स्वरूप) स्वयं र सबै कालको लागि प्रकाशित भई हाल्छ । अवस्थात्रयको निराकरण भए उसको प्रकाशक रूपले अवश्य तुरीय आत्म-स्वरूप प्रकाश रूपले परिशिष्ट रहन्छ ।

प्र०—आत्मसाक्षात्कार प्रमाणको फल हो कि ?

उ०—होइन, किन कि अवस्थात्रयको अपवाद (तैज-सादि भाव आत्मस्वरूपमा छैनन्, ती हामीमा कल्पित हुन्—यस्तो निश्चय अर्थात् उसको परित्याग) र आत्म साक्षात्कार यी दुईवटाका भित्र कुनै अन्तर (अन्तराल) छैन । यसको कारण यो हो कि प्रमाणको फलले कुनै नयाँ तत्त्व (तुरीय आत्मस्वरूप किंवा साक्षी चैतन्य) प्राप्त हुँदैन । साक्षी तत्त्व सँधै नै वर्तमान भई रहेको छ र त्यो हो स्वयं प्रकाशमान वस्तु । उपाधिहरूको परित्याग (निषेध किंवा मिथ्यात्व-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय) भए (अर्थात् आवरण नष्ट भए) अनावृत्त साक्षीस्वरूप स्वतः भासमान भई हाल्छ। त्यसकारण आत्मसाक्षात्कार प्रमाणको फल होइन—प्रमाणको फलले आत्मस्वरूप प्राप्त हुँदैन किन्तु प्रमाण प्राप्त भए साक्षी स्वरूप स्पष्ट भासमान भई हाल्छ। यसैलाई आत्मसाक्षात्कार भनेको छ।

प्र०—आत्मसाक्षत्कार केलाई भन्दछ ?

उ०—उपाधिहरूको निराकरण पूर्वक साक्षीस्वरूपमा समान भए ता पनि त्यो साक्षीस्वरूपहो एकरस अद्वितीय वस्तु र सर्वदा स्वयं प्रकाशमान--अर्थात् उसमा ज्ञाता र ज्ञेय विभाग हुन सक्तैन। यसकारण आत्माको साक्षात्कार प्रमाण-को फलले उत्पन्न हुंदैन (त्यो आफ्नो एकरस स्वप्रकाश स्वरूपमा संधै विद्यमान भई रहेको छ)। प्रभावको पहिले तैजसादि भाव द्वारा आवृत रहन्छ र प्रमाण प्राप्त भए साक्षी आफ्नो प्रकाश स्वरूपमा प्रकट (अचल बुद्धिमा भास-मान) भई हाल्छ। प्रमाणले कल्पित उपाधिहरूको निषेध मात्र गरी दिन्छ—आत्मस्वरूपलाई उत्पन्न गर्दैन। आफ्नो चैतन्य स्वरूप सर्वदा अनुभवरूपले विद्यमान रहेको छ र विश्व, तैजस र प्राज्ञ भावको (प्रमाणको सहाराले) निवृत्ति भए स्पष्टरूपले र सर्वकालको लागि अचल बुद्धिमा प्रकाशित भई हाल्छ। साक्षात्कार हो आफ्नो वास्तविक स्वरूपको निश्वय पूर्वक परिचय किंवा ज्ञाता आदि सारा दृश्यको विलय पूर्वक आफ्नो नित्य, स्वप्रकाश, दृक् स्वरूपमा प्रवेश गरी हाल्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—अंतः प्रज्ञत्वादि धर्म त आफ्नो स्वरूपमा प्रत्यक्ष उपलब्ध हुन्छ तब रज्जुमा प्रतीत सर्पमा झैं कसरी त्यसको असत्यता सिद्ध होला ?

उ०—तैजस भाव विश्व भावमा छैन, विश्वभाव तैजस भावमा हुँदैन र प्राज्ञ भावमा विश्व र तैजस भाव रहंदैन–यसरी तैजसादि भाव व्यभिचार प्राप्त भएका हुन् किंतु साक्षी चैतन्य स्वरूपको जाग्रदादि कुनै अवस्था व्यभिचार (अभाव प्राप्ति) हुँदैन। त्यसकारण साक्षी स्वरूप हो सत्य किंतु विश्वादि भाव हुन् असत्यरूप।

प्र०—सुषुप्तिमा त चैतन्य स्वरूपको व्यभिचार देखिन्छ नि ?

उ०—यो कुरा ठीक होइन, किन कि सुषुप्ति अवस्थाको पनि त अनुभव हुन्छ। यसकारण सुषुप्ति अवस्थाको प्रकाशक साक्षी चैतन्य स्वरूप सुषुप्ति कालमा पनि विद्यमान छ।

प्र०—"आत्म स्वरूप शास्त्र प्रमाण गम्य" यसको अर्थ के हो ?

उ०—शास्त्रले अविद्या कल्पित भेदको (ज्ञाता ज्ञान र ज्ञेय रूप त्रिपुटी भावको) निवृत्ति नै प्रतिपादन गरेको छ। साक्षी स्वरूपलाई 'यो यस्तो हो'—यस प्रकार ज्ञानको विषय रूपले प्रतिपादन गर्दैन—अर्थात् प्रत्यगात्मा भएको हुनाले साक्षी स्वरूपलाई ज्ञानको अविषय रूपले प्रतिपादन गरेर अविद्या कल्पित जो ज्ञेय, ज्ञाता र ज्ञान प्रभृति भेद छन् त्यसलाई हटाई दिन्छ। साक्षी फल व्याप्य रूपले ज्ञानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय हुन सक्तैन । ब्रह्माकार वृत्तिमा प्रतिबिंबित जो चिद्-आभास रूप फल हो त्यसबाट आत्म स्वरूप प्रकाशित हुँदैन । साक्षी हो स्वयं प्रकाशमान वस्तु (गीतामृत सार संग्रह पृष्ठ १४-१८-१९ हेर्नुहोस्) ।

प्र०—ज्ञान प्राप्त भए ता पनि जगद्वासना निवृत्त नभएको हुनाले फेरि बंधन हुन सक्ला ?

उ०—यो ठीक होइन । प्रारब्ध वशात् वासनाको उदय भए 'यो हो मिथ्या र अन्तःकरणको विकार मात्र' यस्तो विचार स्फूरित भई हाल्छ र परिणामले वासना उत्पन्न भए ता पनि तत्कालमानै स्वयं नष्ट भई हाल्छ । यसको नै नाम हो जीवन्मुक्ति (गीतामृत सार संग्रह पृष्ट १५ हेर्नुहोस्) ।

प्र०—ज्ञान भनेर त मानसिक क्रिया बुझाइन्छ ?

उ०—मानस क्रियारूप ध्यान देखि ज्ञान हो अत्यंत भिन्न वस्तु । ध्यान वा चिन्तन हो पुरुषतंत्र (मनुष्यको प्रयत्न साध्य) । ज्ञान प्रमाणबाट उत्पन्न हुन्छ—वस्तुको स्वरूप जस्तो हुन्छ प्रमाण त्यस्तो रूपले नै त्यसलाई ग्रहण गर्दछ । त्यसकारण ज्ञान हो वस्तुतन्त्र—वस्तु जस्तो प्रकारको हो ज्ञान पनि त्यस्तो प्रकारको हुन्छ । ज्ञान पुरुषतंत्र नभएको हुनाले मानस (वृत्तिरूप) भए ता पनि क्रियारूप होइन । चैतन्य वस्तु जस्तो प्रकारको हो ज्ञान पनि त्यस प्रकारको नै हुन्छ ।

प्र०—ज्ञान किंवा मुक्ति यदि क्रियाद्वारा साध्य होइन तब मोक्ष शास्त्र त निरर्थक होला ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—मुक्तिको लागि शास्त्रले ज्ञानलाई नै उपदेश गरेको छ। त्यसकारण शास्त्र निरर्थक होइन।

प्र०—ज्ञान केलाई भन्दछ ?

उ०—जान्नु किंवा व्यवधान (त्रिपुटी) विना अनुभव गर्नु स्वप्रकाश अनुभव रूप (साक्षी चैतन्यरूप) भई हाल्नु। बुद्धि अत्यंत शान्त भए साक्षी चैतन्य (तुरीय आत्मा) उसमा स्पष्ट भासमान हुन्छ (अर्थात् आफ्नो स्वप्रकाश साक्षीरूप नै भई हाल्छ)। यसकारण जान्नु भनेर हुनुलाई बुझाइन्छ—तुरीय आफ्नो स्वरूपलाई जान्नुको अर्थ हो आफू साक्षीस्वरूप भई हाल्नु—किन कि आफू (अहं शब्दको वास्तविक अर्थ हो) अहं भावको (अहंकारको) प्रकाशक (साक्षी चैतन्य)। अहंकार आदि दृश्यको निषेध भए अहं शब्दको यथार्थ अर्थ जो साक्षी चैतन्य हो त्यो नै आफ्नो सनातन स्वप्रकाश रूपले परिशिष्ट रहन्छ (अहंकार रूप दृश्यको अभाव भए वास्तविक आफ्नो स्वरूपको कहिले पनि अभाव हुन सक्तैन किन कि अभावको प्रकाशक रूपले निज साक्षी स्वरूप विद्यमान रही रहन्छ नभए अभावलाई को सिद्ध गर्ला ?) यसरी बुद्धिको अखंडाकार वृत्तिलाई ज्ञान भनेको छ। किन कि यस्तो अचल बुद्धिमा आफ्नो चैतन्य स्वरूपको भासमानता ('म हूँ शुद्ध चैतन्य रूप' यसप्रकार अनुभव) सम्भव हुन्छ। 'सकल दृश्य पदार्थ हुन् मिथ्या' भनी श्रद्धा र विचारको बलले जो मुमुक्षु पुरुष यस्तो निश्चय गर्दछ त्यो सारा प्रपंचको अभावको साक्षी आफ्नो वास्तविक अव्यभिचारी चैतन्य स्वरूपमा स्वतः स्थित भई हाल्द छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—यो स्वरूप स्थितिको साधन के हो ?

उ०—'म हूँ शुद्ध चैतन्यरूप र सारा दृश्य पदार्थ हुन् मिथ्या' भनी जसको निश्चय हुन्छ (अर्थात् जो अन्तःकरण-लाई सत्य भनी मान्दैन त्यसकारण त्रिपुटीलाई मिथ्या भनी जान्दछ) त्यो स्वभावतः आफ्नो साक्षी स्वरूपमा स्थित भई हाल्दछ। जस्तो जो आफूलाई बाघ भनी निश्चय गरेको छ त्यो (पहिले भूलले भेडो बनेको थियो ता पनि) एकै छिनमा बिर्सिएको आफ्नो स्वरूपलाई साक्षात् प्राप्त गरी हाल्छ त्यस्तै भूलले ज्ञाता आदि भाव स्वीकार गरे तापनि गुरु शास्त्र द्वारा आफ्नो स्वरूपको परिचय प्राप्ति पूर्वक एकैछि-नमा श्रद्धालु मुमुक्षु पुरुषको आफ्नो विस्मृत चित्स्वरूपलाई साक्षात्कार सदाको लागि संभव हुन्छ।

तर जो अन्तः करणलाई सत्य भनी मान्द छ र ज्ञाता, ज्ञैय, ज्ञानरूप त्रिपुटीलाई अवलंबन गरेर साधनमा लागी रहन्छ त्यसको लागि प्रयत्न पूर्वक ब्रह्म भावना (ब्रह्माकार वृत्तिको निरंतर आवृत्ति) प्रयोजन छ।

प्र०—मानिसको यथार्थ स्वरूप कस्तो प्रकारको हो ?

उ०—मानिसको वास्तविक स्वरूप हो ज्ञेयरूप त्रिपुटीको (बुद्धिको तीन खण्ड भावको) बिम्बभूत चैतन्य। सारा पदार्थ असत्य भएको हुनाले अर्थात् चिंताको कुनै विषय वास्तवमा नभएको हुनाले प्रतिबिम्बरूप त्रिपुटी हो असत्य त्यसकारण ज्ञानको आफ्नो स्वरूप त्रिपुटी रहित अखण्ड ज्ञान नै हो एकमात्र परमार्थ सत्य वस्तु। त्रिपुटीको परित्याग भए बिम्बभूत यो प्रकाश (अनुभव)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप परिशिष्ट रूपले स्वयं प्रकाशित भई हाल्छ। त्यो ज्ञेय वस्तु होइन (किन कि त्यसलाई को जान्न सक्छ ? ज्ञाता पनि कोही छैन---केवल अखण्ड प्रकाश अर्थात् प्रकाश्य कुनै पदार्थ विना केवल प्रकाशरूपमा विद्यमान भई रहेको छ)। त्यो अज्ञेय पनि होइन, किन कि कसको लागि त्यो अज्ञेय होला ? यसरी सारा दृश्य पदार्थ को बोध भए पछि जो अवश्य बाँकि रहन्छ त्यो स्वयं प्रकाश, अखण्ड चित् सुख स्वरूप स्वयं अनुभूत हुन्छ (किन कि त्यो हो अद्वितीय स्वयं प्रकाश वस्तु)।

प्र०—विचार के लाई भन्दछ ?

उ०—स्वर्णकार जस्तो खादलाई परित्याग गरेर केवल सुवर्णलाई ग्रहण गर्दछ त्यस्तो मुमुक्षु पुरुषले देहेन्द्रियादि अनात्म पदार्थलाई मिथ्या जाने र (त्यसको बारेमा कुनै वृत्ति नउठाएर) स्वतः प्राप्त स्वयं प्रकाश केवल दृक्स्वरूपको (साक्षीस्वरूपको) अनुभव गरी हाल्छ। यसलाई विचार भनेको छ, यो हो निषेधरूप (वस्तुतंत्र)। शरीर मन प्रभृति दृश्य वस्तुलाई म प्रकाश गर्दछु (म यिनीहरूलाई जान्द छु) तर यिनीहरू हरहालतमा रहंदैन किंतु यिनीहरूको अभावलाई पनि म जान्द छु अर्थात् यिनीहरू नभएमा पनि म विद्यमान छु। यसरी सिद्ध हुन्छ कि केवल म (साक्षी चैतन्य) हर हालतमा छु। त्यसकारण म हूँ दृश्य रहित दृक् स्वरूप (शुद्ध चैतन्य) यसरी निश्चय पूर्वक चित् स्वरूको अनुभव गर्नु (अर्थात् स्वतः अखण्डित बुद्धिमा चित्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप प्रतिबिम्बित हुनु) लाई विचार भनेको छ। यो हो मुक्तिको साक्षात् कारण।

विश्व, तैजस र प्राज्ञ भावको निरसन द्वारा नै वेदान्त शास्त्रले साक्षी स्वरूपलाई प्रतिपादन गरेको छ। उपाधि-युक्त बहिःप्रज्ञ आदि भाव आउँछन् र जान्छन् यस कारण यिनी हरू हुन् मिथ्या। यसरी उपाधिहरूलाई परित्याग गरे पछि परित्यागको साक्षी रूपले एक अखण्ड चैतन्य स्वयं प्रकाशित भई हाल्छ। यसरी स्वरूपको साक्षात्कार अनायासले हुन्छ। अवस्थात्रयको निरसन विना मुक्तिको अरू साक्षात्करण छैन।

प्र०—यसको बारेमा शास्त्रमा के भनेको छ ?

उ०—वेदान्त शास्त्रमा सारा दृश्य पदार्थको निरसन पूर्वक दृक् स्वरूपमा अवस्थान गर्ने उपदेश दिएको छ। साक्षात्कारवान् पुरुषले सर्वदा आफ्नो साक्षी स्वरूपमा रहिकन देह इन्द्रिय मन, बुद्धिको साथ सारा सम्बन्धलाई परित्याग गर्छ। अनुभव अर्थात् ज्ञान हो अत्यंत प्रसिद्ध—त्रिपुटी आदि भेद बुद्धि को (बुद्धिको खण्डित भावको) निवृत्ति भएमात्र आत्मस्वरूपको अनुभव स्वतः सिद्ध हुन्छ। त्यसैले संधै प्राप्त चैतन्य स्वरूपको प्राप्तिको लागि यत्न गर्नु पर्दैन, किंतु अनात्म बुद्धिको निवृत्तिको लागि (त्रिपुटी भावलाई मिथ्या जानेर उसको वर्जनको लागि—ज्ञाता, ज्ञेय, ज्ञानरूप वृत्तित्रयलाई कहिले पनि उठ्न नदिनाको लागि) प्रयत्न गर्नु पर्छ।

यसलाई बुद्धि दोषको किंवा बुद्धिको चंचल भावको निवृत्ति भनेको छ (आत्मानुसंधान पृष्ठ २ को तल हेर्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होस्) । बुद्धि दोषको निवृत्ति भए बुद्धि चैतन्य स्वरूप नै भई हाल्दछ। प्रमाणद्वारा साक्षात्कार उत्पन्न भए स्वस्वरूपमा स्थित रहनु सहजै संभव हुन्छ (स्वरूपानुभव पृष्ठ ६–७ हेर्नु होस्) ।

प्र०—त्रिपुटी भावलाई कसरी परित्याग गर्नु पर्छ ?

उ०—त्रिपुटी भावहो आगमापायी र मिथ्या । यस्तो श्रद्धा र विचार पूर्वक निश्चय गरे पछि त्रिपुटी भावमा आस्था शिथिल हुन्छ ।

ज्ञाता (प्रमाता) भावको भित्र ज्ञेयभाव (प्रमेय जगत् भाव) लुकेर बसेको छ । प्रतिबिम्ब त्रिपुटीभाव हो क्षणिक—यो जाग्रत र स्वप्नमा देखिए ता पनि सुषुप्तिकालमा रहँदैन, यसरी जानिकन उसमा आस्था नगरे पछि जगत् प्रपञ्च अदृश्य भई हाल्छ । यसरी जगत् भावको विलय गर्नु—सम्पूर्ण बन्धनलाई निवृत्त गर्नु—सजिलोसित नै संभव हुन्छ ।

अविद्यावशात् दृष्ट भए ता पनि त्रिपुटी भावमा दृढ सत्यता बुद्धि विगलित भई हाल्छ र परिणामले आफ्नो चैतन्य स्वरूपमा निष्ठा (सर्वदा अवस्थिति) सहजरूपले सम्पादित हुन्छ । प्रारब्धवशात् शरीरादिको चेष्टा भई राखे ता पनि त्रिपुटी भावमा मिथ्यात्व बुद्धि—साक्षात्कार जनित संस्कारको बलले—अनुवृत्त भई रहन्छ । प्रारब्ध नष्ट भए (शरीर पात भए) अविद्याको लेश पनि रहँदैन ।

प्र०—विचार किंवा निदिध्यासनको त प्रयोजन छनि ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—शास्त्रमा उपदिष्ट विचार कृपा साध्य होइन। त्यसको प्रयोजनको शरीर इन्द्रियको स्वाभाविक प्रवृत्तिको विषयदेखि विमुख तुल्याएर साक्षी आकार (आत्माकार) चित्त वृत्तिको उत्पादनद्वारा ज्ञानको साधनमा मुमुक्षुलाई प्रवृत्त गराउनु। 'यी सारा पदार्थ हुन् वास्तवमा आत्मा' जब सारा पदार्थ आत्मस्वरूप हुन्छन् तब कसद्वारा कसलाई दर्शन गर्नु? कसद्वारा कसलाई जान्नु ? विज्ञातालाई (साक्षी स्वरूपलाई) कसद्वारा जान्नु ?—यसरी आत्माको विचारमा प्रवृत्त पुरुषको निम्ति शास्त्र अवर्जनीय र अग्रहणीय साक्षी स्वरूपको उपदेश दिएको छ। यसको फल बुद्धि सहजमा अखण्डाकारमा आकारित भई हाल्दछ र स्वप्रकाश साक्षी स्वरूपको स्वयं अनुभव संभव हुन्छ। यसकारण शंकर भगवान्ले भन्नु भयो कि ध्यातव्य पदार्थको अभाव निश्चय पूर्वक जो आफ्नो परिशिष्ट साक्षीस्वरूपको स्वयं अनुभव हुन्छ त्यसलाई निदिध्यासन भनेको छ। (यो ध्यान देखि अत्यन्त पृथक् हो) त्रिपुटी भावको अत्यन्त मिथ्यात्व भए साक्षी स्वरूपको अनुभव सजिलोसित संपादित हुन्छ यो कुनै मानसिक क्रिया होइन—यो हो वस्तु तंत्र। जीव सँधै हो शुद्ध चैतन्य स्वरूप। स्वरूपलाई बिर्सिकन मनुष्य ज्ञाता बनेको छ।

प्र०—स्वरूपावस्थान वा ज्ञाननिष्ठाको सार कुरा के हो ?

उ०—जो विचारमा समर्थ छैन (अर्थात् जो मानिस चित्तलाई सत्य भनी मान्दछ र आफ्नो ज्ञाता भावलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवलम्बन गरेर साधनमा प्रवृत्त भएको छ त्यसको लागि शास्त्र ज्ञाननिष्ठाको उपदेश दिन्छ।

(१) ज्ञाता, ज्ञान र ज्ञेय हुन् अंतःकरणका विचार त्यसकारण आगमापायी र मिथ्या यस्तो जानिकन उसलाई परित्याग गर्छ (**अहं मम भावको अपनयन**)

(२) त्यसको परिणामले बुद्धि अखण्डाकार हुन्छ (साक्षी स्वरूप यो 'अखण्ड बुद्धिमा प्रतिबिम्बित हुन्छ। निरावरण अखण्ड ज्ञान प्रकाशित हुन्छ–यसलाई **साक्षात्कार** भनेको छ।

(३) आविद्यक दृश्य उत्पन्न भए त्यसलाई दृक् स्वरूपमा विलय पूर्वक स्वस्वरूपमा अवस्थान सहजमा संभव छ विविक्त साक्षी स्वरूपमा दृश्यको विलय साधन पूर्वक **आफ्नो सनातन स्वरूपमा सदा अवस्थान**।

(४) बुद्धिको विलय पूर्वक अंतिम साक्षात्कार (**दृढ़ ज्ञान वा मुक्ति**)।

शंकर भगवान् भन्नु हुन्छ–निरंतर अभ्यासको फलले (मनलाई सर्वदा साक्षी स्वरूपमा स्थित अर्थात् अखण्डाकार राखेपछि) मन सत्व, रज र तम मललाई परित्याग गरिकन चैतन्य स्वरूप नै भई हाल्छ। मनहो वास्तवमा चैतन्य वस्तु (जस्तो सर्प हो वास्तवमा रज्जु रूप)। यसरी मन अचल स्वभाव (आफ्नो वास्तविक चित् स्वरूप) प्राप्त भए (मन साक्षी स्वरूपमा विलीन भए) अद्वैत ब्रह्म वस्तु नै स्वयं प्रकाशित भई हाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—मुक्ति धर्मको फल हो कि ?

उ०—शास्त्रमा भनेको छ कि जो निश्चित रूपले अ-शरीर हुनु भयो उहाँलाई सुख र दुःख छुँदैन। मोक्ष यदि उपासनारूप धर्मको फल हुँदो हो तब सुख, दुःख प्राप्तिको प्रतिषेध युक्ति संगत नहुने थियो (मुक्ति अवस्थामा धर्मको फल विषय जनित सुख अवश्य नै रहन्थ्यो)। 'अशरीरत्व हो धर्मको फल' यस्तो भनें पछि हामीहरू भन्छौं कि त्यो ठीक होइन, किन कि आत्माको अशरीरत्व हो स्वाभाविक। आत्मा हो अप्राण, अमन र अशरीर। मोक्ष भन्ने अशरीर-त्व हो नित्य सिद्ध। मुक्ति हो जीवको स्वरूप त्यो हो नित्य—त्यसकाण धर्मको फल होइन। मोक्ष यदि साध्य-रूपले (उत्पाद्य रूपले स्वीकृत हुन्छ तब त्यो अनित्य भई हाल्छ। ब्रह्मज्ञान र मुक्तिको भित्र अरू अनुष्ठेय (गर्नु पर्ने बाँकि काम) रहन सक्तैन। ब्रह्म विद्या र त्यसको फल मोक्ष हो। यी दुईवटाको भित्र अरू कुनै उपासना आदिरूप क्रिया शास्त्रले निषेध गरेको छ। प्रदीपबाट जस्तो अन्धकार निवृत्ति हुन्छ त्यस्तै ज्ञान भए अज्ञान निवृत्ति रूप मोक्ष साधित भई हाल्दछ। आत्मज्ञानको फल हो केवल मोक्षको प्रतिबन्धकको निवृत्ति। यसकारण तत्वज्ञाननै हो मुक्तिको साक्षात्कारण—कर्म किंवा उपासना प्रभृति होइनन्—वेदान्त हो बोधक मात्र, विधायक होइन (कुनै क्रियाको विधान गर्दैन।

प्र०—साक्षात्कारको साधन के हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—अद्वितीय स्वयं प्रकाश आफ्नो साक्षी स्वरूपमा अज्ञान छैन—अज्ञान भए साक्षी स्वरूप अज्ञात भई हाल्थ्यो तर कसैको लागि आफ्नो नित्य, सनातन, एकरस स्वरूप अप्रकाशित (अविदित) हुँदैन। यो नित्य, सत्य स्वरूप हो अहं भावको पनि प्रकाशक (उसमा अहंभाव हो कल्पित)। सुषुप्तिकालमा जब अहंभाव रहँदैन तब पनि यो अहंभावको अभावलाई साक्षी नै जान्दछ। साक्षी हो सर्वदा एकरस। स्वयं प्रकाशित वस्तु।

साक्षी स्वरूपलाई प्रमाण द्वारा जान्नु बँदैन (साक्षी स्वरूप कसको ज्ञेय होला ?)—साक्षी हो ज्ञाताको (प्रमाता तिम्रो) निजी स्वरूप। त्यसकारण आफ्नो स्वरूपको साक्षात्कारको लागि आफ्नो स्वरूपदेखि भिन्न कुनै साधन-को प्रयोजन छैन।

प्रस्तर स्थित रेखा जस्तो प्रस्तरमा अवस्थित भैकन प्रस्तरदेखि अभिन्न आफूलाई साक्षात् अनुभव गर्दछ (पृथक् कुनै साधनको अपेक्षा गर्दैन) त्यस्तै मुमुक्षु पुरुषले अचल बुद्धि द्वारा आफ्नो चैतन्य स्वरूपमा स्थित भईकन (बुद्धि-लाई निश्चिन्त राखे पछि मनुष्य चैतन्य स्वरूपमा स्वतः स्थित भई हाल्छ) ब्रह्मलाई साक्षात्कार गरी हाल्छ (साक्षी स्वरूप र ब्रह्ममा कुनै भेद छैन)।

आफ्नो अखण्ड चैतन्य स्वरूपमा अन्तःकरण विशिष्ट प्रमाताले अज्ञानको कल्पना गर्छ। त्यसको निवृत्तिको लागि बुद्धिको अखण्डाकार वृत्ति (वृत्ति व्याप्ति) आवश्यक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धि अचल (वृत्ति रहित) भए प्रमाता, प्रमाण र प्रमेय रूप त्रिपुटी भावको अभाव हुन्छ र त्यसको परिणामले आवरण रहित (त्रिपुटी हो आवरण) साक्षी स्वरूप स्वयं प्रकाशित भई हाल्छ । आवरणको निवृत्ति (अर्थात् अज्ञानको निवृत्ति) हो साक्षी प्रत्यक्ष । यसैको नाम हो साक्षात्कार । यसकारण शंकर भगवान्‌ले भन्नु भयो कि प्रमाणको प्राप्ति भए (बुद्धि अखण्डाकार भए) आत्मस्वरूप त्यो अखण्डाकार बुद्धिमा भासमान हुन्छ (यसैलाई वृत्ति व्याप्ति भनेको छ) । (ईश्वर विज्ञान पृष्ट ७३-७४ हेर्नुहोस्) ।

त्रिपुटी हो सम्पूर्ण दृश्य—त्यसलाई परित्याग गरे पछि साक्षी स्वयं प्रकाशित हुन्छ–(आफ्नो स्वरूपको साक्षात्कार हुन्छ) । यसकारण अरू शास्त्रमा भनिएको छ कि मेरो भन्ने जो बाह्यविषय शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, अहंकार जीवभाव ईश्वरभाव बुझाइन्छ (अर्थात् मबाट यी आगमापायी भावहरू प्रकाशित हुन्छन्) तिनीहरूको सम्पूर्ण परित्याग भए–परित्याग कर्ता मेरो पनि अर्थात् अहंभावको पनि परित्याग भए जो परिशिष्ट रहन्छ (अर्थात् जो परित्याग गर्ने योग्य होइन जसलाई परित्याग गर्नु संभव छैन) त्यो वास्तविक–जाग्रदादि रहित शुद्ध चैतन्य वस्तुस्पष्टरूपले प्रकाशित भई हाल्छ यसैको नाम हो साक्षात्कार ।

प्र०–साक्षात्कार परोक्षज्ञान हो कि अपरोक्षज्ञान हो ?

उ०–ज्ञाता, ज्ञान र ज्ञेयरूप त्रिपुटी हो साभास अन्तःकरणको विकार । अन्तःकरण साक्षी स्वरूपमा कल्पित छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसकारण त्रिपुटी हो मिथ्या। 'म वास्तविक अन्तःकरण विशिष्ट ज्ञाता होइन, किंतु त्यो ज्ञाता भावको प्रकाशक साक्षी चैतन्य हूँ' यस प्रकारको विचार भए आफ्नो चैतन्य स्वरूपको स्वतः साक्षात्कार हुन्छ। यो हो वस्तुतंत्र।

साक्षात्कार हो अपरोक्षज्ञान, किन कि आफू चैतन्य स्वरूप नै भई हालेको छ। चैतन्य आफूदेखि भिन्न भए आफू (ज्ञाता भएर) चित् स्वरूपलाई जान्न सक्ने किंवा त्यस्तो ज्ञानको अध्यास गर्न सक्छ। यो हो परोक्षज्ञान किन कि आफू ज्ञाता भएर तदाकार वृत्तिको सहाराले ज्ञेय वस्तुलाई जान्ने अभ्यास गर्छ। परोक्षज्ञानीले चित्तलाई सत्य भनी जान्दछ र त्यसलाई निर्मल गर्नको लागि (ग्राह्य, ग्राहक, ग्रहणरूप मल हटाउनको लागि) ब्रह्म भावना गर्छ। प्रमाता भावलाई स्वीकार गर्नु (अर्थात् चित् स्वरूपदेखि आफूलाई भिन्न मान्नु) हो परोक्षज्ञान—यो हो पुरुषतंत्र। परोक्षज्ञानी-को लागि साक्षात्कार बाँकि रहन्छ। जसलाई साक्षात्कार भएको छ (अर्थात् जो आफूलाई ज्ञाता भनी जान्दैन किंतु ज्ञाता भावलाई निरसन गरेर त्यसको प्रकाशक साक्षी चैतन्य भई हालेको छ) त्यसको गर्नु पर्ने अरू केही बाँकि छैन। जसले आफूलाई चैतन्यस्वरूप भनी जान्नु भयो उहाँले कसरी केही गर्नु होला ? किंवा गर्नु पर्ने ठान्नु होला ? उहाँ आफूमा चित्त देख्नु हुन्न (चित्स्वरूपमा चित्त छैन)। तिनी वस्तु स्वरूपमा अवस्थान गर्दैनन् किन्तु आफूनै वस्तु स्वरूप भई हाल्दछन्। यो भावना रहित पद हो वस्तुतंत्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—तब अध्यास हटाउन र ब्रह्माकार वृत्तिको परिपाकको प्रयोजन शास्त्रमा किन उपदिष्ट छ ?

उ०—यसको जवाफ पहिले पनि दिई सकेको छ। जो आफूलाई परिच्छिन्न ज्ञाता भनी मानीराखेको छ (अर्थात् अन्तःकरणलाई सत्य भनी ग्रहण गर्छ) 'त्यो ध्यानको अभ्यास द्वारा बुद्धिलाई निर्मल तुल्याए पछि मात्र बुद्धि चित्स्वरूपमा विलीन भई हाल्छ। बुद्धि लीन भए सम्पूर्ण जगत् प्रपंच पनि अधिष्ठान चित्स्वरूपमा विलीन भई हाल्छ। त्यसकारण ब्रह्मस्वरूपको निरन्तर भावना ध्यान किंवा ज्ञाननिष्ठा हितकर छ भनी शास्त्रमा बताएको छ। किन्तु जसले सहजले आफूलाई त्रिपुटीको साक्षी भनी अनुभव गर्दछ तिनी स्वतः साक्षात् अनुभव स्वरूपनै भई हाल्छ—तिनी पहिले चैतन्य भई कन पनि भूलमा परेको थियो र अहिले भूललाई निराकरण गरेर चित् स्वरूपकता प्राप्त गर्नु भयो। चित्स्वरूपमा कुनै क्रिया (स्थूल किंवा सूक्ष्म) उपपन्न छैन। साक्षात्कारवान् पुरुप चैतन्य स्वरूपमा नै स्थित रहन्छ। जस्तो आकाश संधै अवकाश स्वरूपमा स्थित छ। यो हो सहज स्थित—यसमा कुनै चेष्टाको प्रयोजन छैन। जस्तो ब्रह्मा, सनद, शुक सर्वदा आफ्नो ब्रह्मस्वरूपको नै अनुभव गर्नु हुन्छ। त्यस्तै आधुनिक समयको साक्षात्कारवान् पुरुष सबै अवस्थामा आफ्नो परिपूर्ण सुख स्वरूपको नै अनुभव गरी रहनु हुन्छ। जो वास्तवमा ब्रह्मस्वरूप होइन तिनी कसरी कलिपतकरणको सहाराले आफ्नो सनातन स्वरूपको अनुभव गर्न सक्लान् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वितीय चित्स्वरूपमा करणादि कुनै साधन रहन सक्तैन। त्यसकारण बुझ्नु पर्छ कि जीव वास्तवमा ब्रह्मस्वरूपनै हो- भूलले मात्र ज्ञाता, ज्ञान र ज्ञेय रूप त्रिपुटी भावलाई ग्रहण गरेको छ। वास्तवमा त्यो परिच्छिन्न ज्ञाता होइन कुनै ज्ञेय पदार्थ पनि वास्तवमा छैन (सुषुप्ति कालीन अनुभवनै हो त्यसको प्रमाण मनुष्यनै हो आफ्नो वास्तविकस्वरूप) यसरी श्रद्धा र विश्वासले आफ्नो अखण्ड स्वरूपको अनुभव हुन सक्छ। यो साक्षी कहिले पनि अभाव प्राप्त हुन सक्तैन—किन कि निज चित्स्वरूप हो संधै शुद्ध, बुद्ध र मुक्त।

यदि भन्दछौ कि कालान्तरमा साक्षात्कार अभाव होला तब तिमीलाई सोद्धछु कि यो अभाव प्राप्तिलाई को जान्दछ ? यदि जान्ने वाला कोही छैन भन्छौ तब अभाव प्राप्ति सिद्ध हुँदैन (किन कि जो अज्ञात हो त्यो सत्य हुन सक्तैन) र यदि भन्छौ कि म नै यो अभावलाई जान्दछु तब भन्दछु कि त्यसो भए तिमी त आफूलाई जानिकन नै त्यो अभावलाई प्रकाश गरी राखेका छौ। यदि तिमी भन्दछौ कि तिमीले आफूलाई जानेका छैनौ तब तिमीले स्वीकार गर्नु पर्छ कि तिमी असत्य हौ (तर यो कदापि संभव छैन) त्यसकारण तिमी आफूलाई सबै समयमा जानी राखेका छौ। कहिले पनि तिम्रो आत्मसाक्षात्कारको अभाव छैन।

यसको पछि पनि तिमी दुराग्रह गर्दछौ कि 'साक्षात्कार-को अभाव मैले अनुभव गरेको छु' त्यसो भए भन्दछु कि त्यो अनुभव कर्ता र त्यो अनुभव तिमीबाट प्रकाशित भई राखेको हुनाले तिमी वास्तवमा त्यो अनुभव कर्ता हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्तैनौ । त्यसकारण त्यो अनुभव पनि हो मिथ्या । यसरी सिद्ध हुन्छ कि साक्षात्कारको अभाव कहिले पनि संभव छैन।

साक्षात्कार हो प्रकाशित आफ्नो स्वरूप (विश्वादि भाव रहित शुद्ध चैतन्य)—उसमा कुनै प्रमाण किंवा साधन-को अपेक्षा रहन सक्तैन । त्यो हो अखण्ड प्रकाशरूप वस्तु । संपूर्ण शंका र भ्रम त्यसबाट नै प्रकाशित हुन्छ त्यसकारण यिनीहरू हुन् मिथ्या । साक्षात्कार उत्पन्न भए प्रमाण, प्रमाता, र प्रमेय रूप सारा दृश्य प्रपञ्च बाधित भई हाल्छ । दृश्यरूप मल (अविद्या) नष्ट भई हाल्छ केवल साक्षी चिद्रूप आफ्नो स्वयं प्रकाश अखण्ड स्वरूप अवशिष्ट रहन्छ । साक्षात्कारवान् पुरुषको बाहिरी स्थिति हो प्रारब्ध-को अधीन (अर्थात् ईश्वरद्वारा परिचालित) । उसमा ज्ञानी पुरुषको कुनै अभिमान रहँदैन ।

प्र०—द्वैत निरसन पूर्वक उत्पन्न साक्षात्कारको पछि प्रमाण किन रहँदैन ?

उ०—द्वैत निरसनको दोस्रो छिनमा यदि परिशिष्ट दृश्य प्रपञ्चको निराकरणको निम्ति द्वितीय प्रमाण आवश्यक छ तब प्रमाण परम्पराको कहिले पनि निवृत्ति हुन सक्तैन र परिणामले विश्वादि द्वैत भावको कदापि अभाव हुन सक्तैन । यो मुमुक्षु पुरुषको इष्ट होइन ।

प्र०—शास्त्र आत्मज्ञानको कारण होइन कि ?

उ०—गुरु र शास्त्र अनात्म विश्वादि भावलाई निरसन गरिदिन्छ । पछि जो अवश्यंभावी रूपले—परिशिष्ट रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो साक्षी तत्व स्वयं प्रकाशित भै हाल्छ। यसरी शास्त्र आत्म ज्ञानको साक्षात्कार होइन, किन्तु कल्पित अवस्था-त्रयको निरसनको लागि शास्त्रको प्रयोजन छ।

प्र०—मनुष्य जाग्रदादि अवस्थालाई किन सत्य भनी मान्दछ ?

उ०—अंतःकरण विशिष्ट जीवभाव भ्रमले कल्पित भएको छ—त्यो वास्तविक होइन। जीवले आफ्नो वास्तविक स्वरूपलाई बिर्सिएको छ र भ्रमले जाग्रत—आदि भावलाई सत्य भनी मान्दछ र जगत्को वासना दृढ रूपले पोषण गर्दछ। गुरु शास्त्रबाट निज यथार्थ स्वरूपको उपदेश र जाग्रत आदि उपाधिहरूको मिथ्यात्व श्रवण गरेर श्रद्धालु मुमुक्षु सहज रूपले नै स्वरूपको साक्षात्कार प्राप्त गर्न सक्तछ र त्यसका साथ सारा संसार वासना नष्ट भई हाल्छ।

प्र०—साक्षात्कार समाधि विना सम्भव छ कि ?

उ०—विश्वादि अनात्म भावको निरसन द्वारा स्वतः र सहज रूपले जो स्वरूपको निरसन हुन्छ त्यसैको नामहो समाधि। जसकारण यस्तो साक्षात्कारमा विश्व आदि कुनै अनात्म भावसित सम्बन्ध रहन्दैन त्यसकारण यसलाई अस्पर्शयोग (ज्ञानालोक तृतीय प्रकरण हेर्नुहोस्) भनेको छ। योगवाशिष्ठ ग्रन्थमा यसैलाई सहज समाधि किंवा नित्य समाधि नामले भनिएको छ।

प्र०—तब शास्त्रमा समाधिको कुरा किन राखेको छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—साधारण मनुष्य (जसले विश्वादि भावलाई सत्य भनी मान्दछ) ज्ञान प्राप्तिको लागि मनको निग्रह गर्न अभ्यास गर्दछ। त्यसको लागि शास्त्रमा समाधि उपदिष्ट छ। यस्ता अधिकारिहरू पहिले परोक्षज्ञानलाई प्राप्त गरेर स्वरूपको भावना (ब्रह्माकार वृत्तिको निरंतर आवृत्ति–अर्थात् अतत् भावनाको निवृत्ति द्वारा मनोमललाई नष्ट गरेर निर्विकल्प समाधि प्राप्त गर्छ (ईश्वर विज्ञान-पृष्ठ १२१ र ज्ञानालोक ग्रन्थको तृतीय प्रकरण हेर्नुहोस्)

प्र०—वासनाक्षय त बाँकि रहन्छ नि ?

उ०—सँग दोषले जो व्याघ्र शिशु भ्रमले आफूलाई मेष (भेंडा) भनिकन मानेको थियो त्यसको जस्तो श्रद्धा र विचार द्वारा फेरि व्याघ्र स्वभाव प्राप्त गरे पछि सम्पूर्ण मेष भावको वासना समूल निवृत्त भएको थियो त्यस्तै साक्षात्कारवान् पुरुषको सारा द्वैत वासना सम्यक् क्षय भई हाल्छ। जसकारण एकपटक साक्षी स्वरूप प्राप्त भए जीव भाव फेरि आउन सक्तैन (किन कि साक्षात् परिज्ञात अद्वैत आफ्नो स्वरूपमा भ्रम किंवा अविद्या रहन सक्तैन) त्यसैले त्यसको वासना क्षय बाँकि रहँदैन। वासना र त्यसको क्षय हो द्वैतको अंतः पाति।

साक्षात्कारवान् पुरुष हो अस्पर्श योगी—

यदि भन्दछौ कि साक्षात्कार पछि वासना (त्रिविध एषणा) देखिन्छन् तब तिमीलाई सोद्धछु कि तिमी कसरी अरूको वासना देख्न सक्तछौ ? यदि भन्दछौ कि त्यो त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासनालाई चरितार्थ गर्नको अनुकुल शरीरादिको चेष्टाबाट अनुमान द्वारा वासना जानिन्छ तब भन्दछु कि तिमीबाट अनुमानित वासना हो तिम्रो आफ्नो वासना र त्यो तिमी अरू पुरुषको माथी आरोप गर्दछौ। ज्ञानवान् पुरुषको शरीरादिको चेष्टा अभिमान विना प्रारब्ध वशात् सिद्ध हुन्छ। यदि भन्दछौ 'मलाई काकतालीय न्यायले साक्षात्कार भएको थियो–तर पछि मैले मेरो भित्र वासनाको अनुभव गरें त्यसकारण साक्षात्कार भएमानै वासनाक्षय हुन्छ, यो ठीक होइन'—तब भन्दछु कि जसले साक्षात्कार अनंतर आफूको भित्र वासना अनुभव गरेको छ त्यो वास्तवमा तिमी होइनौ, किन कि तिमी हौ त्यसको प्रकाशक (तिमी विना त्यसको आफ्नो सत्ता, स्फूर्ति अलिकति पनि छैन)। दृश्य हुन् मिथ्या दृक् हो एकमात्र सत्य वस्तु। त्यसकारण तिमी हौ सकल दृश्य रहित अद्वितीय स्वयं प्रकाशक चैतन्य। तिमीमा भ्रम किंवा वासनाको लेश पनि रहन सक्तैन। प्रकाशक चैतन्य हो प्रकाशरूप वा ज्ञानरूप। ज्ञेयरूप दृश्य पदार्थलाई परित्याग गरे पछि केवल ज्ञानरूप साक्षी चैतन्य स्वयं प्रकाशित रहन्छ। उसमा त्रिपुटी नष्टता प्राप्त भई हाल्दछ। किन कि ज्ञेय वस्तुको (मिथ्या दृश्य पदार्थको) त्याग भए ज्ञाता र ज्ञान बाधित भई हाल्छ—केवल स्वयं प्रकाशित साक्षी चैतन्य परिशिष्ट रहन्छ।

यसरी साक्षी स्वरूपलाई अवलम्बन गरिकन नै वासना त्याग सम्भव छ–वासनाक्षयको अरू कुनै उपाय छैन।

परोक्षज्ञानीको वासनाक्षय बाँकि रहन्छ—त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो आफ्नो वास्तविक स्वरूपको भावनाबाट मनलाई निर्मल गरेर ब्रह्मस्वरूपलाई प्राप्त गर्छ। चित् स्वरूपमा निरन्तर स्थित भएपछि मनोनाश र वासनाक्षय सम्भव हुन्छ। यस्तो स्वरूपको अभ्यास (अर्थात् अस्वरूपको निरसन) हो प्रयत्न साध्य। प्रमाताभावलाई स्वीकार गरिकन वासनाक्षय कदापि सम्भव छैन। (ज्ञानालोक तृतीय प्रकरण अस्पर्शयोग र राज-योग (पातंञ्चल योग) को भित्र जो भेद छ त्यसको विवे-चन गरिएको छ)।

परोक्षज्ञानी हो राजयोगी :—

प्र०—परोक्षज्ञानी र साक्षात्कारवान् पुरुषको स्थितिको भित्र के भेद छ ?

उ०—जो उत्तम अधिकारी चित्तलाई आफ्नो स्वरूपमा कल्पित र मिथ्या जानेर—ज्ञाता, ज्ञान र ज्ञेयभाव वास्तव-मा छैन, यस्तो निश्चयपूर्वक—आफ्नो अधिष्ठान चैतन्य स्व-रूपमा स्वतः प्रवेशरूप साक्षात्कार प्राप्त हुन्छ त्यो अखण्ड चिद्रूप ब्रह्म भई हाल्छ। त्यो कहिले पनि चित्त भावलाई आलम्बन गर्दैन (तिनको चित्त विनष्ट भै हाल्छ)।

परोक्षज्ञानी (मध्यमाधिकारी) आफ्नो परमार्थ साक्षी स्वरूपलाई (सत्व प्रधान चित्त द्वारा—प्रयत्न पूर्वक ब्रह्म भावनाको सहाराले) सँधै अवलम्बन गरी रहन्छ। यस्तो निरन्तर साक्षी स्वरूपको अवलम्बन भए पछि (अर्थात् दृश्य वर्गको निरसन गरे पछि) सत्व प्रधान चित्त विनष्ट भई हाल्छ र निर्मल (अखण्डाकार) चित्तमा आफ्नो विविक्त चैतन्य स्वरूप अभिव्यक्त हुन्छ (साक्षात्कार उदित हुन्छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो हो अपरोक्षज्ञानी र परोक्षज्ञानीको स्थितिको भिन्न पार्थक्य ।

प्र०—अच्छा, चित्त सँग नमिल्नु कसरी सम्भव होला ? चित्त सित को मिल्दैन ?

उ०—प्रश्न कर्ता तिमी चित्त सित मिल्नु हुँदैन किन कि चित्त वास्तवमा छैन, वृत्तिशून्य चित्तको कारण जो वासना त्यो पनि छैन । यसमा प्रमाण हो वेदान्त शास्त्र । यो प्रमाणबाट उत्पन्न जो सारा अनात्म विषयको मिथ्यात्व निश्चय त्यो सारा द्वैत प्रपंचको (त्रिपुटी भावको) निवृत्ति गरी दिन्छ र आफू (प्रमीतिरूप वृत्तिज्ञान) पनि निवृत्त भई हाल्छ । परिशेषमा तिम्रो वास्तविक साक्षी स्वरूप स्वयं र सर्वदा प्रकाशित भै हाल्छ । जो तिमी भ्रमले प्रमाता किंवा ज्ञाता वनेका थियौ त्यो, तिमीले शास्त्र र गुरुबाट भ्रमलाई निराकरण गरेर स्वतः तिम्रो तिजी सनातन चैतन्य स्वरूपलाई प्राप्त गरेका छौ ।

प्र०—गुरु र शास्त्र के गर्नु हुन्छ ?

उ०—गुरु र शास्त्र निषेध मुखले 'यो होइन, यो होइन'—यसरी परिशिष्ट सद् वस्तुको निरूपण गरी दिनु हुन्छ । सारा द्वैत प्रपञ्च ज्ञान र ज्ञेय निवृत्त भए पछि निवर्तक प्रमाण पनि निवृत्त भई हाल्दछ र निजी साक्षी चैतन्य स्वरूप सजिलोसित भासमान भई हाल्छ । किन कि अनात्मा निरसनको संगसंगै बुद्धि स्वतः अखण्डाकार हुन्छ र यस्तो अचल बुद्धिमा स्वयं प्रकाश साक्षी चैतन्य आरूढ हुन्छ । यसलाई बुद्धि पूर्वक आत्मस्वरूपको साक्षात्‌अनुभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(साक्षात्कार) भनेको छ। जाग्रतमा बुद्धि लय हुन सक्तैन किन्तु विषयाकारमा आकारित रहन्छ । तर अनात्म-विषयको मिथ्यात्व निश्चयको संगसंगै सारा विषयाकार वृत्तिको निवृत्ति सिद्ध हुन्छ। यो विषयाकार वृत्तिको निवृत्ति हो ब्रह्माकार वृत्ति (आत्माकार वृत्ति) यो स्वतः प्राप्त भई हाल्छ—यसको लागि पृथक् प्रयत्न गर्नु पर्दैन, प्रयत्न हुन् सारा अतदाकार वृत्तिको निवृत्तिको लागि । चित्त रज्जु सर्पको झैं आत्म स्वरूपमा कल्पित हो—त्यसको भिन्न सत्ता छैन—यस्तो शास्त्र र गुरुबाट श्रद्धापूर्वक निश्चय (ग्रहण) गरे पछि वृत्तियुक्त चित्त बाधित भै हाल्छ र चित्त अचल हुन्छ (ब्रह्माकारमा आकारित भै हाल्छ) बाघको गुरुले जस्तो मेष शावकलाई त्यसको मुखको साथ आफ्नो मुखको सादृश्यता देखाएको थियो त्यस्तै मनुष्य रूप पनि मुमुक्षुको श्रद्धा जनित अचल चित्तको साथ अद्वैतानुभव जनित आफ्नो शीतल चित्ताको सादृश्यता देखाएर भक्त शिष्यलाई उद्बुद्ध गर्नु हुन्छ । परिणामले भक्ति युक्त उत्तम शिष्य एकै छिनमा आत्म स्वरूपको साक्षात्कार प्राप्त गरी हाल्छ ।

प्र०—फेरि साक्षात्कारको क्रम संक्षेपले बताउनु होस् ।

उ०–(१) अंतःकरणको त्रिविध विकार किंवा ज्ञाता ज्ञेय र ज्ञानरूप दृश्य र बहिष्प्रज्ञ भाव हाम्रो आफ्नो स्वरूप-मा छैन यस्तो निषेध बोधक वेदान्त वाक्यरूप प्रमाणबाट निश्चय (प्रमीति) उत्पन्न हुन्छ ।

(२) यसको परिणामले ज्ञाता, ज्ञान र ज्ञेय रूप त्रिपुटी भावको मिथ्यात्व निश्चय पूर्वक अखण्डाकार वृत्तको उदय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ (मिथ्यात्व निश्चय ज्ञान प्रमीति निवृत्त भई हाल्छ)। प्रमाण द्वारा जब द्वैत निवृत्ति हुन्छ त्यसका साथ त्यो द्वैत प्रमाण पनि अन्तर्हित भै हाल्छ।

(३) त्यो अखण्डाकार बुद्धिमा (ब्रह्माकार बुद्धि वृत्तिमा) आफ्नो निरावरण चैतन्यस्वरूप स्पष्टरूपले भासमान हुन्छ।

यसरी द्वैत अन्तःपाति प्रमीतिरूप वृत्तिज्ञान निवृत्त भए पछि अनावृत चित् स्वरूपको साक्षात्कार भएको हुनाले वेदान्त शास्त्रमा भनिएको छ कि ब्रह्मस्वरूपलाई जाने पछि (साक्षात्कार ज्ञान पनि नष्ट भएर) निज सनातन ब्रह्म स्वरूप सकृत् प्राप्त भई हाल्छ (मुमुक्षु सर्वकालको लागि ब्रह्म भई हाल्छ) किन कि अखन्डाकार वृत्तिको सहाराले आवरणरूप अज्ञान बाधित भए पछि अज्ञानको सारा कार्य पनि बाधित भै हाल्छ। परिणामले साक्षात्कार वृत्ति पनि रहन सक्तैन।

यहाँ साक्षात्कार विवेचन समाप्त भयो। (विस्तृत साक्षी विवेक प्रकरण हेर्नुहोस्)

द्वितीय प्रकरण

जगत् हो मिथ्या

पूर्व प्रकरणमा देखाइएको छ कि साक्षात्कार उत्पन्न भए द्वैत रहँदैन। यो प्रकरणमा द्वैतको मिथ्यात्व युक्ति द्वारा निरूपण गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वप्न अवस्थामा सारा पदार्थहरू शरीरको भित्र स्थित छन् त्यसकारण ठाऊँ अल्प भएको हुनाले स्वप्नका पदार्थहरू मिथ्या हुन् भनी प्रमाण कुशल पुरुष भन्नु हुन्छ। स्वप्नमा दृष्ट पदार्थ जागरणमा रहन्दैनन् यसकारण स्वाप्निक प्रपंच सत्य होइनन्। जस्तो जाग्रत्कालमा मनुष्य भ्रमले रज्जुलाई सर्प भनी मान्दछ र रज्जु स्वरूपको यथार्थ ज्ञान भए सर्प भाव मिथ्या भनी निश्चित हुन्छ त्यस्तै स्वप्न अवस्था रहुंजेल स्वप्न जगत्लाई सत्य भनी मान्दछ तर जागें पछि त्यसको मिथ्यात्व स्पष्ट प्रतीत हुन्छ।

जाग्रत् कालीन जगत् पनि धेरै हिस्सामा स्वाप्निक जगत् झैं हो। जाग्रत् जगत्का पदार्थहरू पनि स्वाप्निक पदार्थ झैं मनबाट दृष्ट हुन् (मनको विषयाकार वृत्ति विना पदार्थका सत्ता अनुभूत हुंदैनन्) यसकारण मनबाट देखिए-को हुनाले ती हुन् मिथ्या। न्यायको रीति (पद्धति) अनुसार यी कुरा तल देखाइन्छन्।

जाग्रत्कालीन प्रपंच हुन् मिथ्या किन कि ती दृष्ट हुन्छन् स्वप्नकालमा दृष्ट पदार्थ झैं।

जस्तो स्वप्नकालमा देखिएका सारा प्रदार्थ हुन् मिथ्या त्यस्तै जाग्रत्मा पनि सारा पदार्थ देखिएका हुन्छन् त्यस-कारण जाग्रत्का सारा पदार्थ पनि हुन् मिथ्या।

जाग्रत् कालीन जगत् हो मिथ्या, किन कि स्वप्न प्रपंच झैं त्यसको आदि र अन्त छ। जस्तो मरुभूमिमा देखिएको नदी आदि र अन्त युक्त हो त्यस्तै जसका आदि र अन्त छन् ती मिथ्या हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्रत्का पदार्थ जस्तो अर्थ क्रियाकारी हुन्छन् (जस्तो पानीले तृष्णालाई निवृत्त गर्दछ) त्यस्तै स्वप्नका पदार्थ पनि स्वप्न अवस्थामा आफ्नो अर्थ र क्रिया सिद्ध गर्छन्। स्वप्नका पदार्थ जाग्रत् कालमा आश्चर्यजनक किंवा असंभव प्रतीत भए तापनि स्वप्न कालमा तैजस पुरुषको निम्ति यी स्वाभाविक नै भनी प्रतीत हुन्छन्।

त्यसकारण जाग्रत् जगत् र स्वाप्निक जगत् धेरै हिस्सामा समान हुन्।

दुवै अवस्थामा मनद्वारा भित्र कल्पित पदार्थ असत् भनी प्रतीत हुन्छन् र बाहिर दृष्ट पदार्थ सत् भनी ज्ञात हुन्छन्। तर उभयावस्थामा उभयप्रकारका पदार्थ नै असत्य भनी युक्तिबाट सिद्ध हुन्छन्।

व्यवहारिक दृष्टिमा जाग्रत् र स्वप्न अवस्थाका भित्र भेद छन्। जाग्रत् कालमा हामीहरू भन्छौं कि स्वाप्निक घटनाहरू शरीरको भित्र अलिकति ठाउँमा घट्छन् तर जाग्रत्का घटनाहरू दृश्यमान बाहिर स्थित जगत्मा घट्दछन् स्वाप्निक पदार्थहरूका ज्ञान इन्द्रिय विना संभव हुन्छ तर जाग्रत् प्रपंचको ज्ञान इन्द्रियबाट सिद्ध हुन्छ।

जाग्रत् र स्वप्न अवस्थाका भित्र दोश्रो भेद हो कि स्वप्न प्रपंच जहाँ सम्म मनमा तिनका कल्पनाहरू (मनको तदाकार वृत्ति) रहन्छन् तहाँ सम्म विद्यमान देखिन्छन् तर बहिस्थित जगत्का पदार्थहरू हुन् परस्पर पृथक् गरिएका— अर्थात् स्वप्न हो निद्राबाट जागेको पुरुष द्वारा यी पदार्थहरू पहिले पनि दृष्ट भएका थिए भनी ठान्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर यी द्विविध भेद छन् ता पनि परमार्थिक दृष्टिमा जाग्रत् र स्वप्न दुइटै हुन् समान (उनीहरूका भित्र वास्तवमा कुनै भेद छैन—स्वप्न देखि जाग्रत् अलिकति पनि ज्यादा सत्य होइन)। स्वप्न र जागरित अवस्थाका पदार्थहरू हुन् समान—त्यसकारण उभयावस्थामा नै पदार्थहरू हुन् असत्य।

शरीरको भित्र दृष्ट (स्वप्न कालीन) पदार्थ र बहिर्देशमा स्थित (जाग्रत् कालीन) पदार्थ—यी उभय नै हुन् कल्पित—बाह्य पदार्थ निद्राबाट उठे पछि जो पहिले पनि देखिएका थिए भनी विवेचित हुन्छन् ती हुन् कल्पना मात्र। अहिले जो पदार्थहरू देखि राखेको छु ती निद्राको पहिले पनि मैले देखेको थिएँ। यो विशेषता हो कल्पना। त्यसकारण वास्तवमा स्वप्न प्रपञ्च र जाग्रत् जगत्को भित्र कुनै भेद छैन। अंतःकरणमा वासना रूपले बसी राखेका जो सारा अपरिस्फूट पदार्थ हुन् र बहिर्देशमा जो सारा वस्तु स्पष्ट रूपले प्रकाशित भई राखेका छन् यी दुइटै हुन् चित्तबाट रचिएका—दुई अवस्थामा नै पदार्थहरू दृष्ट हुन्छन्—त्यसो भएको हुनाले (दृश्यता हेतुका निम्ति) हुन् मिथ्या। स्वप्नमा पदार्थहरू स्वल्प ठाउँमा बसेका हुन्छन् यत्ति मात्र हुन् प्रभेद।

प्र०—जाग्रत् कालमा देखिएको जगत्मा मिथ्यात्व बुद्धि किन हुँदैन ?

उ०—केवल जाग्रत् अवस्थामा दृष्टि (याद, ख्याल) राखे पछि (स्वप्न सित् जाग्रत्को तुलना नगरे पछि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्रत् अवस्थालाई मिथ्या भनी जान्न सकिन्न। जाग्रत् सर्वदा रहँदैन ता पनि जाग्रत् कालीन वासना र भावनाले मानिसलाई पिर्छ। जाग्रत्को शरीर र संसारको लागि मनुष्य निरंतर चिन्ताग्रस्त रहन्छ। किन्तु स्वप्नकालमा शरीर र संसारको चिन्ता र पीडा रहँदैनन्। फेरि जस्तो स्वप्नमा जाग्रत् छैन त्यस्तै सुषुप्तिकालमा पनि स्वप्न रहँदैन। सुषुप्ति अवस्था पनि आफ्नो चैतन्य स्वरूपमा लीन भै हाल्छ। यो साक्षी (शुद्ध चैतन्य) स्वरूपको अनुभव स्वतः सुषुप्ति र जाग्रत्को सँधि कालमा सबैलाई हुन्छ। अवस्थात्रय तब रहँदैनन् किन्तु आफ्नो तुरीय (साक्षी) स्वरूप स्पष्ट विद्यमान छ भनी अनुभूत हुन्छ। यसकारण यो ज्ञानालोक ग्रन्थमा अवस्थात्रयको विवेचन द्वारा यी अवस्थात्रय हुन् मिथ्या भनी देखाइएका छन्।

जाग्रत्मा जस्तो स्वप्न र सुषुप्ति रहँदैन जस्तो स्वप्न र सुषुप्ति छैन त्यस्तै स्वप्नमा जाग्रत् र सुषुप्ति रहँदैन र सुषुप्तिमा जाग्रत् र स्वप्न छैन। त्यसकारण यी त्रिबिध अवस्था हुन् आदि र अंत युक्त, त्यसकारण मिथ्या। किन्तु जो यिनीहरूको भाव र अभावलाई अनुभव गर्दछ (साक्षात् रूपले प्रकाश गर्छ)—अर्थात् यी अवस्थाहरूको प्रकाशक चैतन्य जो हो त्यो सर्व कालमा निर्विकार रूपले विद्यमान रहन्छ। यो सर्वगत अधिष्ठान चित् स्वरूप हो अद्वैत तत्व। जब सुषुप्ति अवस्थाको कल्पना पनि निवृत्त हुन्छ तब परम सुख स्वरूप यो शुद्ध चैतन्य (तिम्रो निर्विकल्प कूटस्थ स्वरूप) स्वयं प्रकाशित भई हाल्दछ। यसकारण भनिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ कि सुषुप्ति स्थिति हो सुषुप्ति अवस्था देखि भिन्न—किन कि सुषुप्ति अवस्थामा मानिस निद्रा सुखको र अज्ञानको कल्पना गर्दछ किन्तु सुषुप्ति स्थितिमा सुषुप्तिको कल्पना पनि निवृत्त हुन्छ। त्यसकारण सुषुप्ति स्थिति हो, स्वयं प्रकाश ब्रह्मानन्द—त्यो नै हो सबैको यथार्थ कुरा र अव्यभिचारी स्वरूप।

यसकारण सुषुप्तिका चार भेद शास्त्रमा देखाइएका छन्:—

सुषुप्ति अवस्थाका चतुर्विध

(१) सुषुप्ति जाग्रत् — स्वप्न र सुषुप्तिको सन्धि (किंवा तन्द्रा कालमा पढ़ाउनु)

(२) सुषुप्ति स्वप्न — तन्द्रा कालमा ध्यानमा अभ्यास (किंवा प्रलाप),

(३) सुषुप्ति सुषुप्ति — गाढ़ निद्रा,

(४) सुषुप्ति तुर्य — सुखानुभव (स्वरूप प्रकाश ब्रह्मानन्द)।

जाग्रत् र स्वप्नको भेद पनि हुन् चतुर्विध

(जाग्रत्)

(१) जाग्रत् जाग्रत् — इन्द्रिय द्वारा व्यवहार,

(२) जाग्रत् स्वप्न — मानस चिन्तन (मनोरथ)

(३) जाग्रत् सुषुप्ति — तुष्णि स्थिति (चूप चाप रहनु)

(४) जाग्रत् तुर्य -- तृप्तता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(स्वप्न)

(१) स्वप्न जाग्रत् — जाग्रत् वासनाको स्पष्ट स्मृति (कल्पित इन्द्रियबाट कल्पित विषयमा व्यवहार)

(२) स्वप्न स्वप्न — स्वप्नमा मानस चिन्तन (अस्पष्ट स्मृति)

(३) स्वप्न सुषुप्ति — स्वप्नमा इति कर्तव्यताको अभाव (अस्मृति)

(४) स्वप्न तुर्य — तृप्तता ।

प्र०—स्वप्न प्रपञ्च र जाग्रत् जगत् यदि दुवै मिथ्या हुन् तब सत्य वस्तु के होला ?

उ०—जाग्रत् र स्वप्न यी कल्पित अवस्थाद्वयको अधिष्ठान जो साक्षी आफ्नो स्वरूप हो त्यो हो—पारमार्थिक सत्य वस्तु यो आतमस्वरूप नै भित्र र बाहिर मन कल्पित अनन्त पदार्थहरूलाई जान्दछ (प्रकाश गरी रहन्छ) । देह स्थित प्रमाता जीव र जगत् कर्ता ईश्वर यी उभय नै मिथ्या भएका हुनाले यिनीहरूको अभावलाई जो जान्दछ त्यो विकल्प रहित (भेद प्रपंच रहित) शुद्ध चैतन्य स्वरूप साक्षी तिमी नै हौ एक मात्र सत्य वस्तु । यो यथार्थ चित् स्वरूप नै आफूलाई पदार्थको आकारमा कल्पना गर्छ र आफू नै यिनीहरूलाई प्रकाश गरी रहन्छ ।

प्र०—अप्रसिद्ध साक्षी चैतन्य स्वरूपलाई किन स्वीकार गर्नु पर्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—किन कि जो यो स्वरूपको प्रत्याख्यान गर्दछ त्यो आफू नै हो निषेधको साक्षी (चैतन्य वस्तु) त्यसको सत्ता त अवश्य स्वीकार छ। यो साक्षी चित् स्वरूप नै संकल्प उठाएर बहिर्मुख भएर बाह्य पदार्थहरूलाई कल्पना गर्दछ (बहिष्प्रज्ञ हुन्छ) र अन्तश्चित्त भएर भित्रको (स्वाप्निक पदार्थको) कल्पना गर्दछ (अंतःप्रज्ञ भई हाल्छ)। पृथ्वी आदि जाग्रत् कालीन प्रपञ्चको जहाँ सम्म प्रतीति भई रहन्छ तहाँ सम्म नै हो तिनीहरूको स्थिति। धेरै रूपले प्रतीति गोचर भई राखेको यो जगत् आत्मा रूपले सत् होइन र जगत् रूपले पनि सत् होइन। कुनै वस्तु नै आफ्नो स्वरूप देखि पृथक् पनि छैन, अभिन्न स्वरूप पनि होइन। आत्म स्वरूप (तिम्रो निजी चित् स्वरूप) हो सारा भेद शून्य द्वैत वर्जित अद्वितीय वस्तु। आफ्नो स्वरूपलाई यसरी जानेर यो अद्वैत तत्वमा नै मनोनिवेश गर्नु र आत्मस्वरूपको साक्षात्कार गरिकन जड जस्तो भएर लोक सित व्यवहार गर्नु र प्रारब्ध अनुसार प्राप्त वस्तुमा संतुष्ट रहनु।

प्र०—लोक व्यवहार कसरी गर्नु पर्छ ?

उ०—साक्षात्कार प्राप्त गरिकन आफू साक्षी स्वरूप नै भएर रहनू। कुनै बाह्य विषयमा प्रीति, भोग नगर्नु। अज्ञानी मानिस जस्तो मनलाई आत्मा भनी ग्रहण गर्दछ, मनको चंचलतानुसार आफूलाई पनि क्षुब्ध मान्दछ र मन समाहित भए आफूलाई प्रशान्त मान्दछ। साक्षात्कारवान् तिमी त्यस्तो कहिले पनि नमान्नु—किन कि आफ्नो चित्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप हो एक रस–त्यसकारण कहिल्यै त्यसको स्वरूपमा प्रच्यूति सम्भव छैन ।

प्र०—अच्छा, ज्ञानवान् त कहिले विचलित भएको देखिन्छ ?

उ०—यो ठीक होइन । यसको कारण यो हो कि जसलाई विचलित भएको देखिन्छ । त्यो कूटस्थ आत्म स्वरूप होइन किन्तु चिदाभास मात्र हो निर्विकार साक्षी स्वरूप हो एकमात्र सत्य वस्तु—उसमा कल्पित, उसै प्रकाशको भित्र आई परेका दृश्य विकारी आभास पदार्थ हुन् आगमापायी र उसैबाट प्रकाशित । त्यसकारण यस्ता विकारी पदार्थ आफ्नो वास्तविक स्वरूप हुन सक्तैनन् । त्यसैले ज्ञानवान् पुरुष कहिले पनि तत्वबाट प्रच्यूत हुँदैनन्–जो तत्वरूप भई सक्नु भयो उनी वाहेक अरू कुनै सत्य वस्तु छैनन् । त्यसकारण को कहाँबाट प्रच्यूत होला ? अद्वैत अनुभवमा द्वैतको लेश पनि छैन– यसमा शास्त्र र विद्वत् अनुभव हो प्रमाण ।

प्र०—जगत् यदि मिथ्या हो तब मनुष्य त्यसलाई सत्य भनी किन ग्रहण गर्दछन् ?

उ०—अभिनिवेश वशात् मूढ़ मानिस प्राण मन आदि पदार्थ हरूलाई आत्मादेखि भिन्न र सत्य भनी मान्दछ तर विवेकी पुरुषले यिनीहरूलाई रज्जु सर्प झैं मिथ्या र वास्तवमा आफ्नो स्वरूप देखि अभिन्न भनी जान्दछ। किन कि "यी सारा वस्छु नै हुन् आत्म स्वरूप" यस्तो श्रुति यस वाक्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाण छ। जो मानिस श्रुति र युक्ति अनुसार आफ्नो स्वरूपमा कल्पित रज्जु सर्प झैं पदार्थ हरूलाई मिथ्या र साक्षी स्वरूपलाई समस्त विकल्प रहित भनी जान्दछ तिनी वेदान्त शास्त्रको तात्पर्य बुझ्न समर्थ हुन्छ।

जगत् प्रपञ्च यदि विद्यमान हुन्थ्यो (अर्थात् सत्य हुन्थ्यो) तब अवश्य निवृत्त पनि हुन्थ्यो। तर यो द्वैत (जगत्) हो केवल मायामय (असत्य) र अद्वैत ब्रह्म नै हो एकमात्र परमार्थ सत्य। अतएव प्रपञ्च भनी कुनै पदार्थ प्रवृत्त किंवा निवृत्त हुँदैनन्।

प्र०—वेदान्त शास्त्र कसरी द्वैत विषयज्ञानलाई निवृत्त गर्न सक्छ?

उ०—रज्जुमा सर्प झैं आत्म स्वरूपमा अविद्या वशात् द्वैत पदार्थका अध्यास (आरोप) भएका छन्। "म सुखी हूँ म दुःखी हूँ, म देहधारी हूँ, यो मेरो हो" इत्यादि सारा विकल्प आफ्नो साक्षी स्वरूपमा आरोपित भएका छन्।

आत्मस्वरूप यिनीहरूको भित्र अनुस्यूत (अनुगत प्राप्त) रहेको छ, किन कि त्यसको कहिले पनि व्यभिचार हुँदैन—जस्तो सर्प, धारा आदि भिन्न भिन्न पदार्थमा रज्जु, स्वरूप प्राप्त छ। त्यसकारण स्वतः र सर्वदा सिद्ध चित्स्वरूपको बारेमा शास्त्रको कुनै कर्तव्य छैन—शास्त्र असिद्ध वस्तुलाई सिद्ध गरी दिन्छ। अविद्या वशात् आरोपित सुखित्व आदि विशेष प्रतिबन्धकले आत्मा आफ्नो यथार्थ स्वरूपमा स्थित हुन सक्तैन, स्वरूप स्थिति नै हो श्रेय। यसकारण वेदान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्य आरोपित सुखित्व निवृत्ति (निषेध) गरी दिन्छ। सुखित्व आदि विशेष भाव निर्विशेष आत्म भावमा कल्पित भएका मात्र हुन्। यस कारण सुखित्व आदि धर्मको निवर्तक भएका हुनाले निषेधरूप श्रुति वाक्य हरू प्रामाणिक भनी सिद्ध हुन्छन्।

प्र०—साक्षी चैतन्यलाई आफ्नो स्वरूप भनी जान्नाले के लाभ हुन्छ ?

उ०—तुरीयलाई आफ्नो स्वरूप भनी अवगत भए अनात्म विषय तृष्णाको निवृत्ति हुन्छ। यो यथार्थ स्वरूपको ज्ञान नै हो तृष्णा निवृत्तिको एकमात्र हेतु। साक्षी चैतन्यलाई आत्मस्वरूप भनी जान्नुको लागि कुनै प्रतिबन्ध छैन किन कि यो यथार्थ स्वरूपको अवगतिमा नै सारा वेदान्त शास्त्र परिसमाप्ति भएको छ—"तिमी हौ तत् स्वरूप" "यो आत्मा हो ब्रह्मस्वरूप" इत्यादि ठाउँहरूमा अनात्म उपाधिका प्रतिषेध द्वारा नै स्वयं प्रकाश आत्म स्वरूप उद्दिष्ट भएको छ अर्थात् उद्देश्य यो हो।

●

तृतीय प्रकरण

अद्वैत अनुभव

पहिला प्रकरणमा देखाइएको छ कि (१) आत्म स्वरूप हो प्रपंचशून्य, मङ्गलरूप र अद्वैत र (२) साक्षात्कार उत्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए द्वैत रहन्दैनन् । द्वितीय प्रकरणमा स्वप्नको दृष्टान्त, दृश्यत्व (आदि अन्त युक्त स्वरूप) हेतु र युक्तिको सहाराले द्वैतको (जगत्को) अभाव प्रतिपादन भएको छ । अहिले जिज्ञासा हुन सक्छ कि अद्वैत तत्त्व केवल शास्त्रका सहाराले बुझ्नु पर्छ कि ? अथवा युक्तिको सहाराले पनि बुझ्न सकिन्छ ? यसको जवाफमा बताईन्छ कि तर्क सहाराले पनि अद्वैत स्वरूप बुझ्न सकिन्छ । यसको निरूपणको लागि यो तृतीय प्रकरण शुरू हुन्छ ।

अद्वैत अनुभवको उपाय :—

यो अद्वैत स्वरूपको ज्ञान प्राप्तिको उपाय हुन् द्विविध (१) अस्पर्शयोगबाट (उत्तमाधिकारी) र (२) मनोनिग्रहबाट (मध्यमाधिकारी) । यसमा उपासनाको कुनै स्थान छैन । उपास्य उपासना आदि भेदहरू हुन् मिथ्या अद्वितीय आत्मस्वरूप नै हो परमार्थ सत्य त्यसकारण म हूँ उपासक, ब्रह्म मेरो उपास्य, यसरी जो उपासनालाई मोक्षको साधन भनी आलम्बन गर्दछ त्यो हो क्षुद्र हृदय मनुष्य, किन कि जसलाई उपासना गरिन्छ त्यो वास्तवमा ब्रह्म होइन ।

वेदान्त शास्त्रमा जो परमात्माबाट जीवहरूको उत्पत्ति सुनिन्छ त्यो हो महाकाशबाट घटाकाशको उत्पत्ति झैं त्यो वास्तविक होइन । आकाश स्थानीय परमात्माबाट पृथ्वी आदि भूतहरू र देहादि (रज्जु सर्प झैं) कल्पित रूपले उत्पन्न हुन्छन् । अल्पबुद्धि मनुष्यको प्रबोधको लागि यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पत्ति शास्त्रमा भनिएका छन्। देहादि उपाधि भेंदले नै जीवहरूको भेद हो—वास्तविक जीवहरूको भित्र कुनै भेद छैन।

त्यसो भए जीव के हो ? परमात्मा नै हो जीव। किन कि परमात्मा (चिद्रूप आफू) बाट अन्नमयादि कोशरूप सँघात स्वरूप भैं खडा भएका छन् भनी शास्त्रमा बताइएका छन्। आकाशवत् परमात्मा नै हो ती पञ्चकोशको आत्मस्वरूप जीव। जीव र परमात्माको स्वरूप हो अनन्य। वेदान्त वाक्यले जीव र परमात्माको एकत्वलाई नै प्रतिपादन गरेको छ। अद्वैत तत्व माया द्वारा धेरै प्रकारका भेद प्राप्त भए तापनि वास्तवमा कुनै भेद प्राप्त भएको छैन। किन कि भेद प्राप्त भए आत्मस्वरूप विनष्ट हुने थियो। वास्तवमा दृष्टि बोधक श्रुति हो अद्वैत आफ्नो स्वरूपमा बुद्धिलाई प्रवेश गराउनाको उपाय मात्र। मन्द र मध्यम बुद्धियुक्त मानिसको लागि उपासना र कर्महरू शास्त्रमा उपदिष्ट छन्। तर जुन अधिकारी पुरुषहरू दृश्यबाट विविक्त आफ्नो साक्षी स्वरूपलाई (परमात्मालाई) निश्चित रूपले जानेको छ यस्तो उत्तम दृष्टि समझ अधिकारीको लागि कर्मोपासना उपदिष्ट छैन। यस्ता उत्तम अधिकारीका लागि वेदान्त शास्त्रमा "तिमी हौ तत् स्वरूप (साक्षी स्वरूप), यी सबै पदार्थहरू हुन् आफ्नो स्वरूप" इत्यादि सहज साक्षात्कारको उपाय उपदिष्ट छ।

प्र०—यी सहज साक्षात्कार कसरी सिद्ध हुन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—जब प्राण र मन वास्तवमा सृष्ट भएका छैनन् तब जन्म मरण, ज्ञाता ज्ञेय भाव सारा हुन् अपारमार्थिक। शास्त्रको निषेध वाक्यबाट ज्ञातादि भावका मिथ्यात्व निश्चय भए ती सारा बाधित भई हाल्छन् र अद्वैत आफ्नो चित् स्वरूप त्यो छिनमा स्वयं प्रकाश भई हाल्छ।

प्र०—जुन मध्यम अधिकारी हुन् तिनीहरूलाई कसरी ज्ञान प्राप्त हुन्छ ?

उ०— मनोनिग्रहबाट तिनीहरूलाई ज्ञान प्राप्त हुन्छ। तिनीहरूको कुरा प्रथम प्रकरणमा परोक्षज्ञानीको ब्रह्म भावनापूर्वक ज्ञान प्राप्तिको प्रसंगमा बताई सकिएको छ। वर्तमान प्रकरणमा तिनीहरूको कुरा पछि विस्तृत रूपले बताइने छ।

प्र०—मन्द अधिकारीलाई कसरी ज्ञान प्राप्त हुन्छ ?

उ०—मन्द अधिकारी कर्म उपासनाबाट चित्त शुद्ध प्राप्त गर्दछ। पछि ज्ञानाभ्यास द्वारा तत्त्वज्ञान लाभ गर्दछ।

तीन प्रकारका अधिकारीलाई ज्ञान प्राप्तिको क्रम तल चित्र द्वारा देखाइन्छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकारी	चित्तको बारेमा निश्चय	साधन		फल
		साक्षात्	परम्परा	
(१) मन्द	चित्त हो सत्य	×	कर्म उपासना	चित्त शुद्धि (साक्षी स्वरूपको ज्ञान)
(२) मध्यम	चित्त हो सत्य	×	ब्रह्म भावना (योग)	साक्षी स्वरूपको भावना पूर्वक निर्विकल्प समाधि अमनीभाव किंवा उन्मनिभाव (राज योग)
(३) उत्तम	चित्त हो मिथ्या	साक्षात् विचार	×	स्वरूपको साक्षात्कार (अस्पर्श योग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(यिनीहरूका विभाग हुन्) पहिलो अधिकारो

अधिकारी	आफू र जगत्को बारेमा निश्चय	साधन
(१) मन्द —	बाह्य जगत्मा दृढ़ सत्यता बुद्धि (दृढ़ अहं मम बुद्धि) —	निष्काम (अहं मम वृत्ति न उठाएर) स्वभाव सिद्ध कर्मोपासनालाई एकै साथ सम्पादन गर्नु ।
(२) मध्यम —	प्रमाता भावमा आग्रह (मन हो त्रिपुटि युक्त) —	ब्रह्म भावनाबाट मनोमलको (सत्व रज र तमोगुणको) नाश।
(३) उत्तम —	साक्षी स्वरूपमा रुची (मन अखण्डाकार) —	विचार द्वारा स्वरूप साक्षात्कार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—अस्पर्श योगी किंवा साक्षात्कारलाई किन सहज भनिएको छ ?

उ०—किनकि स्वभावको अन्यथाभाव संभव छैन (जस्तो आगो कहिले पनि शीतल हुन्न) त्यसकारण चित्-स्वरूपको कुनै द्वैत पदार्थ सित वास्तवमा मिल्नु संभव छैन (दृक् स्वरूपको दृश्यका साथ मिल्नु अर्थात् संयोग हुनु कहिले पनि संभव छैन)। त्यसकारण अद्वैत आफ्नो साक्षी स्वरूप सँधै स्वयंप्रकाश रूपले विद्यमान रहेको छ—उसमा अनात्म पदार्थको लेश पनि रहन सक्तैन। यसरी ज्ञाता आदि भाव सर्वदा बाधित भएको हुनाले अस्पर्श योग (स्वयं प्रकाश अद्वैत चित् स्वरूप) अनायासले सिद्ध हुन्छ।

प्र०—ज्ञान लाभका पूर्वोक्त द्विविध उपायहरू के तपाईंको कपोल कल्पना हो ?

उ०—होइन। अस्पर्श योग र राजयोग हुन् वेदान्तमा बताइएका सुप्रसिद्ध ज्ञानोपाय। अष्टावक्र मुनिले सारा द्वैत प्रपंचका रचयिता मनलाई असत्य देखाईकन (प्रमाता, प्रमेय र प्रमाण यी त्रिपुटीको मिथ्यात्व निश्चय गराएर) एकै छिनमा जनक महाराजलाई साक्षात्कार उत्पादन गराई दिनु भएको थियो। यो अष्टावक्र गीता ग्रंथमा प्रसिद्ध छ। चित्तलाई सत्य मानेर (प्रमाता भावलाई स्वीकार गरेर) "समाधि अभ्यास द्वारा बन्ध निवृत्ति हुन्छ" यस्तो निश्चय हो बन्धन। "चित्त हो मिथ्या" उसको प्रकाशक म हूँ शुद्ध चैतन्यमात्र यस्तो निश्चय गरे तेही छिनमा नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षात्कार प्राप्त हुन्छ। जगत् अवास्तविक भएको हुनाले जगत्को शिथिल वासना साक्षात्कार द्वारा दग्ध भई हाल्छ। यो अष्टावक्रीय सिद्धान्त हो अस्पर्श योग। माण्डूक्यकारिकामा पनि यसको विस्तृत विवेचन पाइन्छ। यो उत्तमोत्तम वेदान्त सिद्धान्त योगवासिष्ठ ग्रंथमा पनि प्रतिपादित भएको छ। संवेदन हो अविद्याको (किंवा मनको) स्फूरण मात्र— त्यो कुनै वस्तु (सत्य पदार्थ) हुन सक्तैन। यसरी त्यसलाई मिथ्या जानेपछि (त्यो सित नमिले पछि, त्यसलाई दृढ़ नतुल्याए पछि–अर्थात् त्यसको भावना परित्याग गरे पछि) आफ्नो चित् स्वरूप (साक्षी स्वरूप) स्वयं र सर्वदा प्रकाशित भई हाल्छ–यो नै हो पारमार्थिक सत्य ब्रह्म वस्तु (साक्षी स्वरूप र ब्रह्म वस्तुको भित्र कुनै भेद छैन)। यसरी संवेदन परित्याग गरेमात्र नै (संवेदन रहित भएमा नै) साक्षात्कार उत्पन्न हुन्छ (वासना क्षयको कुनै प्रसंग उठ्न पाउँदैन)।

जसको प्रमाता भावमा आग्रह हुन्छ (अर्थात् जसको मन सर्वदा त्रिपुटी युक्त रहन्छ) त्यसले निरन्तर ब्रह्म भावना द्वारा मनलाई सत्व, रज र तमोमल रहित तुल्याउनलाई यत्न गर्नु पर्छ। यसैलाई योगाभ्यास, राजयोग किंवा मनोनिग्रह भनेको छ। यसको परिणामले मन अत्यंत सूक्ष्म वृत्ति युक्त (किंवा अखण्डाकार) भई हाल्छ। यसलाई अमनिभाव किंवा उन्मनिभाव किंवा अमनस्कभाव (अमनस्ता) भनेको छ। यसप्रकारले अन्तिम ब्रह्माकार वृत्तिमा आफ्नो चित् स्वरूप स्पष्ट रूपले भासमान हुन्छ। जगत्मा जसको दृढ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यता बुद्धि हुन्छ (अर्थात् जसले मनलाई आफ्नो स्वरूप देखि भिन्न, सत्य पदार्थ भनी भन्दछ त्यसको लागि यसरी ध्यानाभ्यास द्वारा मनलाई अत्यन्त सूक्ष्म गरेर—ध्येय वस्तु-बाट लक्षित भएको ब्रह्म स्वरूपको आकारमा पर्यवसित गर्नु पर्छ। वासनाक्षय सम्पादित नभए सम्म अनात्माकार प्रत्ययको (ज्ञानको) अभाव हुन सक्तैन। त्यसकारण प्रयत्नपूर्वक निजी अखण्ड चैतन्य स्वरूपको भावना द्वारा मनमा अमनिभाव उत्पादन गर्नु पर्छ (मनलाई मारी हाल्नु पर्छ) तब नै अनावृत अखण्ड चित् स्वरूप स्पष्ट प्रकाशित हुन सक्तछ।

प्र०—म हूँ मध्यम अधिकारी त्यसकारण मेरो निम्ति योगाभ्यास (समाधि अभ्यास) प्रयोजन छ ?

उ०—जो मध्यम अधिकारीलाई जान्दछ (कल्पित मध्यमाधिकारीपनलाई प्रकाश गर्दछ) त्यो हो केवल प्रकाश रूप (शुद्ध चैतन्य वस्तु)। त्यो देहधारी (मनुष्य) होइन त्यसकारण त्यो अधिकारी पनि होइन। प्रकाश रूप तिमी हौ भ्रमले एकजीव—अरू आभास जीव सबै हुन् तिमीबाट कल्पित। त्यसकारण तिमी हौ उत्तम अधिकारी—साक्षात्कारको एकमात्र अधिकारी—अरू सारा जीव हुन् स्वाप्निक जीव झैं मिथ्या।

प्र०—तब मलाई उपदेश दिनु पनि त निरर्थक होला ?

उ०—जसकारण उपदेशको फलले तिमी तिम्रो वास्त-विक स्वरूप साक्षात्कार गरी हाल्दछौ त्यसकारण उपदेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सार्थक हो। साक्षात्कार अनन्तर उपदेश वास्तवमा निरर्थक हो (किन कि अद्वैत आफ्नो स्वरूपमा दोस्रो वस्तु—उपदेशादि—केही पनि छैन)। स्वप्नको बाघ मिथ्या भईकन पनि स्वप्नबाट जाग्नको हेतु हुन्छ।

प्र०—त्यसो भए म उत्तम अधिकारी कसरी हुने ?

उ०—तिमीलाई स्वरूप साक्षात्कारको इच्छा भएको हुनाले तिमी हौ उत्तम अधिकारी। श्रद्धालु र भक्तिमान उत्तम अधिकारीको विपेक्ष दोष रहँदैन (प्रमाता भावमा आग्रह हुँदैन)। केवल आवरण बाँकि रहन्छ। त्यसकारण गुरु उसलाई भनी दिनु हुन्छ कि 'तिम्रो साक्षी स्वरूपमा अविद्या, स्फूरण, मन किंवा आवरण छैनन्'। यस्तो सुनिकन मुमुक्षु शिष्यको शिथिल प्रमातादि त्रिपुटीभाव बाधित भई हाल्छ र तेही छिनमा स्वरूप साक्षात्कार उदित हुन्छ।

प्र०—उत्तम अधिकारी भए अहिले सम्म हामीलाई किन साक्षात्कार भएको थिएन ?

उ०—ईश्वरानुग्रहले आज सम्म यो उत्तमोत्तम उपदेशमिलेको थिएन त्यसो हुनाले तिम्रो स्वल्प आवरण दोष अनिवृत्त थियो। तिमी शुद्ध चित् स्वरूप भईकन पनि कल्पित प्रमाता आदि दृश्यहरूबाट आफूलाई विविक्त नगरेको हुनाले (र यो आफ्नो साक्षी स्वरूपमा सारा दृश्यलाई विलय गरिकन आफ्नो शुद्ध स्वरूपमा बुद्धि पूर्वक स्थित नभएको हुनाले) आज सम्म तिमीलाई साक्षात्कार प्राप्त भएको थिएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०–वासनाको बारेमा रहस्य कुरा के हो ?

उ०–जो चित्तलाई सत्य भनी मान्दछ (अर्थात् जसको प्रमाता भावमा आग्रह छ त्यो मानिस सत्य भनी गृहीत वासनाको क्षयको निम्ति मनोनिग्रह पूर्वक मनोनाश गर्नको लागि प्रयत्न गर्छ, मन अमनिभाव प्राप्त भए (मनको वृत्ति अत्यन्त सूक्ष्म भए–मन परं अखण्डाकार भए) अन्तिम साक्षात्कार वृत्ति उदित हुन्छ र मन (र उसको वासना) विनष्ट भई हाल्दछ चित्तको सत्यता पक्ष मध्यम अधिकारी ।

विचार द्वारा संवेदन (अहंभाव) बाधित भए सजिलो सित निर्वासनिक स्थिति (साक्षात्कार) प्राप्त हुन्छ । तिमी, म, जगत्–सबै हुन् सँधै अखण्ड चैतन्य स्वरूप । त्यसकारण ज्ञाता, ज्ञेय र ज्ञानरूप खण्डित भाव हुन् कल्पित (मिथ्या) । यो म हूँ, यी (अमुक) जगत् पदार्थ र यो पदार्थ मलाई चाहिन्छ–यस्तो त्रिपुटी हुन् भ्रम मात्र । यसप्रकार जसको निश्चय उत्पन्न भएको छ त्यसको इच्छा उत्पत्तिको मूलकारण वासना नष्ट भई हाल्दछ र स्वरूप साक्षात्कार अनायासले उत्पन्न हुन्छ । यो हो चित्तको मिथ्यात्व पक्ष उत्तमाधिकारी ।

प्र०—सृष्टि किन सत्य होइन ?

उ०–सृष्टि (द्वैत) सत्य भए जगत्को नानात्व अवश्य सत्य हुने थियो । त्यसो भएको भए भेद निषेध श्रुतिको कहिले पनि स्थान प्राप्त नहुने थियो । तर 'चित् स्वरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाना भाव किंवा कुनै भेद छैन' इत्यादि श्रुति विद्यमान छ। त्यसकारण सृष्टि हो वास्तवमा अनित्य किंवा मायिक (वास्तवमा कुनै पदार्थको सृष्टि भएको छैन र केही पनि उत्पन्न भएको छैन)। केवल अद्वैत चित् स्वरूप (साक्षी चैतन्य) विद्यमान छ—अरू केही पनि छैन।

(२) युक्ति द्वारा अद्वैत निरूपण :—

प्र०—अच्छा, अद्वैत आत्म स्वरूप नै हो सत्य, तद्भिन्न अरू केही पनि सत्य होइन—यो कसरी युक्तिको सहाराबाट देखाउन संभव हुन्छ ?

उ०—पारमार्थिक सद् वस्तु माया द्वारा जन्मन्छ। रज्जुमा कल्पित सर्प जस्तो रज्जु रूपमा परिदृष्ट हुन्छ त्यस्तै आत्म स्वरूपमा परिदृष्ट भएको मन नै माया द्वारा ग्राह्य ग्राहक रूप (ज्ञेय, ज्ञाता स्वरूप) द्वैताकारमा प्रकाशमान भएर दर्शनादि कार्य गर्दछ। जस्तो रज्जुमा कल्पित सर्प भय देखाउँछ त्यस्तै जाग्रत् कालमा मन माया द्वारा नानाकारमा स्पन्दित हुन्छ (किंतु त्यो स्पंदन वास्तविक होइन)।

स्वरूप अवस्था जस्तो एक मन नै माया द्वारा नाना आकारमा प्रकाशित हुन्छ त्यस्तै जाग्रत् अवस्थामा पनि एकांकी मन नै माया द्वारा विविध द्वैताकारमा प्रतिभासित हुन्छ।

स्वरूप स्थितिमा वास्तवमा मन आत्म स्वरूप देखि अभिन्न भए तापनि माया द्वारा भिन्न रूपले (ज्ञाता र ज्ञेय-रूपले) प्रतिभात हुन्छ। दृष्टान्तरूपमा युक्ति देखाइन्छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वप्नावस्थामा जस्तो प्रकाश किंवा अनुभव विना हात्तीरूप दृश्य र उसको ग्राहक चक्षु विद्यमान हुँदैन ठीक त्यस्तै जाग्रत् अवस्थामा पनि केवल स्वयं प्रकाश चित् स्वरूप मात्र विद्यमान छ। प्रमाता, प्रमेय र प्रमाणरूप भिन्न त्रिपुटी छैन।

दृश्यमान यो चराचर जगत् (द्वैत) हो मनस्वरूप (मनको अतिरिक्त जगत्को सत्ता छैन)। कारण निरोध समयमा मनको जब मनस्ताप (संकल्प, कल्पना) नष्ट भई हाल्दछ तब द्वैतको अनुभव हुँदैन।

यसमा अन्वय व्यतिरेक प्रमाण दिइन्छ—जसकारण मन द्वारा दृश्य देखिन्छ। त्यसकारण सारा द्वैत हुन् मन स्वरूप किन कि जसकारण मन भए द्वैत हुन्छ र मन नभए द्वैत रहँदैन अर्थात् विवेक दर्शनको पुनः पुनः अनुशीलन र वैराग्यबाट मन निरोध र मनको अमनिभाव भएर किंवा सुषुप्तिमा मनको लय भए द्वैत अनुभूत हुँदैन—त्यसैले द्वैतभाव (जगत्) मिथ्या सिद्ध हुन्छ।

एकमात्र आत्म स्वरूप हो सत्य यस्तो निश्चय भए संकल्प योग्य द्वैत पदार्थ नभएको हुनाले मन कुनै संकल्प (स्फूरण) उठाउन सक्तैन। त्यसकारण ग्राह्य पदार्थ नभएको हुनाले मन ग्रहण विषयक चिंतालाई परित्याग गरेर अमनिभाव (संकल्प राहित्य) प्राप्त गर्छ।

(३) स्वरूपको साक्षात्कार (अद्वैतानुभव):—

प्र०—तब सद् वस्तु (आफ्नो स्वरूप) कसबाट परिज्ञात हुन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—सारा कल्पना शून्य सँधै विद्यमान जो चैतन्य स्वरूप (प्रकाश स्वरूप) त्यो नै हो ज्ञेय ब्रह्म । त्यसकारण नित्य प्रकाश स्वरूप ब्रह्म (मुमुक्षु पुरुषको वास्तविक आफ्नो स्वरूप) स्वयं प्रकाशित भई हाल्छ । अरू कुनै साधनबाट प्रकाशित हुँदैन । उसमा ज्ञाता र ज्ञेय भेद रहँदैन त्यसकारण पहिले भनी सकेको छ कि आफ्नो वास्तविक स्वरूपहो ज्ञाता, ज्ञान र ज्ञेय विहीन ज्ञाताको वास्तविक स्वरूप र अखण्डित ज्ञानरूप (सर्वदा प्रकाशशील) वस्तु ।

प्र०—निरूद्ध अवस्थामा त ज्ञातव्य रहँदैन, त्यसो भए यो अवस्था हो सुषुप्ति झैं ?

उ०—यो ठीक होइन । दुवै अवस्था भित्र धेरै पार्थक्य छन् । सुषुप्ति अवस्थामा मन वासना युक्त बीज-भाव र कारणभाव प्राप्त हुन्छ तर विवेक ज्ञान द्वारा निग्र-हीत भएको मन लयभाव (कारण भाव) प्राप्त हुँदैन र मन जब अविद्याकृत ग्राह्य ग्राहकभाव जनित विविध मल वर्जित हुन्छ तब त्यो अद्वैत परब्रह्मरूप भई हाल्छ किन कि मन वास्तवमा साक्षी स्वरूप देखि कुनै भिन्न पदार्थ होइन । निरुद्ध (अचल) अवस्थामा मन भय रहित, सँधै प्रकाश-मान साक्षी चैतन्य नै भई हाल्दछ ।

प्र०—सर्वदा प्रकाशमान शब्दको अर्थ के हो ?

उ०—ग्रहण किंवा अन्यथा ग्रहणरूप अप्रकाश चित्-स्वरूपमा छैन—त्यसकारण आत्म स्वरूप हो नित्य प्रकाश-रूप । समाधि चिंता आदि कर्तव्य कर्म आफ्नो चैतन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूपमा संभव छैन । किन कि अविद्याविनष्ट भए पछि आफ्नो वास्तविक स्वरूपमा कुनै कर्तव्यलेश रहन सक्तैन । त्यसकारण साक्षात्कारवान पुरुषको कर्तव्य बाँकि रहँदैन । यदि भन्छौ कि बाँकि छ, त्यसो भए म भन्छु कि बाँकि छ भनी जो भन्दछ त्यो वास्तवमा तिमी होइनौ (त्यो हो मिथ्या पुरुष)। बाँकि रहनु रूप त्रिपुटी दृश्य तिमीमा कल्पित (मिथ्या) हो । केवल एक अखण्ड शुद्ध चैतन्य तिमी मात्र सर्वदा प्रकाशित भई रहेका छौ—अरू कोही पनि छैन ।

प्र०—समाधि शब्दको अर्थ के हो ?

उ०—आफ्नो चैतन्य स्वरूप हो समाधि जनित बुद्धि-द्वारा प्राप्त भएको वस्तु । किंवा यो आत्मस्वरूपमा चित्त-लाई एकाग्र गरेर तत्स्वरूप प्राप्त हुन्छ हुनाले आत्मस्वरूप-लाई समाधि भनेको छ । निजी चैतन्य स्वरूप समाधि अचल र अभय भएको हुनाले उसमा ग्रहण किंवा परित्याग छैन । किन कि जसमा विकार योग्यता छ त्यसमा नै त्याग र ग्रहण संभव हुन्छ । अखण्ड चित् स्वरूपमा विकारका उत्पादक अरू कुनै पदार्थ छैनन् र त्यो हो स्वयं निरवयव यसकारण उसमा त्याग किंवा ग्रहण संभव छैन । त्यो चित् स्वरूपमा चिन्ताको साधन मन नभएको हुनाले कुनै प्रकार चिन्ता सम्भव छैन—त्यसकारण त्याग किंवा ग्रहण कसरी संभव होला ? वह्न्याभाव (दाउरा नभएमा) जस्तो अग्नि-को उष्णता अग्नि रूपमा अवस्थित हुन्छ—त्यस्तै ज्ञातव्य विषय नभएको हुनाले ज्ञान—चैतन्य स्वरूपमा नै अवस्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ–यो हो अद्वैत अनुभव—यसैलाई अकृपणता (परम उदारभाव) भनेको छ। यसरी शास्त्र र युक्तिद्वारा अद्वैत स्परूप प्रदर्शित भयो।

(४) अस्पर्शयोग र मनोनिग्रह :—

यसरी सारा अनर्थका निवर्तक साक्षात्कृत आफ्नो परमात्म स्वरूप वेदान्त शास्त्रमा अस्पर्शयोग नामले कहिएको छ। कुनै प्रकार विषयसित स्पर्श नभएको हुनाले यो साक्षी चैतन्य स्वरूपलाई अस्पर्श योग भनेको छ।

वेदान्त विज्ञान रहित (अद्वैतानुभव किंवा साक्षात्कार रहित) योगीहरू र परोक्षज्ञानीहरू यो साक्षी स्वरूपलाई अत्यन्त प्रयत्न स्वीकार पूर्वक लाभ गर्नामा समर्थ हुन्छन्। किन कि यिनीहरूको प्रमाता भावमा आग्रह भएको हुनाले प्रमाता भावको (सम्पूर्ण त्रिपुटी भावको) विनाशलाई आत्मविनाश भनी मानेर यी अविवेकी योगीहरू सारा भय वर्जित साक्षी स्वरूपबाट डराउंदछन् (साक्षी स्वरूपलाई प्राप्त गर्ने इच्छा गर्दैनन्)।

यस्तो भयदर्शनशील अविवेकी पुरुष (परोक्ष ज्ञानीहरू) राजयोगको अभ्यास द्वारा (अर्थात् मनोनिग्रह पूर्वक आत्मबोध प्राप्त गर्दछन्)।

प्र०—राजयोगीहरू साक्षी स्वरूपबाट किन डरादउँछन्?

उ०—यसको कारण यो हो कि यिनीहरू अविवेकी भएका हुनाले प्रतिबिम्बरूप प्रमातालाई भ्रमले आफ्नो स्वरूप भनी मान्दछन् र परिणामले बाह्य जगत्‌को इष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थमा रमाईलो बुद्धि गर्दछन् । वेदान्त जनित आफ्नो वास्तविक साक्षी स्वरूपको (शुद्ध चैतन्य स्वरूपको) ज्ञान यिनीहरूलाई हुन सक्तैन—यिनीहरू अविवेक वशात् दृश्यरूप प्रमाता भावलाई आफ्नो स्वरूप भनी निश्चय गर्दछन् र द्वैत पदार्थबाट सर्वदा चिन्ता दुःख र भय प्राप्त गर्दछन् ।

प्र०—यिनीहरूको मनोनिग्रहको रहस्य के हो ?

उ०—मध्यमाधिकारी राजयोगीहरू ध्यान (समाधिको अभ्यास गर्दछन्) । 'म हूँ शुद्ध चैतन्य स्वरूप (ब्रह्म)' यस्तो प्रयत्न पूर्वक निरन्तर भावनाको फलले ज्ञाता, ज्ञान र ज्ञेय यी त्रिपुटी रूप भेद (विभाग किंवा विच्छेद) विगलित भई हाल्दछ र मन सारा विभाग रहित (सत्व, रज, तम रूप मल रहित अर्थात् त्रिपुटी भावका विगलन पूर्वक) अचल वा अखण्डाकार भै हाल्छ । यसरी अनर्थरूप सारा आवरण (मनको चञ्चलता वा त्रिपुटी भाव) नष्ट भैहाल्दछ र निजी वास्तविक चित् (साक्षी) स्वरूप स्वयं प्रकाशित भैहाल्दछ ।

प्र०—उत्तमाधिकारी पुरुषको विशेषता के हो ?

उ०—भ्रान्त प्रमाताभाव जसको श्रद्धा, भक्तिको बलले शिथिल हुन्छ त्यसको महिमा हो अपरम्पार । त्यसलाई सहजमा नै आत्म साक्षात्कार प्राप्त भई हाल्दछ ।

प्र०—यसमा शास्त्र प्रमाण छ कि ?

उ०—शास्त्रमा परिपक्व मन (निर्मल मन किंवा अमनिभाव) लाई अत्यन्त दुर्लभ भनेको छ । फेरि यसको जो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधन (अर्थात् यो देखि पनि जो अन्तरंग साधन हो त्यो जो उत्तमाधिकारी पुरुषको प्राप्त हुन्छ त्यसको अति शीघ्र स्वरूपको साक्षात्कार प्राप्त भै हाल्छ) अर्थात् वर्ण र आश्रम निरपेक्ष मनुष्य मात्रको जसको यो अन्तरंग साधन छ— अतिशीघ्र साक्षात्कार लाभ हुन्छ ।

यो अन्तरंग साधन हो गुरु र ईश्वरमा असाधारण भक्ति । वेदान्तमा घोषित भएको छ कि जसको ईश्वरमा परम भक्ति हुन्छ र त्यस्तै उत्कृष्ट भक्ति गुरुमा पनि छ— अर्थात् जसको आफ्नो साक्षी स्वरूपमा अत्यन्त रूची छ त्यो महात्मा पुरुषको हृदयमा वेदान्तको सम्पूर्ण रहस्य अर्थ (आफ्नो शुद्ध चैतन्यरूप) प्रकाशित भै हाल्छ । केवल श्रुतिमा मात्र यो घोषित भएको होइन किन्तु गीतामा पनि यसको अर्थ कहिएको छ ।

प्र०—गुरु भक्ति त ईश्वर भक्ति हो अत्यन्त अन्तरंग साधन यसको के अर्थ हो ?

उ०—जसको मन परिपक्व (सत्व, रज र तम मल रहित) भएको छ, यस्तो मध्यमाधिकारी पुरुषको लागि पनि दु:साध्य जुन साधन हरू हुन् ती गुरु र ईश्वरमा भक्तिमान उत्तमाधिकारी पुरुषलाई अनायास प्राप्ति हुन्छ । अर्थात् यस्तो उत्तमाधिकारी महात्मा पुरुषलाई अतिशीघ्र स्वरूपको साक्षात्कार भई हाल्छ । त्यस कारण स्वधर्म सित अविरोध रूपले सबैले गुरू र ईश्वरमा उत्कृष्ट भक्ति गर्नु कर्तव्य हो ।

प्र०—यहाँ सम्म जो कुछ भनिएको छ त्यसबाट के सिद्ध हुन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—जसको लागि मन र इन्द्रियहरू हुन् आफ्नो चैतन्य स्वरूपमा कल्पित र असत्य—तिनीहरू एकमात्र अखण्ड चैतन्य स्वरूप ब्रह्मलाई सत्य भनी जान्दछन् र त्यो वाहेक सारा पदार्थलाई कल्पित र मिथ्या भनी वुझी सकेका छन् तिनीहरूको लागि अक्षय शांति (मुक्ति) सजिलो सित नै सिद्ध हुन्छ। किन कि त्यसमा समाधि चिन्ता आदि कुनै प्रकारको कर्तव्य संभव छैन। किन्तु सत्पथवर्ती मन्द र मध्यम बुद्धि युक्त अपर जो सारा योगीहरू तिनीहरू मनलाई भिन्न (र आत्म सम्बधित) भनी जान्दछन् तिनीहरूको निम्ति अभय प्राप्ति हो मनोनिग्रहको अधीन—दुःख क्षय पनि हो मनोनिग्रहको अधीन, किन कि (आत्म सम्बन्धी) मन जहाँ सम्म चंचल भई रहन्छ तहाँसम्म दुःखको क्षय हुन सक्तैन। तिनीहरूको आत्म प्रबोध पनि हो मनोनिग्रह-को अधीन र अक्षय शान्ति (मुक्ति) पनि मनोनिग्रह द्वारा सिद्ध हुन्छ।

(५) मनोनिग्रहको उपाय :—

योगानुष्ठानमा जसको अंतःकरण अनुत्साह प्राप्त हुँदैन, उद्यमशील ती सारा मनुष्यहरूको नै मनोनिग्रह सिद्ध हुन्छ।

मनोनिग्रहका विघ्नहरूलाई अतिक्रमण गर्ने उपाय देखा-इन्छन्। विघ्न हुन् चार प्रकारका—(१) लय (२) विक्षेप (३) कषाय र (४) रसास्वाद।

अखिन्न चित्तबाट उद्यम गर्नु नै एकमात्र उपाय होइन किन्तु भोग विषयमा चञ्चलीभूत मनलाई निगृहीत गर्नु पर्छ (आफ्नो चैतन्य स्वरूपमा नै निरुद्ध गरी दिनु पर्छ) र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुषुप्तिमा लयभाव प्राप्त मनलाई पनि निगृहीत गर्नु पर्छ। किन कि विषयस्पृहा (काम) जस्तो अनर्थका हेतु हुन्छन् त्यस्तै लय (मूढ़ समाधि) पनि हो अनर्थको हेतु। त्यसकारण विषयमा आसक्त विक्षिप्त (विषयको आकारमा आकारित अर्थात् विषय चिन्तायुक्त) मनको निग्रह भैं लय (यो हो मूढ समाधि भैं) अवस्थादेखि पनि मनलाई निरुद्ध गर्नु आवश्यक छ।

यसको उपाय के हो ? 'अविद्याबाट उत्पन्न सारा द्वैत पदार्थ हुन् दुःख मिश्रित' यस्तो निरंतर स्मरण गरेर इष्ट विषयमा आशक्त (इच्छायुक्त) मनलाई वैराग्य भावनाद्वारा निर्वर्तित गरेर (फर्काएर—त्रिपुटीयुक्त हुन नदीइकन) साक्षी चैतन्य स्वरूपमा स्थित राख्नु। सबै पदार्थ नै (द्वैत नै) हुन् चैतन्य स्वरूप—गुरु र शास्त्रबाट यसप्रकार जानेर निरन्तर निजी साक्षीस्वरूपको स्मरण गरे पछि (बुद्धि पूर्वक अनुभव गरे पछि) ईप्सित द्वैत पदार्थ अदृश्य भई हाल्छन् किन कि वास्तवमा द्वैत भन्ने कुनै सत्य वस्तु छैन (पदार्थको कल्पना नगरे पदार्थ उपलब्ध हुँदैन)।

सुषुप्तिमा (जाग्रत्मा पनि सुषुप्ति हुन्छ)। मन लीन भए (यो हो मूढ़ समाधि जस्तो) ज्ञानाभ्यास र वैराग्य यी द्विविध उपायबाट मनलाई आत्म विषय विवेक ज्ञानका साथ संयोजित गर्नु पर्छ (आत्म र अनात्माको विवेक दर्शनमा मनोयोग गर्नु, मनलाई लगाउनु)। इष्ट विषयको उपयोगमा मन चञ्चल भए (त्रिपुटी युक्त भए) पुनः पुनः अभ्यास द्वारा मनलाई प्रशान्त तुल्याउनु—मनलाई स्थिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राख्नु (विषयाकारमा आकारित हुन नदिनु)। यसरी वारम्वार अभ्यास वशात् भोग्य विषयबाट निवृत्त र लयावस्थाबाट प्रबोधित—किन्तु समता (अचलभाव) प्राप्त नभईकन मध्यवर्ती अवस्थामा स्थित भए पछि—मनलाई सूक्ष्म विषयानुरागयुक्त (उद्बुद्ध रागद्वेषयुक्त) भनी जान्नू—अर्थात् 'अहिले मेरो मन प्रवृत्तिको बीजरूप सूक्ष्म विषयको अनुरागयुक्त भएको छ' यसप्रकार जान्नु पर्छ। यसरी जानेर यत्न पूर्वक (सम्प्रज्ञात समाधि द्वारा) यो अवस्थाबाट पनि मनलाई वृत्ति रहित गर्नु पर्छ।

प्र०—मनको समता (वृत्ति राहित्य) कसरी गर्नु ?

उ०—मन सूक्ष्म विषयानुराग युक्त भए त्यो तिमी तत्कालमा नै जानी हाल्दछौ (कषाययुक्त मनलाई तिमी प्रकाश गरी हाल्छौ) त्यसकारण यस्तो मन चाँडैनै स्थूल विषयमा प्रवृत्त भई हाल्छ यसप्रकार अनर्थको संभावना बुझीकन सूक्ष्म रागद्वेषलाई चित्तमा उठ्न नदिनु—अर्थात् चित्तलाई समतायुक्त (निर्विषय किंवा विषयको चिन्ता रहित तुल्याउनु) चित्तवृत्ति रहित भयो कि तिमी तत्काल-मा नै थाहा पाउँछौ किन कि तिमी चित्तको सारा अवस्था-को र चित्तको अभाव दशालाई पनि प्रकाश रूपले विद्यमान छौ साक्षी स्वरूप तिम्रो कहिले पनि अभाव हुन सक्तैन। यसप्रकार वृत्ति रहित मनलाई जान्नुको (प्रकाश गर्नुको) नाम हो संप्रज्ञात समाधि।

कषाययुक्त मन (ज्ञानालोकको चतुर्थ हिस्साको अन्तिम हिस्सा हेर्नुहोस्) हो निर्विकल्प समाधिको अत्यन्त दुर्जय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र अनर्थकारी प्रतिबन्ध । त्यसकारण मनलाई सारा उद्बुद्ध रागद्वेषादिका संस्कारबाट मुक्त राख्नको लागि प्रबल प्रयत्न गर्नु पर्छ । त्यसो नभए चित्त समभाव प्राप्त (ब्रह्माकारमा आकारित) हुन सक्तैन । यो प्रयत्न हो अत्यन्त गुरुत्व पूर्ण ।

प्र०—जाग्रत्मा कसरी सुषुप्ति हुन सक्ला ?

उ०—तुरीय र सुषुप्ति जस्तो चार प्रकारका हुन् त्यस्तै जाग्रत् र स्वप्न अवस्था पनि चार प्रकारका हुन्छन् । यथा—

(१) जाग्रत् जाग्रत् — इन्द्रिय द्वारा व्यवहार,

(२) जाग्रत् स्वप्न — मानस चिन्तन,

(३) जाग्रत् सुषुप्ति -- स्तब्धि भाव (चित्तको लीनता, चूपचाप रहनु),

(४) जाग्रत् तुर्य — सुखानुभव ।

—✿—

(१) स्वप्न जाग्रत् — कल्पित इन्द्रियबाट कल्पित विषय-मा व्यवहार,

(२) स्वप्न स्वप्न — स्वप्नमा मानस चिन्तन,

(३) स्वप्न सुषुप्ति — स्वप्नमा इति कर्तव्यताको अभाव र

(४) स्वप्न तुर्य — तृप्तता ।

यसरी लय विक्षेप र कषायको प्रतिकार देखाइयो । अहिले रसास्वाद विघ्नलाई कसरी अतिक्रम गर्नु पर्छ देखाईन्छ :—सम्प्रज्ञात समाधिमा जो सुख दुःख हुन्छ (अनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूत हुन्छ) त्यो अविद्या कल्पित भएकोले निश्चित रूपले मिथ्या हो यस्तो जानेर त्यो सुख विषय अनुरागबाट पनि मनलाई हटाउनु पर्छ—'मैले अहिले सुखानुभव गरी राखेको छु' यस्तो चित्तलाई उठ्न दिनु हुँदैन—विवेक ज्ञान-को सहाराले सुखयोगबाट निस्पृह रहनु पर्छ, किन कि तिमी हौ अखण्ड आनन्द स्वरूप—यसरी चित्तलाई अखण्डाकार (वृत्ति रहित) तुल्याउनु पर्छ । चित्त जब सुखानुरागबाट निवृत्त भएर फेरि बाहिरको विषयमा जान खोज्दछ तब त्यहाँबाट पनि चित्तलाई निवारित गरेर यत्नपूर्वक आफ्नो चैतन्य स्वरूपमा एकीभूत गर्नु पर्छ । ब्रह्माकारमा आकारित गर्नु—कुनै विषयको विषयमा आकारित हुन नदिनु ।

प्र०—चित्तलाई कसरी ब्रह्माकारमा आकारित गर्नु ?

उ०—चित्त यदि विषयाकारमा आकारित हुन पाउँदैन तब चित्त स्वतः अचल (वृत्ति रहित) भएर स्थित हुन्छ । त्रिपुटीभाव हो चित्तको खण्डित भाव—यो बन्द भए चित्त अखण्डित रूपले वर्ताव गर्छ । यसैको नाम हो ब्रह्माकार (अखण्डाकार) चित्तवृत्ति—वृत्ति शब्दको अर्थ चित्तको परिणाम होइन किन्तु चित्तको चैतन्य निजी वास्तविक स्वरूपमा वर्तमानता ।

यसरी माथि देखाइएका उपायबाट निगृहीत चित्त जब सुषुप्तिमा लीन हुँदैन र विषयमा पनि विक्षीप्त हुँदैन किन्तु निश्चल वायु रहित बत्ति झैं अनाभास भई हाल्छ—अर्थात् कल्पित कुनै विषयको आकारमा आकारित भएर प्रकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नपाउनै, तब चित्त ब्रह्म स्वरूपमा अवस्थित भई हाल्छ। यो नै हो असम्प्रज्ञात समाधि (अन्तिम साक्षात्कार वृत्ति)।

प्र०—त्यसो भए चित्तको स्वरूप के हो ?

उ०—चित्त हो वास्तवमा चित् स्वरूप। अचल चित्त केवल चित् स्वरूपलाई सर्वत्र देखी रहन्छ (किन कि आफू चैतन्य स्वरूप हो स्वयं प्रकाश)। खण्डित चित्त (चित्तको त्रिपुटी भाव) हो कल्पित वा मिथ्या। अखण्डाकार चित्त (अमनिभाव किंवा उन्मनिभाव) हो ब्रह्मस्वरूप।

प्र०—सम्प्रज्ञात समाधिबाट कसरी असम्प्रज्ञात समाधिमा पुगिन्छ ?

उ०—जहाँ सम्म वृत्ति रहित मन आदि सूक्ष्म दृश्य बाँकि रहन्छन् तहाँ सम्म तिमी त्यसको प्रकाशक रूपले विद्यमान छौ। यो हो सँप्रज्ञात समाधि, किंतु जब जगत्को मिथ्यात्व निश्चयपूर्वक अत्यन्त निश्चित र निश्चल चित्त आफ्नो साक्षी स्वरूपमा निमग्न हुन्छ तब यस्तो अचल चित्त परिपूर्ण निजी चित् आनन्द स्वरूप सुस्पष्ट रूपले भासमान हुन्छ। तिमी आफ्नो एकरस सनातन स्वरूपमा स्थित भएर स्वयं चित् स्वरूपको स्पष्ट अनुभव गरी हाल्द छौ। यसलाई अद्वैत अनुभव भनेको छ—यो हो स्वयंप्रकाश साक्षी तिम्रो प्रत्यक्ष। निज स्वरूपमा स्वतः स्थित भए कुनै सूक्ष्मातिसूक्ष्म दृश्य विद्यमान नभएको हुनाले तिमी त्यसको प्रकाशक हुन सक्तैनौ—यसकारण अद्वैत अनुभवलाई असम्प्रज्ञात (किंवा निर्विकल्प) समाधि भनेको छ। यसरी चित्स्वरूपमा चित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विलीन भए (त्रिपुटी भाव विगतिल भए) सम्पूर्ण दृश्यको अभाव भई हाल्द छ। स्वयं प्रकाश अखण्ड अनुभवरूप केवल तिमी परिशिष्ट रहन्छौ—यो हो असम्प्रज्ञात समाधि। **यसरी मनोनिग्रह पूर्वक आत्मबोध प्राप्ति हुन्छ मध्यमाधिकारी को निम्ति।**

प्र०—पारमार्थिक सुख कसलाई भन्छ ?

उ०—स्वरूपको बोध हो पारमार्थिक सुख। यो रसास्वाद किंवा वैषयिक सुख झैं आगमापायी होइन। यो अनुत्पन्न सुख आफ्नो चित् स्वरूप देखि भिन्न होइन—निजी यथार्थ ब्रह्म स्वरूप हो पारमार्थिक सुख।

प्र०—पारमार्थिक सत्य के हो ?

उ० —मनोनिग्रह सृष्टि उपासना—यिनीहरू हुन् पारमार्थिक चित्त स्वरूपको उपलब्धिको उपायमात्र (परमार्थ सत्य होइन)। परमार्थ सत्य हो कि कर्ता भोक्ता रूप कुनै जीव कुनै प्रकारले पनि उत्पन्न भएका छैनन्—एक अद्वितीय आत्म चैतत्य स्वरूप सर्वदा विद्यमान भै रहेको छ। उपायरूपले जो सारा सत्य पदार्थ शास्त्रमा बताइएका छन् ती सारादेखि उत्कृष्ट सत्य यो हो कि परमार्थ सत्य निजी चित् स्वरूप (साक्षी चैतन्य) देखि भिन्न प्रमाता र कुनै पदार्थ कहिले पनि उत्पन्न भएका छैनन्। यो पदार्थ सत्य सिद्धान्तलाई अज्ञातवाद भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ प्रकरण

जगत् उत्पन्न भएको छैन

यसरी अद्वैत चित् स्वरूप नै हो सर्वोत्तम सत्य वस्तु भनी देखाइयो। कहिले पनि कुनै विषयसित जसको सम्बन्ध छैन त्यो हो अस्पर्शयोग (ब्रह्म स्वरूप) चैतन्यस्वरूप ब्रह्म-देखि भिन्न कुनै बाह्य पदार्थ छैनन् त्यसकारण चित्त कुनै विषयलाई स्पर्श गर्दैन। कल्पनाको बलले विषयाकारमा प्रति-भासमान पदार्थलाई पनि चित्तले स्पर्श गर्दैन। स्वप्न झैं जाग्रत् कालमा पनि चित्त नै घटादि विषय विद्यमान नभए-ता पनि त्यो तदाकारमा भासमान भई हाल्छ। चित्तको दृश्य घटादि पदार्थ जस्तो उत्पन्न भएको छैन त्यस्तो चित्त पनि उत्पन्न भएको छैन। जो आदिमा र अंतमा छैन त्यो वर्त-मान अवस्थामा पनि हो तद्रूप (अर्थात् छैन—असत्य हो) ती मिथ्या भैकन पनि भ्रममा सत्य वस्तु झैं परिलक्षित हुन्छन्। उत्पत्ति र विनाश भएको हुनाले दृश्यमान सारा पदार्थ नै हुन् मिथ्या। स्वप्न जस्तो स्वप्न दर्शिको निम्ति नै अपरापर साधारण सत्यवस्तु झैं प्रतिभान हुन्छ त्यस्तो जाग्रत् वस्तु पनि साधारण वर्तमान वस्तुको आकारमा प्रतिभासित हुन्छ, किन्तु त्यो साधारण भावमा विद्यमान छैन, किन्तु स्वरूपको नै अनुरूप हो अविवेकी मनुष्यको लागि स्वप्न हो चञ्चल (अचिर स्थायी) तर जाग्रत्का पदार्थ स्थिर भनी अनुभूत भए तापनि विवेकी पुरुषको लागि कुनै वस्तुको पनि उत्पत्ति प्रसिद्ध छैन। त्यसकारण उत्पत्ति नै जब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अप्रसिद्ध हो तब चिद्रूप आत्मा नै (साक्षी चैतन्य नै) हो यो दृश्यमान सारा वस्तुको यथार्थ स्वरूप। यसकारण नै "यो आत्म स्वरूप नै हो बाहिर भित्र सर्वत्र अवस्थित र जन्म रहित" इत्यादि वाक्यबाट वेदान्त शास्त्रमा सारा जगत्-लाई जन्म रहित आत्मा भनी निर्देश गरिएको छ।

स्वप्न अवस्था हो जाग्रत् अवस्थाको कार्य किंवा जाग्रत् हो स्वप्नको हेतु—यस्तो भनिएको छ तापनि त्यो परमार्थ सत्य होइन। प्रतीत पक्षमा कुनै प्रकारले पनि हुने पदार्थको कार्य कारण भाव उपपन्न हुँदैन। विवेकी पुरुषको लागि कुनै पदार्थको पनि कार्य कारणभाव सम्बन्ध सम्भव छैन।

प्र०—तब जगत् उत्पत्तिको उपदेश शास्त्रमा किन दिइएको छ ?

उ०—दृढ आग्रहयुक्त श्रद्धालु र मन्द विवेकशील पुरुष-ले द्वैत पदार्थलाई स्वीकार गरे तापनि (माने तापनि) वेदान्तको अभ्यास गर्दै गर्दै स्वतः त्यस्तो जन्म रहित अद्वितीय आत्म स्वरूपको विवेक उत्पन्न हुन्छ यस्तो अभि-प्राय लीइकन—स्वरूप बोध प्राप्तिको उपाय रूपले—ब्रह्मबाट जगत्को उत्पत्तिको उपदेश शास्त्रमा दिइएको हो। यो उपदेश पारमार्थिक होइन किन कि जो विवेक मार्गमा प्रवृत्त भएको छ त्यसको लागि यदि सम्यक् ज्ञानको (प्रति-बन्धक) दोष भई हाल्छ तब त्यो दोष अल्प परिणामको हुन्छ।

प्र०—अहिले सम्म के कुरा सिद्ध भयो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—यो सिद्ध भयो कि चित्त उत्पन्न भएको छैन— मनुष्यहरू हुन् जन्म रहित । एक अद्वितीय भईकन पनि भिन्न भिन्न शरीरमा अनुगत भएको हुनाले मनुष्यहरू भनी बहुवचनको व्यवहार गरिएको छ। जन्मादि रहित अद्वितीय आफ्नो चैतन्य स्वरूपलाई जानेर जुन मानिसहरू बाह्य पदार्थका कामनालाई परित्याग गर्दछन् तिनीहरू फेरि भ्रममा प्रतीत हुँदैनन् । 'एकत्वदर्शीको शोक पनि के हो ? र मोह पनि के हो ?' (अर्थात् साक्षात्कारवान् पुरुषको शोक मोह अलिकति पनि रहन्न ।

(१) परमार्थ ज्ञान—

ज्वलन्त उल्काको परिभ्रमण जस्तो सरल र वक्र आदि नानाभावमा देखिन्छन्, ग्रहण ग्राहक आभास (विषयी र विषयाकारमा) चित् स्वरूपको प्रकाश (भान) पनि हो त्यस्तै । त्यो प्रकाशमान चित् स्वरूप कस्तो हो ? वास्तवमा त्यसको स्पन्दन नभए तापनि भ्रमले (अविद्या वशात्) त्यो स्पन्दन भै हालेको जस्तो—किन कि निःस्पृह चैतन्यको कहिले पनि स्पन्दन छैन—त्यो हो जन्म रहित र अचल (त्यो नै नाना आकारमा प्रतिभात भई रहन्छ) । ज्वलन्त उल्काको परिभ्रमणानुसार आगोको रेखा पनि कहिले सरल कहिले वक्र देखिन्छ—त्यस्तो चित् स्वरूप आत्म एकरस भए तापनि भ्रमले ज्ञाता, ज्ञान र ज्ञेय आदि रूपले दृष्ट हुन्छ । त्यो उल्का जब स्पन्द रहित हुन्छ तब सरल र वक्रादि भावमा प्रतिभात हुँदैन । त्यस्तै भ्रमको अभाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए चित् स्वरूप आफू पनि कर्ता भोक्ता आदि रूपले प्रकाशमान हुँदैन, किन्तु अनाभास (दृश्य रहित) र अचल भई हाल्छ ।

उल्का जब घुम्छ तब सरल किंवा वक्र आगाका रेखाहरू उल्कादेखि भिन्न अरू कारणबाट आउँदैनन्, निस्पन्द उल्काबाट अरू ठाउँमा पनि गई हाल्दैन किंवा निस्पन्द उल्कामा पनि ती रेखाहरू प्रवेश गर्दैनन् ।

(२) कार्य कारण भाव हुन् मिथ्या—

ज्वलन्त उल्कामा देखिएका सरल र वक्र भावहरू हुन् अवस्तु (मिथ्या) त्यसकारण उल्कादेखि तिनीहरू उत्पन्न भएका होइनन् । बुद्धिद्वारा परिकल्पित ज्ञाता, ज्ञेय, कर्ता, भोक्ता आभास पनि हुन् त्यस्तै (मिथ्या) दुइटैको भिन्न अलिकति पनि विरोध छैन । ज्ञाता, ज्ञेय वास्तवमा नभए तापनि प्रतीत भएका हुनाले तिनीहरूलाई आभास भनिएको छ । यी आभासहरू जब कुनै वस्तु नै होइनन् तब तिनीहरू चैतन्य रूप आत्माबाट निस्कन पनि सक्तैनन् । त्यसकारण आत्मस्वरूप र आभासको भित्र कार्यकारण भाव उत्पन्न हुँदैनन् । अर्थात् ज्ञाता, ज्ञेय आदि आभास हुन् केवल मिथ्या । यी आभासहरू हुन् अचिन्त्य—चिन्ताद्वारा उनीहरूको तत्त्व निरूपण गर्न सकिन्न ।

यसप्रकारले जानिन्छ कि बाह्य पदार्थ चित्तबाट उत्पन्न भएका छैनन् किंवा चित्त बाह्य पदार्थबाट उत्पन्न भएको छैन । त्यसकारण ज्ञानीहरू कार्यकारणको अनुत्पत्ति नै निश्चय गर्नु हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्य कारण भावमा अभिनिवेश (आग्रह) रहे सम्म कारणबाट कार्यभावको उत्पत्ति देखिन्छ जस्तो स्वप्नमा माटोबाट घटको उत्पत्ति देखिन्छ। यो आग्रह निवृत्ति भए आत्म स्वरूपको साक्षात्कार भै हाल्छ।

स्वप्न अवस्थामा जस्तो द्वैत न भए तापनि चित्त नै संस्कारको बलले द्वैताकारमा स्पन्दित हुन्छ त्यस्तै जाग्रत् कालमा पनि चित्त नै भ्रमले द्वैताकारमा प्रतिभात भई रहेको छ र नानाप्रकारका क्रिया सम्पादन गरी रहन्छ। स्वप्न समयमा अद्वय चित्तनै द्वैताकारमा प्रकाश प्राप्त हुन्छ यसमा संशय छैन—त्यस्तै जाग्रत् अवस्थामा पनि चित्त अद्वय भैकन पनि द्वैताकारमा भासमान भई रहेको छ—यसमा संशय छैन।

स्वप्न दर्शिको चित्तदेखि स्वप्नका जीवहरू भिन्न होइनन्, किनकि चित्तनै अनेकानेक जीवाकारमा कल्पित हुन्छ। त्यस्तै यो स्वप्न दर्शिको चित्त हो स्वप्न दर्शिको नै दृश्य। त्यसकारण स्वप्न दर्शिदेखि भिन्न चित्त भन्ने केही पनि छैन। चित्तारूप दृश्य त्यसको प्रकाशक (साक्षी चैतन्य) देखि भिन्न हुन सक्तैन (नत्र चित्त सिद्ध हुँदैन—चित्त हो चित् स्वरूप नै)।

त्यस्तै जाग्रत् मानिसको दृश्य जीवहरू-चित्तको दृश्य भएको हुनाले—त्यो चित्तदेखि भिन्न होइन। त्यो जीवदर्शि चित्त पनि द्रष्टा (जाग्रत् मानिस अर्थात् चित्तको प्रकाशक साक्षी) देखि भिन्न होइन।

यसरी देखिन्छ कि चित्त र चैत्य (चित्तको ग्राह्य पदार्थ) दुवै नै हुन् प्रमाण शून्य। घटाकार बुद्धि विना घट-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई जान्निदैन र घटलाई छाडे पछि घट बुद्धि हुँदैन । अर्थात् घट बुद्धि हो प्रमाण र घट हो यसको प्रमेय । तर यसप्रकार भेद कल्पना गर्नु योग्य होइन, किन कि दुवै नै हुन् मिथ्या (स्वप्नको कार्य कारण भाव झैं) ।

दुवैटा पदार्थ सत्य भए त्यसको भित्र एउटालाई कारण र अर्कोलाई कार्य भने हुन्छ तर एउटा पदार्थ पनि सत्य होइन किन कि कुनै पदार्थ उत्पन्न भएको छैन । केवल एक अद्वितीय साक्षी चैतन्य (तुरीय स्वरूप तिमी) स्वप्न र सर्वदा प्रकाशमान भई रहेको छौ अरु केही पनि छैन ।

त्यसकारण कार्य कारण भाव हुन् मिथ्या ।

स्वप्न दृष्ट जीवहरू जस्तो स्वप्नमा जन्मिछन् र मर्छन् त्यस्तै जाग्रत्का जीवहरू जन्मिन्छन् र विनष्ट भै हाल्छन् । यी दुई अवस्थाका भित्र अलिकति पनि पार्थक्य छैन । ऐन्द्रजालिकबाट प्रदर्शित मायामय जीव जस्तो जन्मिन्छ र मर्दछ त्यस्तै जाग्रत् कालीन जीवहरू पनि जन्म लिन्छन् र विनष्ट हुन्छन् ।

(३) अजातवादनै हो उत्तम सिद्धान्त :—

कुनै जीव पनि उत्पन्न हुँदैन र उत्पत्तिको सम्भावना पनि छैन । यो नै हो उत्तम सत्य । जस्मा प्रमातादि भाव वास्तवमा उत्पन्न नै भएको छैन ।

व्यवहार दशामा (अज्ञान दशामा) जो जीवहरूको जन्ममरणादि देखिन्छन् त्यो हो स्वप्न आदि दृष्ट जीव झैं । कुनै प्रमाता (जीव) वास्तवमा उत्पन्न भएका छैन–यही नै हो पारमार्थिक सत्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो हो ग्राह्य र अमुक हो यसको ग्राहक–यस्तो ग्राह्य ग्राहक भावयुक्त सारा द्वैत प्रपञ्च (जगत्) हो चित्तको स्पन्दन (चलन) मात्र–चित्तको विलास किंवा विकार मात्र। वस्तुतः यिनीहरूको अलिकति पनि सत्ता छैन। चित्त पनि हो वास्तवमा आफ्नो चित् स्वरूप (साक्षी चैतन्य मात्र) चित्ताको कुनै विषय छैन (जो सित सम्पर्क होला, जसको आकारमा चित्त आकारित होला)। यसकारण जस-लाई प्रमाता भन्दछ त्यो वास्तवमा हो सारा विषय सम्पर्क रहित र निश्चित रूपले असँग।

प्र०–अच्छा, शास्ता (उपदेष्टा) शास्त्र र शिष्य इत्यादि विषय त रहेकाछन् त्यसकारण चित्त कसरी निःसँग हुन सक्ला ?

उ०–यसमा कुनै दोष छैन। शासन कर्ता प्रभृति जो समस्त पदार्थ देखिन्छन् ती केवल परमार्थ तत्त्वको उपलब्धि-को उपायरूप भनी कल्पित भएका छन्। वास्तवमा शास्ता आदि द्वैत छैन। साक्षात्कार उदय भए कुनै द्वैत पदार्थ रहँदैन। यसकारण चित्त किंवा पुरुष हो असँग (विषय सम्पर्क रहित)।

(४) जन्म प्राप्तिको अभाव :—

असत्य स्वरूप द्वैत विषयमा केवल अभिनिवेश (आग्रह) विद्यमान देखिन्छ–तर त्यो आग्रहको विषय (द्वैत पदार्थ) छैन। जब मनुष्य सारा कल्पना वर्जित एक अद्वितीय निजी चित् स्वरूपको साक्षात्कार गरेर अविद्या परिकल्पित उत्तम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्यम र अधम जन्म प्राप्तिको हेतु देख्दैन तब देवता मनुष्य किंवा पशु पक्षी रूपले जन्म प्राप्ति हुँदैन ।

परमार्थं आफ्नो स्वरूपको साक्षात्कार भए उत्पत्तिको कारण जो धर्म र अधर्म रूप निमित्त (हेतु) हो त्यो विनष्ट भई हाल्छ । यसरी निमित्त हीन चित्तको अनुत्पत्ति (किंवा मुक्ति) सर्वदा र सारा अवस्थामा समान भई रहेको छ। साक्षात्कार उदयको पहिले पनि सबैको चित्त हो अनुत्पन्न र अद्वय (भेद रहित) सबैको चित्त पनि हो सर्वदा अनुत्पन्न समान (विकार शून्य) र द्वैत रहित । चित्त कहिले (ज्ञान-को उदय भए अनुत्पन्न हुन्छ र कहिले ज्ञान उदय हुनुको पहिले) उत्पन्न हुन्छ—यस्तो होइन । चित्त सँधै एक रूप (अनुत्पन्न र अद्वितीय चित् स्वरूप) । सारा विषय (द्वैत पदार्थ) कल्पित र मिथ्या भएको हुनाले साक्षी चित् स्वरूप-को कुनै कालमा कुनै पदार्थ सित सम्पर्क हुन सक्तैन त्यस-कारण चित्तभाव (विषय सित सम्पर्क युक्त चित् भाव) कहिले पनि उत्पन्न हुन सक्तैन । त्यसैले चित्त (उसमा प्रतिबिम्बित प्रमाता, प्रमाण र प्रमेय रूप द्वैत पदार्थ) हुन् वास्तवमा एक अद्वितीय अखण्ड चैतन्य स्वरूप—अरू केही पनि होइन ।

(५) विद्वान्‌को अभयपद प्राप्ति—

पूर्वोक्त युक्ति अनुसार जन्मादि कारणको अभावलाई परमार्थरूप भनी जानेर (अर्थात् देवता आदि भाव प्राप्ति-को धर्मादि कुनै कारण उपलब्धि नगरेर) विद्वान् पुरुष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाह्य पदार्थको इच्छा परित्याग पूर्वक काम र शोक दुःखादि वर्जित र अविद्यादि दोष शून्य अभयपद (मोक्षावस्था) प्राप्त गर्नु हुन्छ फेरि जन्मलाभ गर्नु हुन्न ।

प्र०—अच्छा, साक्षी स्वरूपलाई साधारण मनुष्य किन बुझ्न सक्तैन ?

उ०—किन कि प्रकाशशील आत्मस्वरूप द्वैत पदार्थको लागि मिथ्या आग्रह वशात् सहजमा नै आवृत्त भै हाल्छ (आत्मस्वरूप अदृष्ट भई हाल्छ) । द्वैत पदार्थमा सत्यता बुद्धि भए पछि नै चित् स्वरूप ढाकिन्छ (आवरण अरू प्रयत्नद्वारा सिद्ध छैन)। **मिथ्या द्वैत पदार्थको ग्रहणमा जब मनुष्यको आग्रह नष्ट भई हाल्छ (किन कि कुनै पदार्थ पनि उत्पन्न भएका छैनन्) तब आत्म स्वरूप स्वयं प्रकाशित भै हाल्छ ।**

आत्मालाई कसरी आवृत गर्दछ त्यो बताईन्छ ।

(१) वैशेषिकहरू भन्दछन् कि आत्मा हो कर्ता र भोक्ता,

(२) विज्ञानवादी बौद्धहरू भन्दछन् कि आत्मा छैन,

(३) जैनहरू भन्दछन् कि आत्मा छ पनि छैन पनि (शरीर नष्ट भए आत्मा रहँदैन) र

(४) शून्यवादी बौद्ध भन्दछन् कि आत्मा निश्चित छैन । यसरी यस्ता चार प्रकारले मूढ मानिसहरू आत्मा-लाई आवृत गर्दछन् । यी पक्षहरूको माथि आग्रह भए आत्म स्वरूप सँधै आवृत रहन्छ । जो विद्वान् पुरुष प्रकाश स्वरूप आत्मालाई यी चार प्रकारका वितर्क कल्पनाबाट असंसृष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनी अनुभव गर्दछ तिनी नै हुन् वास्तवमा समदर्शी (साक्षात्कारवान पुरुष) ।

उक्तप्रकार आत्मस्वरूपमा अवस्थान हो विवेकी पुरुषको स्वभावसिद्ध विनय यो नै हो अकृत्रिम शान्तभाव (चित्तको उपशान्ति) र त्यो नै हो इन्द्रिय संयम (दम) । स्वभाव शान्त चित् स्वरूपलाई अवगत भए विद्वान् पुरुष 'सम' गुण (स्वभावसिद्ध चित्तको अशान्ति) प्राप्त हुन्छ (अर्थात् ब्रह्मरूपमा अवस्था गर्नु हुन्छ) ।

(६) सम्यक् दर्शनको प्रक्रिया (त्रिविधज्ञेय)—

शास्त्रादि सारा व्यवहारको विषयीभूत ग्राह्य, ग्राहक भावयुक्त द्वैत अवस्था हुन् जागरित पदवाच्य । जागरित झैं वस्तु सम्बन्ध विशिष्ट नभईकन पनि (कुनै वस्तु नभए तापनि) वस्तु भनी प्रतीत हुने अवस्थालाई स्वप्न भन्दछ (यो स्थूल जाग्रत् अवस्थादेखि विशुद्ध र विविक्त स्वभाव) र ग्राह्य ग्राहक भाव सम्बन्ध रहित (लोक व्यवहारका अतीत) अवस्थालाई जीवको सारा चेष्टाको बीज स्वरूप सुषुप्ति भन्दछ । यी तीन अवस्था हुन् ज्ञेय र जो ज्ञानको सहाराले यी तीन अवस्था जानिन्छ त्यो हो ज्ञान । तुरीय संज्ञक अज जो अद्वितीय आत्मस्वरूप हो त्यसलाई विज्ञेय भनिन्छ । यसरी जागरित अवस्थादेखि शुरू गरिकन विज्ञेय आफ्नो परमार्थ स्वरूप सम्म विषय शास्त्रमा निरूपित भएको छ ।

प्र०—उक्त तीन अवस्था वाहेक अरू केही किन ज्ञेय हुन सक्तैन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०--जाग्रत् स्वप्न र सुषुप्ति वाहेक अरू कुनै ज्ञेय पदार्थ हुन सक्तैन किन कि सारा वाक्पट्वादिहरूबाट परिकल्पित पदार्थराशि यी तीन अवस्थाको भित्र परी हाल्छन् ।

प्र०—सुषुप्ति अवस्थाको रहस्य के हो ?

उ०—सुषुप्ति अवस्थामा स्थूल, सूक्ष्म कुनै पदार्थको ज्ञान हुँदैन । स्वप्नमा जस्तो वृत्तिपूर्वक अनुभव हुन्छ सुषुप्तिमा त्यस्तो अनुभव हुन सक्तैन । सुषुप्तिमा ज्ञाता र ज्ञेय रहँदैन । किन कि यसो भए सुषुप्ति अवस्था नष्ट भै हाल्दछ (जाग्रत् किंवा स्वप्न अवस्था प्राप्त भै हाल्दछ) । सुषुप्ति स्थिति हो वास्तविक आत्मस्वरूपको अनुभूति । सुषुप्ति अवस्था देखि जागे पछि सुषुप्ति बीजरूप (जाग्रत् र स्वप्नको कारण) भनी प्रतीत हुन्छ । (सुषुप्तिको पहिले बताइएका चार प्रकारका विभाग हेर्नुहोस्) ।

प्र०—तुरीय निजी स्वरूपलाई (साक्षी स्वरूपलाई) विज्ञेय भनी किन भनिएको छ ?

उ०—ज्ञेय र ज्ञान साक्षी द्वारा प्रकाशित हुन्छ (साक्षी द्वारा कवलित भई हाल्छ) । जाग्रत् स्वप्नमा परिसमाप्ति हुन्छ (जाग्रत् र स्वप्न दुवैटा नै सुषुप्तिमा पर्यवसित भई हाल्छन्) यस्तो जाने पछि अर्थात् अवस्थात्रयको बाध भए पछि (किन कि सुषुप्ति अवस्था पनि तुरीय आत्म चैतन्य स्वरूपमा विलीन भई हाल्छ)—साक्षी स्वरूप स्वयं प्रकाश रूपले परिशिष्ट रहन्छ । यो नै हो परमार्थ सत्य वस्तु र यसैलाई साक्षात्कार गरे पारमार्थिक सत्य रूप मोक्ष प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ—यसकारण व्यावहारिक दृष्टिबाट यसलाई विज्ञेय (साक्षी जान्नको योग्य वस्तु) भनीएको छ। (वास्तवमा त्यो विज्ञेय होइन, किंतु ज्ञाताको निजी वास्तविक स्वरूप हो)।

प्र०—अवस्थात्रयको विलापन-क्रम फेरि एकपटक स्पष्ट गरेर भन्नुहोस्।

उ०—जाग्रत् आदि तीन अवस्थाका क्रमिक विलापन हो वेदान्त अनुसार अद्वैत अनुभवको (साक्षात्कारको) सहज उपाय (प्रक्रिया)।

स्थूललाई सूक्ष्ममा लय गर्नु पर्छ र पछि सूक्ष्मलाई कारणमा विलय गर्नु। अर्थात् जसलाई स्थूल पदार्थ भनेको छ त्यो वास्तवमा हो सूक्ष्म वृत्ति रूप र जो सूक्ष्मवृत्त रूप हो त्यो अमनस्ता हो। यसरी देखिन्छ कि जो अधिष्ठान साक्षी स्वरूपबाट मनको उत्पन्न हुन्छ त्यो साक्षी स्वरूप हो अवस्थात्रयका उत्पत्ति स्थान र त्यसमा अवस्थात्रय विलीन भई हाल्छन्। यसकारण जाग्रत्‌लाई स्वप्नमा विलापन गरी दिनु र जाग्रत् र स्वप्नलाई सुषुप्तिमा विलय गर्नु र त्यस पछि जाग्रत् स्वप्न र सुषुप्तिलाई उनीहरूका प्रकाशक साक्षी तुरीय तिम्रो आफ्नो वास्तविक चित् स्वरूपमा विलीन गरी दिनु। वास्तमा ज्ञाता, ज्ञान र ज्ञेय विभाग रहित ज्ञाताको निजी स्वरूप र अखण्ड प्रकाशरूप वस्तु हो पारमार्थिक सत्य (तिम्रो निजी वास्तविक स्वरूप)। निरावरण भए त्यो स्पष्ट रूपले साक्षात्कार वृत्तिपूर्वक स्वतः प्रकाशित हुन्छ।

माथि देखाइएका क्रम तल चित्रबाट देखाइन्छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थूल	सूक्ष्म	कारण	तुरीय
पदार्थ —	वृत्ति —	निवृत्तिक मन— (अमनस्ता)	आत्मा
समष्टि — जाग्रत्	समष्टि — व्यष्टि स्वप्न	समष्टि — व्यष्टि सुषुप्ति	साक्षात्कार
अ —	उ —	म —	अर्धमात्रा

(७) त्रिविधज्ञेय र ज्ञानको ज्ञाता सर्वज्ञ हुन्छ :—

जो यो ज्ञान र त्रिविध ज्ञेय विषयलाई क्रमले परिज्ञान गर्दछन् ती महाबुद्धिमान पुरुषलाई स्वयं र सर्वत्र सर्वज्ञता प्राप्त भई हाल्छ।

जाग्रत् आदि अवस्था विषयक ज्ञान र जाग्रदादि तीन प्रकारका ज्ञेय विषय क्रमले विदित भए पछि जाग्रत् विलीन हुन्छ स्वप्नमा र जाग्रत् र स्वप्न विलीन हुच्छन् उनीहरूको साक्षी तुरीय आत्म स्वरूपमा। यस क्रमले जो जान्नु हुन्छ— अर्थात् उहाँले अवस्थात्रय रहित परमार्थ सत्य जन्म रहित र अभय अद्वैत तत्त्वलाई विदीत भए पछि ती महाबुद्धिमान पुरुषलाई ईह लोकमा नै सर्वत्र, सर्वदा र स्वयं सर्वज्ञता सिद्ध हुन्छ। अर्थात् परमार्थ तत्त्ववेत्ताको ज्ञानको कहिले पनि उद्भव किंवा विलय (अभिभव हुँदैन)।

प्र०—(१) ज्ञान (२) ज्ञेय र (३) ज्ञान र ज्ञेयलाई जान्नु—यी तीनका अर्थ के हुन् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—जाग्रत् आदि भन्दा कुन कुन अवस्था बुझाइन्छन्? (जस्तो जाग्रत् हो स्थूल द्वैत अवस्था, स्वप्न हो विशुद्ध र विविक्त अवस्था इत्यादि) यो जान्नुको नाम हो ज्ञान (१) ज्ञेय भन्ने जाग्रत् आदि तीन अवस्था बुझाइन्छन्–अर्थात् जो हो मुमुक्षु पुरुषको जान्न योग्य (२) यसरी ज्ञाता, ज्ञान द्वारा ज्ञेयलाई जान्दछ।

फेरि यो ज्ञान र ज्ञेयलाई साक्षी प्रकाश गरी हाल्दछ (जानी हाल्दछ) (३) अर्थात् साक्षी चैतन्य दृश्य त्रिपुटी सँग मिली हाल्छ—ज्ञान र ज्ञेय शुद्ध चैतन्यमा विलीन भई हाल्छ र केवल चित् स्वरूप (वास्तविक आफ्नो स्वरूप) स्वयं प्रकाशित भै हाल्छ। यसको स्वरूपको साक्षात्कार-लाई–ज्ञान र ज्ञेयलाई जान्नु भन्दछ। त्यसकारण तिमीनै हौ ज्ञान र ज्ञेय पदार्थका प्रकाशक (ज्ञाताको वास्तविक स्वरूप) अर्थात् अखण्ड ज्ञान रूप शुद्ध चैतन्य। साक्षात्कार उदित भए पुरुष नित्य चिदानन्द स्वरूप भई हाल्छ।

प्र०—तत्त्व वेत्ताको ज्ञानको उद्भव र विलय किन हुँदैन?

उ०—अन्तः करणको साभास राजसिक विकार (वृत्ति ज्ञान) उदित हुन्छ र विलीन पनि भई हाल्छ। आगमापायी त्रिपुटी जसको सहाराबाट प्रकाशित हुन्छ (त्रिपुटीलाई जो जान्दछ)–अर्थात् त्रिपुटी जसमा कल्पित हुन् त्यो हो साक्षी चैतन्य (तिम्रो वास्तविक स्वरूप)। त्यसकारण साक्षात्कार-वान तिम्रो निजी वास्तविक स्वरूप हो सनातन, अखण्ड-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान (नित्य प्रकाश) वा शुद्ध चेतन त्यसैले प्रकाश वस्तुको कहिले पनि उद्भव किंवा अभिभव हुन सक्तैन ।

जाग्रत्, स्वप्न र सुषुप्तिलाई क्रमशः ज्ञेय भनी भनेको छ—किन्तु यी अवस्थात्रय पारमार्थिक सत्य होइनन् । त्यो अहिले बताइन्छ ।

(८) पहिले विशेष रूपले के के जान्नु पर्छ ?

मुमुक्षु पुरुषले पहिले नै (१) परित्याज्य जाग्रदादि अवस्थात्रय (२) ज्ञेय स्वरूप सत्य ब्रह्म (३) प्राप्ति योग्य पाण्डित्यादि साधनत्रय र (४) प्रशमनीय रागद्वेषादि दोषहरूलाई विशेष रूपले जान्नु पर्छ । यिनीहरूको भित्र विज्ञेय परमात्मा (निजी वास्तविक साक्षी स्वरूप) हो सत्य, तर अरू तीनौटा हुन् मात्र अविद्याकल्पित ।

(१) जाग्रत्, स्वप्न र सुषुप्ति यी अवस्थात्रय हुन् रज्जु सर्प झैं आत्मस्वरूपमा अविद्या द्वारा कल्पित—त्यसकारण परित्याज्य ।

(२) चतुष्टय कोटि रहित परमार्थ आत्मस्वरूप हो जान्नको योग्य र एकमात्र सत्य वस्तु ।

(३) पुत्र, वित्त र स्वर्गको कामना परित्यागी मुमुक्षु पुरुषको पाण्डित्य (श्रवण), वाल्य (मनन) र मौन (निदिध्यासन) रूप त्रिविध साधन हुन् आश्रय गर्नको योग्य ।

(४) राग, द्वेष, मोह आदि दोषहरू (जसलाई कषाय भनेको छ) परिपक्व गर्नु पर्छ—प्रसमन गर्नु पर्छ जसले उनीहरू उद्बुद्ध भएर अनर्थ उत्पादन गर्न नसकोस् ।

यी चारैलाई साक्षात्कारको उपायरूपले अवश्य जान्नु पर्दछ । यिनीहरूको भित्र विज्ञेय निजी वास्तविक आत्मस्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो परमार्थ सत्य—तर बाँकि तिनौटा हुन् अविद्याजनित कल्पना मात्र । यी तीनौटा पारमार्थिक सत्य होइनन् ।

प्र०—कषाय केलाई भन्दछ ?

उ०—यो विषयको कुरा तृतीय प्रकरणको शेषभागमा भनेर आएँ । अहिले विस्तृतरूपले बताउँदछु सुन—संसारी मनुष्यको हृदयमा राग, द्वेष, मोह आदि असंख्य दोष बसी राखेका छन् । यिनीहरूको भित्र कुनै विषयको राग परिपक्व भएको छ, अर्थात् राग अनुसार फल प्रारब्ध भएको छ, कुनै विषयको राग केही परिमाणमा फलोन्मुख भएको छ । अरू कुनै कुनै दोषहरू समय र सहकारी का प्रतीक्षामा बसी राखेका छन् । त्यसकारण मुमुक्षुहरूको कर्तव्य हो कि जुन रागद्वेषहरू पक्व भएका छन् तिनीहरूलाई भोगद्वारा नै समाप्त गर्नु पर्छ—तर जुन दोषहरू फलोन्मुख मात्र भएर अहिले पनि परिपक्व भएका छैनन् (भोगका योग्य भएका छैनन्) तिनीहरूलाई छानीकन पृथक् गर्नु पर्छ र विना भोग नै तिनीहरूको फल-जनन-शक्तिलाई विनष्ट गर्नु पर्छ । यी दोषहरूलाई यहाँ प्रशमनीय पुरुषार्थ मात्र संभव हुन्छ ।

(९) जीवको स्वाभाविक स्वरूप :—

जीवहो वास्तवमा अखण्ड चित् स्वरूप (साक्षी चैतन्य) मुमुक्ष पुरुषले आफूलाई र सबै लाई सर्वदा असङ्ग चित् स्वरूप भनी जान्नु पर्दछ । मुमुक्षु आफू र अरू सबै पहिले-देखि नै हुन् नित्य, बोधस्वरूप र अविकारी मुमुक्षुले यस्तो निश्चित रूपले जान्नु । त्यसकारण त्यसले कुनै नूतन ज्ञान उत्पादन गर्नमा यत्न गर्नु पर्दैन । यसरी नै मुमुक्षुले मुक्तिलाभ गर्न सक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो वास्तविक स्वरूपलाई जान्नु पर्छ। आत्मस्वरूप हो ज्ञेय—यस्तो जो शास्त्रमा भनिएको छ त्यो व्यावहारिक मात्र हो, वास्तविक होइन। जस्तो सूर्य स्वभावतः हो नित्य प्रकाशमान त्यस्तै सारा जीव हुन् नित्य ज्ञानस्वरूप। जीवको जो यस्तो स्वरूप छ त्यसको निश्चय गर्नको पनि प्रयोजन छैन किन कि त्यो हो स्वरूपतः नित्य, निश्चित—अर्थात् कुनै सन्देह हुन सक्तैन। सूर्य जस्तो अरू कुनै प्रकाशको अपेक्षा विना नित्य प्रकाशमान हो त्यस्तै जो मुमुक्षु पुरुषको साक्षात्कार उत्पादनको अपेक्षा छैन (जो नूतन ज्ञानोत्पादनमा यत्न गर्दैन) त्यसले मुक्तिलाभ गर्न समर्थ हुन्छ।

प्र०—"ज्ञान प्राप्तिको लागि यत्न गर्नु पर्छ" यस्तो उपदेश त्यसो भए त व्यर्थ होला ?

उ०—यस्तो व्यवहार हो व्यवहारिक मात्र, किन कि आफ्नो स्वरूप हो स्वयं र सर्वदा निश्चित रूपले प्रकाशशील आफ्नो साक्षी स्वरूप ज्ञेय हुन सक्तैन, किन कि त्यो हो सर्वदा प्रकाशमान। त्यसलाई को जान्न सक्ला ? बरू त्यो नै त्रिपुटी आदि सारा दृश्यलाई स्वतः प्रकाश गरी रहन्छ। सारा व्यवहार साक्षी स्वरूपको सहाराले संभव हुन्छ—त्रिपुटी रूप सारा व्यवहार साक्षीको प्रकाशले नै सिद्ध भई रहे को छ। "म यो जान्दछु" यस्तो सबैले अनुभव प्रकट गर्दछ (म भन्नाले साक्षी बुझाईन्छ) त्यसकारण आफ्नो वास्तविक सनातन अद्वितीय साक्षी स्वरूप कहिले पनि अप्राप्त (अज्ञात) होइन त्यसैले "मेरो मैले साक्षात्कार गर्नु पर्छ" यस्तो उक्ति हो निरर्थक र मिथ्या।

प्र०—तब साक्षात्कार कसरी हुन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—"मेरो मैले गर्नु पर्छ" (म कर्ता हूँ, यो हो काम यो हो करण) यस्ता अविद्या कल्पित मिथ्या त्रिपुटी भाव-लाई निरसन गरे पछि नै निरावरण आत्म स्वरूप स्वयं र साक्षात् प्रकाशित भई हाल्दछ।

किंवा "म आत्मालाई जानी हाल्दछु" (म हूँ ज्ञाता, आत्मा हो ज्ञेय र जान्नु हो ज्ञान) यस्तो कल्पित त्रिपुटी भावलाई परित्याग गरे पछि निजी वास्तविक साक्षी स्वरूप स्वतः प्रकाशित भई हाल्छ।

त्यसकारण आत्मज्ञानको (साक्षात्कारको) लागि यत्न गर्नु निष्प्रयोजन हो। त्यो सर्वदा प्राप्त नै भई रहेको छ। तर सारा मिथ्या कर्ता, ज्ञाता आदि त्रिपुटी भावको मात्र बाध (मिथ्या भनी निश्चय वा निरसन) गर्नु पर्छ— **यो नै हो ज्ञानोपदेशको तात्पर्य।**

प्र०—आत्मज्ञानका अधिकारी त्यसो भए कति प्रकार-का छन् ?

उ०—उत्तम र मध्यम दुई प्रकारका अधिकारी छन्। उत्तम अधिकारी अस्पर्श योगलाई अवलम्बन गर्दछ र मध्यम अधिकारी मनोनिग्रहमा यत्न गर्छ। चित्त हो (रज्जु सर्प झैं) आत्म स्वरूपमा कल्पित र ज्ञाता आदि त्रिपुटी भाव हुन् बिल्कुल मिथ्या—उत्तम अधिकारी यो निश्चित रूपले जानेर सारा अनात्म प्रपंचलाई बाध गरी दिन्छ र सजिलोसंग स्वरूपको साक्षात्कार गरी हाल्दछ। मध्यम अधि-कारी चित्तलाई (प्रमाता, ज्ञाता आदि त्रिपुटीलाई) सत्य भनी मान्दछ र ध्यानादिको अभ्यास द्वारा त्रिपुटी भावलाई विग-लित गर्दछ। लय, विक्षेप, कषाय र रसास्वाद यी चार विघ्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनष्ट भए त्रिपुटी मलको नाश पूर्वक त्यसको निर्मल मनमा साक्षी स्वरूप स्पष्ट रूपले भासमान भई हाल्छ।

कुनै जीव पनि कुनै कालमा अज्ञान आवरणबाट आवृत्त भएका छैनन्, सबै जीव हुन् स्वभावतः शुद्ध, नित्य—बुद्ध र नित्य—मुक्त स्वरूप। अविद्यादि बन्धन कसैलाई पनि कहिले पनि प्राप्त भएको छैन—सबै नै हुन् बन्धन रहित।

प्र०—तब शास्त्रमा बन्धन किन भनेको छ ?

उ०—बन्धन हो व्यावहारिक, पारमार्थिक होइन। भ्रमले आफूलाई कर्ता, भोक्ता भनो निश्चय गर्नु, साक्षी स्वरूपलाई भिन्न सम्झनु, जगत् वासनालाई सत्य भनी निर्णय गर्नु र प्रभाताभावमा आस्थापूर्वक वासना क्षयको र समाधि अभ्यासको प्रयोजन स्वीकार गर्नु हो एक मात्र बन्धन। वास्तवमा नित्य, शुद्ध, बुद्ध, मुक्त, स्वयंप्रकाश निजी वास्तविक साक्षी स्वरूप भिन्न अरू केही पनि छैन।

प्र०—तब अमुक हो ज्ञानवान पुरुष किंवा साक्षात्कारवान पुरुष किन भनिन्छ ?

उ०—जो जान्न समर्थ हुन्छन् अर्थात् जो बोध शक्ति सम्पन्न पुरुष हुन् तिनलाई ज्ञानि भन्दछन् सूर्य जस्तो नित्य प्रकाश सम्पन्न भए तापनि 'सूर्य प्रकाशित छ' यस्तो भन्दछ किंवा चलन रहित पर्वतलाई 'पर्वत स्थित भई रहेको छ' यस्तो भनिन्छ त्यस्तै ज्ञानस्वरूप आत्माको लागि अरू ज्ञान क्रिया नभए तापनि' जसले स्वरूपलाई जानो हाल्नु भयो "तिनले साक्षात्कार प्राप्त गरी हाल्नु भयो" यस्तो प्रयोग हुन्छ तर त्यो प्रयोगले आत्माको बारेमा अरू कुनै जन्यज्ञानको कल्पना गर्नु हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०) कृपण र अकृपण मानिस :—

प्र०—वासनाक्षय त बाँकि रहन्छ नि ?

उ०—यो आत्मस्वरूप नित्य एक रूप हो त्यसको बारेमा केही गरे तापनि त्यो सार्थक हुन सक्तैन। सबै जीव पहिलेदेखिनै हुन् शान्त, (निर्विकार, जन्मरहित, समान, नित्य, मुक्तस्वभाव र मूलत: एकै पदार्थ शुद्ध चैतन्य)। त्यसकारण वासनाक्षय किंवा मोक्ष कुनै पनि कर्तव्य छैन।

वासना क्षय गर्नु पर्छ, निदिध्यासन गर्नु पर्छ भनी जो भन्दछन् ती हुन् कृपण (क्षुद्रचित्त मनुष्य)। तिनीहरू हुन् संसार अनुगत—'धेरै प्रकारका वस्तु छन्' यसो भन्नु नै हो जसको स्वभाव (अर्थात् द्वैतवादी)। त्यसकारण तिनीहरू हुन् लघु—चित्त मानिस। किन कि तिनीहरू सर्वदा अविद्या कल्पित भेदमय द्वैत वाटोमा नै विचरण गरी रहन्छन्। 'तिमीलाई साक्षात्कार भएको छैन, तिम्रो वासनाक्षय गर्नु पर्ने बाँकि छ' भनी जो भन्दछ तिनको लागि आत्माको जो स्वभाव सिद्ध निर्मलता हो त्यो प्रकाशित हुँदैन। यसकारण तिनीहरूको कृपणता हो युक्तियुक्त। जो महात्मा मुमुक्षु-हरूले गुरु र ईश्वरमा भक्तिमान भएर यथोक्त परमार्थ तत्त्व-लाई अवगत गरेको छ (नित्य, सहज र साक्षात्कार प्राप्त गरेको छ) जगत्मा केवल तिनीहरू नै कृपण होइनन्।

(११) आत्मज्ञानीको महाज्ञानीपन :—

जो महात्मा होइनन् किन्तु क्षुद्राशय र अल्प ज्ञान सम्पन्न मनुष्य हुन् तिनीहरूको लागि यो परमार्थ निजी स्वरूप अवगत हुन सम्भव हुँदैन। किन्तु जन्म रहित सारा भेद शून्य त्यो परमार्थ तत्त्वको बारेमा 'यो यस प्रकार नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो' यसरी जो मुमुक्षु निश्चय बुद्धि युक्त हुन्छन् त्यो हो जगत्मा निरतिशय तत्त्वज्ञान सम्पन्न पुरुष ।

प्र०—आत्मवेत्ताको ज्ञानलाई महाज्ञान किन भनेको छ ?

उ०—जस्तो सूर्यगत उष्णता र प्रकाश जन्म रहित र अचल भनी कहिन्छ त्यस्तै आत्मवेत्ताको ज्ञानलाई अरू विषयमा असंक्रान्त (किन कि जुन विषयमा संक्रामित हुन सक्ला यस्ता कुनै पदार्थ उत्पन्न भएका छैनन्) किंवा आकाश झैं असङ्ग भनी वताइन्छ । यो आत्मज्ञान हो जीवको स्वरूप देखि अभिन्न ।

(१२) जातवादमा दोष दर्शन :—

क्षुद्रचित्त द्वैतवादीहरूको मतमा आत्मस्वरूपमा (भित्र किंवा बाहिर अत्यन्त अल्प पनि भेद) भिन्न पदार्थको उत्पत्ति भए पछि जब आत्माको असङ्गता नष्ट भई हाल्दछ तब बंधनको नाश (किंवा आवरणको विनाश) कसरी तिनीहरूको मतमा संभव हुन सक्ला ?

अर्थात् आवरण किंवा वासनालाई सत्य भनी निश्चय गरे पछि आवरणको नाश किंवा वासनाको क्षय संभव हुन सक्तैन । त्यसकारण आत्मज्ञान किंवा साक्षात्कार कदापि संभव हुँदैन ।

प्र०—यदि जीव स्वभावतः विशुद्ध बंधन रहित र नित्य ज्ञानस्वरूप हो तब आत्मस्वरूपलाई जान्नु त्यसको लागि संभव हुँदैन ?

उ०—'आत्मस्वरूपलाई जान्नु'—यो आक्षरिक सत्य होइन । जस्तो सूर्य प्रकाश स्वभाव भए तापनि आकाशमा प्रकाशित हुन्छ भनी भनिन्छ त्यस्तै निजी नित्य ज्ञानस्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भईकन पनि आत्मस्वरूपलाई जानी सकेको छ (तिमीलाई साक्षात्कार भई सकेको छ) यसो भन्नु असंगत होइन। कृपण मनुष्यहरू कार्य कारणवाद मान्दछन्—आत्म स्वरूपमा आवरण स्वीकार गर्दछन्, वासनालाई सत्य भनी मान्दछन् र वासना क्षय पूर्वक बन्ध निवृत्ति हुन्छ, यस्तो भ्रान्त निश्चय गर्दछन्। यसरी सम्यक् ज्ञान कहिले पनि प्राप्त हुन सक्तैन। वास्तवमा कार्य कारण भाव हुन् अनुत्पन्न—त्यस-कारण आत्मस्वरूपमा बन्धन, अविद्या किंवा आवरण केही पनि छैनन्। वासना क्षय र मनोनाश भए स्वरूपको आवरण निवृत्ति हुन्छ—यस्तो निश्चय हो अविद्या प्रसूत।

साक्षात्कार द्वारा आफ्नो वास्तविक साक्षी स्वरूपमा कुनै विकार, परिवर्तन, नयाँ ज्ञान प्राप्ति कुनै हानि वृद्धि—उत्पन्न हुँदैन। मिथ्या प्रमाता भावलाई परित्याग गरे मात्र नै साक्षात्कार भई हाल्छ। त्यो निजो चिदानन्द स्वरूप देखि कुनै भिन्न वस्तु होइन। जस्तो सूर्यको आकाशमा प्रकाशित हुनु—सूर्यको नित्य प्रकाश स्वभावदेखि कुनै भिन्न वस्तु होइन त्यस्तै साक्षी स्वरूप हृदयमा प्रकाशित हुनु त्यसको स्वयं प्रकाश स्वभावदेखि भिन्न होइन।

प्र०—आत्म स्वरूप कहिले हृदयमा प्रकाशित हुन्छ ?

उ०—शास्त्र र विवेक द्वारा जब ज्ञाता, ज्ञान र ज्ञेय बाधित भई हाल्छन् तब निज साक्षी स्वरूप विशुद्ध शुद्ध हृदयमा स्वयं प्रकाशित हुन्छ। ज्ञान, ज्ञेय र ज्ञाता यी त्रिविध भेद वर्जित अद्वितीय परमार्थ तत्त्व उपनिषदमा मात्र (वेदान्त शास्त्रमा मात्र) प्रतिपादित भएको छ, अरू दर्शनमा छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षीविवेक

अद्वैत स्वरूपको सिद्धि

...आफ्नो साक्षीस्वरूप हो अनुभवमात्र-सबैलाई अवगत किम्वा प्राप्त वस्तु। त्यसकारण शास्त्र प्रमाण द्वारा अविद्याका कार्य (द्वैत प्रपञ्च) निराकृत भए त्यो वास्तविक (सर्वदा प्राप्त) स्वरूप स्पष्टरूपले भासमान हुन्छ। कुनै नयाँ वस्तु प्राप्त हुँदैन—किन कि त्रिपुटी शास्त्र प्रमाणद्वारा सँधको लागि विनष्ट भै जान्छ... पृष्ठ २०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षी विवेक प्रकरण

अद्वैत स्वरूपको सिद्धि

निजी, नित्य, निर्विकार, अवस्थात्रयदेखि अतीत चैतन्य स्वरूपलाई साक्षी भनेको छ। बुद्धि परिणाम प्राप्त हुन्छ तर आफ्नो साक्षी स्वरूप सर्वदा कूटस्थ र अपरिणामी रही रहन्छ। साक्षी चैतन्यको प्रकाश कहिले पनि लुप्त हुँदैन कर्तृत्व शून्य भएको हुनाले त्यो वास्तवमा प्रकाशक नभईकन पनि बुद्धिको सारा परिणामलाई (विकारलाई) र सारा अनित्य पदार्थलाई प्रकाश गरी रहन्छ।

अनुभव स्वरूप आत्मा (आफू) हो आकाश झैं निर्विकार। डुङ्गाको गति जनित विभ्रमले जस्तो अचल रुखमा गति कल्पना हुन्छ त्यस्तै अहं प्रत्यय जनित विभ्रमवशात् (भोक्ता र अंतःकरणको अभेद अध्यास वशात्) निजी अविक्रिय स्वरूपमा भोक्ता भाव स्वीकृत हुन्छ। जस्तो घटादिको सन्निधानमा र असन्निधानमा उत्कृष्ट मणिको शुभ्र, उज्वल छटा निश्चल र अविक्रिय रहन्छ त्यस्तै साक्षी आत्मा पनि सर्वदा निष्क्रिय रहन्छ। प्रकाश्यको सन्निधान र असन्निधान वशात् मणिलाई प्रकाशक र अप्रकाशक भनी निर्देश गरिन्छ तर मणिमा वास्तविक कुनै विकार उत्पन्न हुँदैन त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धि वृत्तिहरूको सन्निधान र असन्निधानमा साक्षी परमात्म रूप वृत्ति अविक्रिय रहन्छ। बुद्धि वृत्तिको सन्निधानमा त्यसलाई प्रकाशक र बुद्धि वृत्तिको अभावमा त्यसलाई अप्रकाशक भनिन्छ—वस्तुतः साक्षी स्वरूपमा कुनै विकार हुन सक्तैन। साक्षीको स्वरूपमा प्रकाश रूपी कुनै क्रिया छैन तर प्रकाश्यको सन्निधि मात्रलाई उपचार गरेर त्यसको प्रकाशक क्रिया भनिन्छ—जस्तो विशुध्द आकाशमा अकस्मात् मेघ उत्पन्न हुन्छ र विलीन भई हाल्छ त्यस्तै आफ्नो साक्षी स्वरूपमा अखिल जगत् उत्पन्न र विलीन हुन्छ। त्यसकारण साक्षी हो निर्विकार यसमा अलिकति पनि द्वैतको स्पर्श छैन। युगपत् सर्वप्रकाशक एक निजी, नित्य चैतन्य स्वरूप सारा बुध्दि वृत्तिलाई स्वरूप चैतन्यबाट व्याप्त गरेको जस्तो (अर्थात् साक्षी चैतन्य स्वरूपहो संपूर्ण द्वैत संस्पर्श रहित)। अतीत अनागत र वर्तमान विषयहरूलाई बुध्दि पुगपत् (एकैसाथ) प्रकाश गर्दैन (किन्तु क्रमले मात्र प्रकाश गर्दछ) यसकारण बुध्दि हो परिणामी। यसरी यो सिध्द भयो कि साक्षीले दर्शन गर्दैन—बुध्दिले मात्र दर्शन गर्दछ, साक्षी स्वरूप श्रवण गर्दैन, बुध्दि नै श्रवण गर्दछ; साक्षी कहिले पनि निदाउँदैन, बुध्दि मात्र निदाउँछ। साक्षी हो निर्विकार, बुध्दि हो सविकार। साक्षी हो अद्वैत र सबैको भित्र, बुध्दि हो चैतन्य स्वरूपको बाहिर—साक्षी सबैको देहको भित्र बुध्दिलाई प्रकाश गरी रहन्छ।

वास्तवमा म यदि दुःखी हूँ, तब दुःखीको साक्षी को होला? जो दुःखी हो त्यो साक्षी हुन् सक्तैन त्यसकारण साक्षी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःखी हुनु कहिले पनि संभव छैन। विकार भए दुःखी भाव बन्दैन र जो विकारी हुन्छ त्यो साक्षी हुन सक्तैन त्यसकारण हजारौं बुध्दि विकारको साक्षीमा सम्पूर्ण विकार रहित हूँ। सारा पदार्थ हुन् अनित्य र व्यभिचारी (आगमापायि, सबै समयमा रहन्दैन)—केवल साक्षी स्वरूप हो नित्य र अविकारी।

सबै प्रकार बुद्धिको परिणामलाई (यथार्थ ज्ञान होस्, अयथार्थ ज्ञान होस्) साक्षी कूटस्थ नित्य चैतन्यस्वरूपले अवभासन गर्दछ—त्यसकारण साक्षी स्वरूपको कहिले पनि अभाव हुन सक्तैन। अभाव मानि लिए तापनि त्यो अभावको साक्षी रूपले म स्फूरित भई रहन्छु, त्यसकारण म साक्षीको कहिले पनि अभाव हुन सक्तैन।

म हूँ भित्र (अर्थात् जो मेरो भनी भनिन्छ) ती सारा हुन् विनश्वर। जस्तो घटको उत्पत्ति, स्थिति र नाशमा घटाकाशको उत्पत्ति स्थिति र नाश हुँदैन, त्यस्तै बुद्धिको उत्पत्ति, स्थिति र नाश भए सारा उपाधि रहित साक्षी स्वरूप मेरो उत्पत्ति, स्थिति र नाश हुँदैन।

जस्तो लाठिका साथ सम्पर्क रहित कुनै द्रष्टा, लाठि भएको मानिसलाई दर्शन गर्छ त्यस्तै सुख दुःखादि सहित सम्बन्ध रहित साक्षीको सुख दुःखादि सम्बन्ध बुद्धिलाई प्रकाश गरी रहन्छ। सुख किंवा घटको सहित जब बुद्धिको संयोग हुन्छ तब त्यो सुख र घटलाई बुद्धि प्रकाश गर्दछ, अरू कसैलाई बुद्धि कुनै वेला प्रकाश गर्दैन—यस्तो बुद्धि हो परिणामी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धि जो विनश्वर हो त्यसको प्रमाण हो आफ्नो साक्षी स्वरूप, किन कि साक्षी विना बुद्धिको आविर्भाव र तिरोभाव सम्भव हुँदैन (यिनीहरू साक्षीबाट प्रकाशित भएर मात्र सिद्ध हुन्छन् साक्षीबाट जस्तो सत्ता–स्फूर्त्ति लाभ गर्दछ)।

कूटस्थ साक्षी चैतन्यको परिणाम स्वीकार गरे जस्तो पानीमा देखिएको लट्ठिको मिथ्या बक्रता कल्पित हो त्यस्तै साक्षी चैतन्यको परिणाम पनि पारमार्थिक हुँदैन।

विषयाकार बुद्धि वृत्ति प्रति विषयमा स्वरूपतः भिन्न हुन्छ। ती सारा बुद्धि वृत्ति चिदाभास युक्त भए तापनि साक्षी चैतन्यमा बुद्धि वृत्तिको कुनै भेद हुन सक्तैन। परिणामी बुद्धि कुनै कुनै विषयलाई ज्ञापन गरे तापनि त्यो सर्वविद् हुन सक्तैन। परिणामी नभए बुद्धि साक्षी चैतन्य झैं सर्वज्ञ हुने थियो। चैतन्य एक भएको हुनाले जो चण्डालको बुद्धिको द्रष्टा हुन् तिनी चतुर्मुखी ब्रह्माको बुद्धिको पनि द्रष्टा म हूँ (प्रकाशक)। दुवै द्रष्टा नै हुन् एकै चैतन्यज्योति (प्रकाश) भास्य भिन्न भएको हुनाले एकको ज्यादा भन्ती प्रतीत हुन्छ। देशकाल आदि साक्ष्य साक्षी स्वरूपमा भेद किंवा गुणलाई ल्याउन सक्तैन। सारा प्राणिका बुद्धि वृत्ति एक साक्षी चैतन्यबाट नै सँधै प्रकाशित भई राखेको छ। बुद्धि वृत्ति-हरूका प्रकाशक साक्षी चैतन्यलाई अरू कोही पनि जान्न सक्तैन, जान्नको लागि कुनै कारण पनि छैन।

साक्षी चैतन्यदेखि भिन्न अहंकार समेत जगत् घटादि झैं उत्पत्ति र विनाश शील हुन्—त्यसकारण त्यो भासमान भए तापनि मिथ्या भनी सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वैत वर्गको मिथ्यात्व (अभाव) हो प्रमाणको विषय (प्रमाणबाट सिद्ध) तर साक्षी स्वरूपको अद्वितीयत्व हो स्वतः सिद्ध (अरू प्रमाणबाट सिद्ध हुने होइन) किन कि साक्षी स्वरूप हो स्वयंप्रकाश ।

साक्षी चैतन्यको अभावमा विषयको अभाव भै हाल्छ तर अहंकारादि विषयको अभाव भए साक्षी स्वरूपको अभाव हुँदैन किन कि साक्षी चैतन्यको अभाव भए अहँकारको अभावलाई को जान्न सक्ला ? (प्रकाश गर्ला ?) यसरी सारा बुद्धिदेखि निजी चित् स्वरूपलाई पृथक् गर्नु पर्छ । दृश्य प्रपंचबाट साक्षी स्वरूप पृथक्कृत भए प्रपंचको अस्तित्व रहँदैन केवल साक्षी चैतन्य नै स्वतः प्रकाशित भई हाल्छ । सारा प्रमाण प्रमेय रूप व्यवहार हुन् द्वैतको अंतःपाति त्यसकारण प्रमाण प्रमेयहरू अज्ञान कार्य क्रिया कारक आदि शून्य निर्विकार साक्षी स्वरूपलाई विषय गर्न सक्तैन । क्रिया, कारकादि सारा प्रपंच बाधित भए साक्षी स्वरूप स्वयं प्रकाशित भई हाल्छ । यसलाई नै साक्षात्कार भनेको छ ।

परिदृश्यमान बुद्धि, देह र घट प्रभृति साक्षी स्वरूपदेखि दूरवर्ती हुन् । बुद्धिको अस्तित्व साक्षी चैतन्यको आभासको उदयको ऊपर निर्भर गर्दछ । देह अधिकतर दूरवर्ती हो किन कि यो बुद्धि र इन्द्रियको अपेक्षा गर्दछ । देश, काल आदि सन्निधान बुद्धि र देहादिको ऊपर निर्भर गर्दछ हुनाले देहदेखि पनि घटादि पदार्थ हुन् साक्षी स्वरूपबाट झन् ठाढा । तर आफ्नो स्वरूप भएको हुनाले कसैदेखि पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षी स्वरूपको व्यवधान (टाढापन) सिद्ध हुँदैन । साक्षी स्वरूप हो सबैको अव्यवहित । जो पदार्थ आफ्नो स्वरूप देखि ठाढा बसेको हो त्यसलाई जान्नको लागि प्रमाण अ व-श्यक छ । साक्षी चैतन्य आफ्नो वास्तविक स्वरूप भएको हुनाले कुनै प्रमाणको अपेक्षा गर्दैन (साक्षी स्वरूप कुनै प्रमाणबाट सिद्ध हुँदैन) प्रपंच भ्रम (अविद्या) निवृत्त भए-मा नै साक्षी स्वयं प्रकाश भई हाल्दछ । साक्षी स्वरूपको अदर्शन भए (आफ्नो निजी स्वरूपलाई भुले पछि) अहंकार-देखि प्रारम्भ गरेर देहादि पदार्थ सारा देखीन्छन् । **निजी सनातन चैतन्य स्वरूपको स्मरण भए सारा द्वैत प्रपंच साक्षी स्वरूपमा विलीन भै हाल्छ ।** आफ्नो वास्तविक स्वरूपको विस्मरण बन्द भए (श्रद्धा र विचारको वलले साक्षी स्वरूपको स्मरण भए) अविद्या (वासना) नष्ट भै हाल्छ। उपनिषद प्रमाण केवल प्रपंच भ्रमलाई (अविद्यालाई) निवारण (निषेध) गरी दिन्छ (प्रपंच भ्रम निराकृत भए-मा नै साक्षी स्वरूप स्वयं स्पष्टरूपले भासमान हुन्छ— आधार, आधेय भाव किंवा कुनै वृत्तिज्ञान अवशिष्ट रहँदैन। यसैलाई साक्षात्कार भनेको छ । यसकारण वेदान्त प्रमाण-को फलले नयाँ केही कुरा उत्पन्न हुँदैनन् । साक्षी चैतन्य हो सबैको र हरहालतमा निजी अव्यवहित अद्वितीय र स्वयं प्रकाश स्वरूप । प्रमाण प्राप्त भए त्यो स्वरूप स्वतः र सर्वदा भासमान हुन्छ—कहाँ, कसरी र कति कालको लागि भासमान होला यस्तो सँशयको अवकाश रहँदैन ।

घट बुद्धि र घट पदार्थदेखि द्रष्टा जस्तो भिन्न हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तै अहं बुद्धि र आभासयुक्त अंतःकरणदेखि पनि साक्षी चैतन्य भिन्न हो। साक्षी हो स्वतः सिद्ध र सारा अनात्म पदार्थ हुन् साक्षीबाट सिद्ध। जस्तो मेघको चलन भ्रमले चन्द्रमाको गति भनी निश्चित हुन्छ त्यस्तै बुद्धिको धर्म सुखित्व आदि पनि साक्षी स्वरूपमा आरोपित हुन्छ।

विचित्र दुःखराशिरूप संसार वृक्षको मूल हो चिरकाल-को भ्रम (साक्षी स्वरूपको विस्मरण)। "म हूँ शुद्ध चैतन्य (साक्षी स्वरूप)" यस्तो उपनिषद प्रमाणबाट जाने पछि देहादि भ्राँति कल्पित आत्म बुद्धि (प्रमाता भाव) नष्ट भै हाल्छ (ठीक जस्तो रज्जुको ज्ञान भए सर्प बुद्धि बाधित भई हाल्दछ)।

आफ्नो साक्षी स्वरूप हो अनुभव मात्र—सबैलाई अव-गत किंवा प्राप्त वस्तु। त्यसकारण शास्त्र प्रमाण द्वारा अविद्याको कार्य (द्वैत प्रपंच) निराकृत भए त्यो वास्तविक (सर्वदा प्राप्त) स्वरूप स्पष्ट रूपले भासमान हुन्छ। कुनै नयाँ वस्तु प्राप्त हुँदैन–किन कि सारा त्रिपुटी शास्त्र प्रमाण द्वारा सँधै कालको लागि विनष्ट भै जान्छ।

द्रष्टा, दृश्य र दर्शन, आफूलाई आफै जान्न सक्तैनन्—तिनीहरू परस्पर पनि गोचर हुँदैनन् (तिनीहरू साक्षी चैतन्यबाट भासित हुन्छन् र साक्षी स्वरूपमा नै विलीन भै हाल्छन्)। बाह्य आकारवान पदार्थलाई ग्राह्य भनेको छ, ज्ञाताको क्रिया भनी जो प्रतीत हुन्छ त्यसलाई ग्रहण भनेको छ र भिन्न भिन्न ज्ञानमा जो एक अव्यभिचारी 'म' भनी युक्त रहन्छ (अर्थात् म सुन्छु, निश्चय गर्छु, म स्मरण गर्छु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यादि परिवर्तनशील ज्ञानमा जो 'म' रूपले युक्त रहन्छ) त्यो हो ग्राहक । साक्षी स्वरूप हो यी तीनका भावाभावका साधक त्यसकारण कूटस्थ (अविकारी) नित्य ।

जसकारण साक्षी स्वरूप हो—कारक क्रिया र फलरूप विभागका प्रकाशक, त्यसमा सारा क्रिया, कारक र फलरूप संसार रहन सक्तैनन् । सर्प जस्तो सबै समयमा रज्जु रूप नै हो त्यस्तै दृश्यमान सारा द्वैत प्रपंच वास्तवमा हरहालतमा हो अनुभव रूप साक्षी ।

ग्राह्य, ग्राहक र ग्रहण—यी तीन विभागमा जो एक अद्वितीय निर्विभाग, निस्फूरण रूपले विद्यमान भई रहेको छ—तिनीहरूको भावाभावको त्यो साक्षी हो स्वयं भावाभावरूप संसार वर्जित ।

ग्राहकादिको अन्यतम नष्ट पदार्थ आफ्नो उत्पत्ति र आफ्नो विनाशलाई आफू जान्न सक्तैन र ग्रहणादिको भिन्न अरू कुनैको नाशलाई पनि जान्न सक्तैन। तापनि नाश प्रतीत हुन्छ । त्यसकारण ग्राहकादि अतिरिक्त निजी चैतन्यस्वरूप हो त्यो नाशको प्रकाशक (साक्षी)—यस्तो बुझ्नु पर्छ ।

बुद्धि जस्तो साक्षीको अनुग्रहमा सिद्धि लाभ गर्दछ निर्विकार साक्षी स्वरूप त्यस्तो अरूको अपेक्षा लिएर सिद्धि लाभ गर्दैन—साक्षी हो स्वतः सिद्ध वस्तु । ग्राहकादि रूप अनात्म देखि **अन्वय व्यतिरेक** द्वारा साक्षी स्वरूपलाई पृथक् गरिकन मुमुक्षु स्वयं—जगत्‌को उत्पत्ति, स्थिति र नाशमा जो निर्विकार अनुभव (अवगति) रूपले विद्यमान रहेको छ—त्यसलाई आफ्नो वास्तविक स्वरूप भनी जान्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाता अनित्य पदार्थलाई आफ्नो यथार्थ स्वरूप भनी नसम्झनु । इन्द्रजालरूप द्वैत प्रपञ्च जड भएको हुनाले आफूहरूको नानात्व सिद्धि हुन सक्तैन र उभयरूपले पनि त्यो हुन सक्तैन । (किन कि द्रष्टा र दृश्यको संयोग आदि संबंध हुन् असंभव) । त्यसकारण द्वैतको सिद्धि कुनै प्रकारले संभव नभएको हुनाले तिमी हौ सर्वदा बाधित । यसरी अद्वैत साक्षी स्वरूपको नै सिद्धि संभव हुन्छ ।

अन्वय व्यतिरेक चार प्रकारका छन् :—

(क) दृग्दृश्य अन्वय व्यतिरेक,
(ख) साक्षी साक्ष्य अन्वय व्यतिरेक,
(ग) आगमापायि र तदधिष्ठान अन्वय व्यतिरेक र
(घ) अनुवृत्त व्यावृत्त अन्वय व्यतिरेक ।

एतद्भिन्न दुःखी परम प्रेमास्पदरूप आर्को एउटा अन्वय व्यतिरेक पनि छ ।

(क) र (ख) अविशेष द्रष्टा किंवा साक्षीलाई देखाउँछ—(क) बाहिरी पदार्थ विषयक र अन्तःकरणको अवस्था विषय ज्ञानको बारेमा प्रयुक्त हुन्छ र (ख) अंतःकरणको अवस्थामात्र विषयक ज्ञानको बारेमा प्रयुक्त हुन्छ । (ग) र (घ) सारा परिवर्तनको अधिष्ठानलाई देखाउँछ र (ग) कल्पित परिवर्तन विषयमा र (घ) त्यसको परिवर्तन विषयमा प्रयुक्त हुन्छ ।

श्रुति भन्नु हुन्छ—'आफ्नो वास्तविक स्वरूप हो अस्थूल' 'यो होइन, यो होइन', 'आत्माको जन्म छैन' । त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्य प्रकाश स्वभाव भएको हुनाले आत्मस्वरूपमा कर्तृत्व प्रभृति कारकादि हुन सक्तैन ।

अविद्याका कार्य ग्राह्य ग्राहकादि सारा प्रपञ्च आफूबाट सिद्ध हुन सक्तैन र साक्षीस्वरूपबाट पनि यिनीहरूको सिद्धि सम्भव छैन किन कि निरवयव चैतन्य स्वरूपको द्वैत पदार्थमा प्रवेश किंवा प्राप्ति अयुक्त हो (यसकारण द्वैतको मिथ्यात्व हो अनिर्वार्य) बुद्धि, देह र घट आदि यदि परमार्थ सत्य आत्मादेखि पृथक् पृथक् हुन्छ—अर्थात् यदि जानिन्छ कि तिनीहरू आत्मस्वरूप पनि होइनन् र आत्माका संबंधी पनि होइनन्—तब तिनीहरू सम्पूर्ण मिथ्या भई हाल्दछन् ।

अपरोक्ष स्वतः प्रकाश साक्षी चैतन्यको ऐक्याध्यास वशात् बुद्धि वृत्तिको सिद्धि (अपरोक्षता) हुन्छ र त्यसमा प्रतिबिम्बित भएर घटादिको सिद्धि (अपरोक्षता) हुन्छ । त्यसकारण अध्यस्त भएको हुनाले सारा द्वैत प्रपञ्च हुन् मिथ्या । स्वतः सिद्ध साक्षी चैतन्यलाई आश्रय परेर बुद्धि वृत्ति सिद्ध हुन्छ र बुद्धि वृत्तिलाई आश्रय गरीकन घटादि सिद्ध हुन्छन् ।

किन कि कुनै युक्तिबाट आफ्नो साक्षी चैतन्यमा कारकत्व, क्रियात्व र फलत्व उपपन्न हुँदैन, त्यसकारण आकाशमा धूलो, धूम र नीलत्वको अध्यास झैं भ्रमबाट उत्पन्न भएका अहं, मम, यत्न, इच्छा आदि क्रिया कारक र फलरूप यो संसार हो क्रिया, कारकादि रहित साक्षीस्वरूपमा अध्यास—यो सिद्ध भयो । जस्तो स्वप्नको सिंहको आक्रमणबाट पुरुष डरले स्वप्नबाट जागी हाल्दछ त्यस्तै गुरु शास्त्रबाट मुमुक्षु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषको साक्षात्कार उत्पन्न भए द्वैत प्रपञ्चबाट उठेको सारा अनर्थको निवृत्ति हुन्छ ।

प्र०—गुरुले शास्त्रको के उपदेश दिनु हुन्छ ?

उ०—गुरु शास्त्र सुनाई दिनु हुन्छ कि वासना (कारण) पनि छैन, द्वैत प्रपञ्च (कार्य) पनि छैन। यस्तो उपदेश प्राप्त गरीकन श्रद्धालु मुमुक्षु त्यही क्षणमा साक्षात्कार प्राप्त गरी हाल्नु हुन्छ। यो कुरा बृहदारण्यक उपनिषद २।३।६ मा भनिएको छ।

अहंकार र ममत्व शून्य हामीमा—सूर्यमा अन्धकार र अन्धकार निवृत्तिको आरोप गरे झैं—भ्रम (अविद्या) र तत्कार्य अहंकारादिका निवृत्ति आरोपित हुन्छन्।

प्र०—अहंकार कसरी वाधित हुन्छ ?

उ०—'यो देखिएको स्थाणु हो पुरुष' यो वाक्यमा पुरुष बुद्धि द्वारा स्थाणु बुद्धि बाधित हुन्छ। त्यस्तै 'म हूँ शुद्ध चैतन्य' यो वाक्यमा साक्षी बुद्धि द्वारा अहं बुद्धि सम्पूर्णरूपले निवारित हुन्छ। सारा द्वैत सम्बन्ध हुन् अहंकार मूलक। 'म' बुद्धि निवृत्त भए 'मेरो' बुद्धि पनि विलीन भै हाल्छ (अहंकार नै हो ममत्व बुद्धिको बीज)।

प्र०—अहंकार त म हूँ, त्यसको विनाश भए त हाम्रो विनाश अवश्यंभावी होला ?

उ०—त्यसो होइन। अहंकार तिम्रो धर्म होइन। यो तिमीसित सर्वथा युक्त रहँदैन किन कि मुक्ति र सुषुप्तिमा तिमी रहन्छौ तर अहंकार रहँदैन। तिमीसित सर्वथा युक्त नभएकोले अहंकार हो अंतःकरणको धर्म। साक्षी स्वरूपको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वाभाविक धर्म अहंकार भए अहंकारको परिहार हुन सक्ने थिएन। तिम्रो निजी चिद्रूपको (प्रकाश वा अनुभवको) कहिले पनि लोप हुँदैन। आगमापायि भएको हुनाले अहंकार आत्म-धर्म हुन सक्तैन, किन कि त्यसो भए आत्मस्वरूपको अनित्यत्व प्राप्ति हुन्छ—किन कि धर्मको आगम र अपगम-मा धर्मीको (तिम्रो वास्तविक स्वरूपको) निश्चित रूपले विकार प्राप्त भै हाल्दछ। तर तिमी वास्तवमा एक, अखण्ड, निर्विकार, एकरस, अनुभव स्वरूप (शुद्ध चैतन्य) वस्तु (ब्रह्म) हौ।

प्रमाणद्वारा अवगत भएको हुनाले घटादि झैं अहंकार तिम्रो आफ्नो रूप होइन। जहाँबाट सारा प्रमाणका सिद्धि हुन्छन् त्यो आत्मस्वरूप प्रमाणद्वारा कसरी सिद्ध हुन सक्ला ? (तिम्रो निजी स्वरूप हो स्वतः सिद्ध र अविलुप्त साक्षी— तिम्रो प्रकाशरूपताको कहिले पनि अभाव हुन सक्तैन)।

एकै कालमा एकै वस्तुमा कहिले पनि द्रष्टाभाव र दृश्यभाव हुन सक्तैन। द्रष्टा कहिले पनि बुद्धि विज्ञानको दृश्य हुन सक्तैन र बुद्धि विज्ञान पनि द्रष्टालाई प्रकाश गर्न सक्तैन। बुद्धि विषयलाई प्रकाश गर्दछ—किन्तु आत्मा बुद्धिको दृश्य होइन। द्रष्टा आफूको पनि दृश्य हुन सक्तैन।

अंतःकरणमा जो अहं प्रत्यय साक्षीद्वारा दृष्ट हुन्छ त्यो अंतःकरणको नै धर्म हो द्रष्टाको धर्म होइन। जस्तो स्वरूप बोध कहिले पनि द्रष्टाको दृश्य हुँदैन त्यस्तै द्रष्टाको धर्म भए अहंकार कहिले पनि द्रष्टाको दृश्य हुने थिएन।

अलुप्त दृष्टि साक्षीको दृश्यत्व हुन संभव छैन। त्यस-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को दृश्यत्व भए द्रष्ट्रिता लोप हुन्छ र द्रष्ट्रिताको अभाव भए जगत् साक्षी रहित भै हाल्छ। बुद्धि द्रष्टा हुन सक्तैन, किन कि त्यसो भए द्रष्टा नै रहन्छ र दृश्यको लय हुन्छ।

निर्गुण चित् स्वरूपलाई प्रतिपादन गर्नाको लागि श्रुति पुनः पुनः 'नेति नेति' (बृहदारण्यक २।३।६) भन्नु हुन्छ र निजी चैतन्य स्वरूपदेखि भिन्न सारा पदार्थहरूलाई विनाश-शील भन्नु हुन्छ। श्रुति वाक्य कहिले पनि उपेक्षाको विषय हुन सक्तैन। पञ्चमहाभूतदेखि प्रारम्भ गरीकन स्मृतिसम्म सारा पदार्थहरूलाई क्षेत्र भनी निर्देश गरेको हुनाले भगवान् श्रीकृष्णको मतमा पनि चैतन्य स्वरूप आत्माका द्वैत संयोग हुन सक्तैन (गीतामृत पृष्ठ ४५१ हेर्नुहोस्)।

प्र०—द्वैत प्रपञ्चको रूप कस्तो हो ?

उ०—द्वैत प्रपञ्च हो मिथ्या सिद्ध र सत् स्वभाव रहित। त्यो हो भ्रम मूलक, किन कि त्यो प्रमाण र युक्ति द्वारा निरूपणको अयोग्य हो। सारा अनात्म प्रपञ्चलाई यसरी युक्ति द्वारा निजी साक्षी स्वरूपबाट सर्वदा पृथक् हो भनी जान्नु पर्दछ।

प्र०—द्वैत कसरी मिथ्या सिद्ध हुन्छ ?

उ०—सत् रूप प्रकाश स्वभाव साक्षीदेखि वास्तवमा अनन्य भएको हुनाले जडको पृथक् सत्ता र प्रतीति छैन। जड् र चेतनको अभेद असम्भव भएको हुनाले साक्षीसित अभेदमा पनि जडको सिद्धि हुँदैन (केवल साक्षी स्वरूपको नै स्वतः सिद्धि सम्भव हुन्छ)। त्यसकारण अहंकार आदि हुन् चित् स्वरूपमा कल्पित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वैत मिथ्यात्वको निरूपण

शब्दादि सारा दृश्य हुन् साक्षी स्वरूपमा कल्पित। अद्वितीय साक्षी हो तिनका प्रकाशक यी उभयलाई धारण गरीकन अहंकार आत्मस्वरूपमा भ्रम समर्पण गर्दछ। साक्षी स्वरूप र दृश्य वर्ग हुन् अत्यन्त भिन्न—साक्षी हो द्रष्टा र सत्य, अनात्म द्वैत हुन् दृश्य र असत्य। दुवै नै हुन् अहंकार रूप र उपाधिमा प्रतिबिम्बित। जस्तो रातोपन र मुख दर्पणमा प्रतिबिम्बित भए मुखमा रातोपनको समझ हुन्छ (मुख रातो भनी प्रतीत हुन्छ)। त्यस्तै भ्रान्तिले गर्दा आफ्नो साक्षी स्वरूपमा अहंकार जनित कर्ता, भोक्ता भावको सम्बन्ध अनुभूत हुन्छ। जस्तो भिन्न-भिन्न मानिसको कल्पनाबाट एकजना मानिसमा, मित्रत्व उदासिनत्व र शत्रुत्व देखिन्छ त्यस्तै अंतःकरण उपाधिवशात् कर्ता, प्रमाता, सुखी, दुःखी इत्यादि भिन्न-भिन्न भाव एक साक्षी चैतन्य साक्षीस्वरूपमा भ्रमले अनुभूत हुन्छन्।

जलपात्र भेदले सूर्यको भेद भए झैं भूतमा बसेको एकै साक्षी चैतन्य दृश्य भेदले धेरै जस्तो प्रतीत हुन्छ—साक्षी चैतन्य हो प्रति देहमा भिन्न, यस प्रकार समझ हुन्छ।

भिन्न भिन्न मनुष्यको दृष्टिमा परस्पर विरुद्ध सुख, दुःख; राग-द्वेष भ्रम ज्ञान, सम्यक् ज्ञान इत्यादि सर्व भूतमा स्थित एक चैतन्य स्वरूप आफूमा युगपत् संभव हुन्छ। यसको कारण हो भ्रम मात्र (अविद्या) त्यसैले क्रिया, कारक र फलरूप द्वैत प्रपञ्च अलिकति पनि परमार्थ सत्य चित् स्वरूपलाई स्पर्श गर्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वैत प्रपञ्च असत्य भए तापनि म सुखी हूँ, म दुःखी हूँ इत्यादि मिथ्या अभिनिवेशले मनुष्य आफूलाई प्रवञ्चित गर्दछ। एक दरिद्र बहुभोजी ब्रह्मचारी दुर्भिक्षकालमा सत्तु-मुष्टि प्राप्त भएर त्यसलाई नजिकमा राखीकन एक पर्वतको रूखको छायाँमा यस्तो मनोरथ गरेका थिए—'यो सत्तुको मुट्ठिबाट एउटी गाई' किन्छु र पाल्छु, ५।७ वर्षको भित्र धेरै बृष उत्पन्न हुन्छन् तब धेरै कृषि कर्म गर्छु र त्यसबाट बहु धन धान्य हुन्छ। त्यस पछि धेरै दास-दासो भएको घर बनाउँछु त्यस पछि बोहे गर्छु। पछि वंश रक्षा गर्नाको लागि पुत्र उत्पन्न हुन्छ र त्यसको नाऊँ सोमशर्मा राख्छु तब त्यो पुत्रको माथि अनादर गरेको हुनाले ब्रह्मचारीले पत्नीलाई ताडना गर्‍यो, त्यसले भिक्षा पात्र दुई टुक्रा भयो र सत्तु पनि हावामा उडेर गयो।

यसरी सोमशर्माको पिता झैं संसारी मानिसले जल्पना कल्पनाबाट आफूलाई निरन्तर प्रवञ्चित गरी रहन्छ।

दृश्य सित संबन्ध वशात् अहंकार नै सारा अनर्थको मूल हुन्छ तर सदा प्रकाश स्वरूप साक्षी कुनै कालमा पनि भ्रम र त्यसको कार्यसित सम्बन्ध प्राप्त हुँदैन।

दृश्य सित युक्त साभास अंतःकरण आफूमा प्रतिबिम्बित दृश्यको द्रष्टा हुन्छ। त्यो द्रष्टा अंतःकरण नै साक्षी चैतन्य-बाट अनुरञ्जित भएर साक्षीको भास्य हुन्छ। यसरी अहं-वृत्ति द्वारा उभय द्रष्टा र दृश्य अनुरञ्जित हुन्छ—अत्यंत पृथक् जो द्रष्टा र दृश्य त्यसको संबन्ध अहंकार वशात् संभव हुन्छ। यो संबन्धको परिणामले 'म यो जान्दछु' यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाव सिद्‌ध हुन्छ। यो अहंकारको नाश भए मात्र अद्वैत साक्षीको सिद्धि हुन्छ।

प्र०—अहंकारको स्वरूप के हो ?

उ०—(१) अहंकार भिन्न सारा अनात्म पदार्थ देखि अहंकार हो अन्तरतम—यसकारण अहंवृत्तिबाट साक्षी स्वरूप लक्षित हुन्छ। (२) द्रव्य भईकन पनि स्पर्शादि रहित भएको हुनाले अहंकार हो सूक्ष्म। (३) चिदाभास द्वारा सर्वदा साक्षीसित संबन्ध भएको हुनाले अरू वृत्तिलाई परित्याग-पूर्वक अहंवृत्ति र अहं शब्द द्वारा साक्षी लक्षित हुन्छ।

प्र०—आत्मस्वरूपको साक्षात्कार कसरी हुन्छ ?

उ०—सम्यक् बोधको उत्पत्ति सहजै सित उत्पन्न हुन्छ। रूखको हांगाको सहाराले जस्तो चन्द्रमा गृहीत हुन्छ। शाखाको अग्र भागमा चन्द्र देखिन्छ। त्यस्तो अहंवृत्तिबाट लक्षित भएको साक्षी स्वरूप अहंवृत्तिको त्याग भएमा नै स्वतः प्राप्त भै हाल्छ। आरोपितरूप सोपाधिक आफूमा (अहंकारमा) अवस्थान गरेर—सत्ता र प्रतीति विषयमा साक्षात् उपाय रहित—साक्षी स्वरूप प्राप्त भै हाल्छ। स्व-प्रकाश रूपले साक्षी सिद्‌ध भएको हुनाले—अहंवृत्तिको परि-त्याग हुनबाट मात्र नै वास्तविक आत्मस्वरूपको साक्षात्कार भैहाल्छ। अरू प्रमाण द्वारा साक्षी सिद्‌ध नभए तापनि अहं-कार द्वारा लक्षित भएको चित् स्वरूप अहंकारको परित्याग भएमा नै स्वतः प्राप्त भै हाल्दछ।

प्र०—केवल अहं वृत्तिबाट नै किन साक्षी लक्षित हुन्छ ?

उ०—चिदाभास विशिष्ट अहं वृत्ति हो सारा अनात्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थदेखि अन्तर्भूत (अन्ततंम) त्यसकारण अहं शब्द द्वारा नै साक्षी लक्षित हुन्छ। यदि आत्मा भिन्न घटादि वृत्ति द्वारा साक्षी स्वरूप लक्षित हुन्थ्यो तब आफ्नो स्वरूप निर्गुण चिद् वस्तु हो भनी प्रतीत हुने थिएन।

प्र०—अहंकारको रहस्य के हो ?

उ०—साक्षी स्वरूपसित अपृथक् भएर रहनु किंवा विषय प्राप्त हुनु वाहेक अहंकारको अरू कुनै पक्ष छैन किनकि अधिष्ठानको सत्ता भिन्न कल्पित अहंकारको पृथक् सत्ता हुन सक्तैन (गीतामृत पृष्ठ १९६-१९७ हेर्नुहोस्)।

साक्षात्कारको उपाय

(मध्यमाधिकारीको निम्ति)

अन्वय व्यतिरेक द्वारा अहंकार आदि सारा अनात्म पदार्थलाई परित्याग पूर्वक शान्त चित्त मुमुक्षु शुद्ध अंतःकरणमा आफ्नो चैतन्य स्वरूपलाई देखी हाल्छ।

अहं कर्ताको दृश्य अंश (साक्षी द्वारा प्रकाश्य अंश अर्थात् अहंकार) देखि प्रारम्भ गरीकन देहेन्द्रियादिसम्म सारा अनात्म पदार्थ परित्यक्त भए 'म को हूँ ?' यस्तो जिज्ञासु पुरुषलाई गुरु, शास्त्र आदर पूर्वक 'तिमी हौ शुद्ध चैतन्य' यस्तो उपदेश दिनु हुन्छ। साक्षी स्वरूपमा कुनै भेद भाव छैन (बृहदारण्यक ४।४।२० हेर्नुहोस्)—त्यसकारण अद्वितीय चिदाकार वृत्तिको उत्पत्ति भै हाल्छ र त्यसबाट सारा भ्रमज्ञान निवारित हुन्छ– यसैलाई साक्षात्कार भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाण प्रयोग कालमा प्रमाता र प्रमाणमा जो स्फूरण रूपले प्रकाशित हुन्छ—प्रमाता स्फूरित भएको छ, प्रमाण स्फूरित भएको हो यसरी प्रकाशित हुन्छ—र सुषुप्ति कालमा प्रमाता र प्रमाणको अभावमा साक्षी रूपले जो स्वभावतः स्फूरित हुन्छ (प्रकाशित रहन्छ) त्यो हो अज्ञात वस्तु (साक्षात्कारको योग्य वस्तु) भ्रम किंवा अज्ञान अविद्या हो स्वतः साक्षी चैतन्यबाट सिद्ध । भ्रम (द्वैत प्रपञ्च) परित्यक्त भए चित्त शान्त भै हाल्छ र स्वरूपको साक्षात्कार स्वतः प्राप्त हुन्छ ।

प्र०—भ्रम निवृत्ति कसरी हुन्छ ?

उ०—श्रुति प्रमाणबाट—वासना छैन, वासनाका कार्य अहंकारादि द्वैत प्रपञ्च पनि छेनन्—यस्तो श्रद्धापूर्वक गृहीत श्रुति वाक्यको बलले—अविद्या निर्वतित भई हाल्छ त्यसकारण भ्रम किंवा अज्ञान प्रमाण सिद्ध होइन । अज्ञान (साक्षात्कारको योग्य) वस्तु हो प्रमाण जनित ज्ञान द्वारा निवर्त्य जो अविद्या (आवरण) त्यसको विषय जो साक्षी स्वरूप त्यो त्यसकारण भ्रमरूप द्वैत प्रपञ्च निर्वतित भए आत्म स्वरूपको स्वतः साक्षात्कार भै हाल्छ ।

प्र०— अच्छा, बुद्धि कसरी घटादि पदार्थलाई जान्न सक्छ ?

उ०—आगोले तप्त भएको फलाम जस्तो दाह गर्दछ त्यस्तै साक्षी चैतन्यबाट अनुरञ्जित बुद्धि घटादिलाई प्रकाश गर्दछ । कूटस्थ चित् नै बुद्धिको घटादि पदार्थलाई जान्नाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण हुन्छ, जस्तो आगो नै फलामको दाहकताको कारण हुन्छ।

प्र०—बुद्धिको अन्तरत्व कस्तो हो ?

उ०—देह इन्द्रियादि विषयलाई अपेक्षा गरी राखेको हुनाले बुद्धिको आन्तरता सम्भव हुन्छ। यो आन्तरता साक्षी झैं सर्व विषय वर्जित निरूपचरीत आन्तरता (प्रत्यक्ता) होइन। यद्यपि बुद्धिको ज्ञातापन र आंतरपन अभिन्न हो तथापि उनीहरूको प्रतियोगी (बोध्याकार र वाह्याकार) अर्थात् देहादि र घटादिको भेदले भिन्न भनी निर्दिष्ट भएको छ, तर साक्षीको कूटस्थ बोध र प्रत्यक्तामा (ज्ञातापन र आंतरपनमा) वस्तुतः भेद छैन। साक्षी स्वरूप हो अभिन्न प्रत्यग्ज्योति र एकरस स्वरूप। अहंकार र तत् साक्षीमा जस्तो सर्वदा (भास्य भासकरूप) भेद छन् र अहंकारको जस्तो व्यभिचार देखिन्छ (सुषुप्ति आदि कालमा साक्षी विद्यमान भए तापनि अहंकारको अभाव हुन्छ) त्यस्तो साक्षी चैतन्यको बोधको र प्रत्यक्ताको भेद (किंवा व्यभिचार) कुनै अवस्थामा पनि देखिन्दैन।

कूटस्थ साक्षीको प्रसादले नै बुद्धि विषयलाई प्रकाश गर्न सक्तछ (बुद्धिको नित्यबोध स्वरूपता छैन—बुद्धि हो स्वभावतः अनित्य)।

प्र०—अहंकार र साक्षीको लक्षण के हो ?

उ०—अहंकार हो परिणामी। साक्षी हो कूटस्थ। 'घट जान्दछु, पट जान्दछु, म सुखी हूँ, म दुःखी हूँ' यस्तो विशेष भए तापनि 'जो म दुःखी थिएँ त्यो म नै अहिले सुखी हूँ'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो प्रत्यभिज्ञाबाट–बाल्य यौवनादि भेंद भए तापनि देह-को एकता झैं—जो एक भनी प्रतीत भै रहेको छ त्यो हो परिणामी अहंकार।

'म', 'म' यस्तो अनुवृत्त आकार रहित 'म सुखी हूँ, म दुःखी हूँ' यस्तो व्यावृत्त आकार रहित जो घटाकाश आदि झैं अविकारी रूपले अवस्थित छ—घटाकाश जस्तो घटबाट विकारवान हुँदैन त्यस्तै आकाश झैं विकार रहित यो हो (निर्विकार कूटस्थ) साक्षी स्वरूप।

प्र०–साक्षीको र बुद्धिको बोद्धृता र आंतरताको लक्षण के हो ?

उ०—(१) देहादिको अपेक्षाले बुद्धिको आंतरता सिद्ध हुन्छ। आकाश जस्तो अवकाशरूप हो साक्षी त्यस्तै स्वाभाविक रूपले कुनै कुराको अपेक्षी विना सबैको अन्त-रात्मा हो।

(२) वृत्ति ज्ञानको उत्पत्ति भए वुद्धिले पदार्थ जान्न सक्छ तर जान्न सक्ने (प्रकाश गर्नु) हो साक्षीको स्वरूप। पर्वत जस्तो स्थिर भएर खडा भई रहेको (स्वाभाविक रूपले अचल स्थित छ) साक्षीको प्रकाशकता (ज्ञातृत्व) हो त्यस्तै स्वाभाविक। बुद्धिको ज्ञातापन वृत्तिज्ञान उत्पन्न भए मात्र संभव हुन्छ (त्यो स्वभासिद्ध होइन) वृत्ति ज्ञानको कर्ता भए बुद्धि पदार्थलाई जान्दछ पदार्थको ज्ञाता बन्दछ, नभए होइन।

कूटस्थ साक्षी र परिणामी बुद्धिको वास्तवमा कुनै सम्बन्ध छैन। सम्यक्त्व, मिथ्यात्व शंसयीयुक्तता– यी सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धि धर्मको भाव र अभाव हुन्छ–तर साक्षी स्वरूपमा यी धर्महरू मिथ्या आरोपित हुन्छन् (साक्षी स्वरूपमा सम्यक्त्व आदि बिल्कुलै छैन)। भावाभाव वर्जित स्वयं प्रकाश साक्षी द्वारा नै सारा बुद्धि धर्मको आविर्भाव र तिरोभाव सिद्ध हुन्छ। त्यसकारण साक्षी स्वरूप हो कूटस्थ (निर्विकार किंवा अपरिणामी)।

प्र०—यी सारा कुरा भन्नाका आशय के हुन् ?

उ०—निजी, नित्य, निर्विकार, एकरस, अद्वैत चित् स्वरूपको स्वतः साक्षात्कार प्राप्त गराउनु नै हो एक मात्र अभिप्राय।

प्र०—कसरी यो साक्षात्कार प्राप्त हुन्छ ?

उ०—अहंकारादि सारा अनात्म पदार्थ हुन् आगमापायि। यिनीहरूको व्यतिरेक देखिन्छ तर साक्षी स्वरूपको सर्वदा र सर्वत्र अन्वय छ—नित्य प्रकाशरूप साक्षीको कहिले पनि अभाव हुन सक्तैन। यस्तो अन्वय व्यतिरेकबाट (आगमापायि हेतुबाट) सारा द्वैत पदार्थ देखि साक्षी स्वरूप हो वास्तवमा पृथक्, यो निश्चित हुन्छ। यसरी जो मुमुक्षुले साक्षी स्वरूपलाई निश्चित रूपले विविक्त भनी जानेको छ त्यो गुरु शास्त्र पूर्वक 'तिमी हौ अखण्ड, प्रकाशरूप साक्षी चैतन्य' यस प्रकार उपदेश प्राप्त गरेर त्यही छिनमा निजी चित्स्वरूपको साक्षात्कार गरी हाल्छ।

प्र०—साक्षात्कारको रहस्य के हो ?

उ०—देहादि अनात्म पदार्थको निरसन पूर्वक मुमुक्षु पुरुषले जति जति साक्षी स्वरूपको समीपमा पुगी हाल्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षी स्वरूप पनि त्यति त्यति अहंभाव (प्रमाताभाव) रूप परिच्छेद अभिमानलाई नष्ट गरी दिन्छ (अहंकारलाई बाध गरी दिन्छ) ।

देहादिको अनात्मता प्रतिपन्न भए मात्र नै मुमुक्षु निजी वास्तविक साक्षी स्वरूपलाई आलिङ्गन गर्दछ । बुद्धि आदि मा आत्म बुद्‌धि—गुरु, शास्त्रको उपदेश नपाए सम्म संभव थियो निजी वास्तविक चैतन्य स्वरूपको उपदेश श्रद्‌धा पूर्वक ग्रहण गरे पछि देहादिमा आत्म बुद्धि (परिच्छिन्न अहंभाव)– अनात्म पदार्थ भएको हुनाले—निवृत्त भै हाल्छ, (हराई हाल्छ, किन कि त्यो मिथ्या र बाधित वस्तु हो) र परमार्थ सत्य निजी साक्षी स्वरूपमा—अवस्थान स्वतः सिद्‌ध हुन्छ । श्रद्‌धापूर्वक गृहीत उपदेशबाट अहंकारादि भ्रम (अविद्या किंवा वासना) निवृत्त भै हाल्छ र द्वैतरूप सारा अनर्थको निवृत्ति सम्भव हुन्छ । जसको मिथ्या अहंकार (मिथ्या प्रमाता, कर्ता, भोक्ताभाव) निवृत्त भएको छ (यसमा दीर्घ-कालको किंवा अभ्यासको जरूरत छैन) र निजी वास्तविक स्वरूपको साक्षात्कार प्राप्त हुन्छ त्यो फेरि कर्ता, भोक्ता बनेर मिथ्या प्रमाता भावलाई ग्रहण गरेर नयाँ कुन कुरा जानी हाल्ला ? किंवा अभ्यास द्वारा नयाँ कुन पदार्थ प्राप्त गर्ला ?

प्र०—साक्षात्कार अनंतर मुमुक्षु कसरी रहन्छ ?

उ०—जो पहिले देखिनै शुद्‌ध चैतन्य वस्तु (साक्षी-स्वरूप) थियो तर भ्रमले आफूलाई देहादि विशिष्ट कर्ता, प्रमाता, भोक्ता, सुखी, दुःखी भनी मानी रहेको थियो (यसैको नाम हो अविद्या) त्यो मुमुक्षु श्रद्धावान् भएर गुरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र शास्त्रको शरण प्राप्त भईकन आफ्नो सनातन स्वरूप-लाई साक्षात (सम्यक्‌रूपले) जानी हाल्यो । त्यो आफ्नो शुद्ध चैतन्य स्वभावलाई सदाकालको लागि प्राप्त भै हाल्यो । त्यसकारण त्यो सर्वदा आफ्नो चित् सुख स्वरूपमा नै स्वाभाविक रूपले अवस्थान गर्दछ (अविद्याकृत देहादिमा सत्यता बुद्धि किंवा मिथ्या अहंभाव त्यसलाई कहिले पनि उदित हुँदैन । किन्तु त्यो मिथ्या द्वैत प्रपञ्चको साक्षी रूपमा सँधै स्थित रहन्छ, किन कि त्यो नै हो त्यसको निजी वास्तविक स्वभाव ।

प्र०—स्वरूपको विस्मरण र इच्छा आदिको उत्पत्ति त साक्षात्कार अनंतर पनि देखिन्छ ?

उ०—स्वरूपमा जस्तो अनन्त प्रपञ्च देखिन्छन् तापनि ती सत्य होइनन्—जो देख्दछ त्यो सत्य होइन—जो देखिन्छ त्यो पनि सत्य होइन । त्यसकारण प्रपञ्च देख्नु हो मिथ्या । त्यस्तो साक्षात्कारवान् देह धारी पुरुष र त्यसको इच्छा पूर्वक प्रवृत्ति आदि सारा हुन् द्वैतरूप अनर्थ । भूत, भविष्य, वर्तमान तीनै कालमा मिथ्या । यी सारा मिथ्या दृश्यका प्रकाशक साक्षी तिमी नै हौ केवल पारमार्थिक सत्यरूप । यसरी शास्त्रमा बताइएको छ कि जो देखिन्छ, सुनिन्छ किंवा याद गरिन्छ ती सारा नै हुन् मिथ्या—सर्वदा स्वयं प्रकाश रूपले विद्यमान जो एक अखण्ड, अद्वितीय चित् स्वरूप आफ्नो सत्ता र स्फूर्ति प्रदान गरीकन आफूमा वृथा कल्पित द्वैत (दृश्य) प्रपञ्चहरूलाई प्रतिभासित गर्दछ र जो वास्तवमा तिम्रो, मेरो र साराको यथार्थ चिरन्तन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप हो त्यो नै हो तीनै कालमा अबाधित, परमार्थ सत्य स्वयं प्रकाश, निर्विकार र अखण्डानन्द रूप साक्षी ।

साक्षात्कारको साधन

(मध्यमाधिकारीको निम्ति)

सूर्य, चन्द्र, अग्नि आदि प्रकाशक जब रहँदैनन् तब जो चित्तवृत्तिलाई प्रकाशित गरेर विद्यमान रहन्छ त्यो हो साक्षी रूप स्वयं प्रकाश तिम्रो निजी वास्तविक सनातन स्वरूप ।

प्र०—यो साक्षी को हो ?

उ०—यो हो स्वतः मुक्त बुद्धि साक्षी (वृहदारण्यक ४।३।७) परिच्छिन्न अहं भावको विलयबाट नै चित्स्वरूप-को साक्षात्कार संभव हुन्छ ।

प्र०–'म हूँ शुद्ध चैतन्य' यो कसरी साक्षात् जान्नमा आउँछ ?

उ०–अहंकारको परिच्छिन्न स्वरूपको बाध भए पछि नै मुमुक्षुको निजी वास्तविक स्वरूपको साक्षात्कार भै हाल्छ। जस्तो सर्पलाई आश्रय गरीकन त्यसलाई बाधित गरीकन सर्प रज्जुको अर्थ प्रतिपन्न हुन्छ। चित् स्वरूपको साक्षात्कार हुन्छ। जो अहंकार वास्तवमा रज्जुको ज्ञान सम्भव हुन्छ। त्यस्तो अहंकारलाई आश्रय गरीकन र त्यसलाई बाधित गरेर 'म हूँ साक्षी' यसको अर्थ प्रतिपन्न हुन्छ (चित्स्वरूप-को साक्षात्कार हुन्छ)। जो अहंकार वास्तवमा थिएन त्यसको बाध भयो र जो साक्षी स्वरूप अज्ञातरूपले प्रका-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शित भै हाल्यो—नयाँ केही पनि प्राप्त भएको होइन। यसलाई साक्षात्कार भनेको छ।

प्र०—यसको साधन के हो ?

उ०—अन्वय व्यतिरेकबाट प्रमाता, प्रमाण र प्रमेय-देखि बुद्धि वृत्तिको साक्षी, अवस्थात्रय विलक्षण निजी वास्तविक स्वरूपलाई पृथक् गरेर त्यसमा सारा बुद्धि वृत्ति-लाई विलीन गरीकन स्थित भए पछि स्वतः साक्षात्कार भै हाल्छ (बृहदारण्यक २।५।१९)।

प्र०—यसलाई स्पष्ट गरेर बताउनुहोस् ?

उ०—"म सुखी हूँ, म दुःखी हूँ" इत्यादि सारा विषय-को ज्ञान जहाँबाट प्रकाशित भई राखेको छ त्यो सर्वज्ञ परमेश्वर चैतन्य स्वरूप नै (साक्षी स्वरूप नै) हो मेरो निजी वास्तविक स्वरूप। यस्तो स्वतः अनुभव भै हाल्छ। (बृहदारण्यक ३।४।१, ३।४।२ र ३।५।१ हेर्नुहोस्)।

साक्षी हो नित्य अनुभवरूप अन्य प्रमाण निरपेक्ष अप्रमेय—यसकारण वासनाको कार्यभूत जो प्रत्यक्षादि प्रमाण हुन् तिनबाट प्रमीति (ज्ञात) हुँदैन—साक्षी हो बुद्धि-को आंतर र अव्यभिचारी स्वतः सिद्ध र स्वयं प्रकाशमान् परमार्थ सत्य वस्तु।

बृहदारण्यक ३।४।२ मा भनिएको छ—देशादिबाट परिच्छिन्न र रूपादि गुणविशिष्ट जो दृश्य घटादि हुन् त्यहाँदेखि विपरीत जो स्वप्रकाश साक्षी छ त्यसलाई अनित्य मनोवृत्तिरूप दृष्टि द्वारा दर्शन गर्न सकिंदैन। द्रष्टा जो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धि वृत्ति हो त्यसको साक्षी—बुद्धिको पनि भित्र (सर्वान्तर किंवा अन्तरतम) प्रकाश रूप वस्तुलाई दर्शन गर्न सकिंदैन।

जसकारण प्रपंच व्यवहार हुन् अनात्म विषयक त्यसकारण प्रत्यक्षादि प्रमाण द्वारा जहाँ दर्शन गरिन्छ त्यो हो अनात्मा नै। त्यसैले साक्षी हो अरू प्रमाणका अगोचर (अविषय) "बुद्धि वृत्तिको साक्षीलाई दर्शन गर्न सकिंदैन" यो पूर्वोक्त श्रुति नै हो साक्षी विषयमा एकमात्र प्रमाण।

प्र०—अन्वय व्यतिरेक फेरि संक्षेपले बताउनुहोस्।

उ०—द्रष्टा र दृश्यका विभाग द्वारा आगमापायि अनात्म पदार्थ र साक्षीको विभाग द्वारा साक्षात्कार संभव हुन्छ घट झैं दृश्य भएको हुनाले देह हो अनात्म, देह झैं इन्द्रिय वर्ग पनि हुन् अनात्म, इन्द्रिय झैं मन पनि हो अनात्म। जन्मको पहिले असत् भईकन पछि नष्ट भै हाल्नु र असत्ता प्राप्त हुनु-यो हो अनात्म स्वभाव। तर स्वयं साक्षी स्वरूप हो तद्विपरीत स्वभाव।

देह बाहिरका घटादि विषय हुन् देह विशिष्ट द्रष्टाका लिंग। यसरी देह हो इन्द्रिय विशिष्ट द्रष्टाको लिंग, इन्द्रिय हो मनो विशिष्ट द्रष्टाको विषय। मन हो बुद्धि विशिष्ट द्रष्टाको विषय, बुद्धि हो अहंकार विशिष्ट द्रष्टाको विषय। त्यस्तै दृश्यत्व वस्तुतः अहंकार पनि हो व्यतिरिक्त साक्षी चैतन्यको दृश्य। साक्षी स्वरूपको ज्ञान दृश्यको अधीन हीइन र 'जो निर्विशेष शुद्ध आत्मस्वरूपलाई मुमुक्षु पुरुष तन्निष्ठ भएर निरंतर भजन गर्दछ (अर्थात् निजी साक्षी स्वरूपमा नै विशेष आग्रह युक्त हुन्छ) त्यो मुमुक्षु द्वारा नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षी स्वरूप लब्ध भई हाल्छ ।' यो श्रुतिबाट जानिन्छ कि असाधारण (निर्विशेष) आधारमा निज स्वरूपको साक्षात् ज्ञान (साक्षात्कार) हो मुक्तिको साधन ।

स्वरूपतः द्वैत रहित भईकन यो साक्षी चित् स्वरूप संसारी भनी आफूलाई मान्दछ । त्यो गुरु शास्त्रबाट निजी, शुद्ध, चैतन्यस्वरूप उपदेश प्राप्ति विना अद्वितीय आफ्नो वास्तविक स्वरूपलाई जान्न सक्तैन । यसको जो कारण हो त्यो अनुसन्धानको योग्य होइन, किन कि द्वैत भ्रमको किंवा अविद्याको निवृत्ति साक्षात्कार द्वारा नै संभव हुन्छ (नत्र भ्रमको निवृत्ति हुन सक्तैन) ।

प्र०—साक्षात्कार अनन्तर फेरि द्वैत भ्रम किन हुन सक्तैन ?

उ०—किन कि भ्रम वास्तवमा हो आश्रय र विषय रहित (भ्रमको आश्रय पनि छैन विषय पनि छैन) प्रमाता भाव परित्याग नगरे सम्म (प्रमाता भाव हो वास्तवमा मिथ्या–यस्तो शास्त्र प्रमाणबाट नजाने सम्म) मिथ्या प्रमाता नै हो भ्रमको आश्रय र विषय । तर प्रमाता भाव (अहंकार) बाधित भए पछि (प्रमाण द्वारा मिथ्या भनी निश्चित भए पछि द्वैत भ्रम र तिनका वासना निवृत्त भै हाल्छन्) द्वैत प्रपञ्च वास्तवमा स्वप्न प्रपञ्च झैं मिथ्या भएको हुनाले कुनै कालमा पनि थिएन—त्यसकारण त्यसको मिथ्यात्व निश्चय पूर्वक अधिष्ठानको साक्षात्कार भए साक्षी निजी अद्वितीय स्वरूप नै सर्वदा र स्वतः प्रकाशित रहन्छ—द्वैत भ्रम कदापि उदित हुन सक्तैन—अविद्या रचित (प्रारब्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिकल्पित) द्वैत प्रपंचमा सत्यता र शोभन बुद्धि कहिले पनि संभव हुँदैन। अंधकार जस्तो सूर्य सम्बन्ध असहिष्णु हो अविद्या पनि त्यस्तै विचार असहिष्णु हो (विचार जनित न्याय किंवा श्रुति प्रमाणको आघात अविद्याले सहन गर्न सक्तैन)। श्रुति प्रमाणको पहिले द्वैतको सत्ता संसारी मानिसको लागि प्रतिभात मात्र भै रहन्छ—वास्तवमा द्वैत भएको छैन। पछि पनि उनि होइन र पहिले पनि छँदै थिएन। **मुमुक्षुको जिज्ञासाको विनाश केवल श्रुति प्रमाणबाट नै संभव हुन्छ।** 'तिमी हौ शुद्ध चैतन्य मात्र' यस्तो श्रुतिको उपदेशबाट नै साक्षात्कार उदित हुन्छ र तदनन्तर ज्ञातव्य केही पनि रहँदैनन्। सारा द्वैत प्रपञ्चको बाध पूर्वक सम्यक् ज्ञान उत्पन्न भए 'यो यस्तो होइन' यो भ्रांतिरूप प्रत्ययान्तर उदित हुन सक्तैन जसको संशय रहित स्वरूप साक्षात्कार भएको छ त्यसको साक्षी विषयज्ञान पहिले उत्पन्न भएको द्वैत प्रत्ययबाट किंवा उत्तर कालीन द्वैत प्रत्ययबाट विनष्ट हुँदैन।

प्र०—त्यो स्वरूप विषयज्ञान कस्तो हो ?

उ०—अप्रमेयरूप अद्वैत साक्षीस्वरूपको ज्ञान आत्माको अनुरूप नै हुन्छ—अर्थात् प्रपञ्चको उपमर्दन पूर्वक नै उत्पन्न हुन्छ। निजी वास्तविक साक्षीस्वरूप क्रिया कारक फल शून्य अद्वितीय भएको हुनाले स्वरूप विषयज्ञान पनि तदनुरूप (अर्थात् कर्ता प्रभृति कारकहरूको विनाश गरीकन नै उत्पन्न हुन्छ) घटादि विषयज्ञान कारकादिको साथ उत्पन्न हुन्छन्।

प्र०—यसको कारण के हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—सर्वान्तरता (प्रत्यक्ता) हो साक्षी स्वरूपको स्वाभाविकरूप, तर कर्तृत्वादि हुन् भ्रमले आरोपित। साक्षी चैतन्य हो स्वभावतः निष्क्रिय, अकारक, फलवर्जित र अद्वितीय किंतु कर्तृत्व र भोक्तृत्व विशिष्ट बुद्धि चिदाभास द्वारा प्रदीप्त भईकन साक्षी स्वरूप भैं लक्षित हुन्छ। बुद्धि चैतन्याभास युक्त भएको हुनाले व्यवहार निपूण विद्वान् मानिस पनि बुद्धिलाई आफ्नो स्वरूप भनी भ्रमले मान्दछ र बुद्धिबाट धेरै टाढ़ा भएको इन्द्रिय, शरीर र बाहिरी पदार्थमा परस्पर आत्मभाव कम हुन्छ।

प्र०—तत्त्वज्ञान केलाई भन्दछ ?

उ०—जस्तो पुरुष भ्रान्ति बाधित भएर स्थाणु विषयक तत्त्वज्ञान खडा हुन्छ त्यस्तै गुरु शास्त्रको उपदेशले भ्रान्ति, जीवभाव बाधित भएर साक्षीभाव प्रकाशित हुन्छ। जीवत्व बाधित भएर साक्षीस्वरूपको जो ज्ञान उदित हुन्छ त्यसलाई तत्त्वज्ञान भनेको छ।

प्र०—यो कुरा स्पष्ट गरेर बताउनुहोस्।

उ०—'पुरुष हो स्थाणु' यसो नभनीकन 'स्थाणु हो स्थाणु' यसो भने पछि उपदेष्टा मानिसको जस्तो स्थाणुमा पुरुषबुद्धि रूप भ्रम दूर हुँदैन त्यस्तै अध्यस्तको (जीवको) अनुवाद नगरेर केवल चैतन्य हो चैतन्य भने पछि उपदिष्ट मानिसको साक्षी चैतन्यमा जीवत्वरूप भ्रम नष्ट हुँदैन (अध्यस्तको आधारको अनुवाद पूर्वक—अधिष्ठानको समर्पण ठीक हुन्छ— दृष्टान्तमा पुरुष हो अध्यस्त, द्राष्टान्तिकमा जीव हो अध्यस्त)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—म त जीव हूँ !

उ०—जीवभाव तिमीमा अध्यस्त भएको हुनाले तिमी वास्तवमा हौ साक्षीचैतन्य (अन्तरात्मा)। तिमी अंतः-करण विशिष्ट (चिदाभास) नभएको हुनाले तिमी वास्तवमा दुःखी (संसारी) जीव होइनौ। गुरु शास्त्रबाट तिम्रो वास्तविक चैतन्य स्वरूपलाई निश्चित रूपले जानेर अध्यस्त जीवभावलाई (अहंकार अंशलाई) परित्याग गरे पछि तत्कालमा नै तिमी निजी सनातन साक्षीस्वरूपलाई प्राप्त गरी हाल्छौ। यो नै हो स्वरूप साक्षात्कार।

प्र०—त्यसो भए म साक्षी चैतन्य मात्र बनेको छु तर ब्रह्म साक्षात्कार त बाँकि छ ?

उ०—तिमीमा अहंकार अंश रहेसम्म तिम्रो यस्तो भेद भ्रम—म साक्षी मात्र हूँ, ब्रह्म होइन—रहन्छ। साक्षात्कार (विद्या) उदित भए तिमी जान्न सक्छौ कि तिमी हौ निर्विषय अद्वितीय चैतन्य वस्तु। अहंकारको बाध भए मात्र जो साक्षी रूपले स्थित हुन्छ त्यो नै ब्रह्मरूपले अनुभूत हुन्छ वास्तवमा चिद्वस्तु हो एक र निर्विभाग। बुद्धि प्रभृतिको साक्षी जो चिद्वस्तु हो त्यो नै हो अद्वितीय आनन्द ब्रह्म। अहंकारको निरास भए पछि नै मुमुक्षु आफ्नो सनातन अखण्ड ब्रह्मस्वरूपमा सर्वदा अवस्थित भै हाल्छ। अहंकार-बाट नै सारा भेद भाव उत्पन्न हुन्छन्। अद्वैत, अखण्ड चैतन्यस्वरूप हो परमार्थ सत्य।

प्र०—साक्षात्कार अनन्तर त ध्यानादि क्रिया बाँकी रहन्छन् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—होइन, गुरु, शास्त्र उपदिष्ट अद्वैत चैतन्य वस्तु कटाक्षले पनि क्रियालाई दर्शन गर्दैन । त्यसकारण ध्यानादि व्यापार हुन् असंभव । चिद्‌वस्तु एक रूप भएको हुनाले उसमा कुनै विकल्पको—साक्षी स्वरूप नित्य सिद्ध हो कि क्रियाले साध्य हुन्छ कि यस्तो विकल्पको सम्भावना छैन—किन कि साक्षी स्वरूप हो निर्विकार (कूटस्थ) अर्थात् सारा विकल्प रहित । अहंभाव नष्ट भए कुनै विकल्प उठ्न पाउँदैनन् । अहंकारको निरास नभए (अहंकार हो अत्यन्त असत्य वस्तु, साक्षी प्रमाणले सिद्ध छैन—यस्तो निश्चय नभए) साक्षात्कार उदित हुँदैन ।

प्र०—साक्षात्कार उत्पन्न भए पनि कदाचित् अहंभाव (प्रमाताभाव) उठी हाल्ला ?

उ०—अहंकार जड (पर प्रकाश्य) भएको हुनाले यो आफूलाई सिद्ध गर्न सक्तैन । भ्रमवशात् उत्पन्न भए यो साक्षीबाट प्रकाशित हुन्छ (अर्थात् साक्षीबाट त्यसको भिन्न सत्ता हुन सक्तैन—साक्षी चैतन्य द्वारा कवलित भै हाल्छ) । तिमी त्यसको प्रकाशक भएको हुनाले यो तिम्रो चैतन्य स्वरूपमा लीन भै हाल्छ—त्यसबाट तिमी विचलित हुन सक्तैनौ—तिमीदेखि भिन्न रूपले त्यसको सत्ता र स्फूरण हुँदैन । त्यसकारण बाधित अहंभाव हो अत्यन्त तुच्छ पदार्थ । तटस्थ मानिस तिमीमा अहंकारको कल्पना गरे पनि तिमी तिम्रो एक अखण्ड सनातन साक्षी स्वरूपमा प्रमाताभाव (अहंकार) कहिले पनि अनुभव गर्दैनौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—साक्षी स्वरूपको पुनः पुनः बुद्धिमा आलोचना गर्नु त आवश्यक छ ?

उ०—यस्तो सतः सतः आलोचनाबाट दुःखित्व आदिरूप संसारबाट मुक्ति संभव छैन। आत्म स्वरूपमा दुःखित्व प्रमाण मूलक भए त्यसको निवारण को गर्न सक्ला ? आगोको उष्णता जस्तो कुनै उपायले निवारण हुन सक्तैन त्यस्तै प्रमाणसिद्ध आत्म सम्बद्ध दुःखको निवृत्ति सर्वथा असंभव हो। अभ्यासको उपचयवशात् जो उत्पन्न हुन्छ त्यो हो चित्तको एकाग्रता। अभ्यासबाट प्रमाणहरू अर्थको अवबोध गराउँदैनन् (चित्तको एकाग्रता प्रमाणरूपले गण्य होइन)। अभ्यासको बलले उपचित भावना यदि सारा संसार दुःखको निरास गर्दछ तब त्यो एकान्तिक निवृत्ति हुँदैन किन कि भावना जनित फल हो अनित्य।

प्र०—यो कुरा अलि स्पष्ट गरेर बताउनुहोस्।

उ०—यदि 'म दुःखी हूँ' यसप्रकार अनन्त जन्मको प्रवृद्ध भावनाको ध्वंस हुन सक्छ तब अल्प अभ्यासले उत्पन्न भएको बुद्धिको एकाग्रता स्थायी हुन्छ। यस विषयमा के प्रमाण छ ? बरू श्रुतिबाट अवगत हुन्छ कि क्रियाको फल नित्य हुन सक्तैन।

प्र०—शास्त्र प्रमाणको प्रयोजन के हो ?

उ०—शास्त्र यथाभूत वस्तुको यथार्थ स्वरूपको बोधन गराई दिन्छ (जनाई दिन्छ)। निर्दोष श्रुति वाक्यबाट आफ्नो वास्तविक साक्षी स्वरूपमा निर्दुःखिताको स्वतः प्रतीति हुन्छ। त्यसकारण श्रुतिरूप निर्दोष प्रमाणबाट प्रतिपन्न आत्मनिष्ठ निर्दुःखितामा विश्वास गर्नु उचित होइन। आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षी स्वरूपलाई अनादर गरेर प्रत्यक्षादि बहिः प्रमाणमा विश्वास स्थापन गर्नु बुद्धिमान् पुरुषको लागि उचित होइन।

'इन्द्रियहरू हुन् बहिर्मुख' यस्तो श्रुति वाक्यबाट जानिन्छ कि प्रत्यक्षलाई बाधित गरेर साक्षी स्वरूपमा श्रुतिको प्रवृत्ति देखाइएको छ।

प्र०—त्यसो भए मानिसहरू आफूमा दुःखको अनुभव किन गरी रहन्छन् ?

उ०—त्यस्तो अनुभव भ्रमवशात् सम्भव हुन्छ। प्रमाण वृत्तिको अपरिज्ञान (शास्त्र प्रमाणको अपरिचय) हो भ्रम। अविद्या निरास भए साक्षात्कारवान् पुरुषले आफ्नो स्वरूपमा दुःखको लेश पनि अनुभव गर्दैन। साक्षी भाष्य चित्तवृत्ति वास्तवमा मिथ्या हो। अविद्या र उसको कार्य साक्षी स्वरूपमा ठाउँ पाउँदैन, किन कि साक्षी हो उनीहरूको अस्तिता। अविद्या र अन्तःकरण हुन् प्रतिभासरूप—त्यसकारण स्वयं प्रकाश स्वभाव साक्षीमा भ्रम र उसको कार्य उत्पन्न हुँदैन।

प्र०—उपदेश सुनेर नै साक्षात्कार प्राप्त हुन्छ कि ?

उ०—हो, भगवान् गौडपाद भन्नु हुन्छ कि जाग्रत र स्वप्नको अभिमानी विश्व र तैजस हो कार्य (स्वरूपको अन्यथा ग्रहण) र कारण (स्वरूपको अग्रहण) उभय द्वारा बद्ध र सुषुप्ति अभिमानी प्राज्ञ हो कारण द्वारा बद्ध। तर अवस्थात्रयका प्रकाशक (अवस्थात्रय रहित) साक्षी स्वरूपमा कार्य र कारण कुनै पनि छैनन्।

स्वप्न र जागरणमा निजी स्वरूप अन्यथा गृहीत भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनाले (स्वरूपको अग्रहण र अन्यथा ग्रहण भएको हुनाले) स्वप्न र जागरण हुन् विपरीत ग्रहणरूप स्वप्न। सुषुप्ति अवस्थामा स्वरूपको अग्रहण भएको हुनाले सुषुप्ति हो स्वप्नको अग्रहण रूप बीज अज्ञान (अर्थात् स्वप्न र जागरण-को कारण)। जाग्रत र स्वप्नमा स्वरूपको अन्यथा ग्रहण हो प्रधान—त्यसैले तिनीहरू हुन् कार्य स्थान। सुषुप्तिमा स्वरूपको अग्रहण हो प्रधान—त्यसैले सुषुप्ति हो कारण स्थान। गुरु शास्त्रको उपदेशको फलले स्वरूपको विपरीत ग्रहण र स्वरूपको केवल अग्रहण दुवै नष्ट भै हाल्छन् र स्वरूपको साक्षात्कार उत्पन्न हुन्छ। निजी साक्षी स्वरूप हो सर्वदा प्राप्त (परिज्ञात) तर त्यो हो अवस्थात्रय रहित यसप्रकार नजानेको हुनाले (शास्त्रको प्रमाणरूप उपदेश नपाएको हुनाले) आफ्नो वास्तविक स्वरूपको अग्रहण र अन्यथाग्रहण (भ्रम किंवा अविद्या) संभव हुन्छ। श्रद्धापूर्वक उपदेश ग्रहण गरे पछि मुमुक्षु पुरुषले स्वतः सिद्ध र स्वयं प्रकाशित आफ्नो वास्तविक साक्षी स्वरूपको साक्षात्कार प्राप्त गरी हाल्छ।

प्र०—अज्ञान कसरी नष्ट हुन्छ ?

उ०—अन्यथाग्रहण र त्यसको बीज अग्रहण हो अनात्मा-को धर्म। ज्ञान, ज्ञेय र ज्ञातारूप पदार्थत्रयलाई जो अविकारी रूपले अवभासित गर्छ अज्ञान हो त्यो साक्षीको बाहिर (अज्ञानको सत्ता र प्रतीति हो साक्षी स्परूपको अधीन)। अज्ञान जड र दृश्य भएको हुनाले त्यो साक्षीको स्वरूप किंवा धर्म होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षी विकार रहित रहीकन नै सारा कल्पित विषय-लाई प्रकाश गर्दछ—त्यसकारण अविकारी साक्षी स्वरूपको कुनै द्वैत पदार्थ सित सम्बन्ध हुन सक्तैन ।

प्र०—तब द्वैत पदार्थको प्रतीति कसरी होला ?

उ०—चित्त हो जसको नाम यस्तो परिणाम विशिष्ट बीजरूपी अज्ञानको नै आफ्नो कार्य द्वैत प्रपंच सित संबन्ध हुन्छ । वास्तवमा त्यो हो मिथ्या । प्रकाश्य, प्रकाशक संबंध रूप विकार जस्तो विक्रिय युक्त चित्तको नै सम्भव हुन्छ । (निर्विकार साक्षी स्वरूपको हुँदैन) त्यस्तो सुख, दुःखादि सम्बन्ध पनि परिणामी चित्तको नै संभव हुन्छ ।

प्र०—यो स्पष्ट गरेर बताउनुहोस् ।

उ०—सुषुप्ति समयमा विकारी चित्तको लय भएको हुनाले अविकारी साक्षी कूटस्थ दृष्टि रूपले (निर्विकार चैतन्य रूपले) अवस्थान गर्छ—त्यसको अलिकति पनि द्वैत संस्पर्श हुँदैन । यो निर्विकार चिद्रूप साक्षी—प्राज्ञावस्था झैं— स्वप्न र जागरण अवस्थामा पनि द्वैत सित सम्बन्ध प्राप्त हुँदैन । उज्वल प्रदीप हातमा भए जस्तो अन्धकार संभव छैन त्यस्तै सारा अवस्थामा निजी, नित्य, साक्षी स्वरूप हो निर्विकार त्यसप्रकार जाने पछि साक्षात्कारवान् पुरुषलाई 'म' र 'मेरो' यस्तो बुद्धि सित स्पर्श हुन सक्तैन ।

साक्षात्कार नभए सम्म जस्तो द्वैतको सिद्धि छ त्यस्तै साक्षात्कार पछि बुद्धि प्रभृति सारा द्वैत पदार्थको असिद्धि भै हाल्छ । त्यसकारण साक्षात्कारवान् पुरुषको कुनै ज्ञातव्य अवशिष्ट रहँदैन । रज्जु साक्षात्कारबाट जसको सर्प भ्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाधित भएको छ त्यसको जस्तो भय कम्पादि केही काल अनुवृत्त रहन्छ त्यस्तै स्वरूप साक्षात्कार जसलाई प्राप्त भएको छ त्यसको सारा संसार बाधित भए तापनि प्रारब्ध फल भोग सम्म शरीरादिका चेष्टा भै रहन्छन्। भोगबाट प्रारब्ध कर्मको निवृत्ति भए पछि त्यसको प्रातिभासिक शरीर आदिको क्षय भै हाल्छ।

प्र०—मध्यम अधिकारी साक्षात्कार योग्य पुरूषको कुन कुन गुण अवलंबनीय हुन् र कुन कुन दोष परिवर्जनीय हुन्?

उ०—'चित्त हो सत्य' यस्तो जो मान्दछ—यस्तो पुरूषको अमानित्व प्रवृत्ति दैवि सम्पदामा निष्ठा (गीता अ० १३ श्लोक ७-११ हेर्नुहोस्)। हुन् अवश्य अवलम्बनीय। चित्तको बहिर्मुखता हो प्रयत्न पूर्वक सर्वथा वर्जनीय। जसको चित्त हो बहिर्मुख त्यस्तो मानिसको साक्षात्कार उदित हुन सक्तैन। निजी वास्तविक साक्षी स्वरूपको (हृदय स्थित परमात्म स्वरूपको) परिचय र अन्वेषण भएमा मात्र बहिर्मुखता नष्ट हुन्छ।

प्र०—यसको लागि प्रधान रूपले के गर्नु पर्छ?

उ०—यसको लागि श्रद्धा र नियम पूर्वक सज्जनको सङ्ग गर्नु पर्छ। सत्सङ्ग प्राप्त भए क्रम क्रमले सारा दोष नष्ट भै हाल्छन् र स्वरूप साक्षात्कार अनायासले प्राप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्पर्शयोग र राजयोगको संक्षिप्त विवेचन

तिमी हौ एक र सर्वसाक्षी, त्यसकारण सर्वदा मुक्त। जो सारा जगत्को प्रकाश हो त्यो कुनै दृश्य पदार्थ कर्ता, प्रमाता, ज्ञाता–हून सक्तैन किंवा कुनै दृश्य पदार्थ सित–क्रिया कारकादि, प्रमाण प्रमेयादि, ज्ञेय, ज्ञान आदि सित–यसको सम्बन्ध हुन सक्तैन। कुनै सम्बन्ध स्वीकार गर्न किंवा त्यसलाई हटाउनको निम्ति प्रयत्न गर्नु हो बन्धन—तिम्रो अरू कुनै बन्धन छैन। जाग्रदादि अवस्थात्रय हुन् दृश्य पदार्थ–त्यसकारण तिमी हौ सारा अवस्था रहित स्वयं सिद्ध प्रकाशरूप। साक्षीरूप तिमीमा संसार धर्म छैन, किन कि साक्षी यदि साक्ष कोटिमा खस्छ तब अवस्थात्रय-लाई जान्नको लागि कोही रहँदैन। त्यसो भएको हुनाले तिमी हौ जाग्रदादि विवर्जित केवल दृग्मात्र। मनका सारा विकार तिम्रो निजी, नित्य, प्रकाशरूपमा छैनन्। किन कि तिमी हौ मनको सारा क्रियाको साक्षी—जुनसुकै मन गर्दछ तिमी ती सारा मनका कृत्यलाई जान्दछौ, प्रकाश गरी रहन्छौ। अविवेकवशात् मनका विकारहरूलाई नजिकमा स्थित साक्षी स्वरूपमा अवभासित देखिन्छन्। मूर्ख मनुष्यले मन द्वारा कृत विकारलाई आफ्नो स्वरूपमा मान्दछ।

तिमी साराका साक्षी भएको हुनाले मन भन्ने तिमी-देखि कुनै भिन्न पदार्थ हुन सक्तैन (विकारी अर्थात् खण्डित मन हो साक्षी स्वरूपमा कल्पित र मिथ्या)। जाग्रदादि अवभास हुन् मनको धर्म त्यसकारण तिमी हौ ती सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्था र तिनीहरूका बहिःष्प्रज्ञत्व (बाह्य पदार्थका ज्ञाता पन) अन्तः प्रज्ञत्व (मनोविकारको ज्ञातापन) आदि सारा धर्म देखि अतीत—केवल अखण्ड, एकरस, स्वयं प्रकाश चैतन्य ।

त्यसकारण तिम्रो वास्तविक साक्षी स्वरूपमा कुनै प्रकार विषयको सम्बन्धको स्पर्श छैन । यसकारण तिम्रो वास्तविक-स्वरूप उपनिषद् शास्त्रमा अस्पर्शयोग नामले प्रसिद्ध छ । अविवेकी योगीहरू यो योगलाई आत्मविनाशि भनी मान्द-छन् (किन कि यसमा परिच्छिन्न प्रमाता भाव रहँदैन)—र यी योगदेखि डराउँछन् । वास्तवमा यी सारा द्वैतवर्जित भएका हुनाले अत्यन्त निर्भय मार्ग हो ।

कर्ता, क्रिया, कारकादि सारा भेद, भ्रम असत्य भनी निश्चय गरे जाग्रदादि अवस्थात्रय संबंधी सारा अनात्म धर्म निवृत्त भै हाल्दछन् र अद्वैत निर्भय, निजी साक्षी स्वरूप स्वयं प्रकाशित भै हाल्छ । शास्त्र प्रमाण केवल आवरक सारा अनात्म प्रपंचको निराकरण गरी दिन्छ र ज्ञाता, ज्ञान र ज्ञेय आदि सारा भेद भ्रम निवृत्त भए, निरस्त भए पहिले देखिनै स्वतः प्रकाशित निजी साक्षी स्वरूप निर्दृश्य केवल दृग्‌रूपले स्पष्ट प्रकाशित भै हाल्छ—(भूलले जो प्रमाता बनेको थियो त्यो साक्षी किंवा शुद्ध चैतन्य रूप भै हाल्छ—जस्तो सुषुप्ति स्थितिमा हुन्छ) । यो हो सहज साक्षात्कार किंवा नित्य समाधि त्यो उत्तमाधिकारीको लागि शास्त्रमा निर्णित भएको छ ।

भगवान् शंकरले ब्रह्मज्ञानावलिमालामा भन्नु भयो कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'म हूँ साक्षी' यस्तो पुनः पुनः जो मिथ्या दृश्यबाट आफू लाई पृथक् गरेर जान्नु हुन्छ केवल त्यो मानिस मुक्त हुन्छ— तिनी नै ज्ञानवान् हुनु हुन्छ—यो हो वेदान्त शास्त्रको निर्घोष (स्पष्ट घोषणा)।' शंकर फेरि अरू ठाउँमा (आत्म प्रकाशिका ग्रंथमा) भन्नु हुन्छ—'जो विष र अमृतलाई देखेको छ त्यो बुद्धिमान् पुरुष जस्तो विषलाई त्यागेर अमृतलाई ग्रहण गर्छ त्यस्तै तिमी साक्षी स्वरूपलाई देखेर त्यसमा आदर पूर्वक अनात्म दृश्य त्रिपुटीलाई परित्याग गर्नु ।

घटको अवभासक सूर्य जस्तो घटको नाश भए विनष्ट हुँदैन त्यस्तै देहको अवभासक तिमी देहको विनाश भए विनष्ट हुँदैनौ ।

यसरी चार प्रकारले सहज साक्षात्कार संभव हुन्छ :—

(१) तिम्रो कुनै पदार्थ सित सम्बन्ध संभव छैन। त्यस कारण शरीर, इन्द्रिय, मन, बुद्धि सित सङ्ग परित्याग गर (यी सारा अनात्म प्रपंचको सत्तालाई विलोप गरी देऊ)। तिमी तेही क्षणमा देहादि सारा पदार्थको अभावको साक्षी रूपले स्वयं प्रकाशित भै हाल्छौ ।

(२) समुद्रबाट जस्तो बुद्बुद् उत्पन्न हुन्छन् त्यस्तै तिमीबाट यी सारा विश्व उत्पन्न भएका छन् (जगत्को सत्ता साक्षी स्वरूप तिमीदेखि भिन्न होइन, किन कि ज्ञाता, ज्ञान र ज्ञेय रूप त्रिपुटीको तिमी नै हौ एकमात्र प्रकाशक)। यस प्रकार जाने पछि अचल बुद्धिको साक्षी रूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक अद्वितीय चैतन्य वस्तु तिमी नै केवल प्रकाशित भई हाल्छौ ।

(३) यो विश्व प्रत्यक्ष दृष्ट भए तापनि अवस्तु रूप भएको हुनाले अद्वय सर्व साक्षी तिमीमा छैन—(यसको साथ तिम्रो कुनै संबंध छैन—ठीक जस्तो प्रत्यक्ष दृष्ट सर्प वास्तवमा डोरिमा छैन—यसरी जगत्लाई मिथ्या जाने पछि स्वयं प्रकाश साक्षी स्वरूप तिमी नै परिशिष्ट रहन्छौ ।

(४) माथि देखाइएका तीन प्रकार साक्षात्कारका उपायमा बाहिरि जगत्को निषेध अवलम्बन गरिएको छ । अहिले भित्र स्थित (मनोमय) जगत्को निषेधबाट सहज साक्षात्कार प्रदर्शित हुन्छ ।

तिमी हौ पूर्ण, सुख र दुःखमा समानरूपले अवस्थित (किन कि तिमीमा कहिले पनि ह्रास, वृद्धि संभव छैन—तिमी जस्तोको तस्तो नै अपरिवर्तित, एकरस रही रहन्छौ, अरू केही भई हाल्दैनौ) आशा र निराशामा तिमी एकनाश रहन्छौ, अरू मानिस बनेर जाँदैनौ—जीवन र मरणमा तिमी समान रहन्छौ किन कि तिमी जीवन र मरणको अविकारी प्रकाशक हौ (मरण आए तापनि तिमी त्यसलाई जान्दछौ तर तिम्रो साक्षी स्वरूपमा कुनै परिवर्तन हुन सक्तैन) । यसरी निजी, वास्तविक सारा द्वन्द्वको अतीत एकरस, प्रकाश स्वरूपलाई जाने पछि स्वतः सारा द्वन्द्वको साक्षीरूपले तिमी अवस्थित भै हाल्छौ (सारा वासनाको क्षय भै हाल्छ) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[जान्नुहो ज्ञानको प्रत्यक्ष, त्रिपुटीलाई प्रकाश गर्नु-ज्ञाताको प्रकाशक किंवा वास्तविक स्वरूप हुनु अर्थात् सारा त्रिपुटीको अभाव प्रकाशक अंतरतम चित् स्वरूप साक्षी भै हाल्नु (यसलाई नै साक्षात्कार भनेको छ)। ज्ञाताले बाह्य घट, पटलाई जान्दछ, किन्तु ज्ञाताले घटलाई जानेको छ यस्तो त्रिपुटीलाई—सारा त्रिपुटीको भित्र अनुस्यूत रूपले विद्यमान, सारा त्रिपुटीको सत्ता र प्रतीतिरूप निर्विकार साक्षी चैतन्य तिमी प्रकाश गरी हाल्छौ (साक्षात् जानी हाल्छौ) साक्षी तिमीमा नै सारा त्रिपुटी पर्यवसित भै हाल्छन्। केवल तिमि नै प्रकाशित रहन्छौ किन कि एकमात्र तिमी हौ अकल्पित र पारमार्थिक सत्य–सारा दृश्य त्रिपुटी हुन् कल्पित, मिथ्या।

सम्पूर्ण विश्व हो त्रिपुटीको अन्तर्भूत–त्रिपुटी भिन्न विश्वको सत्ता र प्रतीति संभव छैन। ज्ञाता, ज्ञान र ज्ञेय हुन् सम्पूर्ण जगत् (दृश्य)। तिमी यी त्रिपुटीको अन्तः पाति ज्ञाता हुन सक्तैनौ किन कि ज्ञाता किंवा प्रमाताभाव हुन् आगमापायि–ज्ञाताभाव उत्पन्न हुन्छ र नष्ट भई हाल्छ (जस्तो सुषुप्ति अवस्थामा ज्ञाता वा प्रमाता रहँदैनन्)। किन्तु तिमी हौ सारा त्रिपुटीका प्रकाशक–ज्ञाता, ज्ञान र ज्ञेय रूप सारा वृत्तिका प्रकाशक र जब यी त्रिपुटी रहँदैनन् तब तिमी त्यो अभावको साक्षी रूपले विद्यमान रहन्छौ, नभए यी त्रिपुटीका अभावलाई कसले जानला ? (त्रिपुटीको अभाव कसरी सिद्ध होला ?) त्यसकारण तिमी हौ सारा त्रिपुटीदेखि अतीत—सम्पूर्ण विश्वको सत्ता र स्फूर्तिप्रद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक चैतन्य। सारा विश्व हो तिमीमा कल्पित। विश्वको अभाव भए तापनि तिमी त्यो अभावको प्रकाशक एक अद्वितीय निर्विभाग साक्षी चित् स्वरूप स्वयं प्रकाश रूपले अवश्य परिशिष्ट रहन्छौ—तिम्रो निजी स्वरूप कहिले पनि तिम्रो लागि अप्रकाशित हुन सक्तैन। यसरी सहज र नित्य साक्षात्कार सिद्ध भयो।]

राजयोगको अधिकारी भनलाई सत्यभनी निश्चय गर्दछ—अर्थात् प्रमाता, प्रमाण र प्रमेय किंवा ज्ञाता, ज्ञान र ज्ञेय विभागलाई सत्य भनी अनुभव गर्दछ। परिणामले त्यो योगाभ्यास गर्दछ—योगाभ्यासबाट चित्तलाई निश्चल (त्रिपुटी रहित) गर्नामा यत्न गर्दछ। चित्त निश्चल भए प्राण पनि निश्चल हुन्छ। यसरी योगाभ्यासबाट मन सारा विषयशून्य भए ब्रह्माकारमा आकारित (चैतन्य स्वरूप देखि अभिन्न रूपले अवस्थित अखण्डित) भै हाल्छ। विकारी किंवा त्रिपुटी युक्त (खण्डित भए मन बन्द छ—त्रिपुटी रहित अखण्डाकार) भए त्यो नै ब्रह्म (अखण्ड चैतन्य) नामले भनिन्छ। ज्ञाता र ज्ञेयरूप विभागको उल्लेख विवर्जित—लय, विक्षेप रहित—मनको प्रशान्त अवस्थानलाई निर्विकल्प समाधि भनेको छ। त्यो समय सारा अभाव साक्षी अर्थात् अचल मनको साक्षी विद्यमान रहन्छ। यस्तो समाधिमा स्वरूपको साक्षात्कार हुन्छ (चैतन्य नै स्वयं प्रकाशित रूपले परिशिष्ट रहन्छ)। विवेक चूडामणि ग्रन्थमा यस प्रकार समाधि प्राप्तिको उपाय विस्तृत रूपले प्रदर्शित भएको छ। (ज्ञानालोक तृतीय प्रकरण हेर्नुहोस्)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो राजयोग मध्यमाधिकारीको लागि शास्त्रमा निरू-पित भएको छ ।

दुई प्रकारका अधिकारीको लागि माथि बताइएको विवेचन चित्रद्वारा तल देखाइन्छ :–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विविध अधिकारी विवेचन

(चित्र)

अधिकारी	निश्चय	साधन	फल
१. उत्तम	चित्त हामीमा वास्तविक छैन—यो रज्जु सर्प झैं निजी स्वरूपमा कल्पित हो। त्यस-कारण दृश्य पनि वास्तवमा छैन र त्यसको विकारी द्रष्टा पनि 'म' होइन।	**विवेक** सारा दृश्य पदार्थ हुन् अविद्या प्रसूत। स्फूरण मात्र हो दृश्यको स्वरूप। 'म' वास्तवमा सारा दृश्यको प्रकाशक………कुनै दृश्य (ज्ञाता, ज्ञान र ज्ञेय) वास्तवमा छैनन्—म तिनीहरूको विकारी द्रष्टा होइन। म हूँ सारा दृश्य रहित निर्विकार प्रकाशरूप वस्तु (साक्षी चैतन्य)।	सहज सा-क्षात्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. मध्यम	चित्त हो सत्य, म हूँ ज्ञाता र नाना ज्ञेय पदार्थ हुन् सत्य । मेरो धेरै जगत् पदार्थको ज्ञान छ (मैले धेरै विषयलाई राम्ररी जानेको छु) ।	गुरु शास्त्रबाट युक्तिपूर्वक मैले जानेको छु कि मेरो यथार्थ स्वरूप हो शुद्ध, अखण्ड, चैतन्य (ब्रह्म) । म अहिले त्यस्तो भावना गरी रहन्छु । यसप्रकार ध्यान, अभ्यासको फलले व्यवधानरूप मत निर्मल (त्रिपुटी-रहित) अर्थात् अखण्डाकार भै हाल्छ त्यसो भए मनको पृथक् सत्ता रहँदैन । मन आफ्नो वास्तविक स्वरूपमा विलीन भै हाल्छ र मेरो ब्रह्मस्वरूपको साक्षात् अनुभव सम्भव हुन्छ ।	प्रयत्नपूर्वक साक्षात्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रान्तरमा विरोध परिहार

ज्ञानालोकमा देखाइएका अधिकारी भेद अनुसार प्रक्रिया भेद वासिष्ठ, गीता र उपनिषद्मा पनि पाइन्छन् । तिनको क्रमिक विवेचना अहिले देखाइन्छ :—

(१) **वासिष्ठ र ज्ञानालोक** :—योगवासिष्ठ ग्रन्थमा पनि अधिकारी भेदले दुइवटा अंश देखिन्छन्—(क) उत्तमा, धिकारीको लागि ज्ञानवासिष्ठ र (ख) मध्यमाधिकारीको लागि योगवासिष्ठ ।

ज्ञानवासिष्ठ—यसको सिद्धान्त यो हो कि संवेदन आदि क्रमले ब्रह्मबाट जीव बन्दछ, यो हो अवतरण क्रम । त्यस-कारण विपरीत क्रमले—अर्थात् संवेदनलाई बन्द गरिदिए पछि—ब्रह्म स्वरूप प्राप्त भै हाल्छ । यो हो सहज बाटो अर्थात् वासनायुक्त चेतन म होइन किन कि नभएको जगत् को वासना बन्दैन । यसरी वासना स्वतः परित्यक्त भए निः संवेदन चैतन्य अनुभवमा आई हाल्छ ।

योगवासिष्ठ—यो हो मध्यमाधिकारीको लागि । मध्य-माधिकारी हो जगत् वासनालाई सत्य मानिकन उसको परिहारमा यत्नशील मानिस । उसको लागि साथ साथै तत्त्वज्ञान, मनोनाश र वासनाक्षय दृढ़ निश्चय छ ।

तत्त्वज्ञान हो अज्ञानलाई स्वीकार गरीकन त्यसको परिवर्जन । मनोनाश हो मनलाई सत्य मानिकन त्यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अचल तुल्याउनाको यत्न—विशेष रूपले यसैको नाम हो योग । त्यसकारण योगवासिष्ठ हिस्सामा मनोनाशको विस्तृत उपदेश दिइएको छ । वासनाक्षय हो वासनालाई सत्य-मानिकन क्रम-क्रमले त्यसको परिहार । एक प्रकारले दुई प्रकारका अधिकारीका लागि भिन्न भिन्नै उपदेश ज्ञान र योगवासिष्ठ शास्त्रमा दिएको छ ।

यी अधिकारी हुन् योगवासिष्ठदेखि पहिले भएका । सृष्टिलाई सत्य मानिकन गुण भेदले अधिकारी भेद पहिले देखिनै मानिंदै आइएको छ । आदि सृष्टिदेखि मानिस सत्व प्रधान र सत्व अप्रधान देखिन्छन् । जसमा सत्वगुण प्रधान रूपले काम गर्दैन त्यस्तो मानिस योग मार्गमा लाग्छ । सत्व-गुणको आधिक्य भए (जन्मदेखि सत्वगुण उत्कृष्ट किंवा बलियो भए) ज्ञानले सजिलो सित अज्ञानलाई नाश गरी दिन्छ ।

योगमा अधिकारी पुरुष प्राण द्वारा मनलाई नियमन गर्छ अर्थात् प्राण अपानलाई शांततुल्याएर मनलाई शांत तुल्याउँछ । मन शांत भए स्वरूपको ज्ञान स्वतः प्राप्त हुन्छ किन कि शांत मनमा आत्मस्वरूप त्यसै प्रकाशित भै हाल्छ ।

(२) **गीता र ज्ञानालोक** :—एवं प्रकारले गीताशास्त्र सित ज्ञानालोक ग्रंथको भेदको परिहार संभव छ । (तम आदि गुणलाई सत्य मानिकन) उनीहरूको अभिभव यसरी गर्नु पर्छ :—तमोगुणलाई रजोगुणको आसराबाट जय गर्नु पर्छ । फेरि रजोगुणलाई पनि सत्वगुणलाई अवलम्बन गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जित्नु र त्यसपछि आफ्नो चैतन्यस्वरूपलाई अवलंबन गरेर सत्वगुणलाई पनि विनष्ट गरी दिनु। एवं प्रकारले मध्यमाधिकारी मानिस स्वतः प्राप्त जगत् सृष्टिको कारणरूप गुणहरूमा सत्यता बुद्धि गरीकन अंतमा गुणहरूलाई मिथ्या भनेर देख्छ। अर्थात् मध्यमाधिकारीले गुणहरूमा मिथ्यात्व बुद्धि गर्न सक्तैन–त्यसकारण स्वतः प्राप्त सत्य बुद्धिले गृहीत भिन्न भिन्न गुणहरूलाई क्रम क्रमले अभाव तुल्याउँछ।

(३) **उपनिषद् र ज्ञानालोक** :—यसै गरी उपनिषद् आदिमा पनि ज्ञानालोक सित विरोधाभास हुन्छ। यसको परिहार पनि माथि प्रदर्शित भएको बाटो बाट नै संभव हुन्छ। जस्तो भक्ति हो विभक्ति माथि आधारित—अर्थात् म ईश्वरबाट भिन्न छु (विभक्ति) यस्तो जाने पछि त्यस्तो विभक्तिको निराकरणको लागि भक्तिलाई ग्रहण गर्नु पर्छ अर्थात् ईश्वर सित जोडिएर बस्नु पर्छ त्यसो भए केही काल पछि ईश्वर सित आफ्नो भेद शिथिल भएर आउँछ (र आखिरमा भेदको आत्यंतिक अवसान भै हाल्छ)। उत्तम अधिकारीले सरासर ईश्वरलाई आत्म स्वरूप भनी जान्दछ अर्थात् तिनीहरूमा विभक्ति छैन। भक्तिको आवश्यकता पनि छैन। यिनीहरू हुन् पहिले देखि आखिर सम्म अत्यन्त भक्ति युक्त मानिस (त्यसो भएको हुनाले ज्ञानि भक्तलाई परमात्माले आफ्नो स्वरूप भनी गीतामा बताउनु भयो)।

ठीक यसरी जो मध्यमाधिकारी स्वरूपको आवरण सत्य भनी मान्दछ त्यसको लागि आवरणको क्रमिक अपसारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अभाव तुल्याउनु) उपनिषद् आदिमा बताइएको छ। आवरण वास्तवमा पारमार्थिक सत्य नभए तापनि त्यसलाई मन्द बुद्धिले सत्य मानिकन अगाडि बढ्नुको बाटो हो आवरणलाई विस्तार विस्तार हटाउनु। किनकि यावत् अधिष्ठानको साक्षात्कार हुँदैन तावत् आवरणको निवृत्ति पनि संभव छैन। एवं प्रकारले अधिष्ठानको साक्षात्कार आवरणको निवृत्तिको एक मात्र उपायले बताइएको छ।

वासनाक्षय पनि यसरी ज्ञानालोकमा प्रदर्शित वासना आदि सारा कुराको अजातवादको सिद्धान्त सित विरोध खाँदैन। वास्तवमा वासना नभए तापनि मध्यमाधिकारीले वासनालाई सत्य भनी मान्दछ त्यसकारण तिनीहरूको वासनामा सत्यता बुद्धिलाई अनुवाद गरीकन शास्त्र सज्जन वासनाको क्रमिक निराकरण बताउँछन्। किन कि यिनीहरू जगत् भावना द्वारा वासित चित्त जगत्लाई सत्य भनी माने पछि जगत्को वासना अवश्यम्भावी छ त्यसको लागि संवेदनादि क्रमले जगत् जीवको उत्पत्तिलाई निवारण गर्नाको लागि ठूलो प्रयास चाहिन्छ। यस्तो मध्यम अधिकारीको लागि मात्र वासना क्षयको उपदेश अत्यन्त सार्थक छ।

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानालोक र साक्षी विवेक प्रकाशित गर्ने सहयोगीहरू

दान दाताको शुभ नाउँ

क्र० सं०		अंक
१	स्व० श्री डिल्लीजङ्ग गुरुङ्ग [मार्फत मुनिन्द्र]	४००।
२	श्रीमती अमला कुमारी गुरुङ्ग	१२०।
३	श्री देवीजङ्ग गुरुङ्ग	११५।
४	स्व० श्री नन्दराज गुरुङ्ग तथा स्व० श्री ज्ञानकुमारी (मा० डम्बरजङ्ग)	६००।
५	श्री बाबुराम, गोविन्दराम श्रेष्ठ (मा०गंगाराम श्रेष्ठ)	६००।
६	स्व० श्री च० खड्गजीत गुरुङ्ग तथा स्व० कुमारी (मा० पुत्र धर्मजङ्ग)	१०५।
७	स्व० श्री कटकबहादु गुरुङ्ग आमा मनरासी तथा दाज्यू लोकबहादुर गुरुङ्ग (मा० श्री जङ्गबहादुर गुरुङ्ग)	११०।
८	श्री नीरजङ्ग गुरुङ्ग	२०।
९	श्री प्रेमकुमार पिया खुदीबजार	३०।
१०	श्री श्रीप्रसाद गुरुङ्ग नायुं	५।
११	श्री हीरा गुरुङ्ग घनपोखरा	१०।

दान दाताको शुभ नाउँ

क्र० सं०		अंक
१२	श्री रणबहादुर गुरुङ्ग (प्र० पं० घनपोखरा)	३०।
१३	श्री बखतबहादुर गुरुङ्ग	१०।
१४	श्री ईलबहादुर गुरुङ्ग	५।
१५	स्व० श्रीमती विजयालक्ष्मी गुरुङ्ग (मा० सुब्बा शेरजङ्ग)	५०।
१६	श्री धनकुमारी देवी	१५।
१७	श्री ललितकुमारी देवी	१५।
१८	श्री मिश्रीमाया (श्रीमती सुब्बा शेरजङ्ग)	५०।
१९	श्री ह० मकर्नसिह गुरुङ्ग	१।
२०	श्री कालु गुरुङ्ग	१।
२१	श्री भविद्रजङ्ग गुरुङ्ग	२५।
२२	श्री मालु गुरुङ्ग	२।
२३	स्व० श्री युद्धजङ्ग गुरुङ्ग	२५।
२४	श्री प्रेमकुमारी गुरुङ्ग	१०।
२५	श्री गोविन्द कुमारी गुरुङ्ग	१०।
२६	श्री दुर्गाशंकर गुरुङ्ग	५०।
२७	श्री युगकुमारी गुरुङ्ग	१०।
२८	श्री रतनसिंह गुरुङ्ग	१।
२९	श्री शेषकुमारी देवी गुरुङ्ग	५।
३०	श्री झपट्‌बहादुर गुरुङ्ग	३०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दान दाताको शुभ नाउँ

क्र० सं०		अंक
३१	श्री भोजराज गुरुङ्ग	१५।
३२	श्री भगत धनीराम गुरुङ्ग	५०।
३३	श्री लमैंखुदेवी गुरुङ्ग	५०।
३४	श्री भगत आइते घर्ती	५।
३५	श्री मनजङ्ग गुरुङ्ग	५।
३६	श्री नन्दवहादुर गुरुङ्ग	२।
३७	श्री जि०मु० समनजित गुरुङ्ग	५।
३८	श्री एकवहादुर गुरुङ्ग	२०।
३९	श्री देकबहादुर गुरुङ्ग	१५।
४०	श्री मोतीकुमारी देवी गुरुङ्ग	५।
४१	स्व० बहिनी ढाकाकुमारी गुरुङ्ग (मा०श्री धर्मजङ्ग)	१७।
४२	श्री चन्द्रमाया गुरुङ्ग	४२।
४३	श्री धर्मजङ्ग गुरुङ्ग	२०।
४४	श्री कमलादेवी गुरुङ्ग	६।
४५	श्री कालीबहादुर गुरुङ्ग	५।
४६	श्री कमलकुमारी गुरुङ्ग	५।
४७	श्रीमती श्यामकुमारी श्रेष्ठ	१२५।
४८	श्री चिनबहादुर गुरुङ्ग	५।
४९	श्री लालकुमार पिया भूलभूल	१५।
५०	श्री आइतसिंह गुरुङ्ग भङ्गेरी	१०।
५१	श्री कटकबहादुर ,, ,,	१०।
५२	श्री मनवीर गुरुङ्ग (प्र०पं०)	२।
५३	श्री युक्तप्रसाद घिमिरे	२।
५४	श्री हर्खबहादुर गुरुङ्ग	५।
५५	श्री इमानसिंह गुरुङ्ग	१।
५६	श्री स्व० रतनसिंह घले (मा० जि० गुन्ज घले)	४०।

दान दाताको शुभ नाउँ

क्र० सं०		अंक
५७	श्री नन्दजङ्ग गुरुङ्ग	५।
५८	श्री लेपटनसिंह गुरुङ्ग	१०।
५९	श्री स्व० बद्रीनारायण (मार्फत श्री सागर श्रेष्ठ)	५०।
६०	श्री केरमान गुरुङ्ग	१०।
६१	श्री असुर्पि गुरुङ्ग	१०।
६२	श्री लालसुवा गुरुङ्ग पं०सं०	१०।
६३	श्री जम०धर्मराज घले उस्ता	३।
६४	श्री बब्वा गुरुङ्ग	७।
६५	श्री योखु गुरुङ्ग	५।
६६	श्री मेखु घर्तिनी	५।
६७	श्री चण्डीदेवी गुरुङ्ग	५।
६८	श्री अबिलसरि गुरुङ्ग	५।
६९	श्री शेषमाया गुरुङ्ग	७०।
७०	श्री उदिमरास गुरुङ्ग	१०।
७१	श्री उमल गुरुङ्ग	५।
७२	श्री इन्द्रकमल गुरुङ्गसेनी	५।
७३	श्री सनमाया गुरुङ्गसेनी	५।
७४	श्री कुमबहादुर गुरुङ्ग	२।५०
७५	श्री गम्भीर बहादुर	२।५०
७६	श्री स्व० लक्ष्मीगिरी (मा० डम्बजि)	१७।
७७	असुर्फि गुरुङ्गसेनी (मा० गुंज घले)	१०।
७८	श्री सिंहरास घले खासुर	१०।
७९	श्री कन्याप्रसाद घले खासुर	५।
८०	श्री तीर्थबहादुर कतिला खुदी	५।
८१	श्री स्व० नरनाथ ,, ,,	५।
८२	श्री नेत्रप्रसाद घिमिरे सिमलचौर	५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकका अन्य कृतिहरू

१. अमृत-वचन—(लेखकको जीवनमा प्रयोग गरिएको वेदान्तको उत्तम ग्रन्थ) मूल्य भा. रु. ४।- पृष्ठ ३००

२. स्वरूप-प्रकाश—(सरल सम्पूर्ण साधनसहित वेदान्तको उत्तम ग्रन्थ) मूल्य भा. रु. ३।- पृष्ठ २००

३. गीतामृत—(शांकर भाष्य र योगवासिष्ठानुसार रचित सरल साधन, रहस्यपूर्ण प्रमाण तात्पर्य टीका सहित) मूल्य भा. रु. १५।- पृष्ठ ६५०

४. आत्म-प्रकाश—(वेदान्तको सरल र युक्तिपूर्ण उपादेय ग्रन्थ) मूल्य भा. रु. ।५० पृष्ठ ६४

५. परमार्थ प्रश्नोत्तरी—(प्रश्नोत्तरपूर्वक संक्षिप्त वेदान्त ग्रन्थ) मूल्य भा. रु. ।२५ पृष्ठ २४

६. गीताको भूमिका—(योगवासिष्ठानुसार गीताको उपादेय व्याख्यान) मूल्य भा. रु. ।५० पृष्ठ २०

७. सुखको बाटो—(वासिष्ठ र वासिष्ठोत्तर दुइ अद्वैत वेदान्तको प्रक्रिया भेद विमर्श–रूप परिशिष्ठसहित) मूल्य भा. रु. ३।- पृष्ठ २१६

८. ज्ञानसर्वस्व—(अद्वैत ज्ञानको साधन र प्रक्रियाहरूले सुशोभित) मूल्य भा. रु. ५।- पृष्ठ २१७

९. स्वरूपानुभव—(हिन्दीमा) (चित्त विश्रान्ति, योगवासिष्ठ सार र साधन रहस्यले सुसम्पन्न) मूल्य भा. रु. २।५० पृष्ठ २८८

१०. महौषधि—(मोक्ष पाउने शास्त्रको सार संग्रह जहाँबाट भवरोग नष्ट हुन्छ) मूल्य भा. रु. १।- पृष्ठ ४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. गीता रहस्य—(गीतामृतको सरल रूपमा संक्षिप्त विवेचन)
मूल्य १।- पृष्ठ ४५

१२. आत्मानुसन्धान—(सुन्दर, सरल, वेदान्तविषयक विविध)
मूल्य भा. रु. २।- पृष्ठ १३४

१३. ईश्वर विज्ञान्—(सबै प्राणीहरूको र सम्पूर्ण जगत्को वास्तविक स्वरूप परमात्माको तिनै प्रस्थान अनुसार रसल हृदयग्राही र विस्तृत वर्णन छ) मूल्य भा. रु. ५।-

१४. वासिष्ठामृत—(योगवासिष्ठ मोक्षोपाय शास्त्रको सम्पूर्ण उत्तम, उत्तम विषयहरूको स्पष्ट र सरल रूपले वर्णन। यो वेदान्त ग्रन्थ मुमुक्षुको लागि अत्यन्त उत्कृष्ट छ) मूल्य भा. रु. १२।-

१५. ज्ञानसाधन—(०२२ साल वैशाख र ०२२ साल चैत्रको नारायणगढ़मा आयोजित सत्संग र प्रवचनहरूमाथि आधारित)

यसको परिशिष्ठ खण्ड ३ उपादेय ग्रन्थ जोडेको छ र ०२२ साल चैत्र, नारायणगढ़ र काठमाडौंको सत्संग समारोहमा भाग लिएका सत्संगीहरूवाट आफ्नो अनुभवको विशेष वर्णन र साक्षात्कार प्राप्त भएका सत्संगीहरूको नामावलि दिएको छ। यहाँवाट सत्संगमा रुचि भएका नयाँ भक्तहरूको धेरै प्रोत्साहन मिल्छ।
मूल्य भा. रु. १२।-

छपिंदै छ :

१७. परमार्थ पत्रावली—(भिन्न भिन्न शिष्यहरूलाई बाबुवाट लेखिएका चिट्ठीहरूको संग्रह। यो पत्रावलिवाट कर्म, भक्ति र ज्ञानपूर्वक स्वरूपको साक्षात्कार अवश्य नै उत्पन्न हुन्छ। यसमा सत्संगी भक्तजनको तस्वीर पनि राखेको छ) मूल्य भा. रु. ८।-

१८. ब्रह्मनिष्ठ ज्ञानवान गुरु श्री क्षितीज चक्रवर्ती ज्यूको फोटो—
मूल्य भा. रु. १।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक पाइने ठेगाना—

१. हीरालाल श्यामकृष्ण प्रधान
नयाँ बजार, बन्दीपुर (तनहुँ)

२. हीरालाल श्यामकृष्ण प्रधान
नारायणगढ़ (चितवन)

३. बाबुराम गोविन्दराम
खुदीवेनी (लमजुङ)

४. शंभूलाल चिंकाजी प्रधान
बन्दीपुर—चाँदनी चोक

५. वैकुण्ठलाल वसन्तलाल चुके
नारायणगढ़, चितवन

६. रामकुमार दिनेशकुमार,
कुन्छा, (लमजुङ)

७. भक्तिदास श्रेष्ठ (किरानापसल)
असन ठानामुनि, काठमाडौं

८. रत्न पुस्तक भण्डार,
भोटाहिटी, काठमाडौं

९. पं० ज्ञानेश्वर शर्मा (शास्त्री, काव्यतीर्थ)
आनन्द निकेतन, रिडी (गुल्मी) लुम्बिनी अञ्चल

१०. टैकहरि शर्मा,
चन्द्रकीट, गुल्मी

११. दयाशंकर प्रदीपशंकर पालिखे
सांगुको मुख, पोखरा

१२. नेपाली साहित्य भण्डार,
गोस्वारा रोड, विराटनगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

2

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~~NR61~~
६८३१९

AUTHOR ~~चक्रवर्ती क्षितिशचन्द्र~~

TITLE शास्त्रीय अजातवाद

DATE DUE	BORROWER'S NAME

६८३१९

NR61
CHA.
2025 B.S.

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu